# सूचनाको अधिकार

## (A Journal of RTI)

वर्ष ७ अङ्क ७

राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल

**सल्लाहकार**
महेन्द्र मान गुरुङ्ग, प्रमुख सूचना आयुक्त
कमला ओली, सूचना आयुक्त

**सम्पादक मण्डल**
संयोजक : रत्नप्रसाद मैनाली, सूचना आयुक्त
सदस्य : दिवस आचार्य, सचिव
सदस्य : रामप्रसाद ढकाल, उपसचिव
सदस्य : कुलचन्द्र पराजुली, शाखा अधिकृत

कम्प्युटर : गौरव गुरुङ्ग

*यस पुस्तकमा प्रकाशित लेखमा व्यक्त भएका धारणा लेखकका निजी विचार हुन् । यसप्रति सम्पादक मण्डल र प्रकाशक जवाफदेही हुने छैन ।*

प्रकाशक : राष्ट्रिय सूचना आयोग
देवीनगर, बानेश्वर-१०, काठमाण्डौ
फोन नं. : ०१-४५६४४१२, ०१-४५९६५४४
फ्याक्स : ०१-४४९६५४५
ईमेल : info@nic.gov.np
वेवसाईट : nic.gov.np
MIS को लागि : mis.nic.gov.np
हेल्प लाइन : ०१-४४९६५४१
प्रकाशन मिति : २०८० बैशाख
प्रकाशन प्रति : ३००
फेसवुक : rtinepal
twitter : suchanaayog

# सम्पादकीय

नेपालको संविधानको धारा २७ मा सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको अधिकारबारे व्यवस्था गरिएको छ । संविधानको सो प्रावधान बमोजिम सूचनाको हक सम्बन्धी ऐन/नियम बनेका छन् । र, सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि राष्ट्रिय सूचना आयोगको गठन भएको छ । नागरिकको मौलिक अधिकारको रूपमा संविधानमा व्यवस्था गरिएको सूचनाको अधिकारको क्षेत्रमा नेपाल तथा विश्वव्यापी रूपमा भएका प्रयोग, त्यसमा देखिएका समस्या लगायतका विषयलाई उजागर गर्ने र सूचनाको अधिकार जस्तो महत्वपूर्ण विषयलाई अझ समृद्ध बनाउने हेतु राष्ट्रिय सूचना आयोगले विभिन्न प्रकारका प्रकाशनहरू गर्दै आएको छ । आयोगबाट वार्षिक रूपमा प्रकाशन हुँदै आएको "सूचनाको अधिकार"को उद्देश्य पनि नागरिकको सूचना माग गर्ने र प्राप्त गर्ने अधिकारलाई अझ सशक्त बनाउने उद्देश्य रहेको छ ।

नागरिक अधिकार तथा सुशासनका क्षेत्रमा क्रियाशील विशिष्ट व्यक्तित्वहरूले सूचना माग गर्ने र प्राप्त गर्ने नागरिकको मौलिक हकको प्रयोगमा देखिएका समस्या तथा राष्ट्रिय सूचना आयोग, अभियन्ता, पत्रकार, नागरिक लगायत समाजका विभन्न पक्षबाट यस क्षेत्रमा भएका र हुनुपर्ने कामका विषयमा केन्द्रित रहेर तयार गरिएका लेख/रचनाहरू सङ्कलित "सूचनाको अधिकार"को यो आठौँ संग्रह हो ।

सूचनाको अधिकार यतिबेला विश्वव्यापी अनुमोदित र सर्वस्वीकार्य बन्दै गएको विषय विश्वका १ सय ३० भन्दा बढी देशले यसलाई अवलम्बन गरेको बाट पुष्टि हुन्छ । सुसूचित नागरिकले सुशासनमा योगदान पुर्‍याउन सक्ने भएकोले पनि नागरिकलाई सुसूचित गर्नलाई सुशासन कायम गर्ने सशक्त माध्यमका रूपमा लिइन्छ । विश्वका कयौं देशले सूचनाको हकलाई सशक्त रूपमा कार्यान्वयन गरेर नागरिकलाई सुशासनको प्रत्याभूति दिलाउन सफल भएका छन् । हामी कहाँ बनेको सूचनाको हक सम्बन्धी कानून पनि बहुआयामिक महत्वको छ । तर, यसप्रतिको राजनीतिक प्रतिबद्धता व्यवहारतः प्रक्षेपण हुन नसकेको भन्ने विषयमा पनि त्यत्तिकै बहस हुँदै आएको छ ।

राज्य वा सार्वजनिक निकायलाई प्रश्न सोध्ने र त्यसको उत्तर पाउने नागरिकको महत्वपूर्ण अधिकारको प्रयोगको क्षेत्रमा देखिएका समस्या, सूचनाको हकसम्बन्धी कानुनमा समेटिनु पर्ने थप विषय, आयोगको भूमिका र यसबाट भएका आदेशहरूको प्रभावबारे यस संग्रहमा प्रकाशित रचनाहरूले सूचनाको अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान दिनेछ भन्ने विश्वास हामीलाई छ ।

"सूचनाको अधिकार" का लागि आफ्नो अमूल्य लेख/रचना उपलब्ध गराउनु हुने सबैप्रति आयोग हार्दिक आभार प्रकट गर्दै कतिपय महानुभावबाट उपलब्ध लेख/रचना ज्यादै महत्वपूर्ण हुँदाहुँदै पनि यो संस्करणमा समावेश गर्न नसकिएकोमा हामीलाई दुःख लागेको छ। "सूचनाको अधिकार" को यस अङ्कको प्रकाशनका लागि आ-आफ्नो क्षेत्रबाट योगदान दिनुहुने सबैप्रति आभार प्रकट गर्दछौं। धन्यवाद।

**राष्ट्रिय सूचना आयोग**

# विषय सूचि


| क्र.सं. | शीर्षक | लेखकको नाम | पेज नं. |
|---|---|---|---|
| १. | सूचनाको हकको अभियान र यसको विस्तारले ल्याएको तरङ्ग | उमीद बागचन्द | १ |
| २. | पत्रकारको हतियार सूचनाको हक | एकराज पाठक | ८ |
| ३. | सूचनाको हकमा सर्वोच्च अदालतको दृष्टिकोण : संक्षिप्त विवेचना | ऋतिक यादव | १४ |
| ४. | सूचनाको हक खुला र पारदर्शी सार्वजनिक निकाय | कमला ओली | २४ |
| ५. | सूचनामा पहुँचको अधिकार र वर्गीकृत सूचनाहरु | काशीराज दाहाल | ३० |
| ६. | सूचनाको हकको अधिकतम् उपयोगमा खुल्ला सरकारी तथ्याङ्क | किरण कुमार पोखरेल | ३८ |
| ७. | सूचनाको हकको प्रचलनमा आयोगको भूमिका | कृष्णहरि बास्कोटा | ४६ |
| ८. | सूचनाको हक | खगराज कट्टेल | ५१ |
| ९. | सूचनाको हक कार्यान्वयनमा पत्रकारको भूमिका | गोविन्द आचार्य | ५६ |
| १०. | नेपालमा सूचनाको हक : अवस्था, चुनौती र अगाडिको बाटो | तारानाथ दाहाल | ६२ |
| ११. | सूचना, सञ्चार प्रविधि र लोकतन्त्र | ताराबहादुर भण्डारी | ७६ |
| १२. | सूचनाको हक : नेपालको सन्दर्भ | दिलिपकुमार श्रीवास्तव | ८३ |
| १३. | सूचना हक र सूचनाको हकसम्बन्धी ऐन, २०६४ | फणीन्द्र फुयाल ज्वाला | ९२ |
| १४. | वैदेशिक रोजगारी र सूचनाको हक | बबिता बस्नेत | ९८ |
| १५. | दुर्व्यवहार र भयमुक्त सूचनाको खाँचो | विद्या राई | १०२ |
| १६. | RTI: An Effective Tool for Promoting Good Governance | Mahesh Prasad Dahal | १०७ |
| १७. | अधिकार र कर्तव्यको संगम : सूचनाको हक | यदुनाथ बञ्जारा | ११७ |
| १८. | सूचनाको अधिकार र राजनीतिक-प्रशासनिक नेतृत्व | रत्न प्रसाद मैनाली | १२२ |
| १९. | Classification Debate | Shree Ram Pant | १२९ |
| २०. | लोकतन्त्र सफलताको असली मापन हो-सबै सूचनामा सबैको सहज पहुँच | हरिविनोद अधिकारी | १३४ |
| २१. | UNDERSTANDING RIGHT TO INFORMATION AND NEPALESE LEGAL FRAMEWORK | Hima Devi Basnet | १४२ |

# सूचनाको हकको अभियान र यसको विस्तारले ल्याएको तरङ्ग



**उमीद बागचन्द**
राष्ट्रिय अध्यक्ष
सूचनाको हकका लागि राष्ट्रिय महासंघ

नेपालको अन्तरिम संविधान २०६३, सूचनाको हकको कानुन २०६४ र नियमावली २०६५ स्थापित हुँदा पनि व्यावहारिक रुपमा सरकारको प्रयोग र प्राथमिकतामा नपरेको सूचनाको हकलाई नागरिक स्तरबाट व्यावहारिक रुपमा प्रयोग गर्न र सरकारको ध्यानाकर्षण गराउने सूचनाको हकको अभियान थालनी भएको थियो ।

राष्ट्रिय सूचना आयोगले २०७४ सालमा काठमाडैंमा आयोजना गरेको राष्ट्रिय सम्मेलनमा देशभरिबाट काठमाडौंमा जम्मा भएका सूचनाको हकका अभियानकर्ताहरुले सम्मेलनको पहिलो सत्र सकिएपछि एक छुट्टै छलफल कार्यक्रमको आयोजना गरी सूचनाको हकका लागि राष्ट्रिय सञ्जालको अवधारणा अगाडि बढाएका थिए ।

खासगरी देशभरि छरिएर रहेका अभियानकर्ताहरु एकै थलोमा जम्मा भएको अवसर पारेर राष्ट्रिय सञ्जाल गठन भयो । जसमा देशभरिका अभियानकर्ताहरु मध्ये समावेशी रुपमा ४६ सदस्यीय सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल, केन्द्रीय समिति गठन भयो ।

देशभरि छरिएर रहेका अभियानकर्ताहरुमा एक किसिमले उत्साह जगाएको थियो । देशको राजनीतिक बदलाव र परिवेशका कारण अभियान अगाडि बढ्न सकेको थिएन । तर सूचना माग गर्ने कार्यले भने तीव्रता लिंदै गयो । लामो समयसम्म क्रियाशील हुन नसकेको राष्ट्रिय सञ्जालले २०७६ मंसिर २२ गते सुदूरपश्चिम प्रदेशको धनगढीमा सबै प्रदेशको प्रतिनिधित्व हुने गरी एक राष्ट्रिय भेला आयोजना गऱ्यो ।

भेलाले ७ वटै प्रदेशका लागि प्रदेश संयोजकको रुपमा जिम्मेवारी दियो । एक नम्बर प्रदेशमा राजु श्रेष्ठ, २ नम्बर प्रदेशमा सन्तोष पाण्डेय, ३ नम्बर अर्थात् बागमती प्रदेशमा शर्मिला पण्डित, ४ नम्बर अर्थात् गण्डकी प्रदेशमा दिपक आचार्य ५ नम्बर अर्थात् लुम्बिनी प्रदेशमा बसन्त बञ्जाडे, ६ नम्बर अर्थात् कर्णाली प्रदेशमा खगेन्द्र भट्टराई र ७ नम्बर अर्थात् सुदूरपश्चिम प्रदेशमा प्रेम ढुङ्गाना गरी ७ जनाले जिम्मेवारी

पाएपछि सञ्जाल विस्तार र सूचना माग गर्ने कार्यमा अभियानकर्ताहरुलाई सघाउने कार्यमा क्रियाशील रहेका छन् ।

३ देखि ६ महिनाको समयभित्र सबै वडाको प्रतिनिधित्व हुने गरी पालिकास्तरको सञ्जाल गठन, जिल्लामा रहेका सबै पालिकाको प्रतिनिधित्व हुने गरी जिल्ला सञ्जाल गठन गर्ने र प्रदेशमा पर्ने सबै जिल्लाको प्रतिनिधित्व हुने गरी प्रदेश सञ्जाल गठन गर्ने रणनीतिक योजना बनाएर जिम्मेवारी दिइएको थियो ।

**कार्यविधि**

**(सूचनाको हकका लागि विभिन्न तहगत सञ्जाल निर्माणका लागि आधारभूत कार्य निर्देशिका : २०७६)**

**१. प्रदेशस्तरीय समिति निर्माण सम्बन्धमा**

क. प्रदेशस्तरीय सञ्जाल १५ देखि २१ सदस्य सम्मको हुनेछ। प्रदेशमा रहेका जिल्लाको सङ्ख्याको आधारमा प्रत्येक जिल्लाबाट कम्तिमा एकएक जना समेट्ने गरी र उक्त प्रदेश अन्तर्गत रहेका जिल्ला सञ्जालहरुका संयोजकहरु पदेन सदस्य रहने गरी तयार गर्ने ।

ख. प्रदेशस्तरीय सञ्जालमा सम्भव भएसम्म सबै जिल्लाको प्रतिनिधित्व गराइनेछ ।

ग. यस पटकका लागि जिल्लास्तरीय सञ्जाल तथा पालिकास्तरीय सञ्जालमा भएका र नभएका व्यक्तिहरु पनि प्रदेशस्तरीय सञ्जालको सदस्य बन्न सक्ने छन् ।

घ. प्रदेशस्तरीय सञ्जालमा संयोजक, सहसंयोजक र सदस्यसचिवसमेत तय गरिने छ ।

ङ. प्रदेशस्तरीय सञ्जालमा निम्न व्यक्तिहरुलाई प्राथमिकतामा राखेर संगठित गरिने छ ।

- जिल्लास्तर र प्रादेशिकस्तरमा क्रियाशील भई अगुवाइ गरिरहेका सूचनाको हकका अभियन्ताहरु ।
- सूचनाको हकका सम्बन्धमा अनुसन्धान, खोज र आलेखहरुका लागि क्रियाशील विज्ञ व्यक्तित्वहरु ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को आधारमा सूचना माग गरी खोजमूलक पत्रकारिता गरिरहेका क्रियाशील पत्रकारहरु ।
- सूचनाको हकमा विश्वास राख्ने नागरिक समाजसँग सम्बन्धित विभिन्न नेटवर्क, सञ्जाल, महासंघ, आदिबाट प्रतिनिधित्व गर्ने व्यक्तिहरु ।
- सुशासन, पारदर्शिता, जवाफदेहिताको क्षेत्रमा कार्य वा वकालत गर्ने विभिन्न पेशाकर्मीहरु ।

च. प्रदेशस्तरीय सञ्जालको सदस्य भएको व्यक्तिले सूचनाको हकलाई प्रयोग गरी महिनामा न्यूनतम एउटा सूचना माग गर्ने प्रतिबद्धता भएको व्यक्ति हुनु पर्ने छ ।

छ. प्रदेशस्तरीय सञ्जालको सदस्य भएको व्यक्तिले सूचनाको हक सम्बन्धी दिवस, थाहा पाउने अधिकार दिवसजस्ता अवसरमा प्रदेश तथा जिल्लामा सूचनाको हकको प्रचारप्रसार तथा प्रबर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रतिबद्धता भएको व्यक्ति हुनु पर्नेछ ।

**२. जिल्लास्तरीय शाखा निर्माण सम्बन्धमा**

क. जिल्लास्तरीय सञ्जाल १५ देखि २१ सदस्यसम्मको हुने छ ।

ख. जिल्लास्तरीय सञ्जालमा सम्भव भएसम्म सो जिल्लाका सबै पालिकाको प्रतिनिधित्व गराइने छ ।

ग. यस पटकका लागि पालिकास्तरीय सञ्जालमा भएका र नभएका व्यक्तिहरु पनि जिल्लास्तरीय सञ्जालको सदस्य बन्न सक्ने छन् ।

घ. जिल्लास्तरीय सञ्जालमा संयोजक, सहसंयोजक र सदस्य सचिवसमेत तय गरिने छ ।

ङ. जिल्लास्तरीय सञ्जालमा निम्न व्यक्तिहरुलाई प्राथमिकतामा राखेर संगठित गरिने छ ।

- जिल्लास्तरमा क्रियाशील भई अगुवाइ गरिरहेका सूचनाको हकका अभियन्ताहरु ।
- सूचनाको हक सम्बन्धमा अनुसन्धान, खोज र आलेखहरुका लागि क्रियाशिल विज्ञ व्यक्तित्वहरु ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को आधारमा सूचना माग गरी खोजमूलक पत्रकारिता गरिरहेका क्रियाशील पत्रकारहरु ।
- सूचनाको हकमा क्रियाशील एवम् गतिविधिहरुमा संलग्न वा यस अभियानप्रति चासो राख्ने, सहयोग गर्ने नागरिक समाजसँग सम्बन्धित जिल्लास्तरीय विभिन्न नेटवर्क, सञ्जाल, महासंघ, आदिबाट प्रतिनिधित्व गर्ने व्यक्तिहरु ।
- सुशासन, पारदर्शिता, जवाफदेहिताको क्षेत्रमा कार्य वा वकालत गर्ने विभिन्न पेशाकर्मीहरु ।

च. जिल्लास्तरीय सञ्जालको सदस्य भएको व्यक्तिले सूचनाको हकलाई प्रयोग गरी महिनामा न्यूनतम एउटा सूचना माग गर्ने प्रतिवद्धता भएको व्यक्ति भएको हुनुपर्ने छ ।

छ) जिल्लास्तरीय सञ्जालको सदस्य भएको व्यक्तिले सूचनाको हक सम्बन्धी

दिवस, थाहा पाउने अधिकार दिवसजस्ता अवसरमा जिल्लामा सूचनाको हकको प्रचारप्रसार तथा प्रबर्द्धमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रतिबद्धता भएको व्यक्ति भएको हुनु पर्नेछ ।

**३. गाउँ/नगरपालिकास्तरीय समिति निर्माण सम्बन्धमा**

क. पालिकास्तरीय सञ्जाल ११ देखि १५ सदस्यसम्मको हुनेछ ।

ख. पालिकास्तरीय सञ्जालमा सम्भव भएसम्म सो पालिकाका सबै वडाबाट प्रतिनिधित्व गराइने छ ।

ग. पालिकास्तरीय सञ्जालमा संयोजक, सहसंयोजक र सदस्य सचिवसमेत तय गरिने छ ।

घ. पालिकास्तरीय सञ्जाल क्षेत्र, लिङ्ग, विषय, तथा अन्य दृष्टिले समावेशी बनाइने छ ।

ङ. पालिकास्तरीय सञ्जालमा निम्न व्यक्तिहरुलाई प्राथमिकतामा राखेर संगठित गरिने छ ।

- सूचनाको हकको बारेमा चासो राख्ने र प्रयोग गर्ने नागरिक,
- सुशासन र पारदर्शिताको लागि काम गर्ने संस्थासँग आबद्ध वा अन्य कुनै नेपाली नागरिक,
- सरकारको वा सार्वजनिक चासोको विषयमा वा उनीहरुको कार्यमा चासो राख्ने युवा, विद्यार्थी, शिक्षक, स्थानीय बुद्धिजीवी,
- सामाजिक अभियन्ता तथा अगुवा,
- सूचनाको हकको बारेमा चासो राख्ने, यसका गतिविधिहरुमा सक्रियता देखाउने कुनै पनि नागरिक,
- सुशासन, पारदर्शिता, जवाफदेहिताको क्षेत्रमा कार्य वा वकालत गर्ने विभिन्न पेशाकर्मीहरु ।

च. पालिकास्तरीय सञ्जालको सदस्य भएको व्यक्तिले सूचनाको हकलाई प्रयोग गरी महिनामा न्यूनतम् एउटा सूचना माग गर्ने प्रतिबद्धता भएको व्यक्ति भएको हुनुपर्ने छ ।

छ. पालिकास्तरीय सञ्जालको सदस्य भएको व्यक्तिले सूचनाको हक सम्बन्धी दिवस, थाहा पाउने अधिकार दिवसजस्ता अवसरमा जिल्लामा, नगरमा वा गाउँस्तरमा सूचनाको हकको प्रचारप्रसार तथा प्रबर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रतिबद्धता भएको व्यक्ति भएको हुनुपर्नेछ ।

पहिलो प्रदेश समिति सुदूरपश्चिम प्रदेशले पाएको थियो । शुरुशुरुमा अभियानमा

सहभागी हुन र गराउन सहज थिएन । अभियानमा जोडिएर सरकारी कार्यालय र कर्मचारीहरुसँग किन दुश्मनी मोल्ने भन्ने अभिव्यक्ति आउने गरेको अहिले पनि म बिर्सन सक्दिन ।

निक्कै मेहनत गर्नं पर्दथ्यो सूचनाको हकको अभियानका बारे कुरा गर्दा । कार्यविधिसहित सूचनाको हकको महत्वका बारे चर्चा गर्दै जाँदा सूचनाको हकको प्रयोगले हुने फाइदा बुझ्न थालेपछि सञ्जालमा जोडिने क्रमले तीव्रता पाउँदै आएको छ ।

कोरोना महामारीका बावजुद पनि अहिले सातवटै प्रदेशमा प्रदेश समिति, प्रदेशका अधिकांश जिल्लामा जिल्ला समिति र धेरैजसो पालिकाहरुमा पालिकास्तरको समिति समेत गठन भइसकेको छ। केही जिल्ला र केही पालिकाबाहेक सबै जिल्ला र पालिका समितिले पूर्णता पाइसकेको छ ।

कोरोना महामारीका कतिपय प्रदेश सञ्जालको भेलाहरु तय गरिए पनि लकडाउनका कारण हुन सकेन र हामीले कतिपय कार्यक्रमहरु र सञ्जाल गठन भएको घोषणा भर्चँअल विधिबाट सम्पन्न गर्नं पऱ्यो । पछिल्ला दिनहरुमा भएका कार्यक्रमहरु भर्चँअल विधिबाटै गरिरहेका छौं ।

राष्ट्रिय सूचना आयोगको पछिल्लो टिमले बेलाबखतमा राष्ट्रिय सञ्जाललाई आफ्ना कार्यक्रमहरुमा सहभागी र प्रतिनिधित्व गराउने पनि गरेको छ । यसपाली सूचनाको हकका लागि राष्ट्रिय सञ्जालसँग मिलेर काम गर्न केही रकम छुट्याएपछि राष्ट्रिय सञ्जालको हौसला बढ्दै गइरहेको छ ।

सूचनाको हकसम्बन्धी व्यावहारिक ज्ञान बाँड्दै सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल र अभियन्ताहरुले संयुक्त रुपमा सूचनाको हकसम्बन्धी आमनागरिकहरुमा व्यावहारिक ज्ञान दिन विभिन्न गतिविधि गर्दै आएका छौं ।

राष्ट्रिय सूचना दिवशको अवसरमा सूचनाको हक सम्बन्धी कानुनी प्रावधान र यसको व्यावहारिक रुपमा प्रयोगका सवालमा छलफल गर्ने गरिएको छ । यसबारे फेसबुक र युट्युवबाटसमेत प्रत्यक्ष प्रशारण गर्ने गरिएको छ। यसबाट हजारौं नेपाली नागरिकले सूचनाको हकबारे जानकारी प्राप्त गर्दै आइरहेका छन् ।

यसरी सूचनाको हकका लागि राष्ट्रिय सञ्जालका रुपमा अघि बढिरहँदा अभियानलाई औपचारिकता दिनुपर्ने अवस्था हाम्रा सामु आयो । कतिपय जिल्लामा अभियानकर्ताहरुको आधिकारिताको कुराले हाम्रो ध्यानाकर्षण गरायो भने अर्कोतिर अभियानलाई कसरी अघि बढाउने भन्ने सवाल थियो हामीसँग । करिव ३ महिनाको छलफल र विभिन्न जानकारहरुको सुझावलाई आत्मसात् गरेर २०७८ साल फागुन

२ गते औपचारिक रुपमा सूचनाको हकका लागि राष्ट्रिय महासंघ दर्ता भई आफ्ना गतिविधि अगाडि बढाउँदै आएको छ । सातवटै प्रदेश, जिल्ला र पालिकास्तरको सञ्जालसँग सम्बद्ध अभियानकर्ताहरु अहिले सूचना माग्ने अभियानमा केन्द्रित भएका छन् । अभियानकर्ताहरुले तीनै तहका सरकारहरुसँग पछिल्ला दिनहरुमा सम्पन्न योजना र आमजनताका लागि ल्याइएका योजना तथा कोभिड १९ नियन्त्रणका लागि भएको खर्चबारे सूचना माग्ने कार्यलाई तीव्रता दिएका छन् । तर, कसैले पनि भने अनुसारको सूचना दिएको पाइँदैन ।

यही कुरालाई ध्यानमा राखी राष्ट्रिय सूचना आयोग र सूचनाको हकका लागि राष्ट्रिय सञ्जालको संयुक्त प्रयासबाट सूचनाको हकको प्रबर्द्धन गर्ने कुरामा सहज वातावरण बन्न सक्ने छ ।

सूचनाको हकलाई स्थानीय तहको वडा तथा टोलसम्म पुर्‍याउनका लागि सञ्जालले देशैभरिका पुराना र नयाँ अभियन्ताहरुलाई एउटै मालामा जोड्न शुरु गरेको छ । अझ यो अभियानलाई आमनागरिकसम्म पुर्‍याउनका लागि सञ्जालको केन्द्रीय समिति र प्रदेश समितिहरुले ७५३ वटै स्थानीय तहसम्म आउँदो एक बर्षभित्र विस्तार गरिसक्ने योजनासमेत बनाएको अवस्था छ । अहिले सञ्जाल विस्तारको क्रममा भए पनि निरन्तरको छलफल र अन्तरक्रियाहरुले सूचना माग प्रक्रियालाई अझ तीव्र पारेको छ । राष्ट्रिय सूचना आयोगमा पर्ने गरेका उजुरीहरु पनि यसैका उदाहरण हुन् । सूचना माग प्रक्रियालाई तीव्र बनाउन र सार्वजनिक निकायहरुलाई पारदर्शी र जवाफदेही बनाउनुका साथै सुशासनमुखी कार्यतर्फ ती निकायहरुलाई अग्रसर गराउनु यो अभियानको अर्को जिम्मेवारी पनि रहेको छ । यसलाई सफल बनाउन सबै पक्ष उत्तिक्कै जिम्मेवारीका साथ हातेमालो गर्दै अगाडि बढ्नु आजको आवश्यकता पनि हो ।

यही जिम्मेवारी, आशा एवम् अपेक्षाका साथ सूचनाको हकका लागि राष्ट्रिय सञ्जालको यो अभियानले सूचनाको हकको लागि राष्ट्रिय महासंघको उदय भई औपचारिक रुप लियो । अहिले सूचनाको हकको लागि राष्ट्रिय महासंघले केन्द्रीय कार्यालय स्थापना गरी देशैभरि संगठन बनाइसकेको छ । सूचनाको हकको सचेतना जगाउनुको साथै यसको प्रबर्द्धनमा महासंघ क्रियाशील छ । गत वर्षदेखि राष्ट्रिय सूचना आयोगले हाम्रा लागि गतिविधि सञ्चालन गर्न बजेट नै छुट्याएर अवसर प्रदान गरेको छ । यस किसिमको सहयोगले सूचनाको हकको लागि राष्ट्रिय महासंघलाई उत्साही बनाएको छ । अब केही समयमा यसले आफ्नो महाधिवेशन गरेर देशमा एउटा नयाँ तरङ्ग ल्याउने योजनाका साथ अघि बढेको छ । यसको एउटा उदाहरणको रुपमा राष्ट्रिय निर्वाचन आयोगले निर्वाचनमा नागरिक सहभागितालाई बेवास्ता गरेको र

विकट ग्रामीण भेगका पछि परेका समुदायमा मतदाता शिक्षा पुऱ्याउन ज्ञापन पत्रसमेत दिएको थियो । यतिमात्र होइन, अहिले सूचनाको हकको लागि राष्ट्रिय महासंघले आफ्नो पहिचान देखाइसकेको छ । कोभिड १९ मा भएको खर्च विवरण मागेर स्थानीय तहको ध्यानाकर्षण समेत गराएको थियो ।

राज्यले जनताका लागि ल्याएको सूचनाको हकको यो कानुन जतिबेलासम्म आमनागरिकले सहज रुपमा सूचना पाउने र सार्वजनिक निकायले सहज रुपमा दिने वातावरण बन्दैन तबसम्म सूचनाको हकको लागि राष्ट्रिय महासंघको यो अभियान जारी रहने र जुन दिन आमनागरिकले सहज रुपमा सूचना पाउने र सार्वजनिक निकायले सहज रुपमा दिने वातावरण बन्छ त्यतिबेला यो अभियानले पूर्णता पाउने छ । सूचनाको हकको लागि राष्ट्रिय महासंघ पनि रहने छैन ।

# पत्रकारको हतियार सूचनाको हक



**एकराज पाठक**
प्रधानसम्पादक (रासस)

**सूचनाको हक र मिडिया**

जनताको सूचनाको हक प्रेस स्वतन्त्रतासँग अन्योन्याश्रित रुपले गाँसिएको हुन्छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पूर्णरुपले प्राप्त नहुने हो भने जनता सुसूचित हुन नपाउने अवस्था विद्यमान नै रहन्छ । प्रेस स्वतन्त्रताका दायरा जति साँघुरा हुन्छन् त्यति नै वास्तविक सूचना पनि परिमार्जित स्वरुपमा र काँटछाँट भएर मात्र जनतासमक्ष पुग्दछन् । जनतासमक्ष यथार्थ सूचना पुग्न नागरिकले सूचना पाउने स्रोत र प्रक्रिया मात्र होइन, कुनै पनि देशको कानुनी व्यवस्था पनि प्रजातान्त्रिक हुनु जरुरी छ । जनताको सत्यतथ्य जान्न पाउने अधिकारको प्राप्ति सञ्चारमाध्यमबाटै हुने भएकाले कानूनी रुपमा नै सुनिश्चित गरिएको  प्रेस स्वतन्त्रताको माग सर्वत्र गरिन्छ । जनताको 'Right to know' जान्न पाउने अधिकारले 'Right Know' अर्थात् सही जान्ने अधिकारलाई सघाउँछ । त्यसैले प्रेस स्वतन्त्रता र सूचनाको हक आपसमा सम्बन्धित छन् । सूचना प्राप्तिका लागि नागरिक सबैभन्दा धेरै मिडियामा नै निर्भर हुने भएकाले मिडियाको अधिकार महत्वपूर्ण हो ।

तर पनि प्रारम्भिक रुपको बुझाइ भने यस्तो थिएन । विश्वका अन्य मुलुक एवम् नेपालमा पनि सूचनाको हक सञ्चारमाध्यमलाई मात्र आवश्यक हो भनेर बुझिन्थ्यो । हुन त सूचना प्राप्तिका लागि जनता पनि सञ्चारमाध्यममा बढी निर्भर हुनुपर्ने हुँदा सञ्चारमाध्यमले यस्तो हक पाए भने हामी पनि सुसूचित भइहाल्छौं भन्ने जनताको सोचाइ हुनु स्वाभाविकै हो । नेपालमा पनि सुरुसुरुमा सूचनाको हकको कुरा गर्दा यो त सञ्चारमाध्यमको माग एवम् अधिकारभित्रको विषय हो भनेर बुझ्ने गरिन्थ्यो । यो जनअधिकारकै विषय हो भन्ने मानसिकताको विकास भएपछि जनता पनि विभिन्न संघसंस्थाको स्थापनामार्फत् सक्रिय बनेर आवाज उठाए र जसले गर्दा सूचनाको हक प्राप्तिका लागि सजिलो भयो । त्यसपछि सूचनाको हक जनताकै अधिकारको विषय हो भन्ने सोचका रुपमा पनि परिवर्तन आयो ।

नागरिकले सहजै र सजिलै सूचनाको हक प्राप्त गर्ने एक भरपर्दो र सजिलो माध्यम भनेको मिडिया नै हो । मिडियाका माध्यमबाट नै जनताको सूचनाको अधिकार

विस्तारित र प्राप्त हुन्छ । त्यसैले मिडिया भनेको सूचनाग्राही (सूचना खोज्ने व्यक्ति वा संस्था) र सूचना प्रदायक (सूचना प्रदान गर्ने जिम्मेवारी प्राप्त सार्वजनिक निकाय)का बीचको सजिलो, पहुँचयोग्य र वैधानिक माध्यम पनि हो । राज्यले प्रदान गर्ने र जनताले पाउनुपर्ने सूचनाहरू सञ्चारमाध्यमको बाटो हुँदै जनताको पहुँचसम्म पुग्ने हुन् । त्यसैले जुनसुकै देशका पनि सञ्चारमाध्यम भनेको जनताको सूचना बोक्ने संवाहक हुन् । यो मान्यताकै कारण पनि सूचनाको हकलाई मिडियासँग छुट्याएर हेर्ने अथवा निरपेक्ष ढङ्गले सूचनाको हकको मात्र व्याख्या गर्न मिल्दैन ।

आफ्नो सूचना प्राप्त गर्ने अधिकार र सहज रुपमा सञ्चारमाध्यमसँगको पहुँचलाई जनताले आफ्नो नैसर्गिक हकका रुपमा लिने गर्छन् । त्यसैले नागरिकको सूचनाको हकको सुनिश्चितताका लागि सञ्चारमाध्यमलाई पनि स्वतन्त्रताको आवश्यकता पहिलो शर्त हुनुपर्दछ । प्रेस स्वतन्त्रता नभएका देशमा नागरिकको सूचना अधिकारको कल्पना पनि गर्न सकिंदैन । कुनै देशमा प्रजातान्त्रिक प्रणाली छैन भने नागरिकले पनि शासकहरुबाट छानिएका मात्र सूचना पाउँछन् । शासकले जनतालाई आफू अनुकूलका सूचना मात्र दिन्छन् । यस मान्यता अनुरुप हेर्दा नागरिकको सूचना अधिकारको प्रबर्द्धन र संरक्षण जुनसुकै देशमा पनि प्रजातान्त्रिक शासन व्यवस्थाको अभावमा असम्भव छ ।

त्यसैले पनि सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयनका लागि कुनैपनि देशमा मिडियाको सबैभन्दा महत्वपूर्ण भूमिका रहन्छ । मिडियाले यो मात्र नभएर जुनसुकै कानुनको पनि कार्यान्वयनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । सूचनाको हक पनि नागरिक सरोकारको सबैभन्दा बलियो र आवश्यक कानुन भएकोले यसको कार्यान्वयनका लागि पनि मिडियाको उत्तिकै महत्व रहन्छ। यो कानुनको कार्यान्वयनबाट सरकारलाई पक्का पनि बढीभन्दा बढी खुला एवम् जनउत्तरदायी बन्नुपर्दछ ।

**मिडिया अभियन्ता र प्रयोगकर्ता**

सरकारले आफ्ना कामकारबाहीलाई जतिसक्यो बढी मात्रामा खुला र पारदर्शी बनाउनु पर्ने मान्यतालाई यो कानुनले जोड दिएको हुन्छ। नेपालजस्तो देशका लागि यो कानुनको कार्यान्वयन बढी महत्वपूर्ण छ। यहाँ भ्रष्टाचार र अनियमितताका घटना धेरै सार्वजनिक हुने गर्दछन्। तर त्यसको वास्तविकतामा नै नपुगी यसै टुंगिने गरेको हुन्छ। त्यसैले यस्ता नियमितता र भ्रष्टाचारका घटनाहरुको तथ्यसम्म पुग्न, यथार्थ सूचना प्राप्त गरी सार्वजनिक गर्नका लागि सूचनाको हकको कार्यान्वयन आवश्यक छ। हुन त यहाँ यसो गर्दा सरकारलाई अप्ठेरो पर्नु स्वाभाविकै हो । त्यसैले पनि सरकार कमैमात्र पारदर्शी हुन खोज्दछ। यस्तो देशमा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनका लागि देशका मिडियाको भूमिका त्यसैले पनि बढी महत्वपूर्ण एवम् प्रभावकारी हुन्छ भनिएको

हो । यो ऐनको कार्यान्वयनका लागि प्रेसले खेल्नुपर्ने भूमिकाहरुमध्येका प्रमुख दुई कार्य अभियन्ता र प्रयोगकर्ता हो ।

अभियन्ता अन्तर्गत पत्रकारले आफैले सूचनाको हकको व्यापक प्रयोग गरी यसलाई कार्यान्वयनमा ल्याउनका लागि मिडियाकर्मी आफै अभियन्ता बन्नुपर्छ । यसको प्रयोग गर्न मिडियाकर्मीलाई र आमनागरिकलाई सिकाउनुपर्छ । आमनागरिकले ल्याएको सूचनाको हकसम्बन्धी विषयवस्तुलाई प्रचार गरिदिनुपर्छ । उनीहरुले सूचना मागेर ल्याएका विषयलाई मिडियामा स्थान दिएर प्रचार गरिदिनुपर्छ । मिडियाले सूचनाको हकको प्रयोगका लागि देशव्यापी रूपमा वकालत गर्न सक्छ । यस अन्तर्गत देशको मिडियाजगत्ले ऐनको कार्यान्वयनका लागि देशव्यापी रुपमा एक अभियान नै सञ्चालन गर्न सक्दछ । देशमा सूचनाको हकसम्बन्धी ऐन आइसकेपछि बढीभन्दा बढी नागरिकलाई त्यसको प्रयोगका लागि प्रोत्साहित गर्न र बाटो देखाउन सक्छ । देशमा अनियमितता एवम् भ्रष्टाचार रोकी सुशासन र पारदर्शिता कायम गर्नका लागि नागरिकलाई जगाउने काम यसले गर्छ । त्यस्तै मिडियाकर्मी आफै पनि यसको अभियन्ता बन्न सक्छ ।

सूचना हकको कार्यान्वयनका लागि सञ्चारमाध्यमको अर्को महत्वपूर्ण काम भनेको आफैले यो ऐनको प्रयोग गरेर सूचना माग्नु हो । सो ऐनको प्रयोग आफैले गरेर त्यसको समाचारमार्फत् नागरिकलाई पनि सूचना माग्नका लागि प्रेरित गर्नुं हो । सरकार एवम् मुलुकका सार्वजनिक निकायमा भइरहेका एवम् हुन सक्ने कयौं अनियमितताबारे सूचनाको हकसम्बन्धी ऐनको प्रयोग गरेर माग्ने र त्यसलाई सार्वजनिक गर्ने काम मिडियाले गर्न सक्छन् । ती निकायमा हुने भ्रष्टाचार, अनियमितता, चुहावट, असक्षमता, नातावाद, कृपावाद, अधिकार एवम् साधनस्रोतको दुरूपयोगजस्ता विषयलाई मिडियाले यो ऐन प्रयोग गरेर सार्वजनिक गर्न सक्छन् । साथै देशमा भएका ठुल्ठुला भ्रष्टाचारका घटनाको पनि पिछा गरेर तिनको वास्तविकता सार्वजनिक गर्नका लागि अनुसन्धानमूलक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने काममा पनि मिडियाले यो ऐनको अधिक प्रयोग गर्न सक्दछ ।

## प्रयोग गरौं सूचनाको हक

भ्रष्टाचार र अनियमितता रोक्ने सबैभन्दा शक्तिशाली हतियार सूचनाको हकसम्बन्धी कानुन हो भन्दा गल्ति हुँदैन । भारत या संसारका अरु देशको अध्ययन गर्दा यो तथ्य भेटिन्छ । अहिले भारतसहित दक्षिण एसियाका बंगलादेश, श्रीलंका, पाकिस्तानमा पनि भ्रष्टाचार नियन्त्रणका लागि सूचनाको हकको प्रयोग गर्ने गरिएको तथ्य भेटिन्छ । तर हामीले भ्रष्टाचार नियन्त्रणका काममा सूचनाको हक प्रयोग गर्ने सकेका छैनौं ।

नेपालमा पनि पछिल्लो पटक (गत कात्तिकको अन्तिम साता) राष्ट्रपतिसमक्ष बुझाइएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदनमा सबैभन्दा बढी भ्रष्टाचार स्थानीय तहमा हुने गरेको उल्लेख गरिएको छ । त्यहाँ के-कस्ता काममा भ्रष्टाचार हुन्छ भन्ने कुरा दृष्टान्तहरु नै स्पष्टसँग किटानी गरिएको छ । त्यो प्रतिवेदन अनुसार प्रायः स्थानीय तहले गर्ने खरीद प्रक्रियामा नै बढी भ्रष्टाचार देखिन्छ । त्यसपछि तिनका उपभोक्ता समितिमार्फत् गर्ने निर्माण कार्यमा बढी भ्रष्टाचार देखिन्छ । त्यसैगरी विकास बजेटलाई उनीहरुले अनियमित रुपमा प्रयोग गर्ने गरेका प्रशस्त उदाहरण त्यहाँ छन् । स्थानीय स्तरमा रहेका सत्तारुढ या विपक्षी दलका कुनै न कुनै राजनीतिक भूमिकामा रहेका व्यक्तिलाई खुशी पार्न यस्ता खालका उपभोक्ता समिति बन्ने गर्छन् र उनीहरुमार्फत् दिइने निर्माणको काममा पनि भ्रष्टाचार मौलाएको देखिएको छ ।

सरकारी निकायले देखेका भ्रष्टाचारका यी स्वरुप र तरिका नेपालका मिडियामा भने कमै आए र आउने गरेका छन् । देशैभर मिडिया छन् । देशका कुनाकाप्चामा एफएम छन्, अझ अहिले त झन् अनलाइन मिडिया नै छन् । ती मिडियाले घरआँगनकै यो भ्रष्टाचार देखेनन् । नागरिक पनि सेवा लिन जाँदा सेवाग्राहीका रुपमा भ्रष्टाचारका यी स्वरुपहरु जसरी व्यहोर्छन् र महसुस गर्छन्, ती पनि सार्वजनिक मिडियामार्फत् बाहिर ल्याउन मान्दैनन् । त्यसैले यी र यस्तै विषयका साथै आ-आफ्ना स्थान र क्षेत्रमा हुने र भइरहेका निर्माणका कामका हिसाब खोज्ने काममा नागरिकको सक्रियता हुने हो भने यसले यी प्रकृतिका भ्रष्टाचारलाई धेरै घटाउने छ । आफू सेवा लिन जाँदा अनावश्यक रुपमा माग हुने घुस रकम होस् या सार्वजनिक ओहदामा रहेका व्यक्तिबाट हुने भ्रष्टाचारजन्य क्रियाकलाप हुन् यी विषयमा सूचना माग गर्दै अनियमितता बाहिर ल्याउने हो भने स्थानीय तहलगायतका सार्वजनिक निकाय पारदर्शी बन्न कर लाग्नेछ । उनीहरुलाई पारदर्शी बनाउन सूचनाको हकले बल प्रदान गर्ने विश्वास गर्न सकिन्छ ।

यसो गर्दा सार्वजनिक निकायलाई पारदर्शी र उत्तरदायी बनाउन दबाव पुग्छ भने उक्त निकाय सुशासनमा सुदृढ हुनुका साथै भ्रष्टाचारजन्य गतिविधिमा पनि कमी आउँछ । नागरिकले नै सार्वजनिक सम्पत्ति र यसको उपयोग, प्रयोग या बनोटमा ध्यान दिनुपर्छ । हामी हिँड्ने पुल निर्माण कत्तिको बलियो गरी बनेको छ या त्यसमा निर्माण कम्पनी र सरोकारवाला व्यक्ति मिलेर कमसल खालको सामान पो हालेका छन् कि ? यस्तो चासो हामीमध्ये थोरैमा मात्र हुन्छ । उपभोक्ता समितिका नाममा हुने निर्माण या अन्य कामकारबाहीले आमउपभोक्ताको हित गरेको छ कि त्यस समितिमा बस्ने उपभोक्तामात्र मोटाएका छन् ? यी विषयमा हामी कतिले खोजीनीति गर्न सकेका छौं ? खासमा अहिले विश्वव्यापी रुपमा यस्तै प्रश्नको जवाफ खोज्न सूचनाको हकसम्बन्धी

कानुनलाई अधिकतम् प्रयोगमा ल्याउने गरिएको पाइन्छ । सार्वजनिक निकायमा हुने भ्रष्टाचारलाई न्यूनीकरण गरी यस्ता निकायलाई पारदर्शी र जवाफदेही बनाउन सूचनाको हकसम्बन्धी कानुनले सशक्त हतियारको काम गर्छ । वास्तवमा नागरिकका घरआँगनकै सरकार भनेको स्थानीय सरकार हो । यी स्थानीय सरकारका सार्वजनिक निकायले गर्ने खरिद-बिक्री प्रक्रियादेखि बजेट बाँडफाँट र विकास निर्माणका कार्य जनताका आँखामा पारदर्शी हुनुपर्छ ।

**निष्कर्ष**

नेपालले प्राप्त गरेको सूचनाको हकसम्बन्धी कानुन प्रजातान्त्रिक र पारदर्शितालाई प्रवर्द्धन गर्ने खालको छ । यसले सार्वजनिक निकायका रुपमा गरेका निकायहरुको व्यवस्थाको दायरा फराकिलो छ । यस कानुनले राजनीतिक दल, गैरसरकारी संघसंस्थाहरुलाई पनि सूचना दिनुपर्ने दायित्व भएका सार्वजनिक निकायका रुपमा परिभाषित गरेको छ । यस्तो कानुन नेपालले प्राप्त गरेको डेढ दशक पुग्यो । तर पनि नागरिकले यो कानुनको प्रयोग गरेको अवस्था भने सन्तोषजनक छैन ।

संघीय संरचनामा प्रवेश गरेको नेपालका तीन तहका सरकारमा प्रशासनिक, वित्तीय लगायतका प्रणाली विकेन्द्रीकृत भएका छन् । देशको विकास र नागरिकका समस्याहरुको सम्बोधन गरी शासन प्रणालीलाई जनताप्रति जवाफदेही बनाउने र विकासका काम जनताउन्मुख बनाउने भनी देशमा संघीय शासनको सुरुआत गरिएको हो । तर यस्तो लाग्दैछ कि यी तीनै तहका सरकारका काम विकासमा भन्दा पनि फजुल खर्चमा बढी केन्द्रित छन् । यसरी शासनको यो पछिल्लो मोडल समेत निष्फल बन्दैछ ।

जुनसुकै लोकतान्त्रिक सरकार आफै पारदर्शी र खुला हुनुपर्छ । उनीहरुका सबै सार्वजनिक कार्य स्वतः सार्वजनिक गर्नुपर्ने लोकतान्त्रिक मूल्य-मान्यतालाई देशको सूचनाको कानुनले पनि अंगीकार गरेकै छ । यसरी सूचनाको हकको कार्यान्वयनको अवस्था कमजोर त भएको छैन भन्ने विषयमा अब छलफल चलाउनै पर्छ । लाग्छ मिडियामा आएका सतही समाचार सुन्दा अनियमितताका चाङ प्रतिदिन थपिँदै छन् । बेरुजु वर्षेनी झन् बढ्दै गएको त सरकारी निकायकै प्रतिवेदनमा उल्लेख छ । देशका मिडियाका समाचारका कन्टेन्ट हेर्दा लाग्छ सुशासन कतै छैन, भ्रष्टाचार नभएको कुनै निकाय छैन । तर ती समाचारका वस्तु सबै सतही छन् । ती विषयहरुको गहिराइसम्म पुग्नुपर्छ र त्यसका लागि मिडियाले सूचनाको हकसम्बन्धी कानुनको प्रयोग गरी अभियान नै चलाउनुपर्छ । भ्रष्टाचार र अनियमितता खोज्दै जानुपर्छ जहाँ पुग्दा रोकिन्छ या सूचना पाइँदैन त्यहीँबाट यो कानुनबमोजिम तथ्य माग्नुपर्छ, खोज्नुपर्छ ।

संसारकै तुलनामा प्रजातान्त्रिक संविधान र सूचना हकको हकसम्बन्धी कानुन

हामीसँग हुँदाहुँदै पनि हामीले त्यसको सदुपयोग गर्न नसकेको देखिएको छ । सूचनाको हकसम्बन्धी कानुनको प्रयोग र उपयोगको सशक्त अभियान नागरिक र मिडियाले नै चलाउनुपर्छ । मिडियाले अनियमितता खोज्ने अभियानका लागि यो कानुनको प्रयोग गर्नुपर्छ भने नागरिकले पहिल्याएर ल्याएका भ्रष्टाचार र अनियमितताका सामग्रीलाई पनि आफ्ना मिडियामा प्राथमिकता दिनुपर्छ । हाम्रोजस्तो तेस्रो विश्वका देशका प्रेसले अनियमिता खोज्न एउटा धारिलो हतियार यही कानुनलाई बनाएका उदाहरण प्रशस्त भेटिन्छन् । नागरिक र मिडियाले अहिले पनि सुरु त गरेका छन् तर डेढ दशकको अवधिमा यतिमात्र पर्याप्त छैन । अब देशमा भ्रष्टाचारको नियन्त्रण गर्न र नागरिकलाई सूचित गर्न तथा नागरिकले पनि आफूलाई आवश्यक परेका जनसरोकारका विषयमा यो कानुनको प्रयोग गर्ने मात्र नभएर यसलाई हतियार बनाएर अभियान नै सञ्चालन गर्नुपर्छ । तबमात्र यो कानुनको सही कार्यान्वयन हुन सक्नेछ ।

# सूचनाको हकमा सर्वोच्च अदालतको दृष्टिकोण : संक्षिप्त विवेचना




**ऋतिक यादव**
विद्यार्थी, कानून संकाय
काठमाडौं स्कुल अफ ल, भक्तपुर


**विषय प्रवेश**

स्वीडेनका एकजना सांसदले भनेका छन्, "यदि कार्ल मार्क्स जीवित भएको भए उनले पुँजीका बारेमा नलेखी सूचनाका बारेमा लेख्ने थिए ।" उनको यस अर्थपूर्ण तथा तार्किक कथनबाट सूचनाको हकको सान्दर्भिकता पुष्टि हुन्छ । अहिलेको विश्वपरिवेशमा सार्वजनिक तथा विकास प्रसाशनको अवधारणाको तीव्र विकास भएसँगै सूचनाको युगमा प्रवेश गरेको जगजाहेर नै छ। राज्यको कामकारवाहीमा पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व समेतका माध्यमबाट नागरिकको सूचनाको हक संरक्षण र प्रवर्द्धनमा तथा अन्ततोगत्वा सुशासन कायम गर्ने उद्देश्यका साथ विभिन्न संवैधानिक, कानुनी, संस्थागत संयन्त्रहरु निर्माण भई क्रियाशील रहेका छन् । नागरिकको सूचनाको हक संरक्षण र प्रवर्द्धनमा मौलिक अधिकारको रक्षक मानिने अदालतको भूमिका अग्रणी रहँदै आएको छ ।

सूचनाको हकको अवधारणातर्फ विचार गर्दा सूचनाको हक भनेको सार्वजनिक सरोकार, महत्व  र चासोका विषयमा सूचना माग गर्ने र प्राप्त गर्ने सम्बन्धी हक भन्ने बुझिन्छ । यो निजी व्यक्तिगत सूचनाको सन्दर्भमा लागू हुने हक नभई सार्वजनिक निकायमा रहेका सार्वजनिक सरोकार र चासोका सूचनाको हकमा आकर्षित हुने हक हो . यसमा सूचना माग गर्नेको हक र अधिकार निहित हुन्छ भने सूचना प्रवाह गर्नंपर्ने दायित्व सिर्जना भएको हुन्छ ।

सरकारी तथा सार्वजनिक निकायहरूको काममा उत्तरदायित्व, पारदर्शिता, खुलापन र जिम्मेवारीबोधजस्ता लोकतान्त्रिक मूल्य-मान्यतालाई आत्मसात् गर्नका लागि नागरिकको सूचनामा पहुँच अपरिहार्य हुन्छ । सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनमा प्रभावकारिता ल्याई राज्यका अङ्ग र सार्वजनिक निकायहरू जनताप्रति उत्तरदायी, संवेदनशील र सक्रिय बनाउन सकेको खण्डमा गोपनीयताको संस्कारमा हुर्केको प्रशासन संयन्त्र परिवर्तन भई जनउत्तरदायी, पारदर्शी, लोकतान्त्रिक बन्ने र शासन व्यवस्था थप प्रभावकारी हुने मान्यता रहेको छ ।

## संवैधानिक र कानुनी व्यवस्था

वि.सं. २०७२ असोज ३ गते जारी गरिएको नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भन्ने कुरा उल्लेख गरिएको छ । त्यस्तै राज्यका कामकारवाही लोकतान्त्रिक पद्धतिअनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने ध्येयका साथ सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ क्रियाशील रहेका  छन् । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रावधान अनुसार वि.सं. २०६५ जेठ २२ गते राष्ट्रिय सूचना आयोग गठन गरिएको छ । उक्त आयोग स्थापना भएदेखि सूचनाको हकलाई कार्यान्वयन गर्न गराउन निकै तदारुकताका साथ लागेको देखिन्छ र हालसम्म आइपुग्दा सूचनाको हकको कार्यान्वयनका लागि थुप्रै व्यस्था गरिएका छन् ।

## अन्तर्राष्ट्रिय कानुनी संरचना

अन्तर्राष्ट्रिय अनुबन्धतर्फ चर्चा गर्दा संयुक्त राष्ट्रसंघको महासभाले सन् १९४६ मा प्रस्ताव नं. ५९ (१) मार्फत् सूचनाको हकलाई मौलिक हकको रुपमा राखिनुपर्दछ र यो हकलाई अन्य सबै मौलिक हकको कसीको रुपमा स्थापित गरिनु पर्दछ भनी उद्घोष गरेको पाइन्छ । सन् १९४८ मा घोषणा गरिएको मानव अधिकारको घोषणापत्रको धारा १९ मा विश्वका आमव्यक्तिलाई सीमाविहीन रुपमा सूचना प्राप्त गर्ने अधिकारका उल्लेख गरिएको छ  । संयुक्त राज्यको बडापत्रमा उल्लेख गरिएको छ : “Everyone has the right to freedom of opinion and expression; this right includes freedom to hold opinions without interference and to seek, receive and impart information and ideas through any media and regardless of frontiers.”

यस्तै घोषणपत्रको प्रावधानलाई सन् १९६७ को नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा १९ को १ र २ मार्फत् थप स्पष्ट गरिएको छ। सूचनाको हकको प्रत्याभूतिका दृष्टिले यी दुवै अन्तर्राष्ट्रिय दस्तावेज सर्वाधिक महत्वपूर्ण छन्। यी दुवै अन्तर्राष्ट्रिय दस्तावेजमा नेपालले पक्ष राष्ट्रका रुपमा हस्ताक्षर गरेको छ। यसैगरी संयुक्त राष्ट्र संघले घोषणा गरेको दिगो विकास लक्ष्यको सूचकाङ्कमा सूचनाको हकसम्बन्धी व्यवस्था पनि रहेको छ ।

## सूचनाको हक : लोकतन्त्रको प्राणवायु

जान्न पाउने, थाहा पाउने, जानेको थाहा पाएको तथ्य र धारणा प्रवाह गर्न पाउने अनन्त स्वतन्त्रताको शब्द बनेको छ- सूचनाको हक । त्यसैले भनिएको छ- सूचनाको स्वतन्त्रता लोकतन्त्रका लागि प्राणवायु हो । लोकतन्त्रको मापन गर्ने एउटा सशक्त माध्यम सूचनाको हक हो । सूचनाको हक लोकतन्त्रको पूर्वशर्त हो । सूचनाको हक लोकतन्त्रको स्पन्दन र जीवन रक्त बराबर हो । यो लोकतन्त्रको आधारभूत पूर्वाधार हो, सुशासनको प्रमुख कडी (मास्टर कि) हो ।

राज्यका कामकारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने, सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउने, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण गराउने सूचनाको हकको उद्देश्य हो । वैयक्तिक स्वतन्त्रता र मानव अधिकारको रक्षा र सम्मान गर्न, सुशासनको प्रवर्द्धन गर्न, स्रोतसाधनको परिचालनको अवस्था बारेमा सर्वसाधारणमा जानकारी भई दुरूपयोग हुन नदिन, प्रशासन संयन्त्रलाई जवाफदेही र उत्तरदायी बनाउन, समाजमा शान्ति, सुव्यवस्था कायम गर्न, अत्यावश्यक कानुनको निर्माण र कार्यान्वयन गर्न, सार्वजनिक सेवाप्रवाहलाई छिटोछरितो र प्रभावकारी तुल्याउन, प्राकृतिक प्रकोप र सङ्कट व्यवस्थापन गर्ने कार्यमा सूचनाको हकको महत्वपूर्ण भूमिका हुन्छ ।

यसर्थ, सूचनाको हकले लोकतन्त्रलाई थप सुदृढ, शक्तिशाली, गतिशील, जीवन्त र परिणाम निकाल्ने अर्थपूर्ण लोकतन्त्रको रुपमा स्थापित गराउन अहम् भूमिका निर्वाह गर्ने भएकोले लोकतन्त्रको प्राणवायु नै हो ।

## सूचनाको हकसम्बन्धी सर्वोच्च अदालतको दृष्टिकोण

सूचनाको हकसम्बन्धी विवादहरु हेर्ने निकाय सूचना आयोग भएको र यस आयोगको निर्णयउपर पुनरावेदन सुन्ने अधिकार उच्च अदालतलाई हुने कानुनी व्यवस्था भएकोले सूचनासम्बन्धी सबै विवादहरु सर्वोच्च अदालतसम्म नपुग्ने भएता पनि सर्वोच्च अदालतबाट सूचनाको हकको पक्षमा महत्वपूर्ण र ऐतिहासिक निर्णयहरू भएका छन् ।

संविधानमा व्यवस्था भएको मौलिक हक कार्यान्वयनका सन्दर्भमा सर्वोच्च अदालतमा रिट दायर भएर जारी भएका आदेशहरुमा सरकारलाई संविधानको मर्म र भावना मुताविक सूचना उपलब्ध गराउन बाध्य गराएको देखिन्छ । सूचनाको हक सम्बन्धमा न्यायालयको केही महत्वपूर्ण प्रतिनिधिमूलक दृष्टिकोणको सारांश देहायबमोजिम गरिएको छ :

**१. अधिवक्ता बालकृष्ण न्यौपानेविरुद्ध प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालासमेत (ने.का.प. २०५४, अंक २, नि.नं. ६३१३)**

वि.सं. २०४९ मंसिर ३० मा आदेश भएको यस रिटमा सर्वोच्च अदालतको तत्कालीन प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायसमेत पाँच न्यायाधीशहरुको विशेष इजलासबाट नेपाल-भारतबीच भएको जलस्रोत विकाससम्बन्धी सन्धि, सम्झौता तथा सहमति सम्बन्धी टनकपुर सम्झौताको विषयमा सूचना माग्ने र पाउने अधिकार संविधानको धारा १६ अन्तर्गत निवेदकलाई प्राप्त छ/छैन ? भन्ने कानुनी प्रश्नमा अदालतले सूचनाको हकसम्बन्धी नागरिकमा निहित अधिकारको प्रश्नलाई विश्लेषण गरेको छ ।

आदेशमा प्राकृतिक स्रोत राष्ट्रिय सम्पदा भएको र यसको विकासका लागि कुनै अन्य देशसँग सन्धि वा सम्झौता गरेर वा कुनै सहमतिमा पुगेर श्री ५ सरकारले कुनै अन्य दायित्व ग्रहण गर्न कबुल गर्छ भने त्यो दायित्व श्री ५ सरकारको सम्बन्धित पदाधिकारी वा कुनै व्यक्ति विशेषको नभएर राष्ट्रिय दायित्व हुने र त्यसबाट पर्ने अनुकुल-प्रतिकूल असर र त्यसको लाभ वा हानी पूरै देशले वेहोर्नं पर्ने भएकोले राष्ट्रिय हक वा दायित्व सिर्जना हुने यस्तो कुनै व्यवहारका सम्बन्धमा श्री ५ को सरकारसँग आवश्यक जानकारी माग्ने अधिकार रहेको भनी प्रष्टरुपमा व्याख्या गरेको देखिन्छ ।

नेपालले अपनाएको संवैधानिक व्यवस्थाले प्रजातान्त्रिक आदर्श र मूल्यप्रति दृढ प्रतिबद्धता व्यक्त गरेको, प्रजातान्त्रिक शासन व्यवस्थामा सरकार जनताप्रति उत्तरदायी हुने भएकाले उसको कामकारबाहीहरू पारदर्शी हुनु आवश्यक रहेको उल्लेख छ । सूचनाको हकको प्रयोगबाट देशका जनतालाई सरकारमा रहेका आफ्ना प्रतिनिधिहरूले गरेका सार्वजनिक कामहरूको जानकारी भई सरकारले उत्तरदायित्वपूर्ण किसिमले काम गरे वा नगरेको समीक्षा गर्ने अवसर प्राप्त हुन्छ । त्यसैले श्री ५ को सरकारले आफ्ना नीति र आफूले गरेका सबै महत्वपूर्ण निर्णय तथा सार्वजनिक कार्यहरुको जानकारी जनतालाई समय समयमा दिनुपर्छ । यो उसको नैतिक कर्तव्य र जिम्मेवारी हो । सरकारी कामकारबाहीमा खुलापन प्रजातान्त्रिक शासन व्यवस्थाको आधारशीला हो । यिनै कुराहरूलाई आत्मसात् गरेर संविधानले जनतालाई सुसूचित हुने अधिकार मौलिक अधिकारको रुपमा प्रत्याभूत गरेको भनी आदेशमा भनिएको छ ।

**२. गोपाल शिवाकोटीसमेत विरुद्ध अर्थ मन्त्रालयसमेत (ने.का.प. २०५१, अंक ४, नि.नं. ४८९५)**

वि.सं. २०५१ वैशाख २५ मा आदेश भएको यस रिटमा सर्वोच्च अदालतको संयुक्त इजलासबाट अरुण तेस्रो आयोजना सम्बन्धित सम्झौता, लिखत दस्तावेज तथा अन्य सम्पूर्ण कागजातहरु निवेदकलाई पाउने अधिकार निवेदकलाई छ, छैन ? भन्ने कानुनी

प्रश्नको व्याख्या गर्ने क्रममा देशका प्राकृतिक स्रोतको उपभोगबाट उत्पादन हुने विद्युत राष्ट्रिय सम्पत्ति हो, यस्तो राष्ट्रिय सम्पत्तिको उपार्जनमा सम्बद्ध विषयहरुमा सबै नागरिकहरुको सार्थक सम्बन्ध रहन्छ। यस्ता विषयमा कुनै नागरिकले जानकारी प्राप्त गर्न वा यस परियोजना सम्बन्धमा भएका अनुसन्धान, अन्वेषण र यसको उपादेयता सम्बन्धमा चासो र जिज्ञासा राख्नु स्वाभाविक हुन्छ । परियोजना विद्युत विकास सम्बन्धी परियोजना भएको र राष्ट्रिय र अन्तर्राष्ट्रिय स्रोत साधनबाट विद्युत विकासको उद्देश्य रहेकोले सार्वजनिक हक वा सरोकारको विषय भएकोले सूचनाको हक आकर्षित हुने उल्लेख गरिएको छ।

आदेशमा संविधानको धारा १६ को भावना (spirit) र उद्देश्य जनताको सूचित हुने अधिकार नै अड्डाहरुमा रहेको लिखतहरु प्रायः सार्वजनिक रुपमा नआउने हुनाले नै प्रजातान्त्रिक पद्दति अनुरुप राखिएको भनिएको छ। प्रजातान्त्रिक समाजको प्रमुख विशेषता खुलापन हो भन्दै देशको शासन प्रबन्ध स्वच्छ र सही दिशामा निर्दिष्ट छ वा छैन भन्ने कुराको निरन्तर सुपरीवेक्षण र मूल्याङ्कनका लागि जनताले जानकारी पाउन आवश्यक हुने भन्ने व्याख्या भएको छ ।

श्री ५ को सरकार वा अन्य कुनै सार्वजनिक निकाय वा पदाधिकारीले कानुन वा संविधानबमोजिम गर्नँपर्ने कुनै काम गरेन वा गर्न नहुने कुनै काम गऱ्यो र परिणामतः कुनै व्यक्ति वा स्वार्थमा प्रतिकूल प्रभाव परेको छ भने त्यो सार्वजनिक हक वा सरोकारको कुरा हुने भनी व्याख्या गरेको पाइन्छ। देशको सुरक्षा, शासन व्यवस्था, शिक्षा, स्वास्थ्य नैतिकता देशको आर्थिक अवस्था, जलस्रोतको विकास, संविधानका राज्यका निर्देशक सिद्धान्तको रुपमा व्यवस्थित सामाजिक न्यायका कुरा आदि जनसाधारणको सरोकारको विषय हुने हुँदा यस्ता विषयहरूमा उठेका विवादहरुलाई रिटको रुपमा अदालतले विचार गर्नँ पर्ने भनिएको छ। यस्तै विचार र अभिव्यक्तिको स्वतन्त्रताको पृष्ठपोषकको रुपमा संविधानको धारा १६ अनुसार प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक रहेको समेत आदेशमा रहेको छ।

आदेशमा उठाइएका विषयवस्तुको अरिरिक्त कानुनको निश्चित निर्देशनको अभाव भएता पनि कामकारबाहीको तर्कसम्मत कार्यविधिको (Logical procedure) अनुशरण लिनुपर्ने हुन्छ भन्दै सूचनाको हक कार्यान्वयनका लागि निम्न ८ वटा पद्धतिको आधारमा कार्यविधि निर्धारण गर्न सकिने पनि उल्लेख गरेको पाइन्छ ।

१) निवेदकले विपक्षीबाट सम्बन्धित विषयमा के कुन लिखतहरु छन् त्यसको सूची (फेरिस्त) माग्ने ।

२) विपक्षीले ७ दिन भित्र सो सूची दिएमा निवेदकले सरोकार भएको लिखतको निरीक्षणको माग गर्नपर्ने ।

३) प्रकरण नं. २ बमोजिम माग भएका विपक्षीले सो प्रयोजनको लागि समय, मिति र स्थान तोकी निवेदकलाई ३ दिनभित्र सूचना दिने ।

४) निरीक्षण गरी सकेपछि लिखतबाट टिपोट मात्र गर्ने र नक्कल सार्न आवश्यक भएमा सो सार्ने वा नक्कलको लागि तोकिएको पदाधिकारीलाई अनुरोध गर्ने ।

५) नक्कल दिँदा नियमको अभाव भए मागेको यथार्थ खर्च दस्तुरको रुपमा लिएर नक्कल प्रमाणित गरेर दिने ।

६) सम्बन्धित लिखतको आंशिक वा पूर्ण रुपमा सूची दिन वा निरीक्षण गर्न दिन र नक्कल दिन इन्कार गर्ने अवस्था भएमा विपक्षीले सो को कारण जनाई निवेदकलाई ३ दिनभित्र जानकारी दिने ।

७) निवेदकलाई इन्कारी गरेको कुरामा वा इन्कार गरेको कारणसँगग चित्त नबुझेमा इन्कारीको सूचना पाएको ७ दिनभित्र विवादको निरुपणको लागि सर्वोच्च अदालतमा उजुर गर्ने ।

८) उजुरीमा कारवाही गर्दाको कार्यविधि सर्वोच्च अदालतको नियमावली बमोजिम गर्ने गराउने ।

**३. काशी दाहाल विरुद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद सचिवालयसमेत (नेकाप २०५३ अंक ७, नि. न. ६२३१)**

२०५२ कार्तिक २१ मा सर्वोच्च अदालतको विशेष इजलासबाट आदेश भएको यस रिटमा सार्वजनिक महत्वको मायादेवी मन्दिर पुनः निर्माणको क्रममा मन्दिरमा अवस्थित ऐतिहासिक र पुरातात्विक महत्व राख्ने वस्तुहरु हटाउन र पिपल वृक्ष काटी हटाउन परेको कार्यको पछाडि रहेको कारण तथा अवस्थाबारे जानकारी राख्ने कुरा सार्वजनिक सरोकारकै विषय हुँदा निवेदक समेतका नेपाली नागरिकलाई जानकारीको लागि सूचना माग्ने तथा पाउने हक नभएको भन्न मिलेन भनिएको छ । र, मायादेवी मन्दिरका मूर्तिहरु सार्नु परेको तथा पिपलको वृक्ष काटी हटाउनु परेको कारण सहित वास्तविक सूचना सार्वजनिक रुपमा प्रवाह गर्नं भन्ने श्री ५ को सरकार पुरातत्व विभाग लुम्बिनी विकास कोषका नाउँमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) बमोजिम परमादेश जारी गरेको देखिन्छ ।

**४. माधवकुमार बस्नेत विरुद्ध श्री ५ को सरकारसमेत (नेकाप २०५८, अंक ७, नि. न. ७०१८)**

वि.सं. २०५८ श्रावण ११ मा सर्वोच्च अदालतको विशेष इजलासबाट आदेश भएको यस रिटमा श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालयको मिति २०५७/९/१८

तथा मिति २०५७/१०/२ को मन्त्रिस्तरीय निर्णयबाट प्रसारण संस्थाबाट प्रसारण हुने हरेक कार्यक्रममा मन्त्रालयको पूर्व नियन्त्रण हुन सक्ने खालका शर्त र निर्देशन जारी भएको भन्दै त्यसलाई निवेदकले चुनौती दिएको देखिन्छ ।

आदेशमा संविधानद्वारा सुनिश्चित नागरिकको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता तथा सार्वजनिक महत्वको कुनै पनि विषयमा सूचना माग्ने र पाउने मौलिक हकको उपभोग गर्न विधायिकाद्वारा निर्मित कानूनले संविधान तथा कानूनको परिधिभित्र रहेर मात्र मनासिव वन्देज लगाउन सकिनेमा श्री ५ को सरकारद्वारा जारी गरिएको निर्देशनमा उल्लेखित शर्तहरुले संविधान प्रदत्त नागरिकहरुको विचार अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हकमा संविधान तथा कानूनको भावना विपरीत बेमनासिव रुपमा बन्देज लगाएको देखिन आएकोले विपक्षी श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालयको निर्देशनहरु निवेदकको माग वमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरेको छ ।

प्रत्येक नागरिकलाई कुनै पनि सार्वजनिक महत्वको विषयमा आफ्नो विचार तथा अभिव्यक्ति रेडियोको माध्यमबाट प्रसारण गर्ने र रेडियोद्वारा सार्वजनिक महत्वका विषयमा सूचना पाउने एवं अरुका विचार तथा अभिव्यक्ति प्राप्त गर्ने अधिकार पनि संविधानद्वारा व्यवस्थित विचार अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हकको आधार भूत अंगको रुपमा रहेको मान्नुपर्ने आदेशमा भनिएको छ ।

**५. गणेशकुमार अग्रवाल विरुद्ध श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालयसमेत (नेकाप २०६३, अंक १, नि. न. ७६३८)**

वि.सं. २०६३ वैशाख १८ मा सर्वोच्च अदालतको संयुक्त इजलासबाट आदेश भएको यस रिटमा राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक गतिविधि लगायत देशको जल्दोवल्दो र महत्वपूर्ण विषयहरूमा जानकारी पाउने नागरिकहरूको हकाधिकार भएकोले राष्ट्रलाई असर गर्ने यस्ता जल्दावल्दा समस्याहरू सरकारले कसरी समाधान र व्यवस्था गर्दछ भन्ने जानकारी पाउन सके मात्र नागरिकहरूले आआफ्नो धारणा बनाई आफूले सकेको योगदान गर्न सक्ने भन्ने व्याख्या भएको पाइन्छ ।

**६. त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार एवम् त्रि. वि. केन्द्रीय परीक्षा सञ्चालक समितिका अध्यक्ष प्रा.डा. भीमराज अधिकारी विरुद्ध राष्ट्रिय सूचना आयोगसमेत (ने.का.प. २०६८, अंक ४, नि.नं. ८५९४)**

वि.सं. २०६८ जेठ ४ मा सर्वोच्च अदालतको संयुक्त इजलासबाट आदेश भएको यस रिटमा शंकरदेव क्याम्पस बीबीएस तेस्रो वर्षमा अध्ययनरत स्याङ्जाका विजय अर्यालले २०६४ सालमा दिएको वि.वि.एस. प्रथम वर्षको विजनेश स्ट्याटिस्टिक्स र

अंग्रेजी विषयको उत्तरपुस्तिकाको प्रतिलिपि सूचना अधिकारीसँग माग गरेको र त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयको प्रमुखसँग पनि उक्त सूचना माग गर्दा कुनै जानकारी नदिएकोले मागबमोजिम सूचना उपलब्ध गराई पाऊँ भनी राष्ट्रिय सूचना आयोगसमक्ष दिएको पुनरावेदनमा माग गरेको उत्तरपुस्तिकाको प्रतिलिपि पाउने हकलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक नलगाएको एवं सूचनाको वर्गीकरणमा समेत गोप्य राख्नुपर्ने वर्गीकरण गरेको नदेखिदा उत्तरपुस्तिकाको प्रतिलिपि दिनुपर्ने गरी राष्ट्रिय सूचना आयोगबाट त्रिविलाई सूचना दिनू भनी दिएको आदेश विरुद्धमा त्रिविका रजिष्ट्रार भीमराज अधिकारीले सर्वोच्च अदालतमा गरेको पुनरावेदनउपर सूचनाको हकको व्याख्या भएको छ । आदेशमा परीक्षार्थीका उत्तरपुस्तिका र उत्तरपुस्तिका जाँच्ने विषय सार्वजनिक सरोकारको विषयको Domain भित्र पर्दैन भन्ने जिकीरसँग सहमत हुन नसक्ने भएकोले मागअनुसार निजको आफ्नो उत्तरपुस्तिकाको प्रतिलिपि निजैलाई उपलब्ध गराउन परमादेश जारी भएको देखिन्छ ।

आदेशमा प्रजातन्त्रमा सूचनाको हकको महत्वबारे सविस्तार केलाइएको छ । आदेशमा भनिएको छ "प्रजातन्त्र भनेको खुला समाजमा विश्वास राख्ने राजनीतिक व्यवस्था भएकोले कानुनले गोप्य राख्नुपर्ने संवेदनशील कुराहरू बाहेक प्रजातन्त्रमा अन्य सम्पूर्ण कुराहरू खुल्ला हुन्छ । प्रजातन्त्रको महत्वपूर्ण विशेषता पारदर्शिता हो । सुसूचित नागरिक नै प्रजातान्त्रिक सरकारको शक्ति र बल हो । प्रजातान्त्रिक राज्य व्यवस्थामा हरेक सरकारी काम कारवाहीको जनताले जस्ताको तस्तै Censor नगरी थाहा पाउने हक राख्दछन् र थाहा पाएको हुनुपर्छ । सरकारले आफूले गरेको काम कारवाहीको प्रतिक्रिया (Feedback) जनताबाट अभिव्यक्त विचारबाट नै थाहा पाउने हुँदा जनता सुसूचित हुन अति आवश्यक हुन्छ । प्रजातन्त्र खुलापनमा आधारित हुने हुँदा राष्ट्र हित र सार्वजनिक हितको लागि गोप्यता नराखी नहुने केही विषय बाहेक अन्य विषय सरकारले जनतालाई सुसूचित गर्नपर्छ, गुपचुप र गोप्य राख्नु हुँदैन" भनी आदेशमा उल्लेख छ । सरकारले सुसूचित हुने हकलाई Inclusive र Participatory Democracy मा सुशासन र सरकारलाई जनताप्रति Accountable बनाउने बलियो माध्यम मान्नुपर्छ ।

यो आदेशपश्चात् त्रि.वि.ले वि.सं. २०७१ मा आफ्नो नियममा संशोधन गरी उत्तरपुस्तिकाको प्रतिलिपी पाउने व्यवस्था समावेश गरेको देखिन्छ ।

७. सूचनाको हकसम्बन्धी संस्था ए.आर.टि.आई. (आरती) को अख्तियार प्राप्त उक्त संस्थाको अध्यक्ष एवम् आफ्नो हकमा समेत डा. रामकृष्ण तिमल्सेना समेत विरूद्ध : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत (ने.का.प. २०७३ , अंक १, नि.नं. ९५२१)

वि.सं. २०७२ भदौ २४ मा सर्वोच्च अदालतको विशेष इजलासबाट आदेश भएको यस रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्य सचिवको अध्यक्षतामा गठित सूचना वर्गीकरण समितिले मिति २०६८/८/२६ सूचनाको हकको अपवादको रूपमा रहेका केही सार्वजनिक महत्वका विषयहरू पनि सूचना नदिने वा दिनबाट रोक लगाउने भनी गरेको निर्णय कानुनसम्मत नदेखिएकोले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ ।

सूचनाको हकको अपवादको रूपमा रहेका विषयहरू बाहेक अरू विषयलाई गोप्य राख्ने गरी वर्गीकरण गर्न मिल्दैन, यसो गरिएमा लोकतन्त्रको कुनै अर्थ रहँदैन । राष्ट्रिय सुरक्षा, व्यक्तिगत एवम् व्यापारिक गोपनीयता जस्ता कुराको संरक्षण हुने प्रकृतिका सीमित सूचनाहरू मात्र प्रवाह गर्न नमिल्ने गरी वर्गीकरण गर्नं पर्नेमा हचुवा तवरबाट पूरै विषयलाई समेट्ने गरी वर्गीकरण गर्नं संविधान, ऐन र लोकतान्त्रिक मूल्य मान्यता विपरीत रहेको निवेदकको जिकिरमा अदालत सहमत भएको देखिन्छ । आदेशमा संविधानको धारा २७ को सूचनाको हकसम्बन्धी व्यवस्था निरपेक्ष मौलिक हक नभई कानुनले निर्दिष्ट गरेबमोजिम त्यसको प्रयोग र उपभोग गर्न पाउने हक भएकोले कानुनबमोजिम सार्वजनिक सूचनाको सदुपयोग गर्नंपर्ने हुन्छ भनिएको छ ।

**निष्कर्ष तथा सुझाव**

नेपालमा सूचनाको हक सम्बन्धमा उल्लेखित कानुनी व्यवस्था र सम्मानित सर्वोच्च अदालतको निकै महत्वपूर्ण भूमिका भए पनि परम्परागत कार्यशैलीको अभ्यास हुनु, सूचनाको संस्कृतिको विकास नहुनु, समयमा सार्वजनिक गर्न मिल्ने र नमिल्ने सूचनाको वर्गीकरण हुन नसक्नु, नागरिक सचेतनाको अभाव रहनु, सबै सार्वजनिक निकायमा सूचना प्रविधिको प्रयोग हुन नसक्नु वा दक्ष जनशक्तिको अभाव हुनुजस्ता समस्या रहेका छन् । यस्तै सूचना प्रदायक निकायको संस्थागत स्मरण कमजोर रहनु, सूचना छरिएर रहनु, व्यवस्थापन सूचना प्रणाली प्रभावकारी नहुनु, सबै सार्वजनिक निकायले सूचना अधिकारी नतोक्नु, सूचनाको महत्व बुझ्न/बुझाउन नसक्नु, सूचनासम्बन्धी ऐन, नियमको कार्यान्वयन प्रभावकारी नहुनु आदि समस्या पनि देखिन्छन् ।

माथि उल्लेखित प्रमुख समस्याहरु समाधान गर्न वा प्रचलित कानुनको पूर्ण रूपमा कार्यान्वयनका सन्दर्भमा खुला र पारदर्शी कार्यशैली र संस्कारको स्थापना र विकास गर्नेतर्फ सबै सरोकारवाला केन्द्रित हुन जरूरी देखिन्छ । अभिलेख तथा भण्डारणलाई व्यवस्थित गर्ने, सूचनाको वर्गीकरणलाई सरल बनाउने, राष्ट्रिय सूचना आयोगलाई सबल र सक्षम तुल्याई सुदृढीकरण गर्ने, सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि सरकारी तथा गैरसरकारी क्षेत्रले समन्वयात्मक ढंगले कार्य गर्ने, सार्वजनिक प्रशासन तथा व्यवस्थापनका

नवीनतम् प्रविधि तथा व्यवस्थापकीय शैलीको प्रयोग गर्ने विषय पनि उत्तिकै महत्वपूर्ण छ। सम्बद्ध कर्मचारीलाई तालिम, प्रशिक्षण प्रदान गर्ने, नागरिक चेतना वृद्धि गर्न औपचारिक तथा अनौपचारिक नागरिक शिक्षा तथा सशक्तीकरणका अन्य विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने र खोज पत्रकारितालाई प्रवर्द्धन गर्ने जस्ता कार्य गरिएमा पनि यस विषयमा थप उपलब्धी हासिल गर्न सकिन्छ। सबै सरोकारवालासँग परामर्श लिएर प्राप्त अवसरहरूको सदुपयोग र चुनौतीहरूको सामना गर्नेगरी सूचनाको हकको अभ्यासका निम्ति नयाँ रणनीतिक योजना तर्जमा गर्न आवश्यक छ। त्यसैगरी, सूचनाको हकसम्बन्धी निवेदनलाई अदालतले अग्राधिकार दिनुपर्छ र अदालतले संविधान तथा मौलिक अधिकारको रक्षकको हैसियतमा विगतदेखि देखाउँदै आएको सक्रियताबाट विमुख हुनु हुँदैन, यसलाई निरन्तरता दिनुपर्छ।

**सन्दर्भ सामग्री**


१. नेपालको संविधान

२. सूचनाको हकसम्बन्धी ऐन, नियमावली एवम् निर्देशिकाको संगालो, राष्ट्रिय सूचना आयोग, काठमाडौं, २०७७

३. नेपाल कानुन पत्रिका

४. भट्टराई, गोपिचन्द्र र देवकोटा, सुशील, 'सूचनाको हक सम्बन्धी कानुनी व्यवस्था र यसको प्रयोग', मौलिक हकसम्बन्धी स्रोत सामग्री, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं, २०७८

५. बस्नेत, माधवकुमार, 'सूचनाको हक र यससम्बन्धी नेपाली कानुन : छोटो टिप्पणी', मिडिया अध्ययन, मार्टिन चौतारी, २०६५

६. पराजुली, परमेश्वर, 'भ्रष्टाचार नियन्त्रणमा सूचनाको हकको भूमिका', भ्रष्टाचार निवारण कानुनसम्बन्धी कार्यपत्रको संगालो, भाग १, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं, २०७८

७. बाँस्कोटा कृष्णहरि, झा धर्मेन्द्र, पोखरेल किरण, 'सूचनाको सन्देश', राष्ट्रिय सूचना आयोग, काठमाडौं, २०७४

८. भण्डारी, कृष्ण प्रसाद, सूचनाको हक : लोकतान्त्रिक प्राणवायु, सुशासनको आधारशिला', A Journal of RTI, अंक ५, काठमाडौं, २०७३

९. सूचनाको हक : पारदर्शिता र सहभागिताको आधार, हाते पुस्तिका, फ्रिडम फोरम, काठमाडौं, २०७७

१०. सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६६

११. कान्तिपुर, अन्नपूर्ण पोस्ट, नयाँ पत्रिका, गोरखापत्र, राजधानी लगायतका राष्ट्रिय पत्रपत्रिकाहरु, अनलाइन पोर्टलहरु तथा वेबसाइटहरु

# सूचनाको हक खुला र पारदर्शी सार्वजनिक निकाय



**कमला ओली**
सूचना आयुक्त तथा प्रवक्ता

**सूचनाको हकको अवधारणा**

सूचनाको हक संसारभरि अपरिहार्य विषय भइसकेको छ । सूचनाको हकबिना न राज्य पारदर्शी बन्न सक्छ न जनताले अधिकार पाएको महसुस गर्छन् । कुनै समय यस्तो थियो, राज्यका महत्वपूर्ण सूचनाहरु राज्यकै तर्फबाट लुकाइन्थे तर अहिले सूचना लुकाउन हुँदैन भन्ने मान्यता स्थापित हुँदैछ । यसलाई सूचना दिने र पाउने सबैको सफलता हो भन्ने ठान्न थालिएको छ । सूचना पारदर्शी गरिदिए वा मागेकै बेला दिए सेवाग्राही पनि खुशी हुने साथै सूचना प्राप्त गर्ने झन्झटिलो बाटो पनि जानु नपर्ने मान्यताले ठाउँ लिंदै गरेको पाइन्छ । बिनासूचना राजनैतिक, सामाजिक, आर्थिक व्यक्तिगत कुनै पनि ठाउँमा सक्रिय सहभागिता बन्न सक्दैन भन्ने अवधारणाको विकास भइसकेको छ । कुनै यस्तो जमाना थियो, सीमित शासक वर्गले राज्यको वागडोर सम्हाल्थे र राज्यका महत्वपूर्ण सूचना शासक वर्गको नियन्त्रणमा हुन्थे तर अब लोकतन्त्रको पूनर्स्थापनापछि यो विषयले संविधानभित्र प्रवेश पाएको हो । त्यस्तो प्रवृत्तिको अन्त्य भएको छ । सूचनाको हक स्थापित गर्नको लागि निकै लामो संघर्ष गरिएको थियो । लामो संघर्षपछि २०६४ सालमा सूचनाको हकसम्बन्धी ऐन बन्यो र २०६५ सालमा सूचना आयोगको स्थापना भएपछि मात्र विधिवत रुपमा सूचना माग्ने र सूचना अनिवार्य दिने, नदिए कारबाहीसम्म हुने विषयले प्रश्रय पाएको छ ।

**सूचनाको हक सार्वजनिक सरोकारको विषय**

सूचना नागरिकले राज्यबाट प्राप्त गर्ने हरेक विषयमा जोडिएको हुन्छ । जीवनसँग जोडिएका राज्यका हरेक विषयमा सूचना जोडिन्छ । नागरिक र सरकार तथा नागरिक र सार्वजनिक निकायका क्रियाकलापसँग सूचनाको हक जोडिएको हुन्छ । व्यक्तिको वैयक्तिक स्वतन्त्रतासँग पनि सूचनाको हक जोडिएको हुन्छ । त्यसैगरी राज्यका निकायले गर्ने हरेक कार्यका बारेमा थाहा पाउने विषयसँग पनि सूचनाको हक जोडिएको हुन्छ । नागरिकको सार्वजनिक सरोकारको विषयमा सूचना थाहा पाएपछिको उपलब्धीसँग पनि सूचनाको हक जोडिएको हुन्छ ।

सरकारका अङ्गहरु कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकाभित्रका कामकारबाही, प्रदेश तह, स्थानीय तह, संघसंस्था, विभिन्न कम्पनी, शिक्षा, स्वास्थ्यका क्षेत्रमा भए-गरेका काम, निर्णय, उपलब्धी, राम्रा नराम्रा काम सबै थाहा पाउने जनताको अधिकार नै सूचनाको अधिकार हो । यस्तो हक प्राप्त गर्ने अवसर सूचनाको हकसम्बन्धी ऐन २०६४ ले जुराइदिएको छ । यसबमोजिम सरोकारवालाहरुले समयमा सूचना प्राप्त गर्न नपाएको अवस्थामा सूचना प्राप्त गर्न नियामक निकायको रुपमा सूचना आयोगले काम गर्दछ । सूचना आयोगले गरेको निर्णयलाई सबै सरकारी तथा गैरसरकारी निकायले पालना गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ ।

**नागरिक र राज्यको सु-सम्बन्ध : सूचना**

नागरिकले सार्वजनिक निकायबाट सूचना प्राप्त गर्नु राज्यका लागि जनविश्वास र वैद्यताको आधार हो । राज्यले गर्ने हरेक कामकारबाहीमा जनताले प्राप्त गर्ने अधिकार सूचनाको हकबाट मात्र सिद्ध हुन्छ । सार्वजनिक निकायले दिनु पर्ने सूचना सहज र सरल तरिकाले दिने, कानूनले भने बमोजिम स्वतः प्रकाशन गर्ने हो भने नागरिक र राज्यको बीचमा आउने दूरी पनि हट्छ साथै राज्य पनि जनताप्रति जवाफदेही, उत्तरदायी र पारदर्शी बन्छ । सूचनाको हकको सिद्धान्तलाई लोकतान्त्रिक सरकारले सहज र सरल रुपमा स्वीकार गर्नुपर्छ । जुन कारणले सरकार उत्तरदायी बन्छ, नागरिक सुसूचित बन्छन् र राज्य व्यवस्थालाई सशक्त र प्रभावकारी बनाउन सकिन्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा ३ मा रहेका ५ वटा बुँदामा उल्लेखित विषयबाहेक अरु सूचनालाई सार्वजनिक निकायले स्वस्फूर्त दिनुपर्छ । सूचनाको हक दिनु भनेको जनताप्रति उत्तरदायी र जवाफदेही बन्नु हो । यसो भएमा जनताको राज्यप्रति विश्वासको वातावरण बन्छ । सूचना प्रवाह गर्दा सूचनादाताले यो जनताले प्राप्त गर्ने अधिकार हो भन्ने बुझेपछि पनि दिन इन्कार गर्नुले नागरिक र राज्यबीचमा सुसम्बन्ध कायम नहुने अवस्था देखिएको छ । जब राज्य र नागरिक बीचमा सु-सम्बन्ध हुँदैन, त्यहाँ विकासको काममा अवरोध सिर्जना हुन्छ र लोकतन्त्रका मूल्य र मान्यता कमजोर हुन्छन् ।

**सूचनाको हकको ऐन, २०६४ को दफा ३ को उपदफा ३ बमोजिम सूचना प्रवाह गर्न नहुने विषयहरु**

- नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,
- अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

- आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,
- विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने,
- व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने ।

**खुला सरकारको अवधारणा र सार्वजनिक निकाय :**

प्रजातन्त्रको पुनर्स्थापनापछि नेपालले गणतन्त्रको यात्रामा अत्यन्तै छोटो समय पार गरेको विषय विश्वमै चर्चाको विषय बन्यो । गणतन्त्रको स्थापना अगाडि सूचना राज्यको बागडोर सम्हालेका सीमित शासकलाई मात्र थाहा हुन्थ्यो । गणतन्त्र आयो, संविधान बन्यो तर पनि शासक र प्रजाबीचको सम्बन्ध उस्तै मानसिकताबाट गुज्रिरहेको छ । संविधानमा सूचनाको हकको व्यवस्था भयो । ऐन बनेको १५ वर्ष भइसक्यो । सूचनाको हक जनताको मौलिक हक हो भन्ने विषय अब धेरैलाई थाहा भइसक्यो । राज्यका कामकारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही, उत्तरदायी र जिम्मेवार बनाउन सार्वजनिक निकायमा रहेका सूचना सार्वजनिक निकायले दिनुका साथै मागकर्ताले प्राप्त गर्नु पर्दछ भन्ने विषय नागरिकको हकको विषय भइसकेको छ । तर पनि कतिपय व्यक्ति, निकाय र संस्थाहरुमा सूचना भनेको सीमित शासक वर्गले मात्र थाहा पाउने विषय हो भन्ने मानसिकता अझै पनि रहिरहेको पाइन्छ ।

संसारका धेरै मुलुकहरुले खुला सरकारको अवधारणा अवलम्बन गरी सफलता प्राप्त गरिसकेका छन् । धेरै देशहरुले सहभागितामूलक प्रजातन्त्रलाई आत्मासात् गरी लागु गरिसकेका छन् । राज्यका हरेक काम, कारबाही जनता स्वयम् सहभागी नभई निर्णय र परिणाम राम्रो आउँदैन भन्ने कुरा महसुस भइसकेको छ । राज्यले पारदर्शी रुपमा जनतालाई थाहा दिनुपर्ने विषय नदिएर संकुचित गरियो भने खुला सरकारको अवधारणा ओझेलमा पर्न जान्छ । जसले लोकतन्त्रका मूल्य र मान्यतालाई इन्कार गरेको ठहरिन्छ ।

सन् २०११ को सेप्टेम्बर २० मा आठ देश र नौ नागरिक समाजको भेलाले असल सरकार र शासनका लागि खुला सरकार (Open Government Partreship) को अवधारणा ल्याएको पाइन्छ । लोकतन्त्र औपचारिकता पूरा गर्ने प्रणाली होइन, लोकतान्त्रिक मूल्य, मान्यता, सोच र दृष्टिकोणहरु जनताको जीवनमा रुपान्तरित हुनुपर्छ भन्ने हो । यसको मुख्य उद्देश्य लोकतान्त्रिक शासनलाई सुदृढ गर्नु र सरकार

तथा नागरिक समाजको वीचमा साझेदारी गर्नु हो ।

आधुनिक लोकतन्त्र जसलाई खुला सरकार भनिन्छ, यो शासन गर्ने व्यवस्था होइन र सीमित वर्गले गर्ने शासन व्यवस्था पनि होइन, जसमा जनताको सहभागिता हुनुपर्छ । जनताको सहभागितामा आममानिस, विषेशज्ञता प्राप्त गरेका विषेशज्ञ साथै सबैको सुझबुझसहितको सक्रिय सहभागिता हुनुपर्छ । सबैको सक्रिय सहभागितामा मात्रै लोकतन्त्रका मूल्य र मान्यतालाई जनताको जीवनमा रुपान्तरित गर्न सकिन्छ ।

लोकतन्त्रमा राज्यले योजना कार्यान्वयन गर्दा, नीति निर्माण गर्दा, निर्णय गर्ने विधि नै खुला हुनुपर्छ । बन्द कोठामा बसेर गरेको निर्णय या काम खुला सरकार हुँदैन । त्यस्तो निर्णयले कानूनी वैधता त पाउला तर खुला सरकारको अवधारणाभित्र पर्दैन । मानिसमा अपनत्वको भावना सिर्जना नगराई उत्तरदायित्वको भावना सिर्जना हुँदैन । त्यसो नभई परिणाम पनि प्राप्त हुँदैन । साथै सक्रिय सहभागिताबिनाको कार्य अपूरो हुन्छ । सही परिणाम उपलव्ध पनि हुँदैन । सही नीति र सही योजनाका लागि सरकारले गर्ने सार्वजनिक काममा सक्रिय सहभागिता हुनुपर्छ । यसका लागि जनताले हरेक सूचना थाहा पाउनुपर्छ । कुनै कामको लागि थाहा नपाई सहभागिता हुन र गर्न सकिंदैन । सही निर्णय भइसकेपछि त्यसको कार्यान्वयन गर्न पनि सबैको सक्रिय सहभागिता हुन पायो भने सरकारले गर्ने हरेक कामकारबाही स्वतः थाहा पाउँछन् । सरकारले गरेका सही र गलत काममा औंला ठड्याउन सक्छन् । सरकार पारदर्शी, जनताप्रति जवाफदेही र उत्तरदायी बन्छ ।

तसर्थ, सूचनाको हक एउटा महत्वपूर्ण Component हो । यी दुवै विषय पारस्परिक विषय हुन् । सही सूचना प्राप्त नगरी सहभागिता पनि हुँदैन र सहभागिताबिनाको कामकारबाही र निर्णय खुला सरकारमा अर्थहीन हुन्छ । सार्वजनिक निकायले स्वतः जनतालाई थाहा दिनु पर्ने विषयमा जनताको सहभागिता गराइदिए छुट्टै निवेदन लिएर सूचना माग गरिरहनु पर्दैनथ्यो । त्यसैले खुला सरकारको अवधारणालाई सरकार र त्यसका अङ्गहरुले अङ्गीकार गरे जनताको अधिकारको विषयमा सूचनाको हकले साथै खुला सरकारको अवधारणाले पनि पूर्णता पाउँछ ।

**सार्वजनिक निकाय**

जनतासँग प्रत्यक्ष सरोकार राख्ने निकाय साथै सरकारले नै सार्वजनिक निकाय छुट्याई दिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ को (क) मा सार्वजनिक निकायको परिभाषा गरिएको छ । जस अनुसार सार्वजनिक निकाय भन्नाले संविधान अन्तर्गतका निकाय, ऐनद्वारा गठित सार्वजनिक निकाय वा संगठित संस्था वा प्रतिष्ठान, कानून बमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठन, नेपाल सरकारको

पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेका वा अनुदानमा सञ्चालित संस्थाहरु, नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था, नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकिदिएका निकाय वा संस्था सार्वजनिक निकायभित्र पर्दछन् । अन्य धेरै प्राइभेट संघ, संस्था र कम्पनीहरु जो मान्छेको जीवनसँग सीधा र प्रत्यक्ष जोडिएका हुन्छन्, त्यस्ता निकाय, संघ/संस्था- जो प्रचलित कानून बमोजिम दर्ता भएका हुन्छन् ।

**सार्वजनिक निकायको दायित्व**

गणतन्त्रको स्थापनापछि हाम्रो देशमा ७५३ स्थानीय तह छन् । त्यसमा वडा ६७४३ नगरपालिका २७६, उपमहानगर पालिका ११, महानगरपालिका ६, गाउँपालिका ४६० छन् । त्यसैगरी संघीय तथा प्रदेश तहमा मन्त्रालय तथा कार्यालय छन् । त्यस्ता सार्वजनिक निकायहरु सरकारी निकाय, राजनैतिक दल, गैरसरकारी संस्था, निजी क्षेत्र, कानूनद्वारा स्थापित सबै निकाय, स्थानीय सरकार र अन्तर्गतका निकायहरु जो जनतासँग प्रत्यक्ष सरोकार राख्दछन् र राख्नुपर्ने हुन्छ ।

सूचनाको हकको विषय सीधै सार्वजनिक निकायसँग जोडिएको विषय हो । यसले सीधै सार्वजनिक निकायसँग सम्बन्ध राख्दछ । सार्वजनिक निकायले र सरकारले गरेका हरेक विषय जनताले थाहा पाउनु पर्छ र थाहा दिइनु पर्छ ।

कानूनले दिन मिल्ने भनेका हरेक सूचना सरकारले र सार्वजनिक निकायले गरेका कामकारबाही जनतालाई थाहा दिनुपर्छ, स्वतः प्रकाशन गरिदिनु पर्छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले त्यस्ता सूचना ३/३ महिनामा स्वतः प्रकाशन गर्नुपर्छ भनी व्यवस्था गरेको छ । यो जनताले अनिवार्य थाहा पाउने विषय हो । यो जनताको मौलिक अधिकारको विषय हो । उक्त ऐनको दफा ४ मा सार्वजनिक निकायको दायित्वभित्र राखिएको छ । यस अर्थमा स्वतः प्रकाशन सार्वजनिक निकायको प्रमुख दायित्व हो ।

सार्वजनिक निकाय खुला र पारदर्शी, सूचना दिने सन्दर्भमा लचिलो र सरल हुने हो भने जनताले हरेक विषय थाहा पाउँछन्, विषयवस्तुप्रति चाख लाग्छ साथै त्यस्ता विषयको ज्ञान हुन्छ । सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, कामकारवाही खुला र पारदर्शी गर्ने, आफ्ना कर्मचारीलाई सूचनाको हकको विषयगत तालिम, सेमीनार, गोष्ठी, प्रचारप्रसार गरेर सार्वजनिक निकाय चुस्त र पारदर्शी बनाउने काम पनि तिनै सार्वजनिक निकायको हो ।

आज सूचना आयोग स्थापना भएको १५ वर्ष भयो । आयोगको स्थापनापछि मात्र वास्तवमा विधिवत् रुपमा सूचनाको हकको कार्यान्वयन हुँदै आएको छ । यो बामे

सर्दै गरेको आयोगले छोटो समयमा पनि धेरै महत्वपूर्ण काम गर्दै आएको छ । प्रदेश सरकार, स्थानीय सरकार, महानगरपालिका, पालिका, वडासँगै सबैजसो सार्वजनिक निकायमा सूचना माग्ने कार्य तीब्र गतिमा बढेको छ । धेरैजसो बजेटसँग सम्बन्धित सूचना माग गरेर सार्वजनिक निकायलाई तैनाथ राख्ने काम भइरहेको छ । यसरी सूचना माग्दा नपाएपछि आयोगको सूचना दिनु भन्ने आदेशपछि सार्वजनिक निकायले सूचना तुरुन्त दिने कार्यले सार्वजनिक निकाय वास्तवमै यस विषयप्रति गम्भीर भएको देखिन थालेको छ । सार्वजनिक निकायबाट सूचना नपाएपछि आयोगमा परेको पुनरावेदनउपर आयोगले ६० दिनभित्रमा फैसला गरिसक्ने प्रावधान तथा सार्वजनिक निकाय तथा जिम्मेवार पदाधिकारीउपर गरिने कारबाहीले गर्दा सार्वजनिक निकाय पनि सूचना समयमै दिनुपर्छ भन्नेतर्फ चनाखो हुँदै गएको पाइन्छ । राज्यका सबै सार्वजनिक निकायहरुले सूचनाको हकसम्बन्धी ऐनले गरेको कानूनको पालना गर्ने हो भने सूचनाको हक सबै जनताले थाहा पाउने थिए । वास्तवमा सूचनाको हकलाई प्रजातन्त्रको प्राणवायु भनिन्छ । सूचनाको हकको अन्तर्राष्ट्रिय सिद्धान्तलाई नेपालले पनि स्वीकार गरिसकेको छ । लोकतन्त्र बलियो बनाउने र राज्यलाई जनताप्रति जवाफदेही, पारदर्शी र उत्तरदायी बनाउने हो भने सूचनाको हकको पालना सार्वजनिक निकायले निःशर्त गर्नुपर्छ ।

# सूचनामा पहुँचको अधिकार र वर्गीकृत सूचनाहरू



**काशीराज दाहाल,**
संविधानविद/प्रशासनविज्ञ

### १. पृष्ठभूमि

नेपाल लोकतान्त्रिक व्यवस्थाको माध्यमद्वारा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र सम्बृद्धिको आकाङ्क्षा पूरा गर्ने सङ्कल्पका साथ आधुनिक लोकतान्त्रिक संवैधानिक राज्य निर्माणमा केन्द्रित छ । नेपालको संविधानले उदारवादी लोकतन्त्रका आधारभूत अन्तर वस्तु आत्मसात् गर्दै समाजवादको गन्तव्य निर्धारण गरेको छ । कुनै पनि मुलुकमा लोकतान्त्रिक व्यवस्थाको सफलताका निम्ति आमनागरिकमा लोकतन्त्रको लाभ पुऱ्याउन नागरिकको सशक्तीकरण आवश्यक हुन्छ। जबसम्म सरकार र सार्वजनिक निकायको कामकारवाही र सार्वजनिक महत्वको सूचनामा नागरिकको सहज पहुँच सुनिश्चित हुँदैन, तबसम्म लोकतन्त्रको संस्थागत विकास सम्भव हुँदैन । पारदर्शिता र जवाफदेहिता सहभागीमूलक लोकतन्त्रको आधार भूत आवश्यकता हो । लोकतान्त्रिक समाजलाई स्वस्थ्य रुपमा विकास गर्न स्वतन्त्र रुपमा सूचनाको प्रवाह जरुरी हुन्छ ।

सार्वजनिक सूचनामा नागरिकको पहुँचले नागरिक स्वयम्को सशक्तीकरणमा सहयोग पुऱ्याउनुका साथै राज्यको स्वार्थ र समाजको वृहत्तर हितको संरक्षण, सम्वर्द्धन र प्रतिरक्षामा महत्वपूर्ण सहयोग पुऱ्याउँदछ। पारदर्शी व्यवस्थाले जवाफदेही संस्कृतिको विकास गर्दछ। यसबाट स्वेच्छाचारिता र दण्डहीनताको अन्त्य, भ्रष्टाचारको रोकथाम र नियन्त्रण, सुशासनको प्रत्याभुति, विधिको शासनको सुनिश्चितता, मानव अधिकारको संरक्षण हुन्छ । पारदर्शिताले सार्वजनिक शक्तिको प्रयोगमा गरिने दुरुपयोगलाई न्यूनीकरण गरी सरकार र सार्वजनिक निकायको कामकारवाहीमा सन्तुलन र नियन्त्रण कायम गर्दछ ।

सूचनाको महत्वलाई मनन गर्दै अमेरिकी संविधान निर्माता थोमस जेफर्सनले "सूचना नै लोकतन्त्रको मुद्रा हो" भन्दै सूचनाको अभावमा लोकतन्त्र फस्टाउन सक्दैन भनेका छन्। सरकार र सार्वजनिक निकायको कामकारवाहीप्रति नागरिकको परीक्षण

र मूल्याङ्कनबाट नै सरकारप्रतिको विश्वास निर्भर हुनु हो । सरकारप्रति नागरिकको विश्वास डगमगायो भने शासन गर्ने वैधता समाप्त हुन्छ । यसकारण पनि नागरिकलाई सशक्तीकरण गर्न र सार्वजनिक निकायका कामकारवाहीमा परीक्षण र निगरानी गर्न (Public Security) सूचनामा नागरिकको सहज पहुँचको सुनिश्चितता र त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ । सुसूचित समाजले नै लोकतन्त्रलाई क्रियाशील बनाउँदछ । दिगो विकासको अवधारणालाई सार्थक बनाउन सूचनाको हक महत्वपूर्ण औजारको रुपमा आधुनिक विश्वले स्वीकार गरेको छ ।

नागरिकको थाहा पाउने हक (Right to know) को संरक्षण, सम्वर्द्धन र रक्षाका निम्ति संवैधानिक एवम् कानूनी प्रत्याभूति आवश्यक शर्त भएकाले आधुनिक विश्वका १३० भन्दा बढी मुलुकले संविधान र कानूनद्वारा सार्वजनिक सूचनामा नागरिकको पहुँचलाई सुनिश्चित गरेका छन् । नागरिकको करबाट उठेको सार्वजनिक कोषबाट गरिने खर्च र सरकारको कामकारवाही नागरिकप्रति जवाफदेही भई गर्नुपर्दछ भन्ने सिद्धान्तको पृष्ठभूमिमा सूचनामा नागरिकको पहुँचको अधिकारलाई आधुनिक लोकतान्त्रिक राज्यहरुले संरक्षित गरेका छन् । मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेज र अदालतका न्यायिक निर्णयहरुले समेत नागरिकको सार्वजनिक सूचनामा पहुँचको अधिकारलाई संरक्षित गरेका छन् । सार्वजनिक सूचनामा अनुचित किसिमले बन्देज र नियन्त्रण गरियो भने मुलुकमा सुशासन कायम हुन सक्दैन ।

## २. सूचनाको हक र सुशासन

सुशासनको अभावमा दिगो विकास सम्भव छैन । नागरिकमा जागरण र सचेतना भएन भने सार्वजनिक निकायको निर्णय र कामकारवाहीले अनियमितता र भ्रष्टाचारलाई प्रश्रय दिन्छ । यसैले सुशासनको निम्ति सूचनाको हक महत्वपूर्ण औजारको रुपमा रहेको छ । आज विश्वका नवोदित लोकतान्त्रिक मुलुकहरुमा समेत राज्यका हरेक क्षेत्रका भ्रष्टाचारले जरा गाडेको छ । यस तथ्यलाई मनन गरी भ्रष्टाचारको रोकथाम र नियन्त्रणका निम्ति संयुक्त राष्ट्र संघको पहलमा भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, २००३ जारी भएको छ । यस महासन्धिको नेपाल पनि पक्ष भएकाले त्यस महासन्धिले निर्दिष्ट गरेको व्यवस्थालाई कार्यान्वयन गर्नु राज्यको दायित्वभित्र रहेको छ ।

यस महासन्धिले सूचनाको हकको सुनिश्चितताद्वारा सार्वजनिक महत्वका सूचना नियमित रुपमा प्रवाह गर्न राज्यका निकायहरु उदार, सक्रिय र क्रियाशील हुनुपर्ने व्यवस्था गरेको छ । यसैगरी यस महासन्धिले सार्वजनिक जवाफदेहिता कायम गर्न र अनियमितताको रोकथामका निम्ति सार्वजनिक जवाफदेहिताको पदमा नियुक्ति,

बढुवा, अवकासका सम्बन्धमा, सार्वजनिक खरिद प्रक्रियामा, राजनीतिक दलहरुको कोष सार्वजनिक गर्ने सम्बन्धमा, सार्वजनिक वित्त, सार्वजनिक प्रशासनको कामकारवाही र निर्णय प्रक्रियामा र निजी क्षेत्रको क्रियाकलापमा समेत पारदर्शिता हुनुपर्ने कुरामा जोड दिएको छ। यस्तै यस महासन्धिले स्वार्थ बाझिने गरी कुनै पनि कामकारवाहीमा संलग्न हुन नहुने र खुला सरकारको अवधारणालाई सार्थक बनाउने किसिमले कार्य गर्नुपर्ने कुरा निर्दिष्ट गरेको छ ।

मुलुकमा सुशासनका निम्ति जनउत्तरदायी व्यवस्था, विवेकशील मतदाता, संसदको प्रभावकारिता, सरकारको जवाफदेहिता, न्यायपालिकाको स्वतन्त्रता र सक्षमता एवम् निश्पक्षता, सञ्चार माध्यम र नागरिक समाजको पहरेदारिता आवश्यक हुन्छ । यसका निम्ति बलियो कानूनी व्यवस्था र त्यसको प्रभावकारी कार्यान्वयन, सार्वजनिक निकायका सूचनाहरु स्वतः प्रवाह गर्ने प्रणालीको विकास, सुपरीवेक्षण, अनुगमन र निगरानीको प्रभावकारिता, नागरिकमा चेतनाको विस्तार, गोप्यतामा काम गर्ने संस्कारको अन्त्य, सार्वजनिक निकायको भूमिकामा परिवर्तन गरी खुला सरकार र पारदर्शिताको संस्कृतिको विकास जरुरी हुन्छ ।

आधुनिक लोकतान्त्रिक राज्यहरुले मानव अधिकारको संरक्षण र सुशासनका निम्ति स्वच्छ जनमत निर्माणका लागि विचार र अभिव्यक्ति स्वतन्त्रताको व्यापक ढाँचाभित्र सूचनाको हकलाई समेत सन्निहित गरेका छन् । लोकतान्त्रिक प्रणालीलाई संरक्षण, क्रियाशील र संस्थागत गर्न सूचनाको हक महत्वपूर्ण माध्यम हो । सूचनाको हक लोकतान्त्रिक सहभागिता (Democratic Participation), सार्वजनिक निकायको कामकारवाहीको निगरानी (Oversight) र काम कारवाहीको अनुगमन र मूल्याङ्कनका निम्ति महत्वपूर्ण औजार हो । सार्वजनिक पदमा रहेका पदाधिकारीले गरेका कामकारवाही विधिसम्मत र उचित ढंगले सम्पादन गरे/नगरेको परीक्षण गर्ने कामका निम्ति सूचनामा नागरिकको सहज पहुँच आवश्यक हुन्छ। सुशासन पाउने नागरिकको नैसर्गिक अधिकार भएकाले सुशासनको अनुभूति सुनिश्चित गर्न राज्यले सूचनाको हकको प्रभावकारी कार्यान्वयन हुने वातावरणको सिर्जना गर्नँ पर्दछ ।

नेपालले वि.सं. २०४७ सालको नेपाल अधिराज्यको संविधानदेखि नै सूचनाको हकलाई संवैधानिक संरक्षण प्रदान गरेको छ । नेपाल अन्तरिम संविधान, २०६३ र नेपालको संविधान, २०७२ मा समेत खुला र जवाफदेही सरकारको मान्यतालाई आत्मसात् गरी सुशासनको सुनिश्चितताका निम्ति विचार र अभिव्यक्तिको स्वतन्त्रता, सञ्चारको हक र सूचनाको हकलाई त्यतिकै महत्वका साथ संवैधानिक संरक्षण प्रदान गरेको छ । सूचनाको हकलाई प्रभावकारी प्रचलन गराउन सूचनाको हकसम्बन्धी

ऐन, २०६४ र त्यससम्बन्धी नियमावली, २०६५ जारी गरी सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न गराउनका लागि स्वत्रन्त्र निकायको रुपमा राष्ट्रिय सूचना आयोगको व्यवस्थासमेत गरेको छ ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँचको अधिकारलाई सुनिश्चित गर्दै सीमित रुपमा विशेष किसिमका संवेदनशील प्रकृतिका सूचनामा अनधिकृत व्यक्तिको पहुँच नहुने गरी बन्देज गरेको छ । सूचनामा सहज पहुँच आधारभूत कुरा हो भने वन्देजीको केही सीमित व्यवस्था त्यसको अपवाद मात्र हो । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले गरेको सूचनाको वर्गीकरण यही अपवादको सिद्धान्तको सीमाभित्र रही गर्नपर्ने हुन्छ । अन्यथा वन्देजीको व्यवस्थाले सूचनाको हकलाई निष्प्रभावी बनाउने किसिमको भयो भने लोकतन्त्रको संस्थागत विकास, सुशासनको प्रत्याभूति र संवैधानिक लोकतन्त्रले गतिशीलता प्राप्त गर्न सक्दैन ।

## ३. वर्गीकृत सूचना र विश्व अभ्यास

कुनै पनि मुलुकको लोकतान्त्रिक व्यवस्थाको सफलता त्यस मुलुकको सरकारले अपनाएको नीति, बनाएको कानून, कानूनको कार्यान्वयनको स्थिति र सार्वजनिक निकायको कामकारवाही सम्बन्धी सूचनामा नागरिकको पहुँचको अवस्थाजस्ता कुराहरुमा धेरै हदसम्म निर्भर गर्दछ। नागरिक सुसूचित भएमा नै नागरिकको प्रश्न गर्ने क्षमताको विकास र सशक्तीकरणका कारण सरकार र सार्वजनिक निकाय नागरिकप्रति जवाफदेही हुन बाध्य हुन्छन् । स्वेच्छाचारी शासन व्यवस्थामा राज्यका सूचनाहरु प्रायः गोप्य हुने, खुला सरकारको अवधारणाको विपरीत काम हुने, नागरिकको सार्वजनिक महत्वको सूचनामा सहज पहुँचको सुचिश्चितता नहुनेजस्ता कारण नागरिकप्रति सरकार उत्तरदायी नभई सरकार निरंकुश बन्दछ । अमेरिकी संविधान निर्माता जेम्स मेडिसनले सार्वजनिक सूचनामा नागरिकको पहुँचबिना लोकप्रिय सरकार बन्न सक्दैन भन्ने विचार व्यक्त गर्दै सूचना प्रवाहको सुनिश्चिततामा जोड दिएका छन् । यही मान्यतालाई अमेरिकी संवैधानिक विधिशास्त्रले आत्मसात् गरी सञ्चार माध्यमको स्वतन्त्रता र नागरिकको सूचनामा पहुँचको अधिकारलाई संविधानले सुनिश्चित गरेको छ । यही संवैधानिक मान्यताको पृष्ठभूमिमा न्यायपालिकाले समेत विभिन्न मुद्दामा नागरिकको सूचनामा पहुँचको अधिकारलाई व्याख्याको माध्यमद्वारासमेत विस्तार गरेको छ । आधुनिक लोकतान्त्रिक राज्यहरुले खुला सरकार (Open Government) को अवधारणालाई आत्मसात् गर्दै संवेदनशील प्रकृतिका सीमित सूचनामात्र नागरिकको पहुँचबाहिर रहने गरी सूचनाको वर्गीकरण गरेको देखिन्छ । सार्वजनिक महत्वको

विषयमा सूचना पाउने नागरिकको अधिकार मुख्य सिद्धान्तको रुपमा सुनिश्चित गरी केही संवेदनशील प्रकृतिका सूचनामा अनधिकृत व्यक्तिको पहुँच अपवादको रुपमा बन्देज गरेको छ ।

संवेदनशील प्रकृतिका सूचना प्रवाह भएमा त्यसले समाजको हितभन्दा अहित गर्ने, राष्ट्रिय स्वार्थमा क्षति पुऱ्याउने तथा बृहत्तर जनताको हितमा आघात पुऱ्याउन सक्ने कारण त्यस्ता सूचनामा अनधिकृत व्यक्तिको पहुँच नहुने सिद्धान्त छ । यस्ता संवेदनशील प्रकृतिका सूचनालाई कानूनले नै प्रवाह गर्न रोक लगाएको हुन्छ । कुनै पनि सूचना अनन्त समयसम्म गोप्य हुँदैन, सापेक्षतामा पुनरावलोकन हुन्छ । आधुनिक लोकतान्त्रिक मुलुकहरुले संवेदनशील प्रकृतिका सूचनालाई "निषेधित" (Restrictive), "विश्वसनीय" (Confidential), "गोप्य" (Secret) र "अति गोप्य" (Top Secret) भनी वर्गीकरण गर्ने गरेको देखिन्छ । यसरी विभिन्न तहमा गरिने वर्गीकरण विषयवस्तुको प्रकृति र गम्भीरताको मात्रा (Degree of Sensitivity) को आधारमा गर्ने गरिन्छ ।

अमेरिकामा राष्ट्रपतिको कार्यकारिणी आदेशबाट राष्ट्रिय सुरक्षासम्बन्धी संवेदनशील सूचनालाई "अति गोप्य", "गोप्य" र "विश्वसनीय" भनी ३ किसिमले वर्गीकरण गरिएको छ । राष्ट्रिय सुरक्षामा ज्यादै गम्भीर आघात (Grave Damage) पुऱ्याउने प्रकृतिका सूचनालाई "अति गोप्य", गम्भीर क्षति (Serious Damage) पुऱ्याउने सूचनालाई "गोप्य" र क्षति पुऱ्याउन सक्ने सूचनालाई "विश्वसनीय" भनी वर्गीकरण गरी त्यही अनुरुप संकेत नम्बर राखी संरक्षणको विशेष व्यवस्था गरेको छ । सुरक्षासम्बन्धी यस्ता संवेदनशील प्रकृतिका सूचनामा- सैन्य रणनीति र योजना, हातहतियार, विदेशी सरकारसम्बन्धी सूचना, गुप्तचर क्रियाकलापसम्बन्धी सूचना, राष्ट्रिय सुरक्षासम्बन्धी वैज्ञानिक, प्राविधिक र आर्थिकजस्ता संवेदनशील प्रकृतिका सूचना रहेका छन् । यस्ता सूचनामा अनधिकृत व्यक्तिको पहुँच नहुने गरी विशेष संरक्षणको व्यवस्था गरिएको छ । अमेरिकी कानूनले समाजलाई अपुरणीय क्षति पुऱ्याउने विषयका सूचनाबाहेक अन्य सूचनामा नागरिकको सहज पहुँचको अधिकारलाई प्रत्याभूत गरेको छ ।

बेलायतमा सूचनाको वर्गीकरणअन्तर्गत संवेदनशील प्रकृतिका सूचनामा "अति गोप्य" प्रकृतिका सूचनाभित्र व्यक्तिको जीउज्यानमा अपुरणीय क्षति हुने, अन्तर्राष्ट्रिय कूटनीतिक घटना, गुप्तचर सूचना, राष्ट्रिय सुरक्षालाई प्रत्यक्ष असर पुऱ्याउने सूचना, अर्थतन्त्रमा दीर्घकालीन क्षति पुऱ्याउने सूचनाहरुलाई राखिएको छ । यस्तै "गोप्य" प्रकृतिका सूचनाभित्र गम्भीर प्रकृतिको धम्की जसबाट व्यक्तिको जीउज्यानमा क्षति पुग्न सक्ने, जघन्य प्रकृतिको अपराधको अनुसन्धानमा प्रत्यक्ष प्रभाव पार्ने, अन्तर्राष्ट्रिय सम्बन्धमा प्रतिकूल असर पुऱ्याउनेजस्ता प्रकृतिका सूचनालाई समावेश गरिएको छ ।

कार्यालयको गोपनियता (Offical Secrecy) अन्तर्गतका सूचनामा अनधिकृत व्यक्तिको सूचनामा सहज पहुँच नहुने, आपराधिक सूचनालगायत सार्वजनिक सुरक्षण सम्बन्धी संवेदनशील प्रकृतिका सूचनालाई राखिएको छ । यसरी वर्गीकृत गरिएका सूचनालाई विशेष संकेत चिन्हहरु राखी संरक्षणको व्यवस्था मिलाइएको अवस्था छ ।

युरोपियन युनियनले संवेदनशील प्रकृतिका सूचनालाई “निषेधित” (Restrictive), “विश्वसनीय” (Confidential) “गोप्य” (Secret) र “अति गोप्य” (Top Secret) भनी वर्गीकरण गरेको छ । निषेधित सूचनाहरु सार्वजनिक भएमा समस्या सिर्जना हुने, विश्वसनीय सूचनाहरु सार्वजनिक भएमा सुरक्षामा खतरा पैदा हुने, गोप्य सूचना सार्वजनिक भएमा क्षति पुग्ने र अतिगोप्य सूचना सार्वजानिक भएमा अत्याधिक क्षतिको खतारा हुने भन्ने कारण गम्भीरताको मात्राका आधारमा वर्गीकरण गर्ने गरिन्छ । वर्गीकृत सूचनाबाहेक अवर्गीत सूचनाहरु संवेदनशील चरित्रका नहुने हुँदा सबैको निम्ति खुल्ला र पहुँचयोग्य बनाइन्छ ।

सूचनाको हकलाई सर्वाधिक महत्व दिई सन् १७६६ मा नै विशेष संरक्षणको व्यवस्था स्वीडेनले गरेको थियो । आधुनिक लोकतान्त्रिक मुलुकहरु फ्रान्स, जर्मनी, क्यानाडा, अष्ट्रेलियालगायतका मुलुकले संवेदनशील प्रकृतिका सूचनाहरुलाई गम्भीरताको मात्राको आधारमा वर्गीकरण गरी सोबाहेकका अन्य सूचनामा नागरिकको सहज पहुँचको अधिकारलाई सुनिश्चित गरेका छन् ।

भारतमा भारतीय सूचनाको हकसम्बन्धी ऐन, २००५ ले- मुलुकको सार्वभौमता र अखण्डता, सुरक्षा रणनीति, राज्यको वैज्ञानिक अथवा आर्थिक हित, वैदेशिक सम्बन्ध, अपराधलाई दुरुत्साहन गर्ने सूचनामा सर्वसाधारण नागरिकको पहुँच नहुने व्यवस्था गरेको छ । यसैगरी यस ऐनले अदालतको अवहेलना हुने सूचना, संसदको विशेषाधिकारमा हनन हुने सूचना, व्यापारिक गोपनियता, मौद्रिक वा वौद्धिक सम्पत्तिको संरक्षणमा असर पुऱ्याउने सूचना, हितकारी सम्बन्धमा प्रतिकूल प्रभाव पार्ने सूचना, व्यक्तिको जीउज्यान र सम्पत्तिको सुरक्षामा खतरा पुऱ्याउने सूचना, अपराधको अनुसन्धान र अभियोजनमा प्रत्यक्ष प्रभाव पार्ने सूचना, मन्त्रिपरिषद्को बैठकमा भएका छलफलसम्बन्धी अपरिपक्व सूचना र व्यक्तिगत प्रकृतिका सूचनालाई स्वतः प्रवाह नहुने सूचीभित्र राखेको छ ।

## ४. नेपाल र सूचनाको वर्गीकरण

नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरी सूचना पाउने नागरिकको हकलाई मौलिक हकमा राखेको छ । सूचनाको हक निरपेक्ष हुन नसक्ने भएकाले संविधानमा नै कानूनबमोजिम गोप्य राख्नु पर्ने सूचनाको

जानकारी दिन कसैलाई बाध्य पारिने छैन भन्ने प्रतिबन्धात्मक व्यवस्था गरी कानूनद्वारा नै सूचनाका सम्बन्धमा संवेदनशीलताका आधारमा वर्गीकरण गरी खास विषयमा बन्देज लगाउन सक्ने गरी विधायिकालाई कानून बनाउन सक्ने केही छुट दिएको छ । यस पृष्ठभूमिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले देहायको विषयसम्बन्धी सूचना प्रवाह नगरिने गरी बन्देजीको व्यवस्था गरेको छ ।

क. नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

ख. अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनामा प्रत्यक्ष असर पार्ने,

ग. आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

घ. विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने,

ङ. व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुर्‍याउने । तर त्यसरी सूचना प्रवाह नगर्नँपर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पञ्छिन पाउने छैन ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को उपर्यंक्त खण्डहरुमा उल्लिखित विषयहरुको सीमाभित्र रही सोही ऐनको दफा २७ बमोजिम नेपाल सरकारको मुख्य सचिवको अध्यक्षतामा गठन हुने सूचनाको वर्गीकरण गर्ने समितिले सूचनाको वर्गीकरण गर्दा मनोगत आधारमा नभई वस्तुनिष्ठ रुपमा संविधान र कानूनको मर्म र भावना अनुरुप गर्नंपर्ने हुन्छ । सूचना वर्गीकरण गर्ने समितिले सूचना वर्गीकरण गर्ने प्रयोजनका लागि सो ऐनको दफा ३ को उपदफा (३) को विभिन्न खण्डहरुमा उल्लिखित सूचनाहरु कति वर्षसम्म गोप्य राख्नुपर्ने हो सो अवधिभर संरक्षण गर्ने तरिकासमेतका बारेमा निश्चित मापदण्ड निर्धारण गर्नँपर्ने छ । वर्गीकृत सूचनाको प्रकृति अनुसार बढीमा ३० वर्षको अवधिसम्म गोप्य राख्न सकिने छ । यसरी वर्गीकरण गरिएको सूचना १० वर्षमा पुनरावलोकन गरिने छ । यसरी पुनरावलोकन गर्दा गोप्य राखी राख्नुपर्ने भएमा सोहीबमोजिम र गोप्य राखी राख्नु नपर्ने भए सोहीअनुरुप वर्गीकरण गर्नँपर्ने छ । वर्गीकरण गर्ने समितिले गरेको वर्गीकरण उचित भए-नभएको सम्बन्धमा पुनरावलोकन गर्ने अधिकार राष्ट्रिय सूचना आयोगलाई छ ।

नेपालमा पञ्चायतकालीन शासन व्यवस्थामा पनि लिखतको गोप्यतासम्बन्धी ऐन, २०३९ जारी भई लिखतको गोप्यतासम्बन्धी वर्गीकरण गर्ने व्यवस्था गरेको भए पनि त्यो कानून लागु नै हुन सकेन । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७

बमोजिम नेपाल सरकारको मुख्य सचिवको अध्यक्षतामा गठित सूचनाको वर्गीकरण गर्ने समितिले गरेको पटक-पटकको वर्गीकरण विवादास्पद भई सूचनाको हकलाई कुण्ठित गरेको भन्ने आधारमा कार्यान्वयनमा ल्याउन नसकेको अवस्था छ। सूचनाको वर्गीकरण गर्ने समितिले नागरिकको सूचना पाउने हकको सम्मान र संरक्षण गर्दै सीमित अपवादको रुपमा मात्रै बन्देजीका वस्तुनिष्ठ आधारहरु पहिचान गरी वर्गीकरण गर्नपर्ने हुन्छ।

## ५. उपसंहार

सुशासनको माध्यमद्वारा दीगो विकास र सम्बृद्धि आजको आवश्यकता हो। परिवर्तित लोकतान्त्रिक व्यवस्थाले आमनागरिकलाई समन्यायिक रुपमा प्रतिफल दिन सक्नु पर्दछ। आमनागरिकले राज्यव्यवस्थाबाट लोकतन्त्रको लाभ प्राप्त गर्न सकेनन् भने राज्य व्यवस्थाप्रति नै अविश्वासको स्थिति सिर्जना भई शासन गर्ने वैधता नै गुम्न सक्दछ। यसकारण पनि मुलुकमा सुशासनको प्रत्याभूतिको निम्ति “खुला सरकार” को अवधारणालाई लागु गर्दै भ्रष्टाचारको रोकथाम र नियन्त्रण सरकारको मुख्य प्राथमिकताको सूचीभित्र रहनु पर्दछ। राजनीतिक तहमा दृढ इच्छाशक्तिसहित निर्मतापूर्वक भ्रष्टाचारको रोकथाम र नियन्त्रण गर्ने कार्यमा लाग्नु जरुरी छ। भ्रष्टाचार नियन्त्रण, पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र सदाचार प्रवर्द्धमा केन्द्रित रहनु आजको आवश्यकता हो। नवोदित लोकतान्त्रिक मुलुकहरुमा राजनीतिक र प्रशासनिक भ्रष्टाचार तथा निजी स्वार्थका लागि पदको दुरुपयोग गर्ने प्रवृत्ति मुख्य समस्याको रुपमा देखिएकाले सेवा प्रवाहलाई दुरुस्त र प्रभावकारी एवम् विकासमा दिगोपना कायम गर्न नसक्दा कतिपय मुलुक द्वन्द्वको भुँवरीबाट मुक्त हुन सकिरहेका छैनन्। यस पृष्ठभूमिमा परम्परागत किसिमको सोच र शैलीमा परिवर्तन गरी खुला सरकारको अवधारणालाई व्यवहारमा रुपान्तरण गर्न सोहीअनुरुप सूचनाको वर्गीकरण आवश्यक छ। संवैधानिक आकाङ्क्षालाई लागु गर्न संविधानलाई केवल औपचारक घोषणाको दस्तावेजको रुपमा मात्र नलिई व्यवहारमा लागु गर्ने सिद्धान्तहरुको संग्रहको रुपमा कार्यान्वयन गर्न आवश्यक छ। यस सन्दर्भमा सूचनाको हकको व्याख्या उदारतापूर्वक गरी व्यापक रुपमा प्रयोगमा ल्याउनुपर्ने र अपवादको रुपमा वर्गीकृत सूचनाको सूची ज्यादै सीमित हुने गरी वर्गीकरण गर्नुपर्ने हुन्छ।

# सूचनाको हकको अधिकतम् उपयोगमा खुल्ला सरकारी तथ्याङ्क



**किरण कुमार पोखरेल**
पूर्व सूचना आयुक्त

कुनै एउटा नेपाली विद्यार्थी अध्ययन र कामको पनि खोजी गर्दै अष्ट्रेलिया पुग्छ । एक साताभित्रै कलेजमा अध्ययनका लागि पुग्नुपर्ने बाध्यता भएको विद्यार्थीले आफ्नो गुजारा चलाउने काम पनि पाउँछ । समस्या उसलाई के हुन्छ भने कलेज र कामको दुरी रेल, बस वा अन्य यातायातको साधन चढेर एक घण्टाको हुन्छ र कलेज सकिएको एक घण्टा १० मिनेटभित्र ऊ कामका लागि सम्बन्धित ठाउँमा प्रवेश गरिसक्नु उसको बाध्यता छ । ऊ निस्फिक्री कलेजमै बसेर मोबाइल एप्स हेर्छ । बस चढे ऊ काममा एक घण्टा १३ मिनेटमा मात्र पुग्छ । अन्य यातायातको साधन चढे आधा घण्टाअघि नै काम गर्ने ठाउँमा पुगेर उसको समय नष्ट हुन्छ तर रेल चढेर गए एक घण्टा नौ मिनटमा काममा पुग्ने कुरा उसले थाहा पाउँछ । सोही समयअनुसार ऊ रेल चढेर आफ्नो नियमित काम सम्पन्न गर्छ ।

१० मिनेटको बाटो तय गर्न कति समय लाग्छ भनेर कहिले थाहा नपाउने र यातायातको साधन चढेर तीन घण्टापछि पनि १० मिनेट परको गन्तब्य पुग्न नसक्ने मुलुकको त्यो विद्यार्थी त्यो सेवा प्रदायको चमत्कारिक र उत्कृष्ट आकर्षणबाट आफू जन्मेको मातृभूमि नै बिर्सन्छ । कुनै व्यक्तिले कुनै अस्पताल छनौट गर्नुपरोस् वा अध्ययनका लागि कलेज वा विद्यालय, खानका लागि रेष्टुरेन्ट वा साधनमा इन्धन भर्नका लागि चाहिएको दुरीमा पाइने पेट्रोल पम्प वा ग्याँस स्टेसन, ऊ आफ्नै हातमा भएको मोबाइलबाटै संसार खोज्न सक्छ । विकास र सम्बृद्धिको यो चमत्कार अथवा भनौं सेवा प्रदायमा देखिने यो स्तरको उत्कृष्ट योगदान तथ्य, तथ्याङ्कको खुलापन (ओजीडी) त्यसमा प्रविधिको अधिकतम् उपयोगले सिर्जना गरेको हो ।

खुल्ला सरकारी तथ्याङ्कसम्बन्धी कार्ययोजना तयार गर्ने सन्दर्भमा विश्वका विभिन्न देशमा अध्ययन तथा छलफलका लागि भ्रमण गर्ने सन्दर्भमा यो पङ्क्तिकारले खुल्ला तथ्याङ्कले ल्याएको विकास र सेवा प्रदायमा अनौठो चमत्कार देख्ने अवसर पाएको हो । विश्वका विकसित मुलुकहरू आज तथ्य, तथ्याङ्कमा नागरिकको पहुँच

स्थापित गरेर सेवा र सुविधामा अब्बल हुने प्रतिस्पर्धामा उत्रिएका छन् ।

यही कारण तथ्याङ्क र प्रविधिमा सर्वसाधारणको पहुँच नपुगेसम्म मुलुकको दिगो विकास सम्भव छैन भन्ने मान्यतामा आज विश्व जनमत सहमत भएको छ । यही मान्यताका आधारमा विश्वका विकसित मुलुकहरूमा तथ्याङ्कलाई खुल्ला गर्दै प्रविधिको अधिकतम् प्रयोगबाट सर्वसाधारणलाई विभिन्न प्रकारका सेवा प्रदान गर्ने अवसरहरू उपलब्ध गराइएको छ । तथ्याङ्क अर्थात् डाटालाई मेशिन रिडेवल तथा निर्वाध ढङ्गबाट प्रयोग, पुनः प्रयोग र वितरण गर्न सक्ने अधिकारसहित सर्वसाधारणको पहुँचसम्म पुऱ्याउने विषयलाई 'खुल्ला तथ्याङ्क' को अवधारणाले समेटेको छ ।

विकसित मुलुकहरूमा सरकारी मात्र होइन, निजी क्षेत्रका तथ्याङ्कहरू पनि खुला हुने गरेका कारण त्यहाँ विभिन्न व्यवसायमार्फत् जनतालाई अधिकतम् सेवा प्रदान गरिएको छ । तथ्याङ्क र प्रविधिको माध्यमबाट जनतालाई अधिकतम सेवा प्रदान गर्ने अवसर उपलब्ध गराउने लक्ष्य पूरा हुन उदारीकरणको अहिलेको विश्वमा निजी क्षेत्रको तथ्याङ्क पनि खुल्ला हुनुपर्दछ । तर नेपालको सन्दर्भमा सरकारी तथ्याङ्कहरू पनि 'खुल्ला तथ्याङ्क' को अवधारणा अर्न्तगत मेशिन रिडेवल र पुनः प्रयोग गर्न सकिने गरी खुला नगरिएको सन्दर्भमा नेपालमा पहिलो चरणमा सरकारी तथ्याङ्क खुल्ला गर्नुपर्ने आवश्यकता छ ।

यही सन्दर्भमा 'खुला सरकारी तथ्याङ्क' को अवधारणा लागू गर्ने संयुक्त राष्ट्र संघको सोच अनुसार ५ बर्ष पहिले राष्ट्रिय सूचना आयोगले सहकार्य गर्दै यो 'खुला सरकारी तथ्याङ्क' (Open Government Data) सम्बन्धी कार्ययोजना तयार पारेर त्यसलाई लागु गर्न तत्कालीन नेपाल सरकारलाई बुझाइसकेको हो । तर, त्यो कार्ययोजनामा कुनै काम अघि बढेको छैन । सम्भवतः अरु कार्ययोजना र प्रतिवेदनजस्तै यो कार्ययोजना पनि प्रधानमन्त्री कार्यलयको दराजमा त्यसै थन्किएको होला ।

जनताको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउने जिम्मेवारी बोकेको राष्ट्रिय सूचना आयोगले सम्पूर्ण तथ्य, तथ्याङ्क बिनाको सूचना अपर्याप्त हुने भएकाले तथ्य, तथ्याङ्कसहितको सूचनामा जनताको पहुँच भएमात्रै सही अर्थमा सूचनाको हकको प्रत्याभूति हुने र त्यसले राखेको पारदर्शिता, जवाफदेहिता र सम्बृद्धिको लक्ष्य पूरा हुने निर्ष्कषसहित नेपालमा पनि खुला सरकारी तथ्याङ्कको अवधारणा लागू गर्नुपर्छ भनेर संयुक्त राष्ट्र संघसँगै यससम्बन्धी काममा सहकार्य गरेको हो । जसअनुसार आयोगले दुई वटा अन्तर्राष्ट्रिय स्तरका सम्मेलन काठमाडौंमै सम्पन्न गरेको थियो । सो सम्मेलनपछि आयुक्तहरूको नेतृत्वमा खुल्ला तथ्याङ्कको अवधारणाबाट कोरियाले प्राप्त गरेको सफलताको अध्ययन-अनुसन्धानपछि नेपालमा लागू गर्ने खुल्ला सरकारी तथ्याङ्कसम्बन्धी

मस्यौदा तयार गरिएको थियो । बैंककमा आयोजित एसिया–प्यासिफिकस्तरीय छलफल कार्यक्रममा सो क्षेत्रका विभिन्न देशका खुल्ला तथ्याङ्कसम्बन्धी विज्ञहरूबाट मस्यौदामा पहिलो चरणको सुझाव सङ्कलनपछि संयुक्त राष्ट्र संघद्वारा नेदरल्याण्डमा आयोजित कार्यक्रममा विश्वका विज्ञहरूको थप छलफल तथा सुझाव प्राप्त भएको थियो । सबै प्रकारका छलफल र सुझावपछि मस्यौदालाई अन्तिम रुप दिएर राष्ट्रिय सूचना आयोगको नेतृत्वमा गठित उच्चस्तरीय निर्देशक समितिले सो मस्यौदालाई पारित गरेको हो । पारित मस्यौदालाई राष्ट्रिय सूचना आयोगको पूर्ण बैठकले स्वीकृत गरेपछि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ बमोजिम नेपालमा खुला सरकारी तथ्याङ्कको अवधारणा लागु गर्न प्रस्तावित कार्ययोजना तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवामार्फत् नेपाल सरकारलाई सुझावका रुपमा प्रस्तुत गरिसकिएको छ ।

यो कार्ययोजनालाई लागु गरेर हाललाई खुल्ला सरकारी तथ्याङ्क र विस्तारै खुल्ला तथ्याङ्क लागु गरेर प्रदेश हुँदै स्थानीय तहसम्म पुऱ्याउन सकेमात्र संघीय लोकतान्त्रिक गणतन्त्रको जनताले अनुभूत गर्न सक्नेछन् ।

**आयोगको संलग्नताको औचित्य**

सार्वजनिक निकायमा रहेका सूचनामा जनताको अधिकतम् पहुँच स्थापित गरेर नागरिकको स्वतन्त्रताको सर्वोच्चता कायम गर्ने, उनीहरूको सशक्तीकरण गर्ने तथा सार्वजनिक निकायलाई पारदर्शी र जवाफदेही बनाउँदै लोकतन्त्रलाई जनस्तरसम्म पुऱ्याएर अनुभूत गराउने सूचनाको हकको उद्देश्य हो । तर तथ्य, तथ्याङ्कबिनाको सूचना अपूर्ण सूचना हो । अपूर्ण सरकारी सूचनाले जनतालाई सही रूपमा सुसूचित गराउँदैन । अपर्याप्त र अपूर्ण सूचनाले सूचनाको हकले लक्ष्य राखेको नागरिकको सशक्तीकरण र उनीहरूको वैयक्तिक स्वतन्त्रताको सर्वोच्चता स्थापित गर्ने लक्ष्य पूरा हुँदैन । यसका लागि तथ्य, तथ्याङ्कसहितको सूचना प्रवाह अनिवार्य छ । यस्तो सूचनालाई नागरिक आफ्नो हिशावले अध्ययन गर्ने, व्याख्या गर्ने, विश्लेषण गर्ने तथा प्रयोग र पुनः प्रयोगका माध्यमबाट उपयोग गर्न सक्छन् । यसमा कुनै निकायले तोडमोड गरेर जनतालाई दिग्भ्रमित पार्ने सम्भावना रहँदैन ।

यसरी सूचनाको हकले लक्षित गरेको सूचनाको सक्रिय खुलासाको कानुनी व्यवस्थाले खुला सरकारी तथ्याङ्कको कानुनी आधार पनि दिन्छ र यसको महत्वलाई पनि दर्शाउँछ । यस अर्थमा खुला सरकारी तथ्याङ्कको अवधारणा सूचनाको हकको महत्वपूर्ण पक्ष (Component) हो भन्ने कुरालाई आत्मसात् गरी राष्ट्रिय सूचना आयोगले खुला सरकारी तथ्याङ्कको अवधारणा लागु गर्ने यो अभियानमा सरिक भएर राष्ट्रिय कार्ययोजना प्रस्ताव गरेको हो ।

खुल्ला सरकारी तथ्याङ्कको अवधारणा नेपालमा नयाँ छ । विषयवस्तुको जानकारी र त्यसका लागि चाहिने प्रविधिगत सुविधा कमजोर भएर होला खुला सरकारी तथ्याङ्कको अवधारणाबारे नेपालमा निकै कममात्र छलफल हुने गरेको छ । यद्यपि, नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको र सूचनाको हकसम्बन्धी ऐन समेत २०६४ सालदेखि कार्यान्वयनमा आएको छ । यस कानुनले सार्वजनिक सरोकारका विभिन्न सूचनाहरू कसैले माग नगरेको अवस्थामा पनि सक्रियरुपले आफ्नो निकायसँग सम्बन्धित विवरण नियमितरुपमा स्वतः प्रकाशन (Proactive Disclosure) गराउनु पर्ने व्यवस्था गरेको छ ।

नेपालमा सूचनाको हकअन्तर्गत भएको सूचनाको सक्रिय खुलापनको कानुनी व्यवस्था नै खुला सरकारी तथ्याङ्कको अवधारणलाई कार्यान्वयनमा ल्याउने आधार हो भन्ने आयोगको बुझाइ थियो । आयोगले संयुक्त राष्ट्र संघका प्रतिनिधिसँग स्पष्ट रूपमा यो दृष्टिकोण राख्दा उनी सहमत भएपछि आयोग यो काममा संलग्न भएको थियो । आयोगका तर्फबाट विभिन्न अन्तर्राष्ट्रिय फोरमहरूमा सहभागी हुँदा यो तर्कमा अन्तर्राष्ट्रिय विज्ञहरू पनि पूर्ण सहमत भएका छन् ।

**के हो खुल्ला सरकारी तथ्याङ्क (OGD) ?**

कुनै पनि कुराको खुलापन भन्नेवित्तिकै त्यसको पारदर्शिता वा जे कुरा खुला भनिएको हो त्यसमा नागरिकको पहुँच भन्ने बुझिन्छ । नागरिकको यसमाथिको पहुँचले माग्ने, प्राप्त गर्ने, त्यसको अध्ययन गर्ने र अध्ययनका आधारमा अधिकतम् उपयोग गर्ने अधिकार हो भन्ने अर्थ दिन्छ । त्यसैले खुला सरकारी तथ्याङ्क वा सरकारी तथ्याङ्कको खुलापन भन्नेवित्तिकै तथ्याङ्कको पारदर्शिता वा तथ्याङ्कमा नागरिकको पहुँच भन्ने सम्झनु पर्दछ । तथ्याङ्कमा नागरिकको पहुँचको विषय तथ्याङ्क माग्ने, प्राप्त गर्ने, प्राप्त गरेको तथ्याङ्कको अध्ययन गर्ने र अध्ययन गरेका आधारमा त्यसको अधिकतम् उपयोग गर्ने अधिकार हो भन्ने हुन्छ ।

तथ्याङ्कको उपयोग प्राविधिक विषय पनि हो । त्यसैले यो अधिकारको उपयोग गर्न प्राविधिक रूपमा तथ्याङ्कको सहज प्राप्ति, प्रयोग, पुनः प्रयोग र वितरण गर्न सक्ने हुनुपर्छ । यसका लागि तथ्याङ्क मेशिन रिडेवल र ओपन फर्म्याटमा हुन आवश्यक छ । यसरी सरकारी तथ्याङ्कलाई मेशिन रिडेवल र ओपन फर्म्याटमा उत्पादन गरी त्यसलाई नागरिकले प्रयोग, पुनः प्रयोग र वितरण गर्न सक्ने गरी सार्वजनिक गर्ने प्रक्रिया, जहाँ प्रतिलिपि अधिकार रहँदैन, यसलाई समग्रमा खुला सरकारी तथ्याङ्क भनिन्छ ।

सरकारी तथ्याङ्क खुला हुन सरकारले गर्ने कार्य र त्यसबाट सिर्जना हुने तथ्य, तथ्याङ्क तथा जानकारी वेबसाइटमा उपलब्ध हुनुपर्दछ र सरल तथा सहज पहुँच

हुनुपर्दछ । ती तथ्य, तथ्याङ्क तथा जानकारीमा प्रतिलिपि अधिकार रहनु हुँदैन । खुला सरकारी तथ्याङ्कको अवधारणाले डाटाहरू खुला स्वरुप "ओपन फर्म्याट" र यन्त्रले पढ्न सक्ने "मेसिन रिडएवल" स्वरुपमा उपलब्ध हुनुपर्ने र ती तथ्य, तथ्याङ्क तथा जानकारी प्रयोग, पुनः प्रयोग र वितरणमा कुनै रोकावट हुन नहुने कुराको सुनिश्चितता खोज्दछ । खुल्ला सरकारी तथ्याङ्कको अवधारणाले व्यक्तिगत गोपनियता र राज्यको संवेदनशीलताका सिद्धान्तलाई पनि विधिगत रुपमा स्वीकार गरेको छ ।

बेलायत, दक्षिण कोरिया, संयुक्त राज्य अमेरिकाजस्ता विकसित देशहरूले खुला सरकारी तथ्याङ्क मात्र होइन, खुला तथ्याङ्कको अवधारणालाई आत्मसात् गरेर आफ्नो प्रशासन संयन्त्रमा प्रयोगमा ल्याएका छन् । ब्राजिल, भारत, इण्डोनेसियाजस्ता विकासशील देशहरूले पनि यसलाई प्रयोगमा ल्याउन थाले । विस्तारै यो अवधारणा नेपालजस्ता अल्पविकसित र विकासोन्मुख देशमा पनि चासो र सरोकारको विषय बन्दै गएको छ ।

**खुल्ला सरकारी तथ्याङ्कको उपलब्धी**

खुल्ला सरकारी तथ्याङ्कको अवधारणाले नागरिकलाई सरकारका कामकारवाहीप्रति निगरानी राख्ने अवसर दिन्छ । जसले सरकारलाई पारदर्शी र जिम्मेवार हुन दबाव सिर्जना गर्दछ । यसले सेवा प्रवाह गर्ने निकायको क्षमतालाई सवलीकरणसमेत गर्दछ । यसले सेवा प्रदान गर्ने प्रक्रियालाई सहज बनाउँदै सुशासन स्थापना गर्न समेत महत्वपूर्ण योगदान दिने गर्दछ । खुला सरकारी तथ्याङ्क हुँदै खुला तथ्याङ्कले अन्ततः दिने उपलब्धीलाई बुँदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छ :

१. Big Data को उपयोगबाट व्यवसाय र व्यापारको अधिकतम् प्रवर्द्धन ।
२. अपराधिक क्रियाकलापको नियन्त्रणमा सहजता र प्राकृतिक विपत्तिबाट हुने क्षतिको न्यूनीकरण ।
३. भ्रष्टाचार नियन्त्रणमा सहयोग ।
४. सामाजिक लागतको न्यूनीकरणबाट सामाजिक द्वन्द्व न्यूनीकरण ।
५. रोजगारी सिर्जनामा सहयोग ।
६. पारदर्शिता ।
७. कल्याणकारी समाज निर्माणमा सहयोग ।
८. अन्ततः खुला तथ्याङ्कले सरकारलाई सक्षम र जनजीवनलाई सहज तुल्याउँदै नागरिकलाई नीति निर्माणमा सहभागी बनाउँछ ।

**खुला तथ्याङ्कका लागि के चाहिन्छ ?**

खुला सरकारी तथ्याङ्कको प्रयोगको लागि प्रविधि र इन्टरनेटको प्रयोग व्यापक हुनु

आवश्यक छ।  तर नेपालमा हालसम्ममा प्रविधि र इन्टरनेट सेवाले अपेक्षानुरुप गति लिन सकेको छैन। नेपाल दूरसञ्चार प्राधिकरणको २०१७ को अन्तिममा निकालिएको एम.आई.एस प्रतिवेदन अनुसार नेपालमा ६३.१७% मानिसको मात्र इन्टरनेटमा पहुँच छ। जसको पहुँच छ उनीहरूले पनि गुणस्तरीय सेवा पाउन सकेका छैनन्। अधिकांशले मोबाइल फोनमार्फत् इन्टरनेट चलाउँछन्। ब्रोडब्याण्ड सेवा र केवल इन्टरनेटको पहुँच निकै कम मानिससँग मात्र छ। खुल्ला सरकारी तथ्याङ्क प्रयोगका लागि गुणस्तरीय इन्टरनेट सेवा आधारभूत आवश्यकता हो।

प्रविधि र इन्टरनेटलाई सरकार सञ्चालनको प्रक्रियामा प्रयोग गर्ने अभ्यास त्यति पुरानो र सशक्त छैन। यसका लागि कार्यालयहरूमा पर्याप्त जनशक्ति र पूर्वाधारको पनि कमी छ। सरकारी तथ्य, तथ्याङ्कको संरक्षणका लागि सरकारले डाटा सेन्टर पनि सञ्चालनमा ल्याएको छ। तर पनि मन्त्रालयहरु र सरोकारवाला निकायबीचको समन्वयको अभावमा त्यो प्रभावकारी हुन सकेको छैन।

नेपालको केन्द्रीय तथ्याङ्क विभागले धेरै तथ्य तथा तथ्याङ्कहरू वेबसाइटमार्फत् सार्वजनिक गर्ने गरेको छ। तर पनि तथ्य तथा तथ्याङ्क प्रस्तुतिले खुला सरकारी तथ्याङ्कको अवधारण र त्यसका लागि पूरा गर्नुपर्ने स्तरलाई पूर्णरुपमा परिपूर्ति गर्दैन। त्यस्तै राष्ट्रिय सूचना प्रविधि केन्द्रले वेबसाइटमार्फत् सरकारी सूचना जनताको तहमा पुऱ्याउन सरकारी निकायको वेबसाइट, वेब होस्टिङ, इन्टरनेट सेवा प्रदानजस्ता कार्य गरिरहेको छ। सरकारी डाटा सेन्टर र डाटा रिकभरी सेन्टरको व्यवस्थापन पनि राष्ट्रिय सूचना प्रविधि केन्द्रले नै गर्ने गर्दछ। खुला सरकारी तथ्याङ्कको अवधारणासँग मेल खाने गरी सरकारले लिने सहयोग रकमको पारदर्शिताका लागि अर्थ मन्त्रालयले 'एड म्यानेजमेन्ट प्लेटफर्म' सञ्चालन गरेको छ। राष्ट्रिय सूचना आयोगले खुला सरकारी तथ्याङ्कको माध्यमबाट जनतामा सूचनाको अधिकतम् पहुँचको लागि Management Information System (MIS) प्रणालीको प्रयोग गरिरहेको छ। नेपालमा विभिन्न निकाय तथा सरोकावालाहरूका बीचमा खुला सरकारी तथ्याङ्कको बारेमा विभिन्न छलफल, तालिम र कार्यशाला सम्पन्न भएका छन्।

त्यस्तै विभिन्न नागरिक समाजसम्बद्ध संघ/संस्थाहरूले पनि खुला सरकारी तथ्याङ्कको अवधारणाको जानकारी, प्रयोग र क्षमता अभिबृद्धिका लागि विभिन्न अभियान सञ्चालन गर्दै आएका छन्। गोपनीयता र राष्ट्रिय सुरक्षाको संरक्षणका लागि नेपालमा गोपनीयता र डाटा संरक्षण ऐनको माग र छलफलसमेत सुरु भएको छ। नेपालमा खुला सरकारी तथ्याङ्क र डाटा संरक्षणका बारेमा आगामी दिनमा गहन छलफल तथा बहस हुने अवस्था छ।

आजको अवस्थामा नेपालमा खुला सरकारी तथ्याङ्कको अवधारणालाई प्रयोगमा ल्याउनका लागि केही प्रयास भए पनि त्यसको उचित प्रयोगका लागि लामो यात्रा तय गर्न जरुरी छ । नेपालमा खुला सरकारी तथ्याङ्कको अवधारणामार्फत् पारदर्शिता र जवाफदेहितालाई बढावा दिन स्पष्ट नीति तथा कानूनको तर्जुमा, प्रविधिको विकास, दक्ष जनशक्ति, सरोकारवालाहरूबीचमा समन्वय र यसको महत्वका बारेमा सरोकारवाला तथा नागरिकलाई जानकारी दिन आवश्यक छ । यसैलाई मध्यजनर गरी आयोगले राष्ट्रिय कार्ययोजना बनाएर सरकारलाई बुझाएको हो ।

**कार्ययोजना किन ?**

चार बर्ष पहिले राष्ट्रिय सूचना आयोगले सूचनाको हकको प्रचलनकै एक खुड्किलोका रुपमा लिंदै नेपालमा खुला सरकारी तथ्याङ्कको उचित कार्यान्वयनको विषयलाई महत्वपूर्ण स्थान दिएको थियो । सरकारका विभिन्न निकायहरूबीचमा समन्वय गरी काममा एकरुपता सिर्जना गर्न र निकायहरू बीचमा सहकार्य गरी खुला सरकारी तथ्याङ्कको व्यवस्था र प्रयोग बढाउन सरकारको एक स्पष्ट नीति र कार्ययोजनाको खाँचो महसुस गरिएको थियो । त्यसैले राष्ट्रिय सूचना आयोगले राष्ट्रिय कार्ययोजनाको प्रारम्भिक रुप तयार गरी त्यसबेला सरकारलाई सुझावका रुपमा प्रेषित गर्न आवश्यक ठानेको हो । यस राष्ट्रिय कार्ययोजनाको आवश्यकतालाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

- खुला सरकारी तथ्याङ्कको कार्यान्वयनका लागि आवश्यक कानून तथा नीतिको पहिचान र तर्जुमा गर्न ।
- खुला सरकारी तथ्याङ्कका बारेमा सरकारका निकायबीचमा समान बुझाई र कार्यहरू तय गर्न ।
- खुला सरकारी तथ्याङ्कको कार्यान्वयनका लागि सरकारको एक स्पष्ट खाका तयार गर्न ।
- खुला सरकारी तथ्याङ्कका लागि सरकारका विभिन्न निकायबीचमा सहकार्य र समन्वय बढाउन ।
- खुला सरकारी तथ्याङ्कको बारेमा विभिन्न सरोकारवालाको क्षमता र आवश्यकताका बारेमा छलफल गर्न ।
- खुला सरकारी तथ्याङ्कमा विभिन्न निकायबीचको सहकार्य प्रबर्द्धन गर्दै दोहोरोपन हटाउन ।
- खुला सरकारी तथ्याङ्कको प्रयोगमार्फत् सरकारको पारदर्शिता र जवाफदेहिता अभिबृद्धि गर्न ।

**निष्कर्ष**

नेपालमा प्रायः हरेक विषय कार्यान्वयनका लागि खोज, अनुसन्धान र अध्ययन हुने तर तीबाट प्राप्त सुझाव, कार्ययोजना र प्रतिवेदन त्यसै थन्किने परम्परा कायमै छ । खुला सरकारी तथ्याङ्कका सन्दर्भमा यो परम्परा नदोहोरियोस् र नेपालमा यसको आवश्यकता महसुस भई कार्ययोजनासमेत बनिसकेको छ भनेर आमजनताले थाहा पाऊन् भन्ने उद्देश्यले राष्ट्रिय सूचना आयोगले सरकारलाई बुझाउनेबित्तिकै पाँच बर्ष पहिले नै यसलाई पुस्तिकाका रुपमा सार्वजनिक गरिसकेको छ । खुला तथ्याङ्को अवधारणा सेवा प्रदायमा सहजता ल्याउँदै पारदर्शितामार्फत् शासन प्रणालीलाई जवाफदेही बनाउन र सुशासन कायम गर्ने तथा विकास र समृद्धिको बाटोमा अघि बढ्न सूचनाको हकको महत्वपूर्ण पक्ष (Component) भएकाले यसलाई स्थानीय तहसम्म कार्यान्वयनमा ल्याएर संघीय लोकतान्त्रिक गणतन्त्रलाई जनअनुभूत गराउन प्रस्तावित कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित निकायमाथि बुझाउने, उत्प्रेरित गर्ने र दबाव सिर्जना गर्ने काममा सबै जुट्न जरुरी छ ।

# सूचनाको हकको प्रचलनमा आयोगको भूमिका



**कृष्णहरि बास्कोटा**
पूर्व प्रमुख सूचना आयुक्त

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनिएको छ । यसर्थ, आयोगको भूमिका भनेकै नागरिकले माग गरेका जुनसुकै सूचना उपलब्ध नभएमा उपलब्ध गराइदिने नै हो । राष्ट्रिय सूचना आयोग यस भूमिकामा दृढ र सफल छ । यसर्थ, आमनेपालीले आफूसँग सम्बन्धित र सार्वजनिक सरोकारको सूचना सम्बन्धित निकायमा माग गर्ने र प्राप्त नभएमा आयोगमा पुनरावेदन गरी सूचना प्राप्त हुन्छ भन्ने कुरामा विश्वस्त हुनुपर्छ ।

सामान्यतः सार्वजनिक सरोकारको विषय भन्नाले आमनागरिकको अधिकार, शासन प्रणालीका सबै क्रियाकलाप, राज्य र जनतालाई प्रत्यक्ष र अप्रत्यक्षरुपमा असर पर्ने गरी निजी क्षेत्र, गैरसरकारी क्षेत्र र दातृ निकायबाट सम्पादित कामहरु पर्दछन् । यसलाई सरल भाषामा बुझ्दा नेपालको कुनै पनि ऐन कानुनको अधीनमा रही स्थापित निकाय वा सेवा प्रवाह गरिरहेको निकाय वा व्यक्तिसँग आमनागरिकले सार्वजनिक सरोकारको विषय ठहर गरी सूचना माग गर्न सक्तछन् । यस स्थितिमा सबै प्रकारका सरकारी र निजी क्षेत्र एवम् गैरसरकारी क्षेत्रका सार्वजनिक निकायहरु सूचना दिन बाध्य छन् । यदि कसैले सूचना दिन इन्कार गरेमा सूचना दिलाई दिने र दण्डित गर्ने जिम्मेवारी आयोगको काँधमा छ । यसका लागि नागरिकले सर्वप्रथम तत्निकायको सूचना अधिकारीसँग लिखितरुपमा सूचना माग गर्नुपर्छ । निजले सूचना नदिए सोही कार्यालयका प्रमुखसमक्ष उजुरी गर्नुपर्छ । निजले पनि सूचना नदिए आयोगमा पुनरावेदन गरी सूचना हासिल गर्नुपर्छ ।

जहाँसम्म व्यक्ति आफूसँग सम्बन्धित सूचनाको विषय छ, यसमा प्रत्येक व्यक्तिले सरोकारवाला निकायसँग सूचना माग गरी हासिल गर्न सक्तछ । कुनै व्यक्ति कर्मचारी भए आफ्नो तलब, सुविधा, पदोन्नतिका लागि प्राप्त अङ्क जान्न पाउँछ । कुनै पनि किसानले राज्यबाट के-के सुविधा पाउँछ र अरुले पाएको सुविधा मैले किन पाइन

भनी सूचना माग गर्न सक्तछ । कुनै पनि नागरिकले मेरो नागरिकताको प्रमाणपत्र र मेरो जन्म दर्ता लगायतका विषयमा जेसुकै सूचना माग्न र पाउन सक्तछ । कुनै पनि विद्यार्थीले छात्रवृत्तिलगायतका सूचना माग गर्न सक्तछन् । यसरी आमनागरिकले आफूसँग सम्बन्धित जुनसुकै सूचना पनि माग गर्न सक्तछन् । यी सूचना हासिल नभएमा आयोगले सूचना दिलाई दिने भूमिका निर्वाह गर्नुपर्छ । अनुभवका आधारमा यस विषयमा आयोग सक्षम छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रस्तावनामा राज्यका कामकारवाही खुला हुने र ती निकाय जनताप्रति उत्तरदायी हुने व्यवस्था छ । यसका लागि सबै सरकारी निकायले आफ्ना कामकारवाही पूर्णरुपमा पारदर्शी तुल्याउनु पर्छ । यसको नियामक निकायको रुपमा रहेको आयोगले यसका लागि खबरदारी गर्नुपर्छ । यसलाई ऐनको दफा ११ मा प्रष्ट भाषामा उल्लेख गरिएको छ । जसअनुसार सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन एक स्वतन्त्र आयोग गठन हुनेछ । यो आयोग २०६५ साल बैशाख २२ गते स्थापना भएको हो ।

सूचनाको हकसम्बन्धी ऐनले ५ प्रकारका सूचना प्रवाहमा बाध्य हुनु नपर्ने व्यवस्था गरेको छ । जसमा, मुलुकको सार्वभौमसत्तामा असर पर्ने, अपराधको अनुसन्धानमै बाधा पर्ने, व्यापारिक गोपनीयतामा आघात पुग्ने, जातीय सद्भाव भड्किने र व्यक्तिगत गोपनीयतामा बाधा पुग्ने विषय छन् । यी विषयवस्तुभित्र पर्ने के-कस्ता सूचना कति अवधिका लागि (अधिकतम् ३० वर्ष) संरक्षण गर्नुपर्छ भनी सूचनाको वर्गीकरण गर्नुपर्छ । यसमा आयोगले विशेष सक्रियता अपनाउनु पर्छ । तर, सरकारको पूर्ण उदाशीनता कारण आयोगको भूमिका पनि ओभ्रेलमा परेको अवस्था छ । ऐन जारी भएपछि लगत्तै सूचना वर्गीकरण भएको थियो । त्यसलाई आयोगले पुनरावलोकन गर्न आदेश दियो । त्यसपछि निर्मित वर्गीकरणलाई सर्वोच्च अदालतले खारेज गरिदियो । हाल यसको गृहकार्य भइरहेको छ ।

सूचनाको हकसम्बन्धी कानूनले आमनागरिकले सूचना माग नगरे पनि सबै सार्वजनिक निकायले ३/३ महिनामा २० बुँदामा स्वतः प्रकाशन जारी गर्नुपर्ने व्यवस्था छ । यसलाई सबै निकायले इमान्दारिताका साथ पालना गरिदिए पनि केही हदमा आमजनता सुसूचित हुने थिए । यसैगरी, कानुनमा सबै निकायले सूचना अधिकारी तोक्नु पर्ने व्यवस्था गरिएको छ । यसरी तोकिएका सूचना अधिकारीलाई कार्यालयले नियमितरुपमा सूचना उपलव्ध गराउनु पर्छ र निज सूचना अधिकारीले पनि सूचना मागकर्तालाई तत्काल सूचना उपलव्ध गराउनु पर्ने व्यवस्था छ । यसरी सार्वजनिक निकायलाई सुम्पिएको कानुनी जिम्मेवारी पूरा नगरेमा आयोगले दण्ड, जरिवाना गर्ने,

पदोन्नति रोक्ने, बजेट निकासा रोक्का राख्नेजस्ता कानुनी हतियार उपलब्ध छन् । तथापी, आयोग यी दुई कुरामा निकै चनाखो हुनुपर्छ । सूचनालाई प्रभावकारीढंगले प्रवाह गर्ने सन्दर्भमा यी दुई आरम्भका खुट्किला हुन् ।

यर्थाथमा, सूचनाको हकसम्बन्धी ऐनले सूचना प्रवाहको जिम्मेवारी सूचना अधिकारी र कार्यालय प्रमुखलाई तोकेको छ । यसर्थ, राजनैतिक नेतृत्व अर्थात् मन्त्रीको कारण सूचना प्रवाह गर्न सकिएन भनी गैरजिम्मेवारीपना प्रदर्शन गर्ने हक कर्मचारीतन्त्रलाई छैन । आयोगले यस कुराको पाठ नेपाल सरकारका मुख्य सचिव र सचिव, प्रदेश सरकारका प्रमुख सचिव र सचिव तथा स्थानीय सरकारका प्रमुख प्रशासकीय अधिकृतलाई पढाउनु पर्छ । यसमा आयोगको कानुनी सरसल्लाह र निर्देशनको पालना नगर्नेलाई नाम नै किटानी गरी सरकारसमक्ष कारवाहीको सिफारिस गर्नुपर्छ र यस्तो निर्णय सार्वजनिक गरी सरकारलाई कार्यान्वयन गर्न बाध्य तुल्याउनु पर्छ भन्ने कुरा समयले बताएको छ ।

राष्ट्रिय सूचना आयोगले सूचनादाताको संरक्षणमा पनि निकै संवेदनशीलता अपनाउनु पर्छ । विशेषगरी, सूचना चुहाएको निहुँमा प्रधानमन्त्री, मन्त्री, प्रधानन्यायाधीश, सभामुख, प्रधानसेनापति, प्रहरी महानिरीक्षकजस्ता उच्च पदाधिकारीले कर्मचारीलाई कारवाही गर्न सक्छन् । यसमा आयोग ती पदाधिकारीसँग जुधी सूचनाको चुहावटमा गरिएको कारवाहीलाई निष्क्रिय तुल्याइदिनुपर्छ । यसबाट सूचना प्रवाहमा उत्सुकता बढ्छ । साथै, यसमा मर्कामा परेका कर्मचारी निसंकोच आयोगमा आउनु पर्छ । आयोगले यस्ता पदाधिकारीलाई संरक्षण दिने कानुनी व्यवस्था प्रष्ट छ । विगतमा आयोगले सूचनादाताको संरक्षण गरेका निर्णयहरु छन् ।

यर्थाथमा, नेपालको संविधानको धारा २७ मा नागरिकको सूचनाको हकको व्यवस्था गरिएको, सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको र नागरिकको सूचनाको हकको संरक्षण सम्वर्द्धन र प्रचलन गर्न राष्ट्रिय सूचना आयोग गठन हुदाँ पनि आमजनताले अपेक्षा गरेको सूचना पाउन नसक्नु निकै संवेदनशील विषय हो । साथै सूचनाको हक नागरिकको मौलिक अधिकार पनि हो । यस्तो विषयलाई हल्कारुपमा लिन लोकतान्त्रिक शासन प्रणालीमा कसैलाई पनि सुहाउँदैन । यसर्थ, यसको एडभोकेसी आयोगले नै गर्ने हो । वास्तवमा लोकतन्त्रमा सूचनाको हकलाई यसको प्राणवायुकारुपमा विश्वव्यापीरुपमा स्वीकार गरिएको छ ।

सूचना मागकर्ताले एउटा पेचिलो प्रश्न हाम्रो अगाडि राख्ने गरेका छन् । जस अनुसार उनीलाई सूचना माग गर्ने वातावरण नै छैन । सूचना माग भइहालेमा अपेक्षित सूचना पाउन कठिन छ । सूचना पाइहालेमा आंशिक प्राप्त हुन्छ । वाध्यतावश उपलब्ध

गराइएमा सो सूचना मागको औचित्यता प्रायः समाप्त भइसकेको हुन्छ । यी कुरामा आयोग निकै सम्वेदनशील र कठोर हुनुको विकल्प छैन । साथै, आमसूचना मागकर्ता पनि एकदुई पटकको हण्डरमै निराश हुन नहुने कुरा पनि अनुभवले बताएको छ ।

राज्यले नागरिकलाई सेवा हासिल गर्न आवश्यक पर्ने सूचना प्रवाह गर्न कुनै कसर बाँकी राख्नु हुँदैन । यो पारदर्शिता र जवाफदेहिताको बृद्धिको औजार हो । यो सुशासन अभिवृद्धि गर्ने माध्यम पनि हो । सार्वजनिक निकायका बजेट र खर्च सार्वजनिकीकरणले पनि धैरै हदसम्म भ्रष्टाचार नियन्त्रणमा सघाउ पुग्छ । नागरिकले माग गरेको सूचना नपाउनु भनेको कानुनको प्रतिबद्धताको कार्यान्वयन कमजोर हुनु हो । प्रक्रियामा ढिला गर्ने र आंशिक सूचना दिने प्रवृत्तिको समूल नष्ट गर्नुपर्छ । सूचना दिने भनेको शक्ति दिनु बराबर हो । यसबाट नागरिक सशक्तीकरणको अभ्यासको थालनी हुन्छ । जुन लोकतान्त्रिक चरित्रको द्योतक हो ।

लोकतन्त्रमा जनता मालिक हुन् । तिनलाई प्रश्न सोध्ने अधिकार छ । तिनले विकृतिविसंगति हटाउन खवरदारी गर्छन् । यसर्थ, सूचना प्रवाहमा राजनैतिक नेतृत्वमा प्रतिबद्धता हुनुपर्छ । यसको कार्यान्वयनमा कर्मचारीतन्त्र खरो हुनुपर्छ । आमजनता सूचना माग गर्न उद्यत् रहनु पर्छ । यसमा आयोगले रेफ्रीका रुपमा दण्ड र पुस्कारको नीति अख्तियार गर्नुपर्छ । यथार्थमै, सूचनाको प्रभावकारी कार्यान्वयनबाट मुलुकमा सुशासन कायम गरी भ्रष्टाचार नियन्त्रण गर्न सकिने कुरा विकसित मुलुकहरुको अभ्यासले प्रमाणित गरेको छ ।

हामी राणा शासन र पञ्चायती व्यवस्थाको बन्द शासन प्रणालीबाट निर्देशित छौं । यसका विरुद्ध डट्नै पर्छ । जसका खातिर सार्वजनिक निकायका वेबसाइटहरु सूचनामय हुनुपर्छ । ती सूचनाको नागरिकले उपयोग गर्नुपर्छ । यसको निगरानी आयोगले गर्नुपर्छ । राज्यप्रणालीले प्रवक्ता र सूचना अधिकारीलाई उचितरुपमा परिचालन गर्नुपर्छ । तिनलाई तालिम दिनुपर्छ । ती जनताले माग गरेका सूचना तत्काल दिन सक्षम हुनुपर्छ । कुनै पनि प्रवक्ता वा सूचना अधिकारीलाई सूचना दिँदा रिक्स बढ्छ भन्ने भावना जागृत हुन दिनु हुँदैन । यसले लोकतन्त्रलाई कमजोर तुल्याउँछ । यस कुराको वकालत पनि आयोगले नै गर्नुपर्छ । वास्तवमा सार्वजनिक पदमा रही सूचना प्रवाह गर्नेकै तरक्की भएको सफलताका कथा बाँड्नुपर्छ ।

केही मानिसमा सूचनाको हक भनेको पत्रकारको हक भन्ने भ्रम छ । वास्तवमा प्रत्येक सार्वजनिक निकायको नागरिक बडापत्र अनुसार सेवा प्रवाह भएको छ छैन भनी सोध्ने नागरिकको हक नै सूचनाको हक हो । यसबाट नागरिक लाभान्वित हुन्छन् । साथै, नागरिक र राज्यबीचको दूरीमा पनि कमी आउँछ । यसर्थ, यसलाई उच्च

प्राथमिकतामा राख्नुपर्छ र कार्यालयको अभिलेख प्रणालीमा सुधार गर्नुपर्छ । यसका लागि आयोगले रचनात्मक भूमिका निर्वाह गर्नुपर्छ ।


सन् १७६६ मा स्वीडेनबाट शुरु भएको यस अभियानमा धेरै पापड पेल्ने काम भएको छ । सन् १९४८ मा जारी भएको विश्वव्यापी मानव अधिकार घोषणापत्रमा यसलाई मानव अधिकारको दायराभित्र समेटिएको छ । जसको नेपाल पनि हस्ताक्षरकर्ता मुलुक हो । यसर्थ, माग भएको सूचना दिन नदिने तजविजी अधिकारी स्वयम् प्रधानमन्त्री लगायत कुनै पनि पदाधिकारीलाई नभएको कुरा घामजत्तिकै उज्यालो छ ।

अन्त्यमा, सूचना प्रवाहको अवरोधका रुपमा रहेको माइण्डसेटमा परिवर्तन ल्याउन आयोगले तालिम र अन्तरक्रियाको आयोजना गरिरहनु पर्छ । नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई डिजिटल प्रशासनमा जान उत्प्रेरित गरिरहनुपर्छ । हरेक सार्वजनिक निकायले आमजनताबाट नियमित सोधिने प्रश्न र उत्तर बनाई वेबसाइटमा राख्नुपर्छ । केन्द्र सरकारको हेलो सरकारझैं सबै सार्वजनिक निकायले गुनासो व्यवस्था गर्ने संयन्त्र खडा गर्नुपर्छ ।

सरकारी कर्मचारीको शपथमा रहेको गोपनियता हटाउनुपर्छ । यथाशीघ्र कानुनबमोजिम सूचनाको वर्गीकरण गर्नुपर्छ । सूचनाको हकसम्बन्धी कानुनसँग बाझिएका अन्य कानुनका प्रावधानहरु तत्काल खारेज गर्नुपर्छ । सरकारी लिखत गोपनीयतासम्बन्धी ऐन अविलम्ब खारेज गर्नुपर्छ । कुनै पनि राजनैतिक र प्रशासनिक नेतृत्वले संविधान र कानुनको पालना नहुने कुरै छैन भन्दै सूचना लुकाउँदै गर्न पाइन्न । यो ठूलो नैतिक बेइमानी हो । मुखमा रामराम बगली छुरा भन्ने नेपाली उखानलाई सार्वजनिक पदमा बस्नेले गलत सावित गरिदिनुपर्छ । यस्ता नेता र प्रशासकलाई आयोगले सघाउनु पर्छ । यस विपरीतका नेता र प्रशासकलाई कानुनी वा नैतिक कारवाही गर्न आयोग पछि पर्नु हुँदैन ।

राष्ट्रिय सूचना आयोगलाई आमजनताको पूर्ण सहयोग र साथ छ । यसर्थ, राष्ट्रिय सूचना आयोग सफल हुनु नै जनताको सूचनाको हकको प्रचलनको प्रभावकारिता अभिबृद्धि हुने हुँदा आयोगको सफलताको कामना गर्दछु ।

# सूचनाको हक



**खगराज कट्टेल**
अधिवक्ता, इलाम

प्रत्येक व्यक्ति आफ्नो जीवन विकसित सभ्य मानिस भएर बिताउन चाहन्छ । वर्बर जंगली युगबाट आजको सूचना र प्रविधियुक्त युगसम्म आइपुग्दा हजारौं वर्ष वितेको छ । मानिसले मानव अधिकारको अवधारणा विकास गर्दै आज विकासको हक, स्वच्छ वातावरणको हक तथा सूचनाको हकसम्ममा आइपुगेको अवस्था छ ।

सामान्यतया सूचना भन्नाले कुनै नयाँ कुराको जानकारी ज्ञानेन्द्रीयद्वारा प्राप्त गर्नुलाई बुझिन्छ । सूचनाको हक भन्नाले नागरिकले सार्वजनिक निकायमा रहेको आफ्नो चासोको वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने, प्राप्त गर्ने, अध्ययन गर्ने र सो सूचनालाई उपयोग गर्ने अधिकार भन्ने बुझिन्छ । सूचनालाई विभिन्न दृष्टिकोणबाट हेर्न सकिने भए पनि यस लेखमा नेपालमा सूचनाको हकसम्बन्धी भएको संवैधानिक र कानूनी व्यवस्थाका बारेमा संक्षिप्त रुपमा उल्लेख गरिएको छ ।

सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको तथा आफूसँग सम्बन्धित सूचना माग्ने र पाउने अधिकारको प्रत्याभूति नेपालमा संवैधानिक रुपमा नेपाल अधिराज्यको संविधान २०४७ बाट व्यवस्था गरेको पाइन्छ । जो सार्क मुलुककै पहिलो संवैधानिक व्यवस्था भए पनि भारतमा सन् २००२ मा र पाकिस्तानमा सन् २००५ मा सूचना सम्बन्धी छुट्टै ऐन बनेको पाइन्छ । आफूविरुद्धको कामकारवाहीको बारेमा जानकारी पाएर सो सम्बन्धमा प्रतिवाद गर्न पाउनु पर्छ भन्ने मान्यताबाट प्राकृतिक न्यायको सिद्धान्तको हकको जन्म भएको छ । ऐतिहासिक रुपमा हेर्दा शिकार गर्दा समेत सुतेको मृगलाई मार्न नहुने, युद्धको शंखघोष गरेरमात्र युद्ध थाल्नुपर्ने मान्यता रहेको देखिन्छ । बेलायतमा सन् १२१५ को म्याग्नाकार्टा लागू भएपछि संसारमा कानूनी व्यवस्था लागू भएको मानिन्छ ।

संसारको सूचनासम्बन्धी कानूनी व्यवस्थालाई हेर्दा स्वीडेनमा सन् १७६६ मा पहिलो पटक सूचनाको हकसम्बन्धी ऐन लागू भएको देखिन्छ । लोककल्याणकारी राज्यमा सूचनाको हक लोकतन्त्रको प्राणवायु र सुशासनको 'मास्टर कि' मानिन्छ । सार्वजनिक सरोकार र महत्वको विषयमा जोसुकैले न्यायालयमा जान पाउने नेपालको

संविधानको धारा १३३ र १४४ मा गरिएको छ । जसको प्रयोग र प्रचलनमा आएको पाइन्छ । सर्वोच्च अदालतबाट सूचनाको हकको सम्बन्धमा धेरै व्याख्या भएको पाइन्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६ मा "प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै विषयको सूचना माग्ने र पाउने हक हुनेछ" भन्ने व्यवस्था गरिएको थियो । त्यसैगरी नेपालको अन्तरिम संविधान २०६३ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भन्ने उल्लेख भएको पाइन्छ भने पछिल्लो नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ ।

सो संवैधानिक व्यवस्थालाई हेर्दा सूचना माग्ने र प्राप्त गर्ने अधिकारको मात्र उल्लेख गरिएको छ तर सूचनाको हकको सिद्धान्त भनेको कुनै सार्वजनिक निकायमा रहेको आफ्नो विषयको वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने, प्राप्त गर्ने, अध्ययन गर्ने र त्यसको उपयोग गर्ने अधिकार रहन्छ । यसरी नेपाल अधिराज्यको संविधान २०४७ सालबाट सूचनाको हकलाई संवैधानिक रुपमा मौलिक हकको रुपमा उल्लेख गरिएको भए पनि यसको कार्यान्वयन भने सूचनाको हकसम्बन्धी ऐन २०६४ आएपछि मात्र सुरु भएको पाइन्छ । उक्त ऐनको दफा ११ बमोजिम राष्ट्रिय सूचना आयोगको गठन भएपछि सो आयोगमार्फत् जनताले अनुभूति गर्ने गरी तथा सार्वजनिक निकायबाट सूचना प्रदान गराउने तथा सूचना नदिने सार्वजनिक निकायको पदाधिकारीलाई कारवाही गर्न थालिएको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ ले सार्वजनिक निकायमा रहेको सार्वजनिक सरोकार वा महत्वको विषयको सूचना प्राप्त गर्ने अधिकार नागरिकलाई दिएको छ । सूचनाको हकसम्बन्धी ऐन २०६४ ले गरेको मुख्यमुख्य व्यवस्था यस प्रकार रहेका छन् ।

क. ऐनको दफा २ (क) मा ९ वटा सार्वजनिक निकायको परिभाषा गरिएको छ । जस अनुसार संविधान अन्तर्गतका निकाय, ऐनद्वारा स्थापित निकाय, नेपाल सरकारद्वारा गठित निकाय, कानूनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक संगठित संस्था वा प्रतिष्ठान, प्रचलित कानूनबमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठन, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था, नेपाल सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नेपाल सरकार वा विदेशी राष्ट्र अन्तर्राष्ट्रिय संघसंस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरु, नेपाल सरकारले

नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था । यस परिभाषालाई नियाल्दा सार्वजनिक निकायलाई ब्यापक रुपमा परिभाषित गरिएको छ । तर सर्वसाधारणलाई कानूनको जानकारी छैन । सर्वसाधारणको पँहुच सार्वजनिक निकायमा पुग्न सकेको छैन । फेरि विभिन्न बहानामा सूचना प्राप्त हुँदैन त्यसको उजुरी गर्ने र पुनरावेदन गर्ने प्रक्रिया पनि सरल छैन ।

ख. ऐनको दफा २ ख ले सूचनाको परिभाषा गरेको छ। जस अनुसार “सूचना भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारवाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत सामग्री वा जानकारी सम्झनु पर्छ” भनिएको छ। उक्त सूचना जे-जस्तो अवस्थामा छ सोही अवस्थामा उपलब्ध गराउनु पर्ने र कुनै कारणले कानून बमोजिम उपलब्ध गराउन नमिल्ने भए सोको जानकारी गराउनु पर्नेजस्ता प्रावधान ऐनमा गरिएको छ। यसरी हेर्दा ऐन धेरै हदसम्म उदार रहेको देखिन्छ। तापनि कार्यान्वयनको पाटो भने प्रभावकारी देखिंदैन ।

ग. ऐनको दफा २ ङ मा “सूचनाको हक भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्न पाउने अधिकार सम्झनु पर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत सामग्री वा सो निकायको कामकारवाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपी प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत् प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ” भन्ने व्यवस्था गरी पछिल्लो प्रविधिलाई समेत समेट्ने प्रयास गरेको पाइन्छ ।

घ. सूचनाको हकलाई निर्वाध रुपमा प्रयोग गर्न भने सकिने छैन । यसका केही अपवादलाई समेत ऐनले समेटेको देखिन्छ। सार्वजनिक निकायमा रहेको सूचना, जसबाट नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा खलल पार्ने, अपराधको अनुसन्धान तहकिकात वा अभियोजनमा प्रत्यक्ष असर गर्ने, आर्थिक व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ वा व्यापारिक गोपनियतामा गम्भीर आघात पार्ने, विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्षरुपमा खलल पार्ने, व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने कुराको सूचना दिनु पर्ने छैन भन्ने व्यवस्था गरिएको

छ । सार्वजनिक निकायले यो अपवादको व्यवस्थालाई टेकेर, बहाना बनाएर सूचना नदिने गरेका छन् । कार्यालयमा सकेसम्म सूचना अधिकारी नहुने, सूचना दिन मिल्ने वा नमिल्ने भनेर किटान नगर्ने र लिखित रुपमा नदिने, 'हाकिम साहेवलाई सोध्नुपर्छ' भन्ने, 'हाकिम साहेवले दिनु हुँदैन भन्नु भएको छ' भन्नेजस्ता गैरजिम्मेवार कुरा गर्ने तथा लाचारी व्यक्त गर्ने गरेको पाइन्छ। हालसम्म पनि दिन मिल्ने र दिन नमिल्ने सूचनाको स्पष्ट मापदण्ड तोकी दिन मिल्ने सूचना र दिन नमिल्ने सूचनाको वर्गीकरण गरिएको छैन । फलस्वरुप सूचना माग्ने र दिने दुवै पक्ष अन्योलमा रहेको अवस्था छ। अपवादको व्यवस्थालाई आधार मानेर नागरिको सूचनाको हकलाई कुण्ठित गरिएको पाइन्छ ।

ङ. सूचना दिनुपर्ने व्यक्तिले सूचना नदिएमा, लुकाएमा वा गलत सूचना दिएमा निजलाई जरिवानासमेत गरी सूचना नदिने व्यक्तिलाई जरिवाना गरी सूचना नदिएको कारणबाट कुनै किसिमको क्षति भएको रहेछ भने सोको क्षतिपूर्ति दिनु पर्नेसमेतको व्यवस्था गरिएको छ। तर त्यसको कार्यान्वयन पक्ष अत्यन्तै कमजोर रहेको पाइन्छ। कानून कार्यान्वयन भएन भने त्यसको महत्व रहँदैन। राष्ट्रिय सूचना आयोगले विभिन्न विज्ञापन, प्रकाशन, विभिन्न तालिमको व्यवस्था गरी सूचनाद्वारा नागरिकमा चेतना जगाउने प्रयास गरेको पाइन्छ। तर पर्याप्त र प्रभावकारी भएको देखिंदैन । धेरै नागरिकहरुलाई सूचनाको हकको बारेमा जानकारी छैन । नेपालीको जीवनस्तर कमजोर भएको, शिक्षाको कमीका कारणले नागरिक आफ्नै समस्यामा रुमल्लिएर बसेको अवस्था छ । सार्वजनिक महत्वको कुरामा जनताको ध्यान जान सकेको छैन । सरकारी पक्ष तथा सार्वजनिक निकायले केवल देखाउनको लागि मात्र नागरिक बडापत्र राख्ने गरेको पाइन्छ । नागरिक बडापत्रमा लेखिएबमोजिम काम भएको पाइँदैन । बडापत्रमा के-कसरी ? कस्तो सेवा प्रवाह गर्ने ? भन्ने प्रष्ट रुपमा उल्लेख भएको पाइँदैन ।

सूचनाको हक संविधान तथा कानूनमा उल्लेख गरेर मात्र हुँदैन जनताले त्यसलाई अनुभूत गर्न सक्नु पर्छ । सार्वजनिक सूचनामाथि नागरिकको पँहुच सुलभ र सरल हुनुपर्छ । सार्वजनिक निकायले सूचना नदिएको अवस्थामा सम्बन्धित सार्वजनिक निकायको प्रमुख, त्यसपछि राष्ट्रिय सूचना आयोग हुँदै उच्च अदालतमा जानु पर्ने जुन प्रावधान छ, सो व्यावहारिक देखिंदैन । सबैजसो विकास-निर्माणका कामकारवाही पारदर्शी भएको देखिंदैन । सूचना गोप्य राख्न पाउने अपवादको व्यवस्थालाई आधार बनाएर सूचना नदिने, विभिन्न बहाना बनाएर भ्कारा टार्ने गरिन्छ । सार्वजनिक निकायमा सूचना अधिकारी नबस्ने, सूचना अधिकारी नाममात्रको हुने, सूचनाको

बारेमा सूचना अधिकारीलाई पनि थाहा नहुने, दिन मिल्ने र नमिल्ने सूचनाको वर्गीकरण नगर्ने, यो यस कारणले सूचना दिन मिल्दैन भनेर लिखित रुपमा जानकारी नगराउने, सूचना प्राप्त गरेर अदालतमा मुद्दामा जान्छ कि भनेर डरत्रास मान्नेजस्ता समस्याहरु सार्वजनिक निकायमा रहेको पाइन्छ ।

सूचनाको हकसम्बन्धमा संविधान तथा कानूनमा गरिएको व्यवस्था र सूचनाको हकसम्बन्धी भएको संविधान तथा कानूनी व्यवस्थालाई कसरी कार्यान्वयन गरिएको छ भन्ने कुरालाई हेरेर मुलुकको शासन व्यवस्था, लोकतन्त्र र सुशासनको मापन गर्न सकिन्छ । सभ्य समाज निर्माण गर्नलाई नागरिकको चेतनाको स्तर, नागरिकलाई संविधानले दिएका हक अधिकारसँग सम्बन्धित कानून निर्माण गरी कार्यान्वयन गर्नुपर्ने दायित्व राज्यको हुन्छ । एकातिर संविधानमा नेपाली जनतालाई राज्यशक्तिको स्रोतका रुपमा स्वीकार गरी नेपालको सार्वभौसत्ता र राजकीय शक्ति नेपाली जनतामा निहित रहेको कुरालाई स्वीकार गरिएको छ । तर यसको प्रयोग हिजैदेखि राज्यको तरमार्न पल्केका सीमित व्यक्तिले दुरुपयोग गरेको पाइन्छ । सम्पूर्ण नागरिकको पँहुचमा सूचना देखिंदैन । जनताको विश्वास सार्वजनिक निकायले लिन सकेको देखिंदैन ।

कतिपय देशहरुले समाज व्यवहारमा लागू गर्दै सूचनाको हकसम्बन्धी ऐन निर्माण गरी त्यसको व्यावहारिक प्रयोग र कार्यान्वयनमा परिपक्वता आउँदै गएपछि संविधानमा व्यवस्था गरेको पाइन्छ भने नेपालको सन्दर्भमा नेपाल अधिराज्यको संविधान २०४७ ले सूचनाको हकलाई संवैधानिक रुपमा स्वीकार गरेको भए पनि संविधानमा सूचनाको हकको व्यवस्था गरेको धेरैपछि मात्र सूचनाको हकसम्बन्धी ऐन २०६४ तथा नियमावली २०६५ आएको अवस्था छ । त्यसपछि मात्र कानूनी रुपमा सूचनाको हक कार्यान्वयनमा आएको पाइन्छ । टनकपुर बाँधसम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट सार्वजनिक महत्वको कुरामा जोसुकैले अदालतमा उजुरी गर्न सक्ने र जानकारी पाउने कुरालाई स्वीकार गरी ऐतिहासिक फैसला गरेको पाइन्छ । सो फैसलाबाट सार्वजनिक सरोकारको विषयमा नागरिकको चासो बढेको पाइन्छ । पछिल्लो समयमा नागरिकमा सूचनाको हकसम्बन्धी चेतनामा बृद्धि भएको पाइन्छ । अहिलेको सूचना प्रविधिको भरपुर प्रयोग गर्ने समाजमा हरेक नयाँ कुराको खोजी र जानकारी लिनु स्वाभाविक हुन्छ । तर सूचनाको हकसम्बन्धी जानकारी लिन र पाउन सहज छैन । कानून कार्यान्वयन सहजरुपमा हुन सकेको छैन । क्रमशः सूचनाको हकमा नागरिकको पहुँच पुग्दै जाने कुराको आशा र अपेक्षा गरौं ।

# सूचनाको हक कार्यान्वयनमा पत्रकारको भूमिका



**गोविन्द आचार्य**
पूर्व सभापति, नेपाल पत्रकार महासंघ

नागरिकले सार्वजनिक निकायमा रहेका सूचना तथा जानकारी माग्ने, प्राप्त गर्ने र सार्वजनिक गर्न पाउने संवैधानिक अधिकारका रुपमा स्थापित सूचनाको हकसम्बन्धी कानुन कार्यान्वयनले देशमा सुशासन र पारदर्शिता कायम भई जवाफदेहिता बढाउँछ। यस हकले नागरिकलाई सरकारी, अर्द्धसरकारी, गैरसरकारी तथा राजनीतिक दलहरूसँग उनीहरूका कर्मचारी, कार्यविवरण, कार्यालयको बजेट, निर्णय प्रक्रिया, प्रदान गर्ने सेवालगायतका सबै प्रकारका सूचना तथा जानकारी माग्ने र प्राप्त गर्ने अधिकार प्रदान गर्दछ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को व्यवस्था अनुसार हरेक नेपाली नागरिकलाई कुनै पनि सार्वजनिक निर्माण कार्य भइरहेको स्थानको भ्रमण, अनुगमन तथा निर्माण सामग्रीको नमुना लिन सक्ने तथा कुनै किसिमको यन्त्रमा राखिएको सूचना छ भने पनि त्यस्तो यन्त्रमार्फत् प्राप्त गर्ने अधिकारसमेत दिएको छ। ऐनले सार्वजनिक निकायले नागरिकले माग नगरेको अवस्थामा पनि आफ्नो कार्यालयसँग सम्बन्धित प्रमुख सूचना तथा जानकारी नियमित रूपमा सार्वजनिक गर्नँपर्ने बाध्यकारी व्यवस्थासमेत गरेको छ।

सूचनाको हक नागरिकले आफ्नो व्यक्तिगत हित तथा सार्वजनिक हित दुवैका लागि प्रयोग गर्न सक्छन्। जस्तोः आफ्नो अधिकारको स्थापना गराउन, पाउनुपर्ने सेवा सुविधा लिन तथा त्यसबारे उचित समयमा थाहा पाउन, सेवा प्रदायकलाई सही तथा समयमा सेवा प्रदान गर्न दबाव दिन यसको प्रयोग हुन सक्दछ। सार्वजनिक हितको सन्दर्भ, विकास बजेट र विकासको अनुगमन, सेवा प्रवाहमा सुधारका लागि सूचना माग गर्ने तथा त्यसको मूल्याङ्कन गरी पूर्व तय गरे अनुसार कार्य भए-नभएको अध्ययन अनुगमन गरी सम्बन्धित निकायलाई जिम्मेवार बनाउन सकिन्छ। सूचनाको हक प्रयोग गरेर कुनै पनि सार्वजनिक निर्माणस्थलमा प्रयोग गरिएका सामग्रीको नमूना लिने तथा गुणस्तर मापन गर्ने कार्य पनि गर्न सकिन्छ।

यसरी सूचनाको हकसम्बन्धी कानुनले नागरिकलाई सरकारसहित अरू शक्तिशाली निकायमा रहेका आफ्नो व्यक्तिगत वा सार्वजनिक सरोकारका सूचनामा पहुँचको अधिकार दिएको छ । राज्य र अन्य सार्वजनिक निकायको गतिविधि थाहा पाउने र संस्थाहरूभित्र हुने अनियमितता, भ्रष्टाचारको जानकारी सार्वजनिक गर्ने अधिकार दिएको छ । संसद अथवा कानुन बनाउने, सरकार चलाउने र न्याय दिने निकायले के गरिरहेका छन् ? त्यहाँ के भइरहको छ भनी हेर्ने, सुन्ने र जान्ने अधिकारसमेत यो ऐनले दिएको छ । यसरी सूचनाको हकले नागरिकलाई आर्थिक, वातावरणीय, स्वास्थ्य र औषधी, व्यक्तिगत र सामाजिक सुरक्षा इत्यादि जनसरोकारका सबै विषयमा थाहा पाउने र थाहा पाएका विषय सार्वजनिकसमेत गर्न सक्ने अधिकार दिएको छ ।

सूचनाको हकसम्बन्धी अधिकार आमनागरिकको अधिकार हो । यसमा पत्रकार वा अन्य विशेष पेशा र व्यवसायका मान्छेका लागि भनेर कुनै विशेष व्यवस्था छैन । त्यसैले पत्रकार वा अन्य पेशाका व्यक्तिले पनि नागरिकका रुपमा यो अधिकारको प्रयोग गर्न सक्छन् । सञ्चारमाध्यम नागरिकले सूचना प्राप्त गर्ने सबैभन्दा भरपर्दो र सजिलो माध्यम भएकाले ती माध्यममार्फत् नागरिकले नियमितरुपमा सार्वजनिक निकायका नयाँ र ताजा जानकारी वा सूचना पाइरहेका हुन्छन् । सञ्चारमाध्यमको उद्देश्य आमजनतालाई सत्य, तथ्य र ताजा सूचना तथा जानकारी दिनु एवम् नागरिकका आवाज प्रवाह गर्नु भएकाले सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनमा सञ्चारमाध्यम र पत्रकारहरुको मुख्य भूमिका रहन्छ । त्यसैगरी पत्रकार नागरिक अगुवा भएकाले उसले यो अधिकारको प्रयोगमार्फत् सार्वजनिक महत्वका महत्वपूर्ण सूचना प्राप्त गर्ने तथा नागरिकसम्म प्रवाह गर्ने कार्य गर्न सक्दछ ।

नेपालको सन्दर्भमा सूचनाको हकको वकालत गर्ने प्रक्रियामा पत्रकारहरु खासगरी नेपाल पत्रकार महासंघको ठूलो भूमिका रह्यो । महासंघले ०५६ सालमा ऐनको मस्यौदा नै बनाएर सरकारलाई बुझाउनुका साथै ऐन निर्माणका लागि निरन्तर दबाव दियो । २०६४ सालको अन्तरिम संसदमा सरकारका तर्फबाट तत्कालीन सञ्चार मन्त्री कृष्णबहादुर महराको प्रस्तावमा सूचनाको हकसम्बन्धी विधेयक पारित भएयताको अवधिमा पनि नेपाल पत्रकार महासंघ र पत्रकारिता क्षेत्रले ऐन कार्यान्वयनका पक्षमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

सञ्चारमाध्यम र पत्रकारहरु सधैं समाजप्रति उत्तरदायी हुने भएकाले सञ्चारमाध्यमले नागरिक र सार्वजनिक निकायबीच पुलको काम गरिरहेको हुन्छ । सार्वजनिक निकायका गतिविधि नागरिकले थाहा पाउने सबैभन्दा सजिलो माध्यम सञ्चारमाध्यम नै हुन् । यसरी सूचनाको हकसम्बन्धी कानुनले सरकार र सार्वजनिक निकायहरु कसरी काम

गरिरहेका छन् भन्ने बारेमा नागरिकलाई जान्न पाउने हक दिलाउँछ । मिडियाले पनि सरकार र सार्वजनिक निकायका निर्णय र कामकारवाहीबारे जनतालाई जानकारी दिइरहेको हुन्छ । अर्थात\ दुवैको उद्देश्य एउटै छ । मिडियाले सरकारलाई जनताप्रति उत्तरदायी बनाउन सूचना र विचार प्रवाहमार्फत् काम गरिरहेका हुन्छन् । जब कि सूचनाको हकको कानुनले जनतालाई सरकारसँग हिसाबकिताब माग, उसका कामकारवाहीबारे सूचना माग भनेर उपाय सिकाउँछ । बाटो फरक भए पनि दुवैको उद्देश्य एउटै हो ।

पत्रकार र सञ्चारमाध्यमका लागि लागू हुने गरी प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचारसंहितामा सूचनाको हक कार्यान्वयनको पक्षमा लाग्नु सञ्चारमाध्यम र पत्रकारको दायित्व हुने उल्लेख गरिएको छ । पत्रकार आचारसंहिता, २०६० (संशोधित तथा परिमार्जित २०६४) को दफा ३ को पत्रकार र सञ्चारमाध्यमले निर्वाह गर्नुपर्ने कर्तव्यअन्तर्गत उपदफा ३ मा "सूचनाको हकको रक्षा र प्रचलन गराउन पत्रकार र सञ्चारमाध्यम सदैव क्रियाशील र समर्पित रहनुपर्ने" व्यवस्था गरिएको छ । यो व्यवस्थाले सूचनाको हक कार्यान्वयनका लागि सञ्चारमाध्यमको भूमिका कति धेरै रहन्छ भन्ने स्वतः स्पष्ट हुन्छ ।

पत्रकार र सञ्चारमाध्यमले सूचनाको हक कार्यान्वयनका लागि प्रभावकारीरुपमा वकालत गर्ने काम गर्छन् । ऐनबारे जानकारी दिने, प्रयोगको बाटो देखाउने, प्रचारप्रसार, सञ्चार सामग्री प्रवाह एवम् प्रत्यक्ष वकालत र अभियान चलाउन सक्छन् । पत्रकार आफैले सूचना मागेर खोजी समाचार सामग्रीमा प्रयोग गर्न सक्छन् । नागरिकले सूचनाको हकको प्रयोग गरेर प्राप्त गरेका सफलताका कथा तथा उपलब्धी प्रवाह गर्न सक्छन् ।

सूचनाको हकसम्बन्धी ऐनका आधारमा पत्रकारले विशेष समाचार भेट्टाउन सक्छन् । यसले पत्रकारलाई नयाँ भूमिका, आधार र अवसर प्रदान गर्छ । समाचारको पुरानो परिभाषा थियो, "कुकुरले मान्छेलाई टोक्दा समाचार बन्दैन तर मान्छेले कुकुरलाई टोक्दा समाचार बन्छ" । यो भनाइले नकारात्मक विषय मात्रै समाचार बनाउनु पर्छ भन्ने सन्देश दिन्छ । तर, आज समाचारको परिभाषा बदलिएको छ । जस्तो अहिलेको प्रचलित परिभाषा छ : "जुन कुरा लुकाउन खोजिन्छ त्यो समाचार हो, अरू सबै विज्ञापन" । सूचनाको हकसम्बन्धी कानुनले लुकाउन खोजेको कुरालाई पत्ता लगाउन सघाउँछ । कुनै विषयमा सूचना दिन कसैले इन्कार गर्‍यो वा अधुरो सूचना दियो भने पत्रकारले कहाँ गडबडी छ भन्ने अनुमान लगाउन सक्छन् । अर्थात् यसले समाचारको 'क्लू' दिन्छ । सूचनाको हकले सबै सरकारी निकायमा भएका र प्रेसलाई

चाहिने सही र यथेष्ठ सूचना प्रवाह गर्न वा उपलब्ध गराउन बाध्य पार्छ । कतिपय पत्रकारहरू सूचनाको हक प्रयोग गर्दा धेरै समय लाग्ने, दैनिक समाचार सङ्कलन र प्रवाहमा यसको प्रयोग उपयोगी हुन नसक्ने बताउने गर्दछन् । तर, सूचनाको हक पत्रकारिताको एक महत्वपूर्ण औजार हो । यो ऐनको प्रयोग गरेर खोजमूलक समाचार तयार पार्न थालियो भने पत्रकारलाई व्यक्तिगत सम्बन्धको आधारमा समाचार प्राप्त गर्नुपर्ने बाध्यता समाप्त पारिदिन्छ । सूचनाको नयाँ र भरपर्दो स्रोतका लागि आधार प्रदान गर्छ ।

हाम्रो नेपालको सन्दर्भमा चर्चा गर्ने हो भने पत्रकारलाई जहिले पनि सूचनाको खाँचो हुन्छ । सूचनाको प्रमुख स्रोत सरकार हो । सरकारी निकायबाट सूचना पाउन जहाँ पनि सँधै समस्या रहेको हुन्छ । कतैबाट सूचना प्राप्त भए पनि त्यसलाई उपयोग गर्न सकिने गरी वा समाचार बनाउन मिल्ने गरी पूर्ण सूचना प्राप्त हुँदैन । यस्तो अवस्थामा पत्रकारले एउटै निकाय वा एउटा मात्र सूचनामा भर नपरी विभिन्न निकायबाट सूचना प्राप्त गर्ने, प्राप्त सूचनाको सत्यता विभिन्न निकायबाट परीक्षण गर्ने काम यो ऐनको प्रयोगबाट गर्न सक्छन् ।

पत्रकार वा प्रेसले सार्वजनिक निकायसँग सूचना माग्नु भनेको आफ्नो लागि नभएर आफ्ना पाठक, स्रोता र दर्शकका लागि हो । पत्रकारहरूले जनताका प्रतिनिधि भएर यो अधिकार मागेका हुन् । तर मिडियाले आफ्ना उपभोक्तालाई दिने सूचना र आमउपभोक्तालाई चाहिने सूचनाबीच धेरै भिन्नता हुन सक्छ । यसतर्फ पत्रकारहरु सचेत हुनु पर्दछ । प्रेस आमसञ्चार भएको हुनाले त्यसलाई व्यक्तिगत वा थोरै व्यक्ति प्रभावित हुने सूचना त्यति उपयोगी हुँदैन । त्यसैले सबै सूचना समाचार बन्दैनन् । समाचारका लागि आममानिसको चासो भएका ताजा र नयाँ विषय हुन जरुरी हुन्छ ।

सत्य, तथ्य र जनपक्षीय सूचना प्रवाह गर्ने सर्न्दभमा मिडियाका पनि केही समस्या देखिन्छन् । खासगरी मिडियाले आममानिसको समस्या र रुचिलाईभन्दा शक्तिमा भएका मानिसहरूका कुरामा बढी ध्यान दिने गरेको आरोप बेलाबेला लाग्ने गर्दछ । यो आरोप पूरै असत्य हो भनेर नकार्न सकिंदैन । किन कि मिडियाको स्वभाव नै पावरसँग रमाउनु हो । त्यो पावर (शक्ति) राजनीतिकमात्रै नभएर आर्थिक तथा सामाजिक पनि हुन सक्छ । यसैगरी गाउँका र विपन्नका बारेमाभन्दा शहरका र धनीमानीकै विषयमा मिडियाको बढी चासो हुने गरेको छ । यस्तै मिडिया सञ्चालकको स्वार्थविरुद्ध त्यहाँ काम गर्ने श्रमजीवी पत्रकार जान सक्दैनन् । श्रमजीवी पत्रकारले लेखेका समाचार पनि फेरबदल हुने वा रद्दीको टोकरीमा फालिने गरेका कयौं उदाहरण छन् ।

अहिले मिडियाको व्यापारीकरण पनि अर्को समस्या बनेको छ । सञ्चार ठूलो

व्यापारको बस्तु बनेको छ । विश्वको मिडिया बजार व्यापक रूपमा सीमित सङ्ख्याका ठूला व्यापारिक संस्थाको नियन्त्रणमा छ । ती संस्था विभिन्न उद्योग, व्यापार, व्यवसाय र कारोबार गर्ने संस्था मिलेर बनेका छन् । यसले सूचनाको प्रवाहको विविधता र स्वनिर्भरतालाई खतरामा पार्दछ । मिडिया स्वार्थका कारण कतिपय मिडियाले दिन नसकेका सामग्री नागरिक स्वयम्ले विभिन्न माध्यम, जस्तो- सामाजिक सञ्जालमार्फत् पनि प्रवाह गरिरहेका हुन सक्छन् ।

विभिन्न चुनौतिका बीचमा पनि खोजी समाचार तयार पार्ने पत्रकारले सूचनाको हकको प्रयोग गरेर राम्रो समाचार सामग्री तयार पार्न सक्दछन् । पत्रकारले सूचनाको हक प्रयोग गर्दा सकेसम्म पत्रकारकै रुपमा आफूले सार्वजनिक चासोको विषय भएकाले समाचार लेख्ने प्रयोजनका लागि सूचना प्राप्त गर्न खोज्नु पर्दछ । नसकेको अवस्थामा मात्रै नागरिक मात्र भनेर यो कानुन प्रयोग गर्नु उपयुक्त हुन्छ । यो कानुनको प्रयोग मुख्य सूचनाका लागि मात्रै गर्न सकिन्छ ता कि यसरी प्राप्त गरेको सूचनाका आधारमा चाँडो खोजमूलक समाचार बाहिर ल्याउन सकियोस् ।

निवेदन दिएर मागेको सूचना प्राप्त गर्न लामो समय लाग्न सक्ने भएकाले समाचारका लागि पनि लामै तयारी गर्नुपर्ने हुन सक्छ । पत्रकारिताको लामो अभ्यास गरेका र सूचनाको हकसम्बन्धी कानुनको प्रयोग गरेका मुलुकको अनुभवले सूचनाको हकसम्बन्धी कानुनको प्रयोग धेरैजसो 'एक्टिभिस्ट'हरुले गरेका छन् भने पत्रकारले त्यसलाई उपयोग मात्र गरेका छन् । नेपालमा अझैसम्म पनि 'न प्रयोग, न उपयोग' को अवस्था छ ।


नेपालका केही पत्रकारले यस ऐनको प्रयोग गरेर समाचार लेख्न थाले पनि आमपत्रकारले यसको प्रयोग गर्ने गरेका छैनन् । नेपालमा यसको त्यति प्रयोग नभए पनि विश्वभरि नै पत्रकारहरुले यो ऐनको प्रयोग गरेर समाचार लेख्ने क्रम भने बढ्दो छ । यूरोप, अमेरिका, बेलायत, भारत र अफ्रिकाका केही देशमासमेत यसको प्रयोग बढ्दो छ । सन् २००० मा फिलिपिनी राष्ट्रपति जोसेफ एस्टाडाको सम्पत्तिसम्बन्धी खोजी समाचारकै कारण उनलाई भ्रष्टाचार गरेकोमा महाभियोग लगाएर हटाइयो ।

बेलायतमा सूचनाको हक प्रयोग गरेर पत्रकारहरुले हतियारको व्यापार, अस्पतालका गल्तीहरूले गर्दा भएका मृत्यु, बन्दुक र छुरी प्रयोग गरी भएका अपराध, सरकारी कम्प्युटर प्रणालीको असफलता, सरकारले तिरेको अत्यधिक परामर्श शुल्क लगायतका विषयमा सनसनीपूर्ण समाचार सामग्री प्रवाह गरेका थिए । पत्रकारले सूचनाको हकको अत्याधिक प्रयोग गरेपछि सरकारी पक्षले पत्रकारलाई सूचनाको हकमा पहुँच दिन नहुने बहससमेत गर्न थालियो । बेलायतको सरकारले सूचना कानुनको मिडियामा

प्रयोगलाई घटाउन प्रस्ताव नै राख्यो । यसैगरी अमेरिकामा सूचनाको हक प्रयोग गरेर पत्रकारहरुले गैरकानुनी थुना र व्यक्तिगत जासुसी, वातावरणीय समस्याका गम्भीर विषयलाई सार्वजनिक गराइदिए ।

पछिल्लो चरणमा यो कानुनको प्रयोग पत्रकारले गरे भनेर कतिपय देशमा पत्रकारले प्रयोग गर्न नपाउने वा महङ्गो शुल्क तोक्नेजस्ता कार्यसमेत हुन थालेका छन् । आयरल्याण्डमा सूचनाको हकसम्बन्धी ऐनमा संशोधन गरी निवेदन र पुनरावेदन दस्तुर तीनगुणासम्म बढाइएको छ । भारतमा सूचनाको हकसम्बन्धी ऐन सन् २००५ मा लागू भएलगत्तै सरकारी निर्णयको प्रक्रियामा गरिने टिप्पणीहरू सार्वजनिक गरिनु हुँदैन भन्ने विषयमा ठूलै विवाद चल्दै आयो, जसलाई गोप्य राख्ने प्रयास अहिले पनि जारी छ ।

# नेपालमा सूचनाको हक : अवस्था, चुनौती र अगाडिको बाटो



**तारानाथ दाहाल**
कार्यकारी निर्देशक,
फ्रिडम फोरम

## विषय सार

नेपालमा सूचनाको हक, कार्यान्वयन र नीतिगत सुधारको दुईवटा मुख्य चुनौतीको बीचबाट गुज्रँदै प्रभावहीन बन्ने खतराउन्मुख भएको छ ।

सूचनाको हकलाई संविधानमा नै मौलिक हकको रुपमा व्यवस्था गर्ने दक्षिण एशियाको पहिलो देश नेपाल हो । सो हकलाई कार्यान्वयनमा ल्याउन भने १७ वर्षसम्म ऐन नबनाएर दक्षिण एशियामा पहिलो कानुन बनाउने देश हुनबाट वञ्चित भएको थियो । कानुन र नीतिहरू बनाउने तर कार्यान्वयनमा शिथिल र कमजोर हुने देशका रुपमा परिचित नेपाल, सूचनाको हकको सन्दर्भमा पनि यही कमजोरीबाट पीडित रहेको छ ।

सन् १९९० को लोकतान्त्रिक जागरणपछि संविधानका तीनवटा नयाँ प्रयोग गरिसकेको नेपालले यसबीचका संविधानका सबै दस्तावेजमा सूचनाको हकलाई ‘ नागरिकको मौलिक हक’ का रुपमा राख्दै आएको छ । संवैधानिक हिसाबमा सबै नागरिकलाई यस हकको प्रत्याभूत होस् भन्नेमा सचेत रहे पनि व्यवहारमा कार्यान्वयनका लागि राजनीतिक तहमा स्पष्ट इच्छाशक्ति र अठोट देखापरेको छैन । त्यसैले सूचनाको हक नेपाली लोकतन्त्रको प्रगतिशील प्रावधानका रुपमा देखाउने/पढाउने विषयमात्रै बनिरहेको छ। नागरिकले यो हकको उपभोग सहज रुपमा गर्न पाएका छैनन । संघर्षकै विषयका रुपमा यो रहेको छ ।

## नेपालमा सूचनाको हक र यसको अवस्था

- नेपालको संविधानको धारा २७ मा सूचनाको हक मौलिक हकको रुपमा उल्लेखित छ । यस अगाडिका संविधानहरु- २०४७ मा धारा १६ मा र अन्तरिम संविधान २०६३ मा धारा २७ मा उल्लेख थियो ।
- आफ्नो सरोकार र सार्वजनिक सरोकारको सूचना (सार्वजनिक निकायमा रहेका) मा नागरिकको सूचना माग्ने र प्राप्त गर्ने संवैधानिक हक नागरिकलाई रहेको छ ।
- कानुनद्वारा गोप्य रहने सूचनामा पहुँच नहुने व्यवस्था गर्न सकिने गरी संविधानले

सीमा तोकेको छ । संविधानको धारा १७ मा विचार तथा अभिव्यक्तिको स्वतन्त्रता उल्लेख भएको र यस अन्तर्गत पनि सूचनामा पहुँचको अधिकार मौलिक हकको रुपमा मान्न सकिन्छ ।

- नेपाल नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय अनुवन्ध (आइसिसिपिआर) को पक्ष राष्ट्र भएकोले सो को धारा १९ मा उल्लेखित प्रावधान नेपालको राष्ट्रिय कानुनसरह मान्य हुने भएकोले सूचनाको हक एक बाध्यात्मक अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।
- सूचनाको हकसम्बन्धी संवैधानिक व्यवस्था कार्यान्वयन गर्न १७ वर्ष लामो संघर्षपछि सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भएको थियो ।
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५ र कार्यान्वयनका क्रममा बनेका विभिन्न निर्देशिकाहरू पनि रहेको छ ।
- संसदप्रति उत्तरदायी हुने गरी तीन सदस्यीय राष्ट्रिय सूचना आयोग वि.सं. २०६५ मा स्थापना भई हालसम्म कानुनी अयाोगका रुपमा सक्रिय रहेको छ ।
- आयोगमा दुई कार्यकालका पदाधिकारीहरूले पदावधि सम्पन्न गरी हाल तेस्रो कार्यअवधिको आयोग क्रियाशील रहेको छ ।
- विगत १३ वर्षमा सूचना आयोगबाट कूल ७ हजार १७७ वटा पुनरावेदनको सुनवाइ भएको छ ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रहने गरी सूचनाको हक सम्बन्धी एक उच्चस्तरीय समन्वय इकाइ रहेको र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत अनुगमन तथा समन्वय इकाइको संरचना सम्बन्धी कानुनी आधारको रुपमा निर्देशिका पनि रहेको छ ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा रहेका प्रगतिशील र उदार आयामहरू हालसम्म यथावत नै रहेको छ ।
- राजनीतिक र नीतिगत तहमा सूचनाको हक नेपाली लोकतन्त्रको एक महत्वपूर्ण आयामका रुपमा स्वीकार गरिएको अवस्था छ ।
- सूचनाको हकसम्बन्धी कानुन कार्यान्वयनका लागि सूचना अधिकारी तोक्ने, स्वतः समयबद्ध सूचना खुलासा गर्ने, सूचना मागको आवेदन सम्बोधन गर्ने कुरामा सार्वजनिक निकायहरू अभ्यस्त हुँदै गएको । तर, अझै यस्ता न्यूनतम व्यवहार पालना गर्न पनि केही समस्या देखिने गरेका छन् ।

- सूचनाको हकसम्बन्धी प्रशिक्षणलाई राज्यका संघीय तहका अधिकांश प्रशिक्षण केन्द्रहरूले आफ्नो पाठ्यक्रममा समावेश गरेका छन् । र, नियमित तालिम कार्यक्रमहरूमा यो विषय समेट्ने गरिएको छ ।
- विद्यालय शिक्षाको पाठ्यक्रममा पनि माध्यामिक तहमा यो विषयलाई समावेश गरी ऐच्छिक विषयको रुपमा अध्यापन गराइने गरेको छ। मौलिक हकको विषय भएकोले सामाजिक अध्ययनका पाठ्यक्रमहरूमा पनि यो विषय समेटिएको देखिन्छ ।
- सूचनाको हकको वकालत गर्न र यस सम्बन्धी अभियानहरू अगाडि बढाउने नागरिक संस्थाहरू पनि बढ्दै गएका छन् ।
- सूचनाको हकको अभियानामा संलग्न नागरिक संस्थाहरूले राष्ट्रियस्तरको महासंघ नै बनाएर नागरिक सञ्जाललाई सुदृढ गरिरहेका छन् भने सुशासन र खुला सरकारका मूल्यहरू प्रबर्द्धन गर्न क्रियाशील नागरिक संघ संस्थाहरूले यस विषयलाई उच्च प्राथमिकतामा नै राखेर क्रियाकलापहरू सञ्चालन गर्दै आएको देखिन्छ ।
- सूचनाको हक प्रबर्द्धन गर्न प्रदेश तह र स्थानीय तहका सरकारहरूले पनि केही सक्रियता दिन थालेका छन् र केहीले तत्सम्बन्धी कानुनी व्यवस्था गर्ने र तालिम कार्यक्रमका लागि बजेटसमेत विनियोजन गर्न थालेको पाइन्छ ।
- सूचनाको हकको विषयमा प्राज्ञिक खोज, अनुसन्धान, अध्यापन र पुस्तकहरू प्रकाशन गर्नेतर्फ पनि केही पहलहरु देखिन्छन् । केही अध्ययन/अनुसन्धानको र अनुगमनका नियमित गतिविधिहरू पाउन सकिन्छ ।
- सूचनाको हकको प्रबर्द्धनमा समर्पित भएर लाग्ने अभियन्ताहरूको सङ्ख्या पनि बढ्दै गएको छ ।
- नागरिकस्तरबाट सार्वजनिक हितका सूचनाहरू माग्ने र ती सूचनाहरू आम नागरिकलाई सुसूचित गर्ने राम्रा पहलहरू सीमित रुपमा भए पनि छन् ।
- सूचनाको हकसम्बन्धी कानुन प्रयोग गरेर खोजी पत्रकारिता गर्ने, जनचासोका विषयमा अदालतमा रिट दायर गर्ने, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दायर गर्ने तथा निर्वाचनका समयमा राजनीतिक प्रतिस्पर्धामा प्रयोग गर्ने जस्ता अभियान र पहलहरू सीमित रुपमा भए पनि छन् ।
- सूचनाको हकको विस्तारको रुपमा खुला तथ्याङ्क (Open Data), खुला संसद, खुला बजेट र खुला सरकार तथा सूचना प्रविधिको रचनात्मक प्रबर्द्धनका विभिन्न अभियान पनि स्थापित र विस्तारित हुँदै गएका छन् ।

- सूचनाको हक प्रबर्द्धन गर्न सेप्टेम्बर २८ लाई सूचनामा सर्वव्यापक पहुँच (International Right to know day/universal access to information) दिवस, भदौ ३ गते राष्ट्रिय सूचना दिवस र सूचना आयोग स्थापना दिवस गरेर वर्षमा तीनवटा समारोहमा विभिन्न कार्यक्रमहरू गरिन्छन् । यस क्षेत्रमा क्रियाशीलहरुलाई प्रोत्साहनपूर्वक पुरस्कार दिने परम्परा पनि सुरु भएको छ ।
- सूचना आयोगले वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ । सो प्रतिवेदनमा आयोगका गतिविधि, सूचना प्राप्त नभएर गरेका उजुरी र पुनरावेदनको विवरण र सूचनाको हक कार्यान्वयनबारे सरकारलाई आयोगका सुझावहरू उल्लेख हुन्छन् । प्रधानमन्त्रीलाई बुझाउने सो प्रतिवेदनबारे संसदमा भने छलफल हुने गरेको छैन । यसका साथै सूचना आयोगले 'आरटिआई अडिट' भनेर संघीय मन्त्रालयहरूको अवस्थाको प्रतिवेदन पनि प्रकाशन गर्ने गरेको छ ।
- सूचनाको हक प्रयोग गरेर सार्वजनिक सेवा प्रवाहमा सुधार र भ्रष्टाचार विरुद्ध प्राप्त सफलता तथा मानवअधिकार सुदृढीकरणमा प्राप्त सफलता बारेका कथाहरूको संग्रहहरु पनि आयोग, फ्रिडम फोरम र सूचनाको हकको लागि नागरिक अभियानद्वारा प्रकाशन भएका छन् । सूचनाको हकबारे जागरण फैलाउने विभिन्न सामाग्रीहरू पनि प्रकाशन छन् । साथै मोबाइल एप्लिकेशन RTI NEPAL पनि सञ्चालनमा छ । तालिम सम्बन्धी स्रोत सामाग्री र मार्गदर्शन पुस्तकहरु पनि विभिन्न संघसंस्थाबाट प्रकाशन र प्रयोग भइरहेको पाइन्छ ।
- सूचनाको हक प्रबर्द्धनसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय र क्षेत्रीय सञ्जाल एवम् फोरमहरुमा नेपालको सहभागिता हुने गरेको छ ।
- सूचनाको हकसँग जोडेर विद्यावारिधि गर्ने अध्येता र खोजकर्ताहरू पनि बढ्दै गएका छन् ।
- जिल्ला हुलाक कार्यालयलाई र प्रमुख जिल्ला अधिकारीलाई विभिन्न विषयमा विभिन्न समयमा आयोगबाट अधिकार प्रत्यायोजन गरेर सूचनाको हक कार्यान्वयनमा परिचालन गर्ने गरिएको पनि छ । तर यस सम्बन्धी स्थानीय संरचनागत प्रबन्ध प्रदेश र स्थानीय तहमा भइसकेको छैन ।
- प्रदेश तहमा र स्थानीय तहमा यस सम्बन्धी ऐन बनाउन प्रयासहरू पनि भइरहेको पाइन्छ ।

**के हुनुपर्थ्यो, तर भएको छैन ?**

- सूचनाको हक प्रयोग गरेर माग गरिएका सूचनाबारे विगत १५ वर्षमा सूचना मागका निवेदनहरूको एकीकृत तथ्याङ्क नेपालमा छैन । विगत १५ वर्षमा कति सूचनाका निवेदन कुनकुन निकायमा परे र कति निवेदन अनुरूप सूचना प्राप्त भयो भन्ने तथ्याङ्कको अभावमा यसबारेको व्यावहारिक कठिनाइको समग्रमा तथ्यगत विश्लेषण गर्न सकिने स्थिति छैन ।
- यसैगरी सूचनाको हक सम्बन्धी ऐनको परिभाषामा समेटिएका 'सार्वजनिक निकाय' भित्र पर्ने निकाय र कार्यालयहरूको यकिन सङ्ख्या पनि छैन । सार्वजनिक निकायको परिभाषामा सरकारी र राज्यका निकाय मात्र नभई अन्य निकायसमेत परेको हुनाले ती सबै निकायमा सूचना अधिकारी तोकिएको/नतोकिएको र आवधिक रुपमा सार्वजनिक गर्नुपर्ने स्वतः खुलासाको प्रचलन भए/नभएको अनुगमन गर्न कठिनाइ परेको देखिन्छ ।
- सम्बन्धित कार्यालयको प्रमुखपछि दोस्रो वा तेस्रो जिम्मेवारीको पदाधिकारीलाई सूचना अधिकारी तोक्ने काम सरकारी निकायहरूमा नै कार्यान्वयन हुन नसकेको मिडिया रिपोर्ट र जनगुनासोहरू आइनै रहेको देखिन्छ। प्रवक्ता र सूचना अधिकारीको दोहोरो प्रचलनले सिर्जना गरेका समस्या पनि बढेको छ । सूचना अधिकारीलाई प्रभावकारी रुपमा कार्य प्रबन्ध गर्न सक्ने अवस्था नभएको आम प्रवृत्ति पनि छ ।
- राष्ट्रिय सूचना आयोगले हरेक वर्ष दिएका सिफारिस र सुझावहरू कार्यान्वयन नभएको एक लामो विवरण नै २०७८ सालको प्रतिवेदनमा प्रकाशन गरेको छ । आयोगको प्रतिवेदन अनुसार सरकारले ती सिफारिसहरू कार्यान्वयन गर्न गर्नुपर्ने नीतिगत पहल र अन्य कदम चाल्न चासो नदिएकोले सूचनाको हक कार्यान्वयनमा अनेक जटिलताहरू बढ्दै गएका छन् । विगतमा आयोगले गरेका तर कार्यान्वयन नभएका सुझावहरू मध्ये २५ वटा शीर्षकमा प्रतिवेदनले समेटेको छ । जसमा संविधान, ऐन, नियममा सुधारदेखि शासकीय प्रचलन र प्रणालीभित्र गरिनुपर्ने सुधारका विभिन्न पक्षहरू समेटिएका छन् । सूचनाको हक कार्यान्वयनमा सुधार ल्याउन आयोगले २५ बुँदामा लिपिबद्ध गरेको सो सुझावहरूको संग्रह वास्तवमा नै कार्यान्वयन हुनैपर्ने एजेण्डाहरू हुन् ।

**सूचना अयोगले प्रतिवेदनहरुबाट दिइएको तर कार्यान्वयन नभएका सुझावहरु**

| | |
|---|---|
| - सरकारको समन्वय र अनुगमन संयन्त्रको सक्रियता<br>- सूचना अधिकारी, सूचना शाखा र बजेटको व्यवस्था<br>- सिंहदरबारमा प्रवेश सहज सूचना डेस्क<br>- सूचनाको वर्गीकरण व्यवस्था कार्यान्वयन<br>- सूचनादाताको संरक्षण सम्बन्धी कानुनी व्यवस्था<br>- सूचनाको प्रवाहरुमा विविध भाषाको प्रयोग<br>- आयोगको फैसला कार्यान्वयन नगर्ने पदाधिकारी र कर्मचारीको बढुवा, सरुवा नियुक्तीमा सो लाई मूल्याङ्कनको आधार बनाउने<br>- सूचना आयोगको वार्षिक प्रतिवेदनमाथि संसदीय समितिमा छलफल गर्ने<br>- गोपनीयता सम्बन्धी कानुनलाई सूचनाको हकसम्बन्धी कानुन अनुसार संशोधन गर्ने<br>- सूचना माग र स्वतः प्रकाशनको अभिलेख अध्यावधिक गर्ने र प्रकाशन गर्ने<br>- आयोगको प्रदेशहरूमा सम्पर्क कार्यालय स्थापना गर्ने<br>- आयोगलाई पर्याप्त र दक्ष कर्मचारीको व्यवस्थापनमा सरकारले सहयोग गर्नुपर्ने | - संविधानको धारा २७ मा सामयिक परिमार्जन सुधार गर्ने<br>- सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा रहेका आठवटा विषयवस्तुमाथि संशोधन गर्नुपर्ने,<br>- सूचनाको हक सम्बन्धी नियमावली, २०६५ मा स्वतः प्रकाशन साथै मौखिक र विद्युतीय सूचना व्यवस्था सम्बन्धी प्रावधानमा संशोधन गर्नुपर्ने,<br>- सूचनाको हक सम्बन्धी विषयलाई विश्वविद्यालय र स्कूलको पाठ्यक्रममा समावेश गर्ने,<br>- पारदर्शिताको सपथको व्यवस्था गर्ने,<br>- आयोगको कानुनी प्रतिरक्षाका लागि महान्यायाधिवक्ताको सहयोगको व्यवस्था मिलाउने,<br>- सूचनाको हकसँग बाझिएका कानुनहरुलाई संशोधन, परिमार्जन र खारेज गर्ने<br>- खुला सरकारी तथ्याङ्कसम्बन्धी कार्ययोजना कार्यान्वयन गर्ने<br>- दिगो विकास लक्ष्य नं १६ (१०) अ को कार्यान्वयन गर्ने |

- सूचनाको हकसँग बाझिने कतिपय पुराना ऐन कानुनहरू अझै कायम छन् भने कतिपय नयाँ ऐनहरू पनि सूचनाको हकलाई बाधा पुऱ्याउने खालका बनेका छन्। प्रदेश र स्थानीय तहमा बनेका विभिन्न ऐनहरूले सूचनाको हकको प्रचलनमा

अप्ठ्यारो पारेको सुनिन्छ । समग्रमा, संघीय, प्रदेश र स्थानीय तहमा रहेका ऐनहरूको पुनः अवलोकन र व्यापक गरी सूचनाको हक प्रचलनमा सहयोगी हुने गरी सुधार गर्ने राजनीतिक इच्छाशक्ति तथा सुधारको पहल अगाडि बढाउनु पर्ने आवश्यकता छ ।

- खासगरी सुरक्षा, कानुन, निजामती ऐनहरू र व्यक्तिगत गोपनीयताको हक सम्बन्धी ऐन, सूचना प्रविधि, र तथ्याङ्क र आर्थिक प्रशासन तथा उत्तरदायित्व सम्बन्धी ऐनहरूको व्यवस्थाले सूचनाको हकलाई कमजोर पारेका छन् । तर कानुन निर्माण प्रक्रियामा यसबारे सजगतापूर्वक निगरानी र वकालत हुनसकेको छैन ।
- दिगो विकास लक्ष्य २०३० बारे नेपालको प्रतिबद्धता भए पनि लक्ष्य नम्बर १६ समग्रमा र अझ खासगरी लक्ष्य नम्बर १६ को उपलक्ष्य नम्बर १० को 'ख' लाई राष्ट्रिय लक्ष्य (National target and indicator) मा समावेश गरिएको छैन । राष्ट्रिय योजना आयोग, जो दिगो विकास लक्ष्यको सम्बन्धमा संयोजन गर्ने राष्ट्रिय निकाय हो, तर यो निकायले सूचनामा सर्वव्यापक पहुँचसम्बन्धी राष्ट्रिय लक्ष्य र सो को मापदण्ड बनाउने चासो दिएको छैन । यससम्बन्धी वकालत र पहलहरू अझै सार्थक भएका छैनन् । SDG बारेका विभिन्न पहलहरूमै सूचनाको हकलाई विर्सिएको अवस्था छ । उपेक्षा गरिएको छ ।
- नेपालले खुला सरकार साझेदारीको आबद्धता लिएको छैन । यस सम्बन्धी पहल पनि सफल भएको छैन । सूचनाको हकको प्रचलनलाई संस्थागत गर्न नेपाल खुला सरकार साझेदारीको अभियानमा संलग्न हुनु अति आवश्यक छ ।
- राष्ट्रिय सूचना आयोगको सचिवको दरबन्दी घटाएर सहसचिवलाई आयोग सचिव बनाउने गरी भएको सरकारको प्रशासनिक बन्दोवस्तले अयोगलाई निकै कमजोर बनाएको छ । साथै आयोगको पदाधिकारी नियुक्तिमा पारदर्शिताको अभाव, आयुक्तहरूको छनौटमा भागबण्डाको प्रभाव र आयुक्तहरूको क्षमताको कमी, आयोगलाई दिइने बजेटमा नियन्त्रण र कमी तथा प्रशासनिक असहयोगजस्ता समस्याले सूचना आयोगका कामकारवाहीहरू प्रभावकारी हुन सकेका छैन । आयोगमा गरिनु पर्ने सुधारका विषयमा नागरिक तहमा बहस र छलफल हुनुपर्ने र सरकार तथा सम्बन्धित निकायहरूलाई सुधारका लागि दबाव सिर्जना गर्नुपर्ने रणनीति आवश्यक छ ।
- सूचना आयोगको उजुरी सुन्ने र पुनरावेदन सुनुवाई गर्ने जस्ता न्यायिक

कार्यसम्पादन र निर्णयहरू कानुनबमोजिम समयमा नहुने, आयोगले कानुनी विवाद निरुपणमा महान्यायाधिवक्ताका कार्यालयको सहयोग नपाउने, अयोगबाट सशक्त कानुनी प्रतिरक्षाका लागि सक्षम कानुन व्यवसायी राख्न नसक्ने, आयोगका निर्णयहरू कार्यान्वयनमा पनि सम्बन्धित निकायहरूबाट असहयोग भइरहेकोले पनि आयोगको भूमिका कमजोर भएको छ ।

- सूचनाको हकको ऐनलाई मुलुक संघीयतामा प्रवेश गरेपछि सो अनुकूल संशोधन सुधार गर्ने विषयले प्राथमिकता पाएको छैन । प्रदेश र स्थानीय तहमा संघीय ऐन अनुकूल कानुन तर्जुमा हुनुपर्नेमा सो विपरित ऐन बनाउने प्रवृत्ति देखापरेको छ । जस्तो बागमती प्रदेशले पारित गरेको सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयनमा आउन सकेको छैन । सो ऐनमा सुधार पनि भएको छैन । मौलिक हकको विषयलाई नियमन गर्ने ऐनहरू प्रदेश र स्थानीय तहले बनाउन नपाउने हो तर सो सम्बन्धी अस्पष्टताले कानुनी जटिलता बढ्दै गएको छ ।
- सूचनाको हक सम्बन्धी ऐन अनुकूल स्वतः प्रकाशन गरिनुपर्ने विवरणहरू प्रकाशन गर्न सबै सार्वजनिक निकायका वेबसाइटमा एकरूपता आउने गरी मेनु र म्यानुअलको अभाव देखिन्छ । यसैगरी सूचना अधिकारीको काम, कर्तव्यबारे सम्बन्धित संगठन र निकायभित्र आन्तरिक कार्यविधिगत प्रबन्ध अभाव देखिन्छ । सूचना अधिकारीहरुलाई नियमित तालिम र थप सेवा सहुलियतद्वारा सूचनाको हक कार्यान्वयनको उत्प्रेरणा जगाउन गरिनुपर्ने बजेट लगायतका सुधारका विषय पनि अगाडि बढ्न सकेको छैन । सूचना अधिकारी तोकिएका व्यक्ति सरुवा भइसक्दा वा अन्य जिम्मेवारीमा खटाइँदासमेत नयाँ सूचना अधिकारी नतोक्ने र पुरानै नाम र ठेगाना वेबसाइटमा राखिराख्ने गरेको समस्या पनि निकै नै पाइन्छ ।
- सूचनाको हक कार्यान्वयनका लागि मन्त्रालयगत रुपमा सूचना अधिकारीहरूको अन्तरसञ्जाल बनाउने, नियमित बैठकहरू गर्ने, अनुभव आदानप्रदान गर्नेजस्ता काम नहुँदा निकायगत आन्तरिक समस्या बढ्दै गएका छन् भने सूचना अधिकारीहरूको नै सूचनामा पहुँच नहुने अवस्था अर्को जटिल विषय बन्दै आएको छ ।
- सूचना माग गरेर प्राप्त नभएपछि परेका उजुरीहरूको सङ्ख्याको आधारमा हेर्दा सूचना मागको ठूलो भार स्थानीय तहमा देखिन्छ । यो स्वाभाविक पनि हो । ७५३ पालिका र वडा तहमा गएर विभिन्न सेवामा जानकारी लिन, बजेट र विकास कार्यक्रमको खोजी तथा दस्तावेज र तथ्याङ्कको माग गर्न जनतालाई नजिकको

सरकारमा नै बढी चासो र सरोकार हुन्छ । तर, प्रदेश तह र संघीय तहमा सूचनाको माग कम छ, ती निकाय पारदर्शी छन् भनेर ठान्नु हुँदैन । पहुँचको कठिनाइ, जानकारीको अभाव र चासोको कमी तथा राष्ट्रिय मुद्दाहरूमा खोजी गर्ने साहसको कमीले सूचनाको माग ती तहमा कम भएको हुन सक्छ। तसर्थ, संघ र प्रदेशमा सक्षम र सशक्त माग पक्ष तयार गर्नं पर्ने देखिन्छ ।

- सूचनाको हकबारे युवा पुस्तालाई सचेत पार्ने र यससम्बन्धी अभियानमा जोड्न सकेमा समाजमा सचेत, जागरुक र सकारात्मक सोचका नागरिकहरू उत्पादन हुनसक्ने । यसका लागि युवा अभियानहरू, विद्यार्थी संगठनहरू र शैक्षिक एवम् प्रशिक्षण संस्थाहरूलाई परिचालन गर्ने विशेष अभियानको खाँचो देखिन्छ ।
- सूचनाको हक कर्मचारी वर्गमा निकै झन्झटको विषय बनेको देखिन्छ। यो गलत बुझाइलाई हटाउन प्रशासनिक नेतृत्व र राजनीतिक नेतृत्व तहले ओठे प्रतिबद्धता प्रकट गर्ने मात्र होइन, संरचनागत समस्याहरू समाधान गर्नेगरी chaimpions को रुपमा आफूलाई प्रस्तुत गर्न सकेमा असहज वातावरण सुधार आउने थियो । तर प्रशासनिक र राजनीतिक नेतृत्वले नै पारदर्शिता बढाउने प्रोत्साहन नगर्ने बरु त्यसो नगर्न उक्साउने र संरक्षण दिने गरेको देखिन्छ । यसबाट भ्रष्ट संस्कृति, कानुनलाई अटेर गर्ने स्वेच्छाचारी प्रवृत्ति र जनताप्रति उत्तरदायी नभई शासकको रुपमा प्रस्तुत हुने शैली कायम नै रहेको छ। यो प्रवृत्तिले नै सूचनाको हक सम्बन्धी दायित्वलाई सार्वजनिक प्रशासनको लागि थप बोझ भनेर पन्छाउने र अटेर गरेका छन् र नेपालमा सूचनाको हकलाई सांस्कृतिक परिवर्तनको आधार बन्न नदिई निस्तेज पार्ने गरेको छ ।
- सूचनाको हकको प्रयोगबाट सरकारी परीक्षा बोर्डहरू, विश्वविद्यालयहरू तथा विभिन्न परीक्षाका प्रणालीहरूलाई सुधार गर्न पनि उल्लेखनीय योगदान पुगेको छ । उत्तर पुस्तिकाको प्रतिलिपि पाउने हक धेरै परीक्षा निकायहरूमा स्थापित भइसकेको छ भने यस सम्बन्धी अदालतका विभिन्न फैसलाबाट पनि सकारात्मक प्रभाव परेको छ। तर अझै पनि पूरै परीक्षा प्रणालीमा यसलाई आत्मसात् गरिएको छैन। लोकसेवा आयोगदेखि सबै विश्वविद्यालयहरूमा यो पद्धति स्थापित गर्न सूचनाको हक कार्यान्वयनबारे थप नीतिगत अभ्यासबाट ती निकायमा सुधार गराउन आवश्यक छ। केही विश्वविद्यालयले आन्तरिक कानुन बनाएर र केहीले शुल्क बढाएर झन्झट बढाएका छन् ।
- सूचना मागकर्ताले निवेदन गर्दा प्रतिशोध  लिइने, धम्की दिइने जस्ता चुनौती

पनि देखापरेका छन् । RTI Activest हरुको सुरक्षाको विषय पनि एक संवेदनशील मुद्दाका रुपमा आइरहेको छ । सूचना प्राप्त गर्ने प्रक्रियामा दिइने झन्झट, दुःख र निरुत्साहन प्रवृत्ति त छँदैछ, सूचना माग गर्नेलाई शत्रुताको नजरले हेर्ने प्रवृत्ति अझै पनि कतिपय सार्वजनिक निकायमा कायम नै छ ।

- सूचना माग गरेका कारण सार्वजनिक निकायका प्रमुखबाट दुर्व्यवहार सहनु परेको, गिरफ्तार हुनु परेको, झुटा मुद्दा ब्यहोर्नुपरेको, सताइएको, सुविधाबाट बञ्चित गराइएको, बदनाम गरिएको जस्ता अनेक समस्याहरू पनि छन् । त्यसका बावजुद पनि सूचनाको खोजकर्ता आफ्नो सरोकार र सार्वजनिक सरोकारको सूचना बाहिर ल्याउन संघर्ष गरिरहनु भएको छ भने यस्ता दुःख र सङ्घर्षका कारण सूचनाको हक प्रयोग गर्न निरुत्साहित र निराश भएर पलायन भएका सूचनाको हकका अभियन्ता पनि हुनुहुन्छ । सूचनाको हक कार्यान्वयनलाई जीवन सङ्घर्षकै रुपमा लिनु हुने केही अभियन्ताकै कारण यो आन्दोलन बाँचिरहेको छ । केहीले सूचनाको हकको दाबीलाई गलत स्वार्थपूर्तिका साधन बनाएको भन्ने गुनासो पनि गम्भीर रुपमा आउने गरेको छ ।
- सूचनाको हकको कानुनको एक महत्वपूर्ण आयाम सूचनाको वर्गीकरण र संरक्षणसम्बन्धी व्यवस्था हो । दफा २७ को सो व्यवस्थाको सही ढंगले कार्यान्वयन हुन नसक्दा सार्वजनिक निकायले 'कार्यान्वयनका लागि अप्ठ्यारो' भयो भनेर भन्न पाएका छन् । तर सर्वोच्च अदालतबाट सो सम्बन्ध दिइएको निर्देशनात्मक आदेश अनुरूप वर्गीकरण प्रक्रिया अगाडि बढाउन प्रधानमन्त्री कार्यालयले नसक्नु एक विडम्बनाको रुपमा रहेको छ । यस अगाडि २ पटक गर्न खोजिएको सूचनाको वर्गीकरण प्रक्रिया र निर्णयलाई अदालतले कानुन अनुसार नमिलेको भनी बदर गरिदिएको थियो ।
- सूचनाको हकको निवेदनमा कार्यालय प्रमुखले तोक लगाउनु पर्ने, दर्ता सहज नहुने, समयमा सूचना नदिइने, नदिनुका चित्तबुझ्दो कारण लिखित रुपमा नदिइने र सूचना पाउन महिनौं पछि लाग्नुपर्ने अवस्था पनि कायम नै छ । सकेसम्म सूचनाको मागलाई उपेक्षा वा अटेर गर्ने प्रवृत्ति आमरुपमा नै देखिन्छ । हुलाक तथा इमेलबाट पठाइएका निवेदनलाई प्राप्त नै भएको छैन भनेर पन्छन खोज्ने र अल्मल्याउने प्रवृत्ति पनि समस्याका रुपमा छ ।
- शुल्कको विषय पनि सूचनाको हक कार्यान्वयनमा नसुल्झिएको बाधाका रुपमा

कायम नै छ । अझ पनि कतिपय कार्यालयले निःशुल्क दिनुपर्ने सूचना सहज नदिने गरेको, कानुनबमोजिम लाग्ने शुल्कमा थप शुल्क पनि माग गर्ने गरेको, इमेल तथा डिजिटल फरम्याटमा दिन सकिने सूचना पनि हार्डकपीमा नै लिन बाध्य पार्ने गरेको जस्ता समस्या पनि यत्रतत्र देखिन्छ

- सूचनाको व्यवस्थापन, आन्तरिक प्रवाहको अवस्था, अभिलेख प्रणाली र तथ्याङ्क व्यवस्थापनजस्ता विषयमा पनि विभिन्न समस्याहरू रहेकोले सहज सूचना प्राप्त गर्न कठिनाइ भइरहेको र कतिपय महत्वपूर्ण सूचनाहरू उपलब्ध हुनै नसक्ने गरेका समस्या पनि देखिएका छन् ।
- कतिपय सार्वजनिक कार्यालयहरूमा सहज पहुँचमा बाधा पनि प्रमुख चुनौतीका रुपमा रहेका छ । जस्तै प्रधानमन्त्री कार्यालयदेखि संसद सचिवालयसमेत रहेको केन्द्रीय सचिवालयको परिसरमा अहिले पनि सर्वसाधारणको प्रवेश निषेध छ । सरकारी अनुमति पत्रको  आधारमा मात्र सिंहदरबारमा प्रवेश पाइन्छ । जसले गर्दा सूचनामा पहुँचको विषयमा नागरिकहरू बीच विभिन्न प्रकारका विभेदहरू कायम रहन गएको देखिन्छ ।
- सूचनाको हकको कार्यान्वयनमा विद्यमान उपरोक्त मुख्य प्रवृत्तिगत समस्याहरू समाधानका लागि राजनीतिक र नीतिगत तहमा अपनत्वबोध र इच्छाशक्तिको अभाव अर्को प्रमुख चुनौती हो । राजनीतिक दलहरू र राजनीतिक व्यक्तित्वले सूचनाको हकको कार्यान्वयनलाई प्राथमिकतामा राखेको पाइँदैन । Chaimpains हरुको विकास गरेर पारदर्शी र जवाफदेही सरकारको सिर्जना गर्न राजनीतिक तहमा पहल गरिनु पर्ने देखिन्छ ।
- सूचनाको हकको कार्यान्वयनलाई भ्रष्टाचार विरुद्धका पहलहरूसँग, सुशासन प्रबर्द्धनका पहलहरूसँग र सहभागितामूलक शासनका प्रक्रियाहरूमा जोड्न आवश्यक छ । शासकीय सुधारका योजना कार्यक्रमहरूमा सूचनाको हकलाई उच्च प्राथमिकता दिनेगरी मूलप्रवाहीकरणमा गर्न अझै पहलहरू  आवश्यक छ ।
- नागरिक समाजका संस्थाहरू र पत्रकारिताका माध्यमहरूले आफ्नो कार्यसम्पादन र गतिविधिहरूमा सूचनाको हकलाई एक प्रमुख औजारका रुपमा मनन गर्न अझै पनि सकेको देखिंदैन । यसका लागि सूचनाको हकबारे जागरण र सीप विकास गर्न मिडियाका संघसंस्था र नागरिक समाजका संस्थाहरूको क्षमता सबलीकरणमा पनि पहलहरू आवश्यक छन् ।

- सूचनाको हकसम्बन्धी संवैधानिक र कानुनी व्यवस्था लोकतन्त्रको एक महत्वपूर्ण उपलब्धी त हो नै साथै लोकतन्त्रको निरन्तर सुधारको एक सशक्त औजार पनि हो । सूचनाको हक कानुनी पुस्तकहरूमा उल्लेख हुँदैमा र सो सम्बन्धी संरचनाहरू खडा गरिँदैमा सहज उपलब्धी नहुने रहेछ भन्ने अनुभव नेपाली समाजको छ । यसका नयाँ नयाँ चुनौतीहरू पनि थपिँदै जाँदो रहेछ भन्ने पनि सिकाइ भएको छ । तसर्थ, यसबारे निरन्तर अध्ययन, अनुसन्धान, वकालत र अभियानहरू चलाइरहनु पर्ने रहेछ ।
- सूचनाको हकप्रतिको राष्ट्रिय प्रतिबद्धता बढाउँदै लान योसँग जोडिएका दिगो विकास लक्ष्य, खुला सरकार साझेदारी, भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय पहल तथा यस्तै प्रकारका विश्वव्यापी मञ्च र पहलसँग नेपालको संलग्नता र सिर्जनशील सक्रियता बढाउन राज्यका निकायहरु र सरकारलाई निरन्तर घचघच्याउन पनि छोड्नु हुँदैन ।

**हामीले गर्ने के त ?**

- उपरोक्त अवस्था अनुभव र सिकाइको आधारमा सूचनाको हकको कार्यान्वयनमा सुधार ल्याउने राष्ट्रिय रणनीति तर्जुमा गर्न सकिन्छ ।
- जसमा नीतिगत सुधार, संस्थागत सुधार, प्रवृत्तिगत सुधार, स्रोत व्यवस्थापनमा सुधार, व्यवस्थापकीय प्रबन्धहरुमा सुधार, जनजागरण र सक्रिय अभियानका पहलहरूको सबलीकरण, ज्ञान र शिक्षाका प्रणालीहरूको सुदृढीकरण र समग्रमा सूचनाको हक महत्वपूर्ण राजनीतिक तथा नागरिक स्वतन्त्रताको औजार भएकोले राजनीतिक इच्छाशक्ति र प्रतिबद्धता बढाउने र राज्यलाई थप जिम्मेवार बनाउने पक्षहरूमा विभिन्न कार्ययोजनासहितको राष्ट्रिय रणनीति बनाउन सकिन्छ ।
- यसका लागि हरेक वर्ष एक राष्ट्रिय सम्मेलन गर्ने प्रचलनलाई पुनः नवीकरण गर्नुपर्ने भएको छ । विगतमा फ्रिडम फोरमले दुईवटा राष्ट्रिय सम्मेलनहरू (२०१० र २०१४) मा यसबारे बहुपक्षीय र उच्चस्तरीय सहभागितामार्फत् विभिन्न निष्कर्षहरूको खोजी गरेको थियो र त्यसको फलोअपमा राष्ट्रिय सूचना आयोगले पनि राष्ट्रिय सम्मेलनको प्रचलन सुरु गरेको थियो । तर सरकारले यस्तो पहललाई आत्मसात् गरेन । र, अहिले महामारीपछि त यस प्रकारका बृहद् राष्ट्रिय सम्मेलन हुन सकेको छैन ।
- विभिन्न तहमा हुने बहुक्षेत्रीय छलफलहरूलाई एकीकृत गरी राष्ट्रिय सम्मेलनमार्फत्

सूचनाको हकको कार्यान्वयनमा विद्यमान निराशाको वातावरण हटाउन र बाधाहरूको वस्तुगत पहिचान गरी सुधारका योजनाहरूमा बहुक्षेत्रीय सहमति खोज्न आवश्यक भइसकेको छ ।

- सूचनाको हक कार्यान्वयनको समीक्षा गरी नीतिगत सुधार र व्यवस्थापकीय व्यवहारमा परिवर्तन ल्याउन संसदको विषयगत समितिलाई सूचना आयोगको वार्षिक प्रतिवेदनलाई आफ्नो छलफलको नियमित कार्यसूचीमा राख्न दबाव दिन आवश्यक छ । सरकार र संसद दुवैको ध्यान यसतर्फ जानुपर्छ ।
- खासगरी सूचनाको स्वतः खुलासाको संस्कृतिलाई आम अभ्यासमा संस्थागत गर्न र सूचना मागको सहज संस्थागत गर्न र सूचना मागको सहज सम्बोधन गर्ने वातावरण सिर्जना गर्न सांस्कृतिक परिवर्तनको नै आवश्यकता छ । यो भनेको समाजको समग्र लोकतान्त्रीकरणको र खुलापनको यात्रालाई सबल बनाउनु हो । लोकतन्त्रको यात्रालाई थप सुनिश्चित गर्न सूचनाको हकको कार्यान्वयनलाई व्यवहारमा सहज बनाउन सरल र सानो सानो सुधारको पनि निकै महत्वपूर्ण योगदान हुन सक्छ । नागरिक समाजका संस्थाहरूले यस्तो रचनात्मक पहललाई सहजीकरण गर्ने कामलाई प्रतिबद्धतापूर्वक अगाडि बढाउन अग्रसर भइरहनु पर्दछ ।
- राष्ट्रिय सूचना आयोगले दण्डहीनताको अवस्था हुन नदिन र गलत नियत राखी सूचना नदिने कार्यालय प्रमुखहरूलाई कडा कारबाही गर्नेतर्फ अझै थप सक्रियता बढाउनु पर्दछ । आयोगलाई नटेर्ने प्रवृत्ति अन्त्य गर्न कारबाही र कारबाहीको कार्यान्वयनका लागि अनुगमन तथा निरीक्षण पनि बढाउनु आवश्यक छ । आयोगलाई यस सम्बन्धमा विद्यमान कानुन अपुग छ । यसको सुधारतर्फ पनि काम हुनु आवश्यक छ ।
- सूचनाको हक प्रबर्द्धनमा काम गर्ने नागरिक संघसंस्थाहरूले आफ्नो क्षमता र सक्रियता अझ बढाउनु आवश्यक छ । देशका ७५३ पालिका र हरेक वडा तहसम्म तथा प्रत्येक उच्च माध्यमिक विद्यालय र कलेज तहसम्म सूचनाको हकको जानकारी र ज्ञान विस्तार गरेर सुशासनको माग पक्षलाई सुदृढ गर्नेतर्फ निरन्तर प्रयासहरू हुनुपर्दछ । नागरिक सञ्जालहरू र सचेत नागरिक अभियन्ताहरूको विकास भयो भने मात्रै सूचना खोज्ने र भ्रष्टाचार तथा विकृति विरुद्ध लड्ने नागरिक पंक्ति बलियो हुन्छ । सूचनाको हक, नागरिकको बलियो औजार हो, तर त्यसको सदुपयोग गर्ने क्षमता र सक्रियता बढाउन सुदृढ माग पक्ष सिर्जना हुनुपर्दछ ।

- त्यस्ता नागरिक पहलहरू के हुन सक्छन् त ? अब त्यतातर्फ चिन्तन गरौँ । जस्तै : राष्ट्रिय सूचना आयोगका कामकारवाहीको निगरानी राखौं, आयोगसँग सहकार्य गर्न सकिने ठाउँहरू विस्तार गरौँ । सूचनाको हकमा जनचेतना जगाउने अभियान र पहलहरू गरौँ, सार्वजनिक सरोकारका सूचना माग्ने अभियान चलाऔँ, मिडिया र नागरिक समाजका संस्थाहरूबीच सहकार्यका क्षेत्रहरू विस्तार गरौँ ।
- सूचनाका हकका अभियन्ताहरूबीच सहकार्य बढाउने, ऐक्यबद्धता सिर्जना गर्ने, सुरक्षाका चुनौतीको मिलेर सामना गर्ने र साझा धारणाहरू बनाउन सूचनाको हकका क्षेत्रमा अध्ययन अनुसन्धानको पहलहरु गरौं, नीतिगत सुधारका लागि वैकल्पिक प्रस्तावहरू तयार गरौँ र निरन्तर वकालतमार्फत् राज्य र नीतिगत तहलाई सूचनाको हकको प्रचलन, संरक्षण र प्रबर्द्धन गर्न तथा परिपूर्ति गर्ने दायित्वतर्फ सजग रहन दबाब दिइराखौं ।
- सूचनाको हक, खुला, पारदर्शी, जवाफदेही र उत्तरदायी शासनको आधार हो । सहभागितामूलक लोकतान्त्रिक शासन प्रणालीको सुनिश्चितताका लागि सूचनाको हकको कार्यान्वयन र यसको निरन्तर सुधार गर्नु अपरिहार्य छ । तसर्थ, यसका लागि निरन्तर अनुशीलन गर्दै सजग नागरिकको कर्तव्य पूरा गर्न नागरिक संघ-संस्थाहरु र सूचनाको हकका अभियान्ताहरु क्रियाशील रहनु पर्दछ ।

# सूचना, सञ्चार प्रविधि र लोकतन्त्र



**ताराबहादुर भण्डारी**
सूचनाको हकको लागि राष्ट्रिय महासंघ,
काठमाडौं उपत्यका प्रदेश अध्यक्ष

सूचना र संचार प्रविधि लोकतन्त्रको मेरुदण्ड हो । सूचना सञ्चार हुनुपर्छ वा फैलिनुपर्छ । सूचनाको महत्वपूर्ण गुण नै यसको फैलावट हो भने अर्को महत्वपूर्ण विशेषता यसको उपयोगिताले ल्याउने प्रतिफल हो । सूचना प्रवाहको लागि माध्यम चाहिन्छ । त्यही माध्यमलाई हामी प्रविधि भन्छौं । सूचना त्यो होइन जसको स्थान र रुप परिवर्तनको माध्यमबाट व्यक्ति र समाजमा कुनै प्रभाव पर्दैन । यदि सूचना जन्मिएको स्थानमा नै थन्कियो भने त्यो त्यहीँ मर्न वा नासिन पनि सक्दछ । त्यसको उपादेयता पनि सकिन्छ । तर जब सूचना जन्मिएर हिंड्छ वा फैलिन्छ त्यसले आफ्नो दायरा फराकिलो पार्दछ ।

सूचना कुनै निश्चित प्रक्रियाबाट जन्मिने प्रतिफल वा उपज हो । यस्तो उपजले कुनै वर्ग वा समाजलाई सकारात्मक वा नकारात्मक प्रभाव पार्न सक्छ । त्यो उपजलाई आमसर्वसाधारण नागरिकको समान पहुँचमा पुऱ्याउनु पर्छ । त्यसका लागि नै सूचनाको सञ्चार आवश्यक छ । सूचनालाई सही समयमा सही रुपमा समान पहुँचमा पुऱ्याउने माध्यम नै प्रभावकारी सञ्चार प्रविधि हो । सूचनाको उपयोगिता तब बढ्छ जब त्यो आमनागरिकमा बहसको विषय बन्छ र सम्बन्धित उपभोक्ताहरुले उक्त सूचनाबाट ज्ञान आर्जन गरी प्रतिफल प्राप्त गर्छन् ।

सूचनाको गर्भधारण हुने र जन्मिने ठाउँ भनेको सार्वजनिक निकाय नै हो । नागरिकले तिर्ने करको दर निर्धारण गर्नेदेखि नागरिकले तिरेको करको रकम बाँडाफाँड हुनेसम्मको सम्पूर्ण प्रक्रिया यिनै निकायले सम्पादन गर्दछन् । यी सार्वजनिक निकायलाई पारदर्शी र जवाफदेही बनाउन सके देशमा शान्ति र समृद्धिको परिकल्पना साकार बनाउन सकिन्छ । त्यसका लागि सूचनामा नागरिकको पहुँच बढाई नागरिकले चाहेको सूचना समयमै प्राप्त गर्न सक्ने व्यवस्था बनाउन जरुरी छ ।

"सूचनाको हक" भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार सम्झनु पर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा

कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत् प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ ।

## सूचनाको हक र यसको ऐतिहासिक पृष्ठभूमि

सूचनाको हक मानव अधिकारभन्दा पनि जेठो अधिकार हो भन्न सकिन्छ किनभने संयुक्त राष्ट्र संघको महासभाले सन् १९४६ डिसेम्बर १४ मा "**सूचनाको स्वतन्त्रता एउटा मौलिक मानव अधिकार हो र सबै स्वतन्त्रताहरुको कसी हो, जसको लागि संयुक्त राष्ट्र संघ समर्पित छ। सूचनाको स्वतन्त्रताले बिनाअवरोध जहाँसुकै र जतासुकै समाचार सङ्कलन, प्रसारण र प्रकाशन गर्ने अधिकारलाई जनाउँछ । यो विश्वमा शान्ति र प्रगतिको अभिवृद्धिको लागि जुनसुकै गम्भीर प्रयासको लागि एउटा आवश्यक तत्व हो"** भनेर यसको महत्व दर्शाउँदै आर्थिक तथा सामाजिक परिषद्लाई एउटा सम्मेलन गरी त्यसको विषयमा सुझाव दिन निर्देशन दिइएको थियो ।[१]

जब मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ जारी भयो त्यसको धारा १९ ले सूचनाको हकलाई मानव अधिकारको रुपमा स्थापित गऱ्यो । यसले प्रत्येक नागरिकलाई आफ्नो विचार तथा अभिव्यक्ति स्वतन्त्रता भएको घोषणा गर्दै त्यसभित्र बिनारोकतोक आफ्नो विचार राख्न पाउने, सूचना माग गर्ने, प्राप्त गर्ने र प्रसारण गर्नेसम्मको अधिकार रहनेछ भनेको छ ।[२]

त्यसपछि सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध पारित भयो । यस अनुबन्धले पनि धारा १९ मा सूचनाको हकलाई प्रत्याभूत गर्दै अरुको प्रतिष्ठा, राज्यको सुरक्षा, समाजमा हिंसा भड्किने विषय, जनस्वास्थ्य र मानिसको नैतिकताजस्ता विषयमा केही प्रतिबन्धात्मक व्यवस्था गऱ्यो ।[३]

यसै अनुबन्धपश्चात् यो अधिकारलाई मानवअधिकारको रुपमा पक्ष राष्ट्रहरुले क्षेत्रीय घोषणापत्रहरु जारी गरेको देखिन्छ । जस्तैः मानव अधिकारसम्बन्धी युरोपियन अनुबन्धको धारा १० (१), मानिसका अधिकार र कर्तव्यसम्बन्धी अमेरिकी घोषणा पत्रको धारा ४, मानव र जनताको अधिकारसम्बन्धी अफ्रिकन बडापत्र १९८१ को धारा ९ (१) आदिले सूचनाको हकलाई प्रत्याभूत गरेपछि यो मानव अधिकारकै रुपमा स्थापित हुन पुगेको छ । (Basnet M. K., 2008).

सन् १९५५ डिसेम्बर १४ मा नेपालले संयुक्त राष्ट्र संघको सदस्यता प्राप्त गऱ्यो । तर संयुक्त राष्ट्र संघको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्रको धारा

---

1 United Nations Resolution on Freedom of Information: Resolution No. 59(1), Sixty-fifth Plenary Meeting, 14 December 1946

2 Universal Declaration of Human Rights, Article 19, Page 40, 1948

3 International Convention on Civil and Political Rights, Article 19, Page 178, 1976

१९ लाई कार्यान्वयन गर्ने कानुन बनाउन भने नेपाललाई ५३ वर्ष लाग्यो । संयुक्त राष्ट्र संघको स्थापनाभन्दा पहिला नै स्वीडेनले सन् १७६६ मै प्रेस स्वतन्त्रताको ग्यरेण्टीसहितको कानुन पास गरिसकेको थियो ।[४] नेपालको अन्तरिम शासन विधान, २००७ को धारा १७ (२) को (क) मा वाक तथा प्रकाशन स्वतन्त्रताको अधिकार, नेपाल अधिराज्यको संविधान २०१५ को धारा ७ (क) मा वाक तथा प्रकाशन स्वतन्त्रता, नेपालको संविधान, २०१९ को तेस्रो संशोधनको धारा ११ (२) (क) वाक तथा प्रकाशन स्वतन्त्रता राखे पनि सूचनाको हकलाई तोकेरै मौलिक अधिकारको रुपमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १६ मा राखिएको थियो । त्यसपछिको नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा व्यवस्था गरिएको थियो । त्यसपछि २०६४ सालमा सूचनाको हक सम्बन्धी ऐन जारी भएपछि भने नेपालमा संवैधानिक र कानुनी रुपमा सूचनाको हकले वैधानिकता प्राप्त गऱ्यो ।

नेपालमा सूचनाको पहुँचको सुनिश्चितताको पहिलो प्रयास सर्वोच्च अदालत नियमावली, २०१३ हो (Basnet M. K., 2008). नेपालको संविधान २०४७ को धारा १६, अन्तरिम संविधान २०६३ को धारा २७ र नेपालको संविधान २०७२ को धारा २७ ले सूचनाको हकलाई नागरिकको मौलिक हकको रुपमा राखेको छ । प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । (Constitution, 2072). धारा १९ ले नेपालमा सञ्चारको हकलाई सुनिश्चित गरेको छ । विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामाग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्ण प्रतिबन्ध लगाइने छैन । (Constitution of Nepal, 2072)

## सूचना प्रसारणको परम्परा

सूचना सबैलाई आवश्यक पर्छ । पौराणिक युगका नारद पनि आधुनिक सूचना प्रविधि युगको पत्रकार नै थिए भन्न सकिन्छ । सबैको साझा पात्रको रुपमा चिनिने ब्रम्हाजीको मानसपुत्र देवर्षी नारदले देव वा दानव सबैलाई समाचार पुऱ्याउँथे ।[५] कागलाई यमराजको सन्देश बाहकको रुपमा पूजा गर्ने चलन छ । करिब पाँच हजार वर्ष पहिले सुरु भएको शब्द अक्षर लेखनको विकास पनि सूचना र संचारकै लागि भएको थियो । (Aryal, 2020) । पछिल्लो समयमा भएको ब्रेल लिपीको विकास सञ्चारकै एक माध्यम हो भन्नुपर्छ । गीतसंगीतको विकास सूचना र सन्देश प्रवाहको लागि हो । परापूर्वकालदेखि चलिआएको कटुवाल प्रथालाई सूचना सञ्चारको माध्यमको रुपमा तत्कालीन वर्गले प्रयोग गरेको देखिन्छ । सामाजिक, सांस्कृतिक वा प्रशासनिक

आधिकारिकता भएको व्यक्तिले अऱ्हाए अनुसारको सार्वजनिक संप्रेषण गर्नु कटुवालको मुख्य जिम्मेवारी थियो । कटुवाल प्रथा तत्कालीन समाजको आवश्यकता अनुसार संस्थानीकरण भएको थियो ।[६] नेपालमा सञ्चारको अर्को माध्यम हुलाक थियो । हुलाक औपचारिक रुपमा वि.सं. १९३८ सालमा स्थापना भएको थियो । सञ्चारको लागि हुलाकको प्रयोग प्राचीन समयदेखि भएको इतिहास छ । कुनै समयको सबैभन्दा बढी व्यस्त सरकारी कार्यालय हुलाक नै थियो भने सबैभन्दा धेरै सञ्जाल फैलिएको र चिनिएको संस्था पनि थियो ।[७] यो हुलाकी परम्परालाई अहिलेको आधुनिक प्रविधिको विकासले ओझेल पारेको छ ।

## सूचना प्रविधि

सूचनालाई आमनागरिक र सम्बद्ध पक्षसम्म पुऱ्याउने माध्यम प्रभावकारी हुनु आवश्यक छ। त्यही माध्यमहरुको खोजी गर्दा जोडिने विषय भनेको प्रविधि हो। इन्टरनेट सञ्चार माध्यममध्येको प्रभावकारी माध्यम हो । यसलाई न्यू मिडिया पनि भनिन्छ । एकै पटकमा संसारभर सूचना फैलाउन सक्ने यो प्रविधि आज सबैका लागि नभई नहुने प्रविधि भएको छ। सञ्चार प्रविधिको कुरा गर्दा जोहन्स् गुटनबर्गको योगदानलाई सम्झिनु पर्छ । सुनको काम गर्ने परिवारमा जन्मिएर उनले १४ औं शताब्दीमा आविष्कार गरेको छपाई मेसिनको क्रमिक विकासले आजको युगमा पुऱ्याएको हो । पुस्तक आमसञ्चारको सबैभन्दा पुरानो माध्यम हो । जर्मनीमा “Zei tung” नामको सरकारी अखबार प्रकाशित भएको पाइन्छ। इटालियन वैज्ञानिक मार्कोनीले बिनातार आवाज संप्रेषण गर्ने प्रविधिको विकास गरेपछि रेडियोको आविष्कार भयो । सन् १८२६ मा स्कटल्यान्डका वैज्ञानिक जोन लगी वेयर्डले टेलिभिजन प्रविधिको आविष्कार गरे भने फ्रान्सका लुमुरे दाजुभाइले चलचित्रको विकास गरेको पाइन्छ । (Paudel, 2076)। बीसौं शताब्दीको अन्तिम दशकमा इन्टरनेटको विकास भयो र आजसम्म यसले आमसञ्चार प्रविधिको विकास र विस्तारमा अकल्पनीय योगदान पुऱ्याइरहेको छ। नेपालमा सबैभन्दा पहिले वि.सं. १९२८ को जनगणनामा कम्प्युटरको प्रयोग भएको थियो । सन् २०२१ जनवरीसम्म नेपाल टेलिकमको डाटा अनुसार नेपालमा ३८.२१ मिलियन मोवाइल प्रयोगकर्ता थिए ।

नेपाली भाषामा प्रकाशित पहिलो पत्रिकाको रुपमा वि.सं. १९४३ मा मोतिराम भट्टले काशीमा छपाएका “गोरखा भारत जीवन” मासिकलाई लिइन्छ भने वि.सं. १९५५ श्रावणमा प्रकाशित “सुधा सागर” मासिक पत्रिका नेपालमा नै प्रकाशित पहिलो नेपाली पत्रिका हो । वि.सं. १९५८ बैशाख २४ गतेबाट साप्ताहिक पत्रिकाको रुपमा गोरखापत्र प्रकाशन हुन थालेको हो (सूचना विभाग, २०१६) । नेपाल प्रेस काउन्सिलको ४७ औं

प्रतिवेदन अनुसार नेपालमा ७९११ पत्रपत्रिका, ३४९४ अनलाइन सञ्चार माध्यम, २३७ वटा टेलिभिजन र ११७६ वटा रेडियोहरु सञ्चालनमा रहेका छन् । (Press, Council, 2079). नेपालमा १ करोड २३ लाख मानिस फेसबुकमा जोडिएका छन् भने अन्य सामाजिक सञ्जालमा पनि त्यत्तिकै मात्रामा छन् ।

## नेपालमा सूचनाको हकसम्बन्धी ऐन र यसको व्यावहारिक प्रयोग

सूचनाको हकसम्बन्धी ऐन २०६४ र नियमावली २०६५ ले कुनै पनि नागरिकले आफ्नो र सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने, पाउने र उपयोग गर्नेसम्मको हकको सुनिश्चितता गरेको छ । राष्ट्रिय सूचना आयोगलाई सूचना मागकर्ताको हक दिलाउन सार्वजनिक निकायका प्रमुखहरुलाई आदेश दिने र अटेरी गर्नेलाई कारबाही गर्नेसम्मको अधिकार दिएको छ । प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारी तोक्नुपर्ने र प्रत्येक तीन/तीन महिनामा सूचनाको स्वतः प्रकाशन गर्नु पर्ने नियम छ ।

तर ऐन आएको १५ वर्षपछि पनि धेरै कार्यालयमा सूचना अधिकारी नै तोकिएको छैन । तोके पनि निजको क्षमता विकास गर्ने काम भएको छैन भने सूचना नै नदिएर असहयोग गर्ने गरिएको पाइन्छ । ऐनको दफा ५ ले सार्वजनिक निकायले सूचनाको आवधिक रुपमा स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ । सूचनाको स्वतः प्रकाशनको अभ्यास नगन्य मात्रामा रहेको छ । ऐनमा व्यवस्था गरेअनुरुप अझै पनि यसको व्यावहारिक प्रयोग हुन सकेको छैन । अधिकांश सार्वजनिक निकायकाले यसलाई आफ्नो दायित्वको रुपमा नबुझी झन्झटको रुपमा बुझेर गुनासो गरेको पाइन्छ ।

दफा ४ ले सार्वजनिक निकाएको दायित्वको बारेमा व्यवस्था गरी सूचना वर्गीकरण गर्ने, अद्यावधिक गरी राख्ने, नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्ना कामकार्वाही खुला र पारदर्शी रुपमा गर्ने र कर्मचारीलाई तालिम र प्रशिक्षणको व्यवस्था गर्ने उल्लेख छ । तर अझै पनि सार्वजनिक निकायले सूचना माग्नेवित्तिकै दिन सक्ने गरी तयारी अवस्थामा राखेको पाइँदैन ।

सूचनाको हकमात्र यस्तो हक हो जसको प्रयोगबाट नागरिकले सम्बन्धित पदाधिकारीलाई नियममा बस्न बाध्य पार्न सक्छ । यसै हकको प्रयोगबाट ठुल्ठुला अनियमितता रोक्न सक्छ र भ्रष्टाचारीलाई कारबाहीको दायरामा ल्याउन सक्छ । सार्वजनिक निकायमा हुने निर्णयलाई पारदर्शी बनाउन यसले ठूलो मद्दत गर्न सक्छ भने राज्यले नागरिकका लागि घोषणा गरेको सेवा सुविधालाई बाहिर ल्याएर सुसूचित गर्न सक्छ । तर यो विषयमा समाजको तल्लो तहसम्म प्रचार हुन सकेको छैन ।

सूचनाको हक सम्बन्धी ऐनको व्यावहारिक प्रयोग आजको आवश्यकता हो । हाल यो विषय केवल केही अभियन्ता र पत्रकारहरुमा मात्र सीमित देखिएको छ ।

तर यसको प्रयोग एउटा किसानले कसरी गर्न सक्छ र ऊ त्यो सूचनाबाट कसरी लाभान्वित हुन्छ भन्ने विषयलाई उजागर गर्नुपर्छ । त्यस्तै युवालक्षित थुप्रै नीति तथा कार्यक्रमहरु सरकारले ल्याएको छ तर त्यसको कार्यान्वयनको अवस्था थाहा पाउन पनि यसको प्रयोग उपयुक्त माध्यम बन्न सक्छ भने महिला, मजदुर, वा अन्य लोपोन्मुख र अल्पसङ्ख्यक समुदायसम्मलाई यसको महत्व बुझाउन जरुरी छ ।

सूचनाको हकसम्बन्धी ऐन र नियमावली कार्यान्वयनको अनुगमन गर्न सूचनाको हक कार्यान्वयन अनुगमन निर्देशिका, २०७६ जारी भएको छ। जस अनुसार प्रधानमन्त्री कार्यालयमा सचिवालय रहने गरी प्रधानमन्त्री कार्यालयको सचिवको नेतृत्वमा केन्द्रीय समन्वय इकाई, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिवको नेतृत्वमा सूचनाको हक कार्यान्वय अनुगमन इकाइ, प्रदेश मन्त्रिपरिषद्को सचिवको नेतृत्वमा प्रदेश अनुगमन इकाइ र प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला अनुगमन इकाइहरुको व्यवस्था गरेको छ । निर्देशिकाले जिल्ला अनुगमन इकाइले प्रत्येक तीन महिनामा अनुसूची २ बमोजिमको प्रतिवेदन प्रदेश इकाइ र आयोगमा पठाउनुपर्ने र कार्यान्वयन अनुगमन इकाइ र प्रदेशले आयोग र मन्त्रालयमा प्रत्येक तीन महिनामा प्रतिवेदन पठाउनुपर्ने व्यवस्था गरेको छ ।[८] तर यो व्यवस्था कतै पनि प्रभावकारी रुपमा लागु भएको पाइँदैन । राष्ट्रिय सूचना आयोगले हरेक बर्ष युनेस्कोलाई पठाउने प्रतिवेदनमा यो वर्ष जम्मा कति सूचना माग भए र कतिले सूचना प्राप्त गरे भन्ने तथ्याङ्क नभएर खालि पठाउने गरेको छ । किन कि यस्तो तथ्याङ्क सङ्कलन गर्ने आयोगसँग उचित प्रविधि र जनशक्तिको अभाव छ ।

सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट नेपाललाई सूचना तथा ज्ञानमा आधारित समाजमा रुपान्तरण गर्ने र देशभर सुशासन, दिगो विकास एवम् गरिवी न्यूनीकरणका लक्ष्य हासिल गर्ने उद्देश्यसहित सूचना तथा सञ्चार नीति, २०७२ आएको छ । तर स्रोतको अभावका कारण राष्ट्रिय सूचना आयोगले बनाएको MIS/PDMS को पूर्ण प्रयोग हुन सकेको छैन । यदि यसको पूर्ण प्रयोग गर्न सकिएमा यसले देशभरि कति सूचना मागिए र कतिले सूचना प्राप्त गरे भन्ने तथ्याङ्क सजिलै प्राप्त हुन सक्थ्यो ।

राष्ट्रिय सूचना आयोगलाई मजबुत बनाई पुनरावेदनको सुनुवाइदेखि अनुगमनमा समेत सक्रिय बनाउनुपर्ने देखिन्छ । हालै मात्रै गठन भएको सूचनाको हकको लागि राष्ट्रिय महासंघलाई सरकारले आयोगमार्फत् क्षमता विकास गरी संगठन विस्तारमा पनि सहयोग गरेमा सूचना मागकर्तामा सचेतना बृद्धि गर्न देशव्यापी सञ्जाल निर्माण भई जागरण फैलाउन सहज हुने र स्थानीय सेवा प्रदायकलाई समेत जवाफदेही बनाउन मद्दत पुग्ने देखिन्छ ।

## Bibliography


(n.d.). Aryal, S. (2020, March 7). लेखनको इतिहास : १२ हजार वर्षमा कसरी भयो विकास ? Retrieved from Online Khabar: https://www.onlinekhabar.com/2020/03/842369

Basnet, M. K. (2008).

Basnet, M. K. (2008). मिडिया अध्ययन ३ , 166.

Basnet, M. K. (2008). सूचनाको हक र यस सम्बन्धी नेपाली कानून: छोटो टिप्पणी. In M. Chautari, मिडिया अध्ययन ३ (p. 167). Martin Chautari.

Basnet, M. K. (2008). सूचनाको हक र यस सम्बन्धी नेपाली कानून: छोटो टिप्पणी. मिडिया अध्ययन ३ , 167.

Constitution. (2072). *Constitution of Nepal.* Kathmandu: Nepal Government.

Constitution of Nepal. (2072). *Constitution of Nepal.* Kathmandu: Nepal Law Commission.

Paudel, P. (2076). *Media and Press Law.* Lumbini Publication.

Press, Council. (2079). *Annual Report.* Press Council Nepal.

RTI. (2064). *Right to information Act.* Nepal Law Commission.

संचार तथा सूचना प्रविधि मन्त्रालय. (२०७६). डिजिटल नेपाल फ्रेमवर्क ।

सूचना तथा संचार मन्त्रालय. (२०७२). सूचना तथा संचार प्रविधि नीति ।

सूचना विभाग. (2016). नेपाल परिचय (Vol. 3rd). सूचना विभाग ।

# सूचनाको हक : नेपालको सन्दर्भ



**दिलिपकुमार श्रीवास्तव**
प्रशासकीय अधिकृत
नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

## १. परिचय

देशका नागरिकले सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार नै सूचनाको हक हो। नागरिकको मौलिक अधिकारका रूपमा सूचनाको हकलाई नेपालको संविधनमै व्यवस्था गरिएको हुँदा यो नागरिकको संवैधानिक अधिकारसमेत हो । यही संवैधानिक अधिकार प्रयोग गरेर प्रत्येक नागरिकले सार्वजनिक निकायमा हुने सार्वजनिक महत्वका सूचनाहरू प्राप्त गर्न पाउँछन् । कानुनी रूपमा मात्रै सूचनाको हकको प्रत्याभूतिले सार्वजनिक निकायलाई जिम्मेवार र पारदर्शी बनाउन सार्थकता पुष्टि हुने भएकाले भौतिक रूपमा समेत त्यस्ता सूचनामा नागरिकको पहुँच पुग्नुपर्दछ।

नागरिकलाई सूचनाको हकको सार्थक प्रत्याभूति दिलाउन राज्यले सवैधानिक रूपमा सुनिश्चितता गरेका सूचनाको हकसम्बन्धी अधिकारलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नं गराउनु आजको आवश्यता हो । सार्वजनिक निकाय वा व्यक्तिले कानुन मिचेर गरेका अविवेकी निर्णय सच्याउन र विकास निर्माण कार्यलाई गुणस्तरीय र नागरिकमैत्री बनाउन सूचनाको हकले ठूलो मद्दत गर्छ। सरकारी तथा सार्वजनिक निकायका कामलाई प्रभावकारी, जनउत्तरदायी, पारदर्शी खुलापन, सुशासित र जिम्मेवार बनाउँदै लोकतान्त्रिक मूल्य मान्यतालाई सुदृढीकरण गर्न नागरिकस्तरमा सूचनाको पहुँच बृद्धि हुनु अनिवार्य हुन्छ।

## २. पृष्ठभूमि

विश्वस्तरमा सूचनाको हकसम्बन्धी विकासको क्रम हेर्दा स्वीडेनमा सन् १७७६ देखि नै सूचनाको हकको प्रत्याभूति गरिएको थियो। संयुक्त राष्ट्र संघले सन् १९४६ मा सूचनाको अधिकार मौलिक हक हो र सबै प्रकारका हक अधिकारहरुको आधारस्तम्भ हो भनी मान्यता प्रदान गरेको पाइन्छ।

यसैगरी सन् १९४८ मा भएको मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ ले सूचनाको हकलाई बिनाकुनै अवरोध अभिव्यक्त गर्ने, खोज्ने, प्राप्त गर्ने र प्रदान

गर्ने तथा प्रवाह गर्ने अधिकारको रुपमा व्याख्या गरेको पाइन्छ। त्यसैगरी फिनल्याण्डमा सन् १९५१ मा, नर्वेमा सन् १९७० मा सूचनाको हक प्रदान गर्ने कानून निर्माण भएको थियो । नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ का अनुसार प्रत्येक व्यक्तिलाई बिनाकुनै हस्तक्षेप आफ्ना विचार राख्न पाउने अधिकार हुनेछ भन्ने विषय उल्लेख भएको छ ।

यसैगरी युरोपेली महासन्धि, १९५० को धारा १०, मानव अधिकार सम्बन्धी अमेरिकी अभिसन्धी १९६२ को धारा १३, मानव अधिकार सम्बन्धी अफ्रिकी बडापत्र सन् १९८१ को धारा ९ मा सूचनाको हकको सन्दर्भमा पर्याप्त व्यवस्था गरेको पाइन्छ। छिमेकी राष्ट्र भारतले पनि सन् २००५ देखि यो हक जनतालाई प्रदान गर्दै आएको छ। संयुक्त राष्ट्र संघको मानव अधिकार आयोगले सन् १९९७ देखि आफ्नो प्रतिवेदनमा लगातार सूचनाको हकसम्बन्धी विषयलाई जोडदार रुपमा उठाउँदै आएको छ । सरकारको सूचना लुकाउने प्रवृत्तिप्रति कठोर प्रहार गर्दै आफ्ना वार्षिक प्रतिवेदनहरुमा यसलाई स्थान दिंदै आएको छ । यी सबै तथ्यहरुबाट सूचनाहरु जनताका लागि हो, उक्त सूचना प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो र सूचना प्रवाह गर्ने कार्य सरकारको कर्तव्य हो भन्ने पुष्टि गर्छ । सरकार जनतालाई सूचना दिन सकारात्मक हुनुपर्ने विषयमा जोड दिइएको छ ।

सूचनाको हकसम्बन्धी नियम र कानुन सन् १९९० को दशकभन्दा पहिले करिव दशवटा देशमा मात्र थियो । हाल आएर सयभन्दा बढी देशमा यसको प्रचलन रहेको पाइन्छ । दक्षिण एशियाली राष्ट्रहरुको क्षेत्रीय संगठनको सन् २००८ मा भएको मन्त्रिपरिषद् बैठकमा प्रतिबद्धता जनाइए अनुसार अफगानिस्तान, बंगलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलंकाका सूचनाको हक सम्बन्धी पदाधिकारीहरुको सन् २०१० को अप्रिल २९ को नयाँ दिल्ली घोषणापत्रले पनि सूचनाको हकलाई प्रभावकारी कार्यान्वयन गर्न गराउन उपयुक्त संवैधानिक, कानूनी तथा संरचनागत व्यवस्था गर्ने गराउने प्रतिबद्धता गरेको थियो। यसै घोषणपत्रमा सार्क राष्ट्रहरुमा सरकारी तथा सार्वजनिक निकायहरुले सूचनाको हक प्रवर्द्धन तथा संरक्षण गर्ने कार्यलाई मानव अधिकारको रुपमा व्याख्या गरेको पाइन्छ ।

नेपालले प्रभावकारी सूचना प्रवाहका लागि संविधान र कानुनमा नै सूचनाको हकलाई महत्वका साथ राखेको छ । नेपालको संविधानमा रहेका मौलिक हकहरुमध्ये एक महत्वपूर्ण नागरिक अधिकारका रुपमा सूचनाको हकले स्थान पाएको छ। नेपालको संविधानको धारा २७ मा सूचनाको हक, यसैगरी धारा २८ मा गोपनियताको हकलाई मौलिक हकको रुपमा उल्लेख गरिएको छ । मौलिक हकको रुपमा रहेको सूचनाको

हकलाई व्यावहारिक कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ र विभिन्न विषयगत ऐन कानुन निर्माण गरी कार्यान्वयनमा रहेका छन् । ऐन कार्यान्वयनको लागि सूचना आयोगको गठन भई सरोकारवाला नागरिकलाई सार्वजनिक कामकारबाहीको सूचना प्राप्त गर्ने हक प्रदान गर्ने कार्य प्रक्रियाको थालनी गर्दै अगाडि बढेको छ । यति हुँदाहुँदै पनि पुरातनवादी सोच र संस्कारका कारण आमनागरिकले अझै पनि सूचना प्राप्त गर्ने प्रक्रिया एवम् व्यवहार सहज र सरल रुपमा अनुभूत गर्न सकिरहेको देखिंदैन ।

## ३. सूचनाको हकको कार्यान्वयनको अवस्था

देशमा प्रजातन्त्र प्राप्तिसँगै सरकारले गरेका निर्णयहरु क्रमशः बाहिर आउन थाले । सञ्चार माध्यमहरुको विकाससँगै नागरिक सचेत हुँदै गए र राज्यका काम कारवाहीमा जनताको चासो बढ्न थाल्यो । त्यसपछि तत्कालीन प्रजातान्त्रिक सरकारले स्थानीय स्वायत्त शासन ऐन, २०५५ जारी गरेर स्थानीय निकायहरुमा विकेन्द्रीकरणको अवधारणा लागु गऱ्यो । सञ्चारमाध्यमहरुको विकास र विस्तारले पनि सूचनाको युगमा नेपाललाई फड्को मार्न सहज बनाउँदै लग्यो । जसबाट जनतालाई आफूले तिरेको करबाट कसरी देशको विकास भइरहेको छ ? आफूले चुनेर पठाएका जनप्रतिनिधिहरुले राज्यशक्तिको प्रयोग कसरी गरिरहेका छन् ? आफूले तिरेको करको सदुपयोग भइरहेको छ कि छैन ? भन्नेजस्ता विषयमा छलफल शुरु भयो र जानकारी हुन थाल्यो । आमजनता स्थानीय तहदेखि केन्द्रीय सरकारसम्ममा आफूले तिरेको करबाट बन्ने बजेट सही सदुपयोग भएको छ कि छैन ? भनेर राज्य र राज्यका निकायलाई खबरदारी गर्न जागरुक हुन थाले । सार्वजनिक सरोकारका विषयमा सहभागिता जनाउँदै ती विषयलाई सकेसम्म खुला एवम् पारदर्शी बनाउन उनीहरुको संलग्नता बढ्दै गयो । समग्रमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ आउनुभन्दा अगाडि नै यो सूचनाको पहुँच अभिवृद्धिको एउटा अभ्यास शुरु भइसकेको थियो । दोस्रो जनआन्दोलन पश्चात् पहिलो संविधान सभाबाट २०६४ श्रावण ५ गते पास गरेर प्रमाणीकरण भएको सूचनाको हकसम्बन्धी ऐन २०६४ भाद्र ३ गतेदेखि लागु भएको थियो । ऐन लागु भएको यही दिनलाई नेपालमा राष्ट्रिय सूचना दिवसको रुपमा मनाउने गरिएको हो । त्यसपछि सूचना प्राप्त गर्ने र प्राप्त सूचनालाई प्रयोग गर्ने नागरिकले सूचना शक्ति हो भन्ने कुराको महत्व बुझ्न थालेका छन् र यसको प्रयोग दिनप्रतिदिन बृद्धि हुँदै गएको छ ।

सार्वजनिक सरोकारको विषयमा सूचना माग गरेर सार्वजनिक कामकारवाहीलाई जवाफदेही र पारदर्शी बनाउन सर्वसाधारण नागरिकदेखि सूचनाको हकका अभियन्ता

देशव्यापी रुपमा जुटिरहेका छन् । थुप्रै गैरसरकारी संस्थाले संस्थागत रुपमा सूचनाको हकको कार्यान्वयनका लागि दशकौंदेखि वकालत गर्दै आएका छन् । राष्ट्रिय सूचना आयोगले सूचनाको हकको जर्नल नै प्रकाशित गरेर सूचनाको हकका व्यावहारिक प्रयोग र सफलताका कथाहरुको संग्रह गर्ने गरेको छ । सूचनाको हकको राष्ट्रिय सम्मेलन गरेर सूचनाको हकको क्षेत्रमा योगदान पुऱ्याउने सूचना अधिकारकर्मीहरु र सरकारी अधिकारीहरुलाई सम्मान गर्ने गरेको छ ।

## ४. सार्वजनिक निकायको दायित्व

राज्यका नागरिकलाई संविधानतः मौलिक हकका रूपमा प्राप्त सूचनाको हकको चलनका सन्दर्भमा सार्वजनिक निकायको भूमिका अहम् रहन्छ । राज्य सञ्चालनका महत्वपूर्ण अङ्गका रूपमा रहने यस्ता सार्वजनिक निकायले आफूलाई आफ्ना नागरिकप्रति जवाफदेही र जिम्मेवार एवम् उत्तरदायी बनाउने माध्यमका रूपमा सूचनाको हक रहेको छ । वस्तुतः नागरिक सूचनाको हकको माग पक्षका रूपमा रहेको हुन्छ भने सार्वजनिक निकायले आपूर्ति पक्षको प्रतिनिधित्व गरेका हुन्छन् । यसर्थ सार्वजनिक निकायले नागरिकलाई जति सहजतापूर्वक सूचना उपलब्ध गराउन सक्यो उति चाँडो सूचनाको हकले स्थापित गर्न खोजेको मूल्य र मान्यता स्थापित हुन्छ । सूचनाको हक प्रचलनका लागि सार्वजनिक निकायको खुलापन र पारदर्शिता आवश्यक छ । उसले खुलापन र पारदर्शितालाई जति बढी प्रबर्द्धन गऱ्यो अनियमितताका घटना उति नै कम हुँदै जान्छ र राज्य नागरिकप्रति जिम्मेवार हुन्छ । यसैले नागरिकलाई प्राप्त सूचनाको हकको सम्मान र संरक्षण गर्न केही निश्चित दायित्व अनिवार्य रूपमा निर्वाह गर्नँपर्छ । तिनलाई संक्षिप्त रूपमा तल प्रस्तुत गरिएको छ ।

१. सूचना वर्गीकरण र अद्यावधिक गरी समय-समयमा सार्वजनिक प्रसारण गर्ने गराउने ।
२. सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने ।
३. आफ्नो कामकारबाहीलाई खुला र पारदर्शी बनाउने ।
४. आफ्ना कर्मचारीका लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने ।

सार्वजनिक निकायसँग सार्वजनिक रूपमा प्रकाशन र प्रसारण गर्न हुने र गर्न नहुने सूचनाहरू हुन्छन् । केही सूचनाहरू समयअगावै सार्वजनिक गर्दा त्यसले राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्न सक्दछ । यस्ता सूचनालाई सार्वजनिक निकायले निश्चित अवधिसम्म संरक्षण गरेर राख्नु पर्छ । यसो भन्दैमा

जुनसुकै सूचनालाई सदाका लागि संरक्षण गरेर राख्न पाइँदैन । यस सिद्धान्तका आधारमा निश्चित समयावधिसम्म सार्वजनिक गर्न नहुने सूचनालाई वर्गीकरण गराएर राख्नु पर्दछ ।

## ५. सूचना सम्बन्धी हकको उपादेयता

१. सरकार जनताका लागि कार्यरत हुन्छ । यसले गरेका कामहरू जनताकै भलाइका लागि गरिने भएकाले सरकारी क्रियाकलाप र कामकारवाहीको प्रत्यक्ष असर जनतामाथि पर्दछ । सरकारी कामकारवाहीको प्रभाव समाज, समुदाय र व्यक्तिलाई समेत पर्न जान्छ । यस्ता प्रभावितलाई सरोकारवालाको नामले सम्बोधन गरिन्छ । यस्ता प्रभावित व्यक्ति वा समुदाय वा समाजले आफूलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा असर पार्ने गरी सरकारबाट भएका अथवा हुन लागेका कामहरूको जानकारी लिन पाउनु नैसर्गिक अधिकारकै रूपमा लिइन्छ । यस्तो हकको संरक्षण हुँदामात्र सरकारका कामकारवाही त्रुटिपूर्ण भएमा सुधार गर्ने अवसर मिल्दछ, जसलाई सूचनाको हकको महत्वपूर्ण पाटोको रूपमा लिन सकिन्छ ।

२. सरकारका निकायहरु सूचना प्रदान गर्ने सम्बन्धमा त्यति उत्साहित भएको पाइँदैन, कमभन्दा कम सूचनामात्रै सरोकारवालालाई उपलब्ध गराउने पुरातन सोचबाट अभ्यस्त भई अघि बढ्ने गर्दछन् । अधिनायकवादी र एकात्मक सरकारमा यो सोच ज्यादा रहने गर्दछ । प्रजातान्त्रिक सरकार जनताप्रति जवाफदेही र उत्तरदायी हुनुपर्ने भएकाले सिद्धान्ततः आफ्ना कामकारवाही पारदर्शी बनाउने प्रतिबद्धता जाहेर गर्दछन् तर व्यवहारमा प्रतिबद्धता अनुरुप सूचना उपलब्ध नगराउने प्रवृत्ति देखा पर्दछ । यो अवस्थामा सरकारका सबै काम कानुनसम्मत तरिकाले सम्पादन गराउनुपर्ने हुन्छ । आफ्ना गतिविधि र क्रियाकलाप सार्वजनिक गर्न सरकारलाई बाध्य पार्ने हक नै सूचनाको हक प्रदान गर्नं हो । त्यसैले सूचनाको हक सधैं लोकतन्त्रको मौलिक विशेषताको रूपमा स्थापित भएको हुन्छ ।

३. सूचनाको हकलाई अमुक देशले कुन हदसम्म स्थान दिएको छ भन्ने आधारमा नै उक्त मुलुकको लोकतन्त्रको विकासको अवस्था आँकलन गरिन्छ । त्यसैले सूचनाको हकलाई प्रजातन्त्रको जीवनको रूपमा लिइन्छ । विश्वका तमाम देशहरूले सूचनाको हकको प्रत्याभूति कानुनमार्फत् गरिसकेका छन् ।

४. सूचनाको हकद्वारा पारदर्शिताको व्यवहारमै प्रत्याभूति जति गर्न सक्यो उति समाजमा अपराध कर्म, स्वेतग्रिपी अपराध (White color crime), भ्रष्टाचार, अख्तियारको दुरुपयोग एवम् गैरकानुनी कार्यको रोकथाममा मद्दत पुग्ने गर्दछ ।

अधिकार कानुनद्वारा प्रदान गरिएपश्चात् सोको कार्यान्वयनका लागि नागरिक समाज, पत्रकार, सचेत नागरिकको दबाव पर्दछ । आफ्ना अधिकारप्रति चनाखो बन्ने वातावरण बन्न थाल्दछ ।

५. सरकारले सूचनाको संग्रह जनताका लागि गर्नँपर्दछ भन्ने मान्यताले काम गर्दै आएको छ ।

## ६. सूचनाको हकसम्बन्धी समस्या

सूचनाको हक लोकतन्त्रको पूर्वशर्त हुँदाहुँदै पनि नेपालमा यसको वाञ्छित प्रयोग तथा उपयोग भने हुन सकेको छैन । राजनीतिक र प्रशासनिक उच्च प्रतिबद्धताको कमजोर अवस्था, यसको प्रयोगप्रतिको दृढ इच्छाशक्तिको अभाव आदिका कारण यसको कार्यान्वयनमा अपेक्षित सफलता हासिल गर्न नसकी विविध समस्याको मारमा रुमल्लिएको पाइन्छ । वस्तुतः मौलिक हकको रुपमा सूचनाको हक कार्यान्वयन नहुनु, सूचनाको हकसम्बन्धी ऐन तथा नियमावलीका प्रावधान पूर्णरुपमा कार्यान्वयन हुन नसक्नु, सूचनाको हक कार्यान्वयनका लागि सुस्पष्ट निर्देशिका नहुनु, कडा कानुनी मापदण्डको अभावजस्ता समस्याहरु मूलभूत रुपले देखिन्छ भने अर्कातर्फ गोप्य र अपारदर्शी कार्यशैली, सरकारी तथा सार्वजनिक निकाय गैरजिम्मेवार हुनु, सूचनाको संकलन, वर्गीकरण तथा प्रकाशन अद्यावधिक नहुनु, दक्ष मानव स्रोत तथा अन्य साधनको अभाव हुनु, प्रविधिमैत्री सूचना पहुँचको विकास गर्न नसक्नु, सूचना प्रयोग गर्ने आवश्यक वातावरण र संस्कृतिको विकास नहुनु आदिले सूचनाको हक कार्यान्वयनमा समस्या सिर्जना गरेको पाइन्छ ।

## ७. नेपालमा सूचनाको हकसम्बन्धी सबल पक्ष

१. सरकारले संविधानमा व्यवस्था भए अनुसारको कार्य नगर्दा यसका विरुद्ध सर्वोच्च अदालतमा रिट पर्न थाल्यो । सर्वोच्च अदालतले सरकारको कर्तव्य र नागरिकको अधिकारको विस्तृत व्याख्या गरी शासन सञ्चालन गर्नेहरूलाई सूचनाको हक प्रदान गर्न र पारदर्शिता कायम गर्न सचेत बनाउँदै लगेको अवस्था रहेको ।

२. जनताको दबाव र अदालती क्रियाशीलताले गर्दा केन्द्रीय र स्थानीय तहहरूमा समेत केही मात्रामा सुशासनको प्रत्याभूति हुँदै आएको ।

३. सूचनाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूति दिँदै राज्य अघि बढ्दा नागरिक समाज, पत्रकार लगायत सञ्चार माध्यम उत्साहित भएका छन् । परिणामस्वरूप शासकीय क्रियाकलापमा पारदर्शिता कायम हुन गई भ्रष्टाचार र ढिलासुस्तीमा

सुधार हुँदै आएको छ । नागरिकको सहभागितामा अभिवृद्धि हुँदै गएको पाइन्छ ।

४. प्रजातन्त्रको पुनः बहालीपश्चात् सञ्चार माध्यमको सङ्ख्यात्मक र गुणात्मक सुधार भई जनताले सूचना प्राप्त गर्ने माध्यमहरूको विकल्प प्राप्त गरेका छन् ।

५. मन्त्रालयलगायत केन्द्रीयस्तरका सार्वजनिक निकायले आफूसँग सम्बन्धित सूचनाको सम्प्रेषण गर्न सूचना अधिकारी र प्रवक्ताको व्यवस्था मिलाएका छन् ।

६. नेपालको संविधानले सूचना प्राप्त गर्ने हकलाई कार्यान्वयनमा ल्याउन २०६४ सालमा सूचनाको हकसम्बन्धी ऐन निर्माण गरी यसका प्रक्रिया, आधार सूचना प्राप्त नहुने अपवादको अवस्था एवम् सूचना लुकाउनेउपर गरिने कारवाही लगायतको व्यवस्था गरी यस हकको प्रत्याभूतितर्फ अघि बढिराखेको छ ।

## ८. नेपालमा सूचनाको हकसम्बन्धी दुर्बल पक्ष

१. सूचना सार्वजनिक निकायका पदाधिकारीहरूमा मात्रै निहित हुन पुग्यो । यसबाट जनताका अधिकार खोसिन पुगे । थुप्रै पदमा राजनीतिक नियुक्ति गरियो । सो कारण प्रतिस्पर्धाबाट योग्य व्यक्तिले अवसर नपाउँदा नागरिकहरूले रोज़गारी र गुणस्तरयुक्त सेवा पाउने अवसरबाट विमुख हुनुपर्ने अवस्था रह्यो ।

२. सरकार सधैं अस्थिर रहन पुग्यो सरकार बनाउने र गिराउने अस्वस्थ प्रतिस्पर्धा चल्न थाल्यो । सार्वजनिक सम्पत्तिको दुरुपयोग हुन थाल्यो । जसका कारण आधिकारिकता प्रमाणित हुने किसिमको सूचना दिई राख्न जरुरी ठानिएन ।

३. सूचनाको हक प्राप्त गर्न कानुन बनाउन दबाव दिने नागरिक समाजलगायतका स्वतन्त्र बुद्धिजीवीहरू दलीय कित्तामा आबद्ध हुँदै गए । यसले सरकारलाई जनताका पक्षमा काम गर्न गराउन दबाव दिने वातावरण निर्माण गर्न कठिन भयो ।

४. बहुसङ्ख्यक जनता ग्रामीण क्षेत्रमा रहने र यस्ता जनतामा चेतनाको कमी भएकाले आफ्ना हकका बारेमा पूर्णरुपमा सुसूचित हुन सकेनन् ।

५. सञ्चार माध्यमसमेत दलगत रूपमा विभाजित हुँदा स्वतन्त्र एवम् निश्पक्ष हुन सकेका छैनन् ।

६. सञ्चार माध्यम अधिकांश शहरी क्षेत्रमा मात्र सीमित हुँदा बहुसङ्ख्यक जनताले सूचना प्राप्त गर्न नसक्ने परिस्थिति बन्यो ।

७. सार्वजनिक सूचनाको व्यवस्थापन पक्ष कमजोर रहेको ।

## ९. चालिनुपर्ने कदम

सूचनाको हकको लागि नेपालमा उपलब्ध अवसर, सम्भावना र सबल पक्षहरुको उच्चतम् लाभ हासिल गर्दै खुला र पारदर्शी शासनलाई बढावा दिन सम्पूर्ण समस्याको व्यावहारिक समाधान आवश्यक हुन्छ । वस्तुतः मौलिक हकको रुपमा सूचनाको हकलाई कार्यान्वयन गर्न सरकारी प्रतिबद्धता र प्रयासलाई दरिलो बनाउने, सूचनाको हकसम्बन्धी ऐन तथा नियमावलीको व्यावहारिक कार्यान्वयनमा जोड दिने, खुला र पारदर्शी शैलीको अवलम्बन गर्दै सुशासन प्रबर्द्धन गर्ने, सरकारी तथा सार्वजनिक निकायलाई जिम्मेवार तुल्याउने, सूचनाको सङ्कलन, वर्गीकरण तथा प्रकाशनलाई नियमित अद्यावधिक गर्ने, दक्ष मानवस्रोत तथा अन्य साधनको पर्याप्त व्यवस्था गर्ने, प्रविधिमैत्री सूचना पहुँचको अभिवृद्धि गर्न वेबसाइटहरुको विकास र विस्तार गर्ने, सूचना प्राप्ति र प्रयोग गर्ने संस्कृति तथा आवश्यक वातावरण निर्माण गर्ने लगायतका कदमको सम्बद्ध सरोकारवालाहरुबाट उच्च प्रतिबद्धता कायम गर्ने हो भने उल्लिखित समस्या सम्बोधन गर्न सकिन्छ ।

## १०. निष्कर्ष

मुलुकले संविधानतः बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अवलम्बन गरी खुला र लोकतान्त्रिक शासन व्यवस्थालाई मार्गप्रशस्त गरेको छ । वर्तमान परिप्रेक्ष्यमा संघीय लोकतान्त्रिक शासन व्यवस्थालाई सुदृढ गर्ने एवम् नेपालको राजनीतिक साध्य पूरा गर्ने महत्तम अस्त्रको रुपमा सूचनाको हकलाई प्रयोग गर्नुपर्ने आवश्यकता खड्किएको छ। सूचनाको हकका खातिर पर्याप्त प्रयास र कानुनी व्यवस्था अघि सारिए पनि यसको कार्यान्वयन पक्ष बढी फितलो हुँदा नतिजामा प्रत्यक्ष असर परेको छ । यही तथ्यलाई मनन गर्दै उच्च राजनीतिक र प्रशासनिक इच्छाशक्ति र प्रतिबद्धताका माध्यमबाट यसको प्रत्याभूतिमा जोड दिनु नितान्तै आवश्यक छ। प्रत्येक नेपालीको चाहनालाई लोकतान्त्रिक मर्मअनुरुप सम्बोधन गर्न आज सूचनाको हक आवश्यक मात्र हैन अपरिहार्य भएको छ। नेपाली जनताको भाग्य र भविष्य समुज्ज्वल बनाउने सार्थक विकास र लोकतान्त्रिक अभ्यास सुनिश्चित गर्न सूचनाको हकको अधिकाधिक र अर्थपूर्ण उपयोग कायम गर्नको विकल्प देखिंदैन ।

## ११. सन्दर्भ सामग्री


१. नेपालको अन्तरिम संविधान, २०६३ ।

२. सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ ।

३. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली, २०६५ ।

४. निजामती सेवा प्रत्रिका विभिन्न अंकहरु, लोकसेवा आयोग, काठमाडौं ।

५. प्रशासन पत्रिका विभिन्न अंकहरु, सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं ।

६. सूचना आयोग (A Journal of RTI ) २०७२, राष्ट्रिय सूचना आयोग, काठमाडौं ।

७. निजामती सेवा दर्पण २०७२ निजामती सेवा दिवस, मूल समारोह समिति, मुद्रण विभाग सिंहदरबार, काठमाडौं ।

८. श्याम प्रसाद मैनाली, शासकीय स्वरुप संविधान र सुशासन, मैनाली बुक्स एण्ड स्टेशनरी अद्वैतमार्ग, बागबजार, काठमाडौं ।

९. पत्रपत्रिकामा प्रकाशित लेखहरु

१०. विभिन्न पत्रपत्रिका ।

*https://www.prasashan.com/2018/08/08/77579/*
*https://www.epadhae.com/blog/detail/*
*https://suchanakohak.com/2022/04/14/1741/*
*https://www.onlinekhabar.com/2022/05/1120946*
*https://www.gothalokhabar.com/old/news/1747*

# सूचना हक र सूचनाको हकसम्बन्धी ऐन, २०६४



**फणीन्द्र फुयाल ज्वाला**
प्राध्यापक

## सूचनाको अर्थ

सूचना एक यस्तो शब्द हो जुन धेरै प्रकारबाट धेरै ठाउँमा प्रयोग हुन्छ । मूलतः यो एक यस्तो शब्दबाट आएको छ, जसको अर्थ कुनै वस्तुलाई मूर्त रूप दिनु हो । सूचना भनेको केही वस्तुबारे केही सिक्नु, जान्नु अथवा बुझ्नु हो । उदाहरणका लागि, एक समाचार पत्रमा दुनियाभरिको सूचना समावेश हुन्छ । सूचना भनेको सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कामकारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखित, सामग्री वा जानकारी हो । सम्बन्धित सबैलाई केही कुरा थाहा दिने काम नै सूचना हो ।

## हक के हो ?

हक भनेको स्वत्व, अधिकार वा दावा हो । कुनै पनि देशको नागरिकलाई कानुनले दिएको विभिन्न अधिकार नै उसको हक हो । तर कसैले अर्काको हक लुटेर आफैंमा राख्ने कुचेष्टा गर्छन् र उक्त हक प्राप्तिका लागि लडाइँ, संघर्ष, युद्ध आदि हुने गर्छन् । नेपालको इतिहासलाई खोतल्ने हो भने पनि हामी हक तथा अधिकार प्राप्तिका लागि नागरिकले भोग्नु पारेका विभिन्न आन्दोलन, क्रान्ति, संघर्ष, युद्ध, वार्ता र सम्झौता भएको पाउँछौं । जसरी मानिसले यो धर्तीमा जन्मिएपछि गाँस, बास र कपासको हक पाउँछ, त्यसैगरी मानिसले मुलुकमा राज्यका विभिन्न निकायबाट हुने गरेको काम र निर्णयहरुका बारेमा पनि बेलैमा जानकारी वा सूचना पाउनु उसको नैसर्गिक हक हो । यही हकलाई हामी सूचनाको हक भन्छौं ।

## सूचनाको हकसम्बन्धी ऐन

राज्यका कामकारबाही लोकतान्त्रिक पद्धतिअनुसार खुला र पादर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित

हुन पाउने हकलाई संरक्षण गर्न नेपालमा सूचनाको हक सम्बन्धी ऐन २०६४ जारी गरिएको हो ।

यो ऐनले सूचनाको हकसम्बन्धी अवधारणालाई पनि स्पष्ट पार्ने प्रयास गरेको छ । यसै ऐनको दफा २ (ङ) मा भनिएको छ- 'सूचनाको हक' भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र माग्न पाउने अधिकार सम्झनु पर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखित, सामग्री वा सो प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत् प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ । त्यसैगरी यो ऐनको दफा २ (ख) मा 'सूचना' शब्दको परिभाषा गर्दै भनिएको छ, 'सूचना भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखित, सामग्री, वा जानकारी सम्झनु पर्दछ ।'

## सार्वजनिक निकायको दायित्व

सूचनाको हकसम्बन्धी ऐनका अनुसार प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षणका लागि काम गर्नुपर्दछ । विभिन्न राष्ट्रिय भाषाहरुको प्रयोग गरी सार्वजनिक महत्वका सूचनाहरुलाई प्रकाशन/प्रसारण गर्नु सार्वजनिक निकायको दायित्व हो । सार्वजनिक निकायले जनसरोकारका विषयलाई अद्यावधिक रुपमा राख्नु पर्ने, सूचनामा नागरिकको पहुँच सरल बनाउने, आफ्नो कामकारबाही खुला र पारदर्शी बनाउने, उपलब्ध सूचनालाई व्यवस्थित गरी राख्ने तथा नागरिकलाई चाहिएको बखत सूचना उपलब्ध गराउनु पर्ने दायित्व यो ऐनले व्यवस्था गरेको छ । त्यस्तै, यो ऐनले हरेक सार्वजनिक निकायलाई कम्तिमा २० वर्षसम्मका सूचनाहरु अद्यावधिक गर्न निर्देशन दिएको छ ।

## सूचना प्रवाहसम्बन्धी व्यवस्था

यो ऐनले प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक हुने व्यवस्था गरेको छ । यस ऐनमा तोकिएबमोजिम उनीहरुलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ । तर सार्वजनिक निकायमा रहेको निम्न बमोजिमको सूचना प्रवाह गरिने छैन :

क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पर्ने ।

ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पर्ने ।

ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक योपनीयतामा गम्भीर आघात पर्ने ।

घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसबन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने
ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने ।

## सूचना प्राप्त गर्ने कार्यविधि

सूचनाको हक सम्बन्धी ऐन अनुसार सूचना प्राप्त गर्न चाहने कुनै पनि नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नु पर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकार ीसमक्ष निवेदन दिनु पर्नेछ . सूचना माग गर्दा तोकिएबमोजिमको शुल्क लाग्न सक्नेछ। त्यस्तो निवेदन प्राप्त भएपछि सम्बधित सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सक्ने सूचना तत्कालै र तत्काल उपलब्ध गराउन नसकिने सूचना १५ दिनभित्र उपलब्ध गराउनु पर्नेछ। तर, व्यक्तिको जीउ-ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको २४ घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनु पर्नेछ। यसरी उपलब्ध गराइएको सूचना कुने पनि प्रकारले दुरुपयोग गर्न पाइने छैन।

## सूचना आयोगको व्यवस्था

सूचनाको हकको संरक्षण, प्रवर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोगको व्यवस्था ऐनले गरेको छ। जसमा मुख्य आयुक्त र दुई आयुक्तहरु गरी तीन सदस्य रहन्छन्। आयोगका पदाधिकारीहरुको कार्यकाल पाँच वर्षको हुन्छ। आयोगले प्रत्येक वर्ष आफूले गरेका कामकारबाहीको वार्षिक प्रतिवेदन प्रधामन्त्रीमार्फत् व्यवस्थापिका संसद्मा प्रस्तुत गर्नुपर्दछ। राष्ट्रिय सूचना आयोगको मुख्य काम, कर्तव्य र अधिकार यस्ता छन्।

क) सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत, तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने।
ख) त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने।
ग) नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने।
घ) सयम किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बधित सार्वजनिक निकायहरुलाई आदेश दिने।
ङ) यस ऐनबमोजिमको दायित्व पालना गर्न/गराउन सम्बन्धित पक्षलाई आदेश दिने।
च) नेपाल सरकार तथा सूचना तथा सञ्चार सम्बन्धित विभिन्न निकायहरुलाई सूचनाको हकको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने।

छ) सूचनाको हकको संरक्षण, प्रवर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेशहरु दिने ।

**वर्तमान अवस्था/समस्या**

नेपालमा सूचनाको हक सम्बन्धमा कानुनी व्यवस्था भए पनि परम्परागत कार्यशैली, सूचनाको संस्कृतिको विकास नहुनु, समयमा सार्वजनिक गर्न मिल्ने र नमिल्ने सूचनाको वर्गीकरण हुन नसक्नु, नागरिक सचेतनाको अभाव रहनु, सबै सार्वजनिक निकायमा सूचना प्रविधिको प्रयोग हुन नसक्नु वा दक्ष जनशक्तिको अभाव हुनुजस्ता समस्या रहेका छन् । यस्तै सूचना प्रदायक निकायको संस्थागत स्मरण कमजोर रहनु, सूचना छरिएर रहनु, व्यवस्थापन सूचना प्रणाली प्रभावकारी नहुनु, सबै सार्वजनिक निकायले सूचना अधिकारी नतोक्नु, सूचनाको महत्व बुझ्न-बुझाउन नसक्नु, सूचना सम्बन्धी ऐन, नियमको कार्यान्वयन प्रभावकारी नहुनु आदि समस्या देखिन्छन् .

कुनै पनि सूचना सम्प्रेषण गर्ने वा प्रकाशन गर्ने व्यक्ति वा निकायले सार्वजनिक सूचना प्रकाशन गर्ने जनतालाई सुसूचित गर्ने, जनताले थाहा नपाएको सूचनाबारे थाहा जानकारी गराउने सत्यतथ्य लुकेको छ भने त्यसलाई उजागर गर्ने, कुनै विषयमा लामो खोज अनुसन्धान गरेर सत्यतथ्य पत्ता लगाउने कार्य सञ्चार क्षेत्रले गर्दछ। त्यसैले यसलाई राज्यको चौथो अङ्गका रूपमा लिइन्छ। सञ्चारमाध्यम र सञ्चारकर्मीको काम लुकेको तथ्य उजागर गर्ने हो। कुनै अनुसन्धान, अभियोजन र फैसलाका बारेमा मूल्याङ्कन गर्ने, ठीकबेठीक भन्ने होइन। त्यो छुट्याउन कानुनले छुट्टै निकाय र अधिकारीको व्यवस्था गरेको छ। कानुनले सबै निकाय, अधिकारी, व्यक्तिका हक अधिकारको व्यवस्था गरेको छ। सबैले आफ्नो अधिकारको सीमारेखा र मर्यादाको पालना गरेमा मात्र मुलुकमा विधिको शासन कायम हुनसक्छ .

**के सूचनाको हक पत्रकारका लागि मात्र हो ?**

झट्ट सुन्दा सूचनाको हक पत्रकार, पत्रपत्रिका, प्रेस, मिडिया वा छापाखानासँग सम्बन्धित होलाझैं लाग्न सक्छ । माथि यसको ऐनमै प्रष्ट पारिएको छ कि यो आमनागरिकको सरोकारको विषय भएकाले यो ऐनको प्रयोग पनि आमनागरिकले नै गर्न पाउँछन् । भलै पत्रकारहरु जनतालाई सूचना दिन रातदिन तल्लीन भएकाले यो उनीहरुसँग मात्र सम्बन्धित होलाझैं लाग्न सक्छ । तर कुरो त्यसो होइन, बुझाई त्यस्तो हुनुहुँदैन ।

**विश्वमा सूचनाको हकको प्रचलन**

सूचनाको हकलाई सर्वप्रथम प्रचलनमा ल्याउने देश स्वीडेन हो । सन् १७६६ डिसेम्बर २ मा स्वीडेनको सांसदले फ्रिडम अफ प्रेस एक्ट नामक सूचनाको हकसम्बन्धी

ऐन पारित गरेको थियो । (स्वीडेनको संसदमा यो विधेयक पेस गर्ने व्यक्ति थिए एन्ड्र्यु सिडनस) । उक्त कानुन सार्वजनिक भएसँगै स्वीडेनका त्यसबेलाका जनतालाई राज्यका कामकारबाहीबारे सोध्ने र जानकारी प्राप्त गर्ने अधिकार प्राप्त हुन पुगेको थियो । प्रेसले राज्यका गतिविधिबारे खोजीनीति गर्न पाउने भयो । राज्यका सूचनामा प्रेस र जनताको पहुँचका दृष्टिले विश्वमा यो युगान्तकारी घटना थियो । त्यसअघिसम्म राज्य अर्थात् शासकलाई जनतामाथि शासन गर्ने अधिकार छ र शासित जनता (जसको करबाट शासन सञ्चालन भइरहेको छ) लाई राज्य र सरकारका गतिविधिबारे कुनै प्रश्न सोध्ने अधिकार छैन भन्ने विश्वव्यापी मान्यता व्याप्त रहेको थियो ।

यसपछि सन् १८०० सूचनाको हकका दृष्टिले महत्वपूर्ण वर्ष मानिन्छ । त्यस वर्ष अमेरिकाको कोर्ट अफ भर्जिनियाले एक रिटमा फैसला गर्दै जान्न पाउने हक सुरक्षित रहेको नजीर कायम गऱ्यो । तर यति हुँदाहुँदै पनि अमेरिकामा लामो समयसम्म सूचनाको हकसम्बन्धी कानुन आएन । विश्वमा सूचनाको हक सम्बन्धी कानुन आएको करिब दुई शताब्दीपछि मात्र अमेरिकामा सन् १९६६ मा फ्रिडम अफ प्रेस एक्ट जारी गरियो, जसलाई सन साइन ल भनेर पनि चिनिन्छ । सार्क राष्ट्रतर्फ सर्वप्रथम भारतमा सन् २००२ मा र त्यसपछि पाकिस्तामा सन् २००५ सालमा सूचनाको हकसम्बन्धी ऐन बनेको थियो । सूचनाको हकसम्बन्धी कुरालाई मौलिक हकको रूपमा संविधानमा राख्ने नेपाल सार्क क्षेत्रमा पहिलो मुलुक भएता पनि ऐन नै निर्माण गरी कार्यान्वयन गर्ने भने तेस्रो मुलुक हो ।

विश्वमा सन् १९७० को दशकसम्म यो कानुन लागू गर्ने देश स्वीडेनबाहेक अमेरिका र फिनल्यान्ड मात्र रहेकोमा सन् २००० को दशकसम्म आइपुग्दा यो कानुन लागू गर्ने देशको सङ्ख्या ४० पुग्यो भने सन् २०१० को दशकमा यो सङ्ख्या ८२ पुग्यो र सन् २०१६ को अन्त्यसम्म आइपुग्दा यो हक लागू गर्ने देशको सङ्ख्या ११४ पुगेको छ ।

अन्तर्राष्ट्रिय अनुबन्धतर्फ चर्चा गर्दा संयुक्त राष्ट्र संघको महासभाले सन् १९४६ मा प्रस्ताव नं. ५९ (१) मार्फत् सूचनाको हकलाई मौलिक हकको रूपमा राखिनु पर्दछ र यो हकलाई अन्य सबै मौलिक हकको कसीको रूपमा स्थापित गरिनु पर्दछ भनी उद्घोष गरेको पाइन्छ । सन् १९४८ मा घोषणा गरिएको मानव अधिकार घोषणापत्रको धारा १९ मा विश्वका आमव्यक्तिलाई सीमाविहीन रूपमा सूचना प्राप्त गर्ने अधिकार हुने कुरा उल्लेख गरिएको छ ।

**र, अन्त्यमा**

कुनै पनि प्रजातन्त्रिक, लोकतान्त्रिक वा गाणतान्त्रिक मुलुकले दिन मिल्नेजति सबै

सूचना जनतालई समयमै उपलब्ध गराउनु पर्छ । यसले गर्दा सरकार जनउत्तरदायी बन्छ, सरकार जनताको प्रिय बन्छ, यसको आयु पनि लामो हुन्छ । नेपाल संघीयतामा प्रवेश गरेपछि तीन तहका शासन प्रणाली लागू भएका छन् । स्थानीय, प्रादेशिक र संघीय सरकारले गर्ने हरेक काम र निर्णयलाई जनताले बुझ्ने गरी सार्वजनिक स्थलमा बेलैमा नागरिक वडापत्रझैँ राखिदिन सके जनता र सरकारबीच मनमुटाव र शंका उपशंका सिर्जना हुँदैन ।

सरकारले स्थानीय सञ्चारमाध्यमको प्रयोग, सामाजिक सञ्जालको प्रयोग र आफ्नै कार्यालयको वेबसाइटमा पनि जनसरोकारका विषयमा आफ्नो कार्यालयले गरेको कामकारबाहीको बारेमा बेलैमा सूचना सम्प्रेषण तथा अपडेट गर्ने हो भने जनता टाठाबाठा र अधिकारसम्पन्न हुनेमा कसैको दुई मत नरहला ।

**सन्दर्भ सामग्रीहरु :**

आचार्य, भानुभक्त, आमसञ्चार र पत्रकारिता (सातौँ संस्करण, २०७६) निमा पुस्तक प्रकाशन, काठमाडौं ।

बस्नेत, ललितकुमार 'सूचनाको हक, यसको कार्यान्वयनका बाधकहरू र प्रभावकारी बनाउने उपाय' www.prasashan.com/2018/08/28/79975/

राष्ट्रिय सूचना आयोगको वेबसाइट https://nic.gov.np/

# वैदेशिक रोजगारी र सूचनाको हक



**बबिता बस्नेत**
सूचनाको हकको अभियन्ता

वैदेशिक रोजगारी नेपालीलाई कामको खोजीमा बाध्यात्मक यात्रा झैं बनिरहेको छ । देशमा रोजगारीको अवसर नहुँदा प्रत्येक दिन सयौंको सङ्ख्यामा नेपाली युवा बिदेशीन बाध्य छन् । घरघरबाट मानिसहरू कुनै न कुनै देश पुग्ने क्रम जारी छ । आफ्नो देशका जिल्लासमेत राम्ररी थाहा नहुनेलाई पनि बहराइन, कतार, साउदी, इजरायललगायत मुलुकका निश्चित ठाउँहरू कण्ठ छन् । वैदेशिक रोजगारीले घरपरिवार या चाडबाड, विवाह, ब्रतबन्ध, काजकिरिया, ऋण, कारोबारमात्र धानेको छैन, मुलुकलाई ठूलो मात्रामा रेमिट्यान्स पनि भित्र्याइदिएको छ । रेमिट्यान्सले कोरोना प्रभावित अर्थतन्त्रबाट मुलुकलाई माथि उकास्न राहत प्रदान गर्दै आएको देखिन्छ । केही दशकअघिसम्म पुरुषका निम्ति मात्रै कामकाजी थलो ठानिएको परदेश दिन प्रतिदिन महिलाका लागि पनि आकर्षणको केन्द्रबिन्दुझैं बनेको छ । तर, वैदेशिक रोजगारी बाहिरबाट हेर्दा जति आकर्षक देखिन्छ, त्यसभित्रका जटिलता पनि त्यत्तिकै छन् ।

विदेश जानुअघि र गइसकेपछि हुन सक्ने घटना, त्यसका लागि अपनाउनुपर्ने उपाय, आफ्ना लागि मुलुकमा बनेका नीति-नियम, आफू काम गर्न जाने या गएको मुलुकका नीति-नियमबारे जानकारी नहुँदा धेरै नेपालीले जिन्दगीमा नसोचेको दुःख पाइरहेका छन् । गाउँमा बस्ने हुन् या शहर, जिल्ला या राजधानी, महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक सबै नेपाली नागरिकलाई विभिन्न विषयमा जान्न पाउने सूचनाको हक कानुनले नै तय गरिदिएको छ । तर, त्यो अधिकार कसरी प्रयोग गर्ने भन्नेबारे धेरैलाई अन्योल छ । एकातिर प्रयोगकर्ता यसबारे अनभिज्ञ छन् भने अर्कोतिर सेवा दिनुपर्ने निकाय पनि आफूले दिनुपर्ने जानकारी र जनताको उक्त कानुनी हकबारे सचेत देखिंदैनन् । त्यसो त सूचनाको हकको प्रयोग हरेक क्षेत्रमा महत्वपूर्ण छ । वैदेशिक रोजगारी कुनै एक पक्षसँग नभई मान्छेको जिन्दगीसँगै जोडिएको हुँदा सही सूचना पाउने कुरा यहाँ बढी महत्वपूर्ण हुन्छ ।

वर्तमान विश्वमा सूचना शक्ति, आत्मविश्वास, रोजीरोटीदेखि डर, त्रास र आतङ्क

सम्म हो । नेपालमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ सालदेखि लागु भएको हो । निकै लामो संघर्षपछि प्राप्त सूचनाको हकसम्बन्धी कानुन निर्माण भएर यसको कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको स्थापना भइसक्दा पनि यसको प्रयोगमा जुन स्तरको व्यापकता आउनु पर्ने हो, त्यो आउन सकेको छैन । यसको मुख्य कारण सूचनाको हकसम्बन्धी कानुनको प्रयोगबारे जनस्तरमा जानकारीको कमी हो भन्न सकिन्छ । सूचनाको हकको प्रयोगले सुशासन, पारदर्शिता र जवाफदेहितालाई बढावा दिन्छ । कुनै पनि नेपाली नागरिकलाई सूचना माग्ने अधिकार छ । सूचनाको हक भनेको सार्वजनिक निकायमा रहेको व्यक्तिगत वा सार्वजनिक महत्वको सूचना माग्न पाउने अधिकार हो । कुनै पनि विषयमा जानकारी पाएपछि मात्रै व्यक्तिले सम्बन्धित विषयमा आफ्नो भूमिका निर्वाह गर्न सक्दछ । त्यसैले सूचनाको हकलाई नागरिकको नैसर्गिक अधिकारका रुपमा लिइन्छ ।

वैदेशिक रोजगारसम्बन्धी सार्वजनिक निकायमा श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड, वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने संस्थाहरु, वैदेशिक रोजगार बीमा कम्पनी, अभिमुखीकरण तालिम संस्था, वैदेशिक रोजगार व्यवसायी संस्था (म्यानपावर कम्पनी) पर्छन् । साथै गाविस/नगरपालिका कार्यालय, जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, राहदानी विभाग, कन्सुलर सेवा विभाग, परराष्ट्र मन्त्रालय, अध्यागमन विभाग, त्रिभुवन विमानस्थल अध्यागमन कार्यालय र नेपाली दूताबासहरु सबै सार्वजनिक निकाय हुन् । यी सबै निकायहरुसँग सम्बन्धित सूचना वैदेशिक रोजगारीमा गएका र जान चाहनेले बुझ्न आवश्यक हुन्छ ।

मानिसहरू प्रायः गाउँबाट वैदेशिक रोजगारका निम्ति जान्छन् तर वैदेशिक रोजगार विभागको शाखा कार्यालय किन जिल्लामा खुल्न सकेको छैन ? वैदेशिक रोजगार कम्पनीहरू कुनचाहिँ कानुनी रूपले सञ्चालित हुन् या होइनन् कसरी थाहा पाउने ? कामका निम्ति विदेश गएको आफन्तको मृत्यु भयो भने क्षतिपूर्तिका लागि कहाँ पहल गर्ने ? कसलाई गुहार्ने ? मान्छे त फर्किएर आएन नै, लास समयमा ल्याउनका लागि के गर्ने, कसलाई भन्ने ? पासपोर्ट बनाउन सदरमुकामसम्म पुगियो ठीकै छ, अब कुन देशमा जाँदा के हुन्छ ? के काम पाइन्छ ? कति पैसा लाग्छ ? जानका लागि के-के गर्नुपर्छ ? जस्ता कुरा थाहा पाउनका लागि राजधानी नै किन पुग्नुपर्ने ? जिल्ला सदरमुकाम र गाउँघरसम्म यी कुरा पुऱ्याउन किन सकिरहेको छैन ? विदेशमा कामका लागि नेपालीहरु पुगेपछि सम्बन्धित मुलुकमा रहेका नेपाली राजदूताबासहरुको भूमिका के हुन्छ ? यस्ता तमाम कुरा छन् जो सूचनाको हकसँग सम्बन्धित छन् । वैदेशिक

रोजगारपीडितको मुद्दा सरकारले नै लडिदिन्छ तर यो कुरा थाहा पाउने कति मानिस छन् ? यदि थाहा भएको भए मानिसले यति धेरै दुःख किन पाउँथे होला ? यो कुराको जानकारी दिने काम कसको हो ? जिल्ला-जिल्ला या गाउँ-गाउँमा यस्ता कुराको जानकारी गराउनु सरकारको दायित्व होइन र ? जानकारीको अभावमा असुरक्षित तवरले विदेश जाँदा धेरै मानिसको जिन्दगी जोखिममा परेको छ । जानकारीको अधिकारका लागि केही पहल नभएका होइनन् तर ती सीमित छन् । तिनलाई 'सिस्टम' मा ढाल्न सकिएको छैन, जुन अत्यन्तै आवश्यक छ ।

वैदेशिक रोजगार विभागको प्रदेश तहभन्दा तल शाखा कार्यालय छैनन् तर मानिस विदेश पठाउने एजेन्टहरू भने गाउँभरि छ्याप्छ्याप्ती छन् । वैदेशिक रोजगारसम्बन्धी नीति, नियम, कानुनहरू नभएका होइनन्, छन् । वैदेशिक रोजगार नीति २०६८, श्रम तथा रोजगार नीति २०६२, वैदेशिक रोजगार ऐन २०६४, वैदेशिक रोजगार नियमावली २०६४, वैदेशिक रोजगार बोर्डको कार्य सञ्चालक निर्देशिका २०६८, नेपाली प्राविधिक अभ्याशार्थी जापान पठाउने निर्देशिका २०६६, इजरायलमा केयर गिभरका रूपमा कामदार पठाउनेसम्बन्धी कार्यविधि २०६८ लगायतका नीति, नियमावली या नीतिगत व्यवस्थाहरू छन् । तिनको प्रयोग कति कामदारले गरिरहेका छन् ? तिनका आफन्तलाई यी विषयमा के-कति थाहा छ ? अधिकांशलाई थाहा छैन । यदि यसप्रकारका नीति-नियमको जानकारी हुँदो हो त केयर गिभरका लागि इजरायल जान चाहनेहरू एजेन्टको लहडमा लागेर ठगिनुपर्ने थिएन ।

नेपालमा अहिले ८ सय ८ वटा वैदेशिक रोजगार कम्पनी कानुनी रूपमा सञ्चालित छन् । कानुनी लाइसेन्स प्राप्त एजेन्ट करिब २ सय जना छन् । तर, काठमाडौं र बाहिर एजेन्टहरूको चलखेल हेर्ने हो भने धेरै हजार छन् जस्तो लाग्छ । वैदेशिक रोजगारका सम्पूर्ण कामकारबाहीहरू केन्द्रीकृत हुँदै जाँदा एजेन्टहरू भने विकेन्द्रीकृत हुँदै गएका छन् । असुरक्षित वैदेशिक रोजगारीका लागि एजेन्टहरूको ठूलो भूमिका छ । काममा जान चाहनेहरूसमक्ष कुनै सूचना या जानकारी पुगेको छ भने त्यो एजेन्टहरूमार्फत् नै पुगेको छ । एजेन्टले दिने जानकारी अवश्य नै उनीहरूको आफ्नै हितमा हुन्छ न कि कामको खोजीमा विदेश जानेहरूको । त्यसैले वैदशिक रोजगारीका सवालमा जिल्लाजिल्लामा, गाउँगाउँमा सूचना स्रोत केन्द्र स्थापना हुन जरुरी हुन्छ ।

वैदेशिक रोजगारमा जाने कामदारका लागि सार्वजनिक निकायले विदेश जानु पूर्व कामदारलाई रोजगारको छनोट गर्ने सम्बन्धी जानकारी, जाने तयारी गरेका कामदारलाई नागरिकता, राहदानी बनाउने तरिका, लाग्ने खर्च र समयदेखि वैदेशिक रोजगारको लागि गर्नुपर्ने सबै प्रक्रिया, खर्च, समयबारे जानकारी दिनुपर्छ ।

वैदेशिक रोजगारमा कुन कुन निकाय र प्रक्रियाबाट जान सकिन्छ ? त्यसको लागि के कति खर्च  र समय लाग्छ ? कामदारले कहाा, कसरी निवेदन दिनुपर्छ ? रोजगार करार (इम्प्लोईमेण्ट कन्ट्रयाक्ट) भनेको के हो ? त्यो कोसाग गर्नुपर्छ, त्यसमा अनिवार्य रुपमा के के हुनुपर्छ ? त्यो करारलाई नेपाली भाषामा अनुवाद गरी वैदेशिक रोजगार विभागबाट प्रमाणीकरण गरी एक प्रति कामदारलाई दिनुपर्ने लगायत कामदारलाई जानकारी दिनुपर्छ ।

**वैदेशिक रोजगारमा महिला र सूचनाको हक**

बैदेशिक रोजगारीमा महिला सहभागिता बढ्दो छ । तर सूचनामा महिलाको पहुँच र प्रभाव दुबै कम छ । सूचना अहिले पनि महिलाको लागि टाढाको लक्ष्य झैं बनेको छ । सूचनाका संयन्त्रहरुमा महिलाको पहुँच कम छ । बिहानबेलुकाका अनौपचारिक भेटघाट, छलफल, चिया पसल, चौतारी लगायतका स्थान- जहाँ सूचनाहरु आदान प्रदान हुन्छन्, त्यस्ता ठाउँहरुमा महिलाको सहभागिता न्यून हुन्छ या हुँदैन नै पनि भन्न सकिन्छ। सूचनामा महिलाको पहुँच कम भएकै कारण वैदेशिक रोजगारीमा जाँदा महिलाहरुले अनेक दुःख कष्ट भोग्नु परिरहेको छ । सही सूचना प्राप्त नगर्दा वैदेशिक रोजगारीका नाममा महिलाको बेचबिखनसमेत भइरहेको छ । म कहाँ जाँदैछु ? केका लागि जाँदैछु ? कति पैसा पाउँछु ? आफू जान लागेको देशको सुरक्षा व्यवस्था कस्तो छ ? आफू असुरक्षित भए कसलाई सम्पर्क गर्ने ? लगायत वैदेशिक रोजगारका हरेक चरणका बारेमा जानकारी राख्न जरुरी छ ।

वैदेशिक रोजगारीको क्षेत्रमा भइरहेको बेथितिलाई रोक्न र कामका लागि बाहिर जान चाहनेलाई सुसूचित गर्नका लागि सूचनाको हकसम्बन्धी कानुनको प्रयोग गर्न सकिन्छ। तर अन्य धेरै क्षेत्रमा जस्तै वैदेशिक रोजगारीको क्षेत्रमा पनि सूचनाको हकको प्रयोग हुन सकिरहेको छैन। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सम्बन्धित सरकारी विभाग तथा कार्यालयहरू त हुने नै भए वैदेशिक रोजगार कम्पनीहरू पनि सूचनाको हकसम्बन्धी कानुनको दायरामा छन् । त्यसैले वैदेशिक रोजगारको सम्पूर्ण चक्रलाई सूचनाको अधिकारसँग जोडेर हेर्न र यसमा सूचनाको हकसम्बन्धी कानुनको प्रयोग गर्न आवश्यक छ ।

# दुर्व्यवहार र भयमुक्त सूचनाको खाँचो



**विद्या राई**
खोज पत्रकार

हालैको एक भेटमा अमेरिकी यस्मिन नामिनीले नेपालमा प्रेस स्वतन्त्रताको प्रशंसा गर्दै भनेकी थिइन्, 'यसअर्थमा भाग्यमानी नागरिक हौं कि यहाँ जस्तोसुकै सूचना जुनसुकै बेला पाउन सक्छौं, यस्तो स्वतन्त्रता पश्चिमा देशहरुमा समेत कमै छ ।' न्यूयोर्क टाइम्समा 'डिजिटल मिडिया कन्सल्ट्यान्ट एण्ड एडभाइजर' भएर ३० बर्ष विताएकी नामिनीले यसो भनिरहँदा पुकलित नहुने कुरै भएन । उसले भनेझैं लोकतान्त्रिक मुलुकका नागरिकका हैसियतले हामीसित सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वको सूचना माग्ने र पाउने हक छ । राज्यले 'सूचनाको हकसम्बन्धी ऐन, २०६४' ल्याएको पनि १५ वर्ष भइसकेको छ । तर, कानुनी रुपमा हामी जति अगाडि छौं, ती निकायहरुबाट सूचना पाउन भने अझै पनि कठिन भइरहेको छ ।

मैले पछिल्ला पाँच वर्षमा सरकारी तथा गैरसरकारी निकायहरुमा ५० बढी सूचना मागका निवेदन दर्ज गर्दा हरेक निकायका सूचना अधिकारी, प्रवक्ता र कार्यालय प्रमुखहरुसित फरक–फरक अनुभूति छन् । एकदमै थोरैले सहजै सूचना उपलब्ध गराएका छन् । अरुले नियतबश दुःख दिने, तथानाम गाली गर्ने, सूचना लुकाउने र नदिनेसमेत गरेका छन् ।

हालसालै मलाई अनामनगरस्थित उपत्यका विकास प्राधिकरणमा सूचना लिन बोलाएका तत्कालीन प्रवक्ताले सूचना दिनुको साटो उनकै कार्यकक्षमा दुर्व्यवहार गरे । मैले २०७९ साउन ६ गते प्राधिकरणमा अध्ययन प्रयोजनका लागि उसले काठमाडौं, ललितपुर र भक्तपुरमा सामूहिक, संयुक्त आवास, व्यापारिक, व्यावसायिक भवन लगायत ठूला संरचना निर्माण गर्न अनुमति दिएका २३३ निर्माण योजनाको नाम, ठेगाना र क्षमता (उक्त संरचनामा बनेका घर वा बसेका परिवार सङ्ख्या वा जनसङ्ख्या) बारे विवरण माग गरें । प्राधिकरणको वेबसाइटमा उपलब्ध सूचना अधिकारीको इमेलमार्फत् निवेदन बुझाएको थिएँ । साथै प्रवक्तालाई पनि उक्त इमेल 'सिसि' गरेको थिएँ । सूचना अधिकारीले मलाई साउन ११ गते फोन सम्पर्क गरेर विवरणहरु सङ्कलन भएको र लिन प्रवक्ताकहाँ साउन १२ गते बिहीबार विहान ठीक

साढे १० बजे आउनू भनी बोलाए । तोकिएको दिन सूचना लिन पुग्दा सूचना नदिने मनसायमात्रै व्यक्त गरेनन्, सूचनाको हकअन्तर्गत माग गरिएको विवरणलाई लिएर दुरुपयोग गर्न खोजेको भन्दै दुर्व्यवहार गरे ।

२०७९ सालमा उपत्यका विकास प्राधिकरणका प्रवक्ताले यस्तो व्यवहार देखाइरहँदा मैले २०७६ सालका दुई घटना सम्झिएँ । म ती पात्रहरु कहिल्यै बिर्सन्न । सुरुमा पर्यटन मन्त्रालयमा सूचना माग गरेर नपाएपछि आयोगमा पुनरावेदन गरें । आयोगको आदेशपछि मन्त्रालयका तत्कालीन सूचना अधिकारीले आलटाल गर्ने हिसाबले एकपाने विवरण उपलब्ध गराएका थिए। थप सूचनाका लागि केही समय कुराए । मैले पनि कुरें । सहप्रवक्तासँग समय मागेर भेट्न उनले बोलाएको समयमा कार्यकक्ष पुग्दा उनले कार्यालयमा आफ्नो काम देखाउन थाले । 'कामको चाप भएको बेला तपाईंलाई सूचना दिऊँ कि मेरो काम गरुँ ?' मैले भनेकी थिएँ, 'तपाईंको काम सक्नुस्, अनि सूचना दिनुस् ।' उनी अर्का कर्मचारीसँग कार्यालयको फाइल पल्टाएर भट्याउन थाले। करिब एक घण्टापछि आँखा तर्दै सहप्रवक्ताले भने, 'यहाँ तपाई किन बस्नुभएको ? सूचना भए अघि दिइहाल्थैं नि !' म निस्केर आफ्नो बाटो लागेकी थिएँ ।

अर्को दिन सूचना अधिकारीसँग समय माग गरेर उनको कार्यकक्ष पुगें । उपलब्ध हुनेजति सूचना दिन अनुरोध गर्दा उनले प्रतिवाद गर्दै भनेका थिए, 'सूचना आयोगले जे पनि आदेश गर्न मिल्छ ? हामीलाई दुःख दिने ? आयोग राज्यको अङ्ग भएर राज्यको गोपनीयता भङ्ग गर्ने बाटो खुलाइदिने ?' छेउमा बसेकी अर्की कर्मचारीले पनि उनको कुरामा सही थापेकी थिइन् । मैले सूचनाको हकबमोजिम सूचना माग्न गएको र सूचना दिन नमिल्ने भए आधिकारिक पत्र मागेपछि उनले जवाफमा भनेका थिए, ' दिन मिल्दैन, गैहाल्नुस् ।' म सरक्कै निस्केर गएँ र सूचना आयोगमा तत्कालीन सूचना आयुक्त यशोदादेवी तिम्सिनासँग टेलिफोन गरी गुहार मागें । उनले 'मन्त्रालयका सूचना अधिकारीलाई दिन मिल्ने सूचना दिनू, नमिल्ने सूचना कारणसहित आधिकारिक चिठी लेखेर दिनू' भनी फोन सम्पर्क गरेपछि सूचना पाएकी थिएँ ।

यसपालि उपत्यका विकास प्राधिकरणका प्रवक्ताले उस्तै व्यवहार देखाए । उनको कार्यकक्ष पुग्दापुग्दै आवास योजना र संरचना निर्माणका 'नामावली विवरण छैन' भन्दै पञ्छिन खोजे । जब कि उपत्यकामा बन्ने ठूला संरचनाको अनुमति दिने, अनुगमन गर्ने जिम्मेवार निकाय प्राधिकरण नै हो । मैले भनें, 'तपाईहरुसँगै लिष्ट नहुने भन्ने त हुँदैन नि त !' उनले कडिकएर भने, 'कसैले व्यापार गर्‍या'छ, बिजिनेश गर्‍या'छ भने घरमा यति परिवार छन् भन्ने 'लिस्ट' दिन्छ, त्यस्तो गर्न पाइन्छ कसैले ...?' विकास प्राधिकरणले आवास विस्तार गर्ने योजनाको अनुमति दिंदा उक्त योजनामा संरचना

बनाउन उपयुक्त छ/छैन, कति घरपरिवार क्षमता हुन्छ, सार्वजानिक वा खोला नदीको मापदण्ड पूरा गरेको छ/छैन लगायत प्रावधानहरु हेर्छ । यी प्रावधानहरु पूरा गरेकाले मात्रै अनुमति पाउँछन् । अनुमति पाएपछि मापदण्ड विपरित संरचना बनाए कारबाही गर्ने अधिकार छ । तर तत्कालीन प्रवक्ताले आवास विस्तार गर्ने हाउजिङ कम्पनीको नाम दिए मैले दुरुपयोग गर्ने हुँदा दिन नमिल्ने जिकिर गरे । यसपछि मैले सूचना दिन 'मिल्दैन भन्ने नै लेखेर दिनु' भनें । उनले जवाफमा भने, 'मसँग भएको किन दिने !' मैले सूचना माग गर्दा कसरी दुरुपयोग हुन जान्छ राष्ट्रिय सूचना आयोगसँग सल्लाह माग्छु भनें । यसपछि उनले भने, 'त्यो कसैको व्यापार हो दिन मिल्दैन भनेर लेख्दिन्छु ।' उनको अभिव्यक्ति सूचना नदिनेतर्फ मात्र देखिन्नथ्यो, सुरक्षित आवास योजनाको बहानामा उपभोक्तामाथि रजाइँ गर्ने हाउजिङ कम्पनीहरुकै संरक्षणमा लिप्त देखिन्थ्यो ।

प्राधिकरण कार्यालयबाट निस्केर मैले सूचना आयोगका प्रमुख सूचना आयुक्तलाई फोन सम्पर्कमार्फत् फेहरिस्त सुनाएँ । उनले आयोगमा सूचना नपाएको निवेदन गर्न भने । म थापाथलीस्थित कार्यालय गएँ । दिउँसो ४ बजेतिर सूचना अधिकारीबाट इमेल प्राप्त भयो । इमेलमा प्राप्त सूचनाहरु अपूरो थिए । मैले साउन १५ गते 'सूचनाको हकमा आघात पुऱ्याएकोले कारबाहीको माग गर्दै पूरा सूचनाको प्रमाणित प्रतिलिपि उपलब्ध गराई दिन' सूचना आयोगमा इमेलमार्फत् पुनरावेदन गरें । सूचना आयोगले साउन ३० गते निर्णय गरेर '७ दिनभित्र लिखित जवाफ पेश गर्नू' भनी प्राधिकरणलाई आदेश दिएको छ । यो आलेख लेखिरहँदा (माघ महिनामा) सो आदेश भएको छ महिना भइसकेको छ । तर हालसम्म पनि आदेश अनुसारको कुनै जानकारी म पुनरावेदकलाई प्राप्त भएको छैन । 'सूचनाको हक सम्बन्धी नियमावली, ०६५' ले सूचना आयोगले आफूसमक्ष पुनरावेदन प्राप्त भएको मितिले ६० दिनभित्र किनारा लगाउनुपर्ने व्यवस्था गरेको छ । सो व्यवस्थाभन्दा दोब्बर समय गुज्रिंदा पनि सूचना नपाउने अवस्था छ । ०७९ भदौ २८ गते विपक्षी भृकुटीमण्डपस्थित नेपाल पर्यटन विभागविरुद्ध सूचना आयोगमा गरेको पुनरावेदनको सन्दर्भमा पनि कुनै जानकारी प्राप्त भएको छैन ।

यी दृष्टान्तहरु प्रस्तुत गरिरहँदा सूचना पाउँदै नपाएको होइन । यसै वर्ष सूचना आयोगमा पुनरावेदन र ताकेता गरेपछि पर्यटन मन्त्रालय र पर्यटन बोर्डले सूचना उपलब्ध गराए । पुरातत्व विभागमा प्रमुखलाई गुनासो गरेपछि सूचना उपलब्ध भएको थियो । पुनरावेदनसम्म पुग्नु परेन । तर नागरिकले माग गरेका हरेक सूचनाको जानकारी उपलब्ध गराइनुपर्ने सन्दर्भमा सबै निकायहरु जिम्मेवारीबोध गर्दैनन् ।

हामी अर्थात् नागरिकहरु सम्बन्धित निकायमा सूचना अधिकारीलाई सूचना

माग गरेको १५ दिनसम्म नपाएपछि तहाँको कार्यालय प्रमुखलाई निवेदन पठाउँछौं । एक हप्ता कुर्छौं । उनीहरुबाट सूचना अपूरो पाएपछि वा सुचनै नपाएपछि सूचना आयोगसमक्ष पुग्छौं । आयोगको इजलाश हाम्रो लागि न्याय पाउने/सूचना पाउने एकमात्रै विश्वासिलो निकाय हो । किनारा लगाउनुपर्ने मितिभित्रमा पुनरावेदनको किनारा लगाउनुपर्ने जिम्मेवारी सूचना आयोगको हो । तर सो मिति गुज्रँदा पनि सूचना पाइरहेका हुदैनौं । बरु आर्थिक वर्षको अन्त्यतिर 'लगत कट्टा गर्नपर्ने' भनी आयोगबाट फोन प्राप्त भइरहेको हुन्छ । महिनौं कुर्दा पनि खासगरी काठमाडौं महानगरपालिका र नक्सालको नेपाल बाल संगठन (बालमन्दिर) बाट नपाएका कतिपय निवेदन सूचना नपाएरै फोनकै भरमा लगत कट्टाको अनुमति दिएको छु ।

लगत कट्टा गर्ने हतारो गर्नभन्दा सूचनाको हकको अनुभूत हुनेगरी विपक्षीसित पक्षलाई समन्वय गर्ने, ताकेता गर्ने, चेतावनी दिने वा कारबाही गर्ने/गराउनेमा आयोगले सुधार गर्नपर्ने देखिन्छ । जस्तो सम्बन्धित निकायले सूचना दिन लामो समयसम्म आनाकानी गरिरहेको छ भने कारबाही र सजाय गर्न आयोग कठोर हुनुपर्ने देखिन्छ । आयोगले स्थापना भएयता १४ वर्षमा ८ हजार बढी पुनरावेदन तथा उजुरीको फछ्र्यौट गर्दा जम्मा ३३ जना सार्वजनिक निकायका प्रमुख तथा सूचना अधिकारीलाई कारबाही गरेको छ । सूचना नदिएबापत सजाय गर्नमा आयोग स्थापनाकालदेखि नै 'फ्लेक्जिबल' बन्दै आएको देखिन्छ । सूचना दिनै नचाहने मानसिकताले ग्रसित सार्वजानिक निकायका प्रमुख तथा प्रतिनिधिहरु आयोगको यही 'फ्लेक्जिबिलिटी' को मौका छोपेर 'सुरक्षित' महसुस त गरिरहेका छैनन् ? फलस्वरुप नागरिक नै सूचना पाउने हकबाट बञ्चित भइरहेको हुन्छ । आयोगले आफ्नो कार्यसम्पादन शैलीलाई पुनरावलोकन गरी कारबाही र सजायमा कठोर बन्नुपर्ने देखिन्छ । आयोगमा आएका पुनरावेदनहरुको विषयगत प्रकृति हेर्दा अधिकांश सरकारी निकाय सम्बद्ध छन् । यी निकायका कर्मचारीहरु अनियमितता, भ्रष्टाचार, कुशासनसित जोडिएका सूचना सकेसम्म लुकाउँछन् । यसमा आयोगमा कार्यरत सरकारी कर्मचारीहरुको कहीं कतै साझेदारी हुन नदिन आयोग पदाधिकारीहरुले सदैव ध्यान दिन जरुरी छ ।

मैले माथि उल्लेख गरेका विषय सूचना पाउन कठिनाइ भइरहेका केही अंश मात्रै हुन् । यी काठमाडौंमा बसेर मैले झेलिल्याएका समस्या हुन् । तर, काठमाडौं बाहिरका जिल्लामा बसेर सूचना माग गर्नेहरुलाई त सूचना उपलब्ध नगराउने र दुर्व्यवहार गर्ने मात्रै होइन, जिउज्यानकै सुरक्षा चुनौती दिने गरेको सुन्न पाइन्छ । माघ दोस्रो साताको भेटमा सिरहा जिल्लामा बसेर शिक्षण पेशा गरिरहेका परशुराम साहले सूचना मागेकै कारण नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले दुःख दिने मनसायले

अपायक ठाउँमा सरुवा गराएर महिनौं तलब रोक्का गरिदिएको नमीठो अनुभव सुनाए। उनी शारीरिक अपाङ्गता भएका शिक्षक हुन्। प्रचलित शिक्षा नियमावली २०५९ मा अपाङ्गता भएका शिक्षकलाई सरुवा गर्दा घर पायक गर्नंपर्ने व्यवस्था छ। तर शिक्षक साहले सरुवा नमागीकनै प्रशासकीय अधिकृतले आफूखुशी अर्को व्यवस्था नहुञ्जेलसम्मका लागि भन्दै साहको घरबाट १८ किलोमिटर टाढा सरुवा जान दबाव दिएका थिए। साहले माग गरेको सूचना उपलब्ध नगराएपछि प्रशासकीय अधिकृतलाई सूचना आयोगले जरिवानासमेत गराएको थियो। उनले सूचना माग गरेकै कारण सिरहाका विभिन्न निकायमा सूचना अधिकारी तोक्ने सकारात्मक परिवर्तनहरु भएका छन्। योसँगै उनी ती निकाय सम्बद्ध मानिसहरुको डरधम्कीको चपेटामा पनि छन्। उनीजस्तै नागरिकले आफ्नो हकअधिकारको उपभोग गर्दा उल्टै डरत्रास झेल्नुपर्ने स्थिति छ। यस्तो प्रवृत्तिको अन्त्य गर्दै सौहार्दपूर्ण वातावरणमा सूचना माग्ने र दिने बानी बसाल्नु हामी सबैको दायित्व हुन आउँछ। आज सूचना दिने तहमा रहेका व्यक्तिहरुले सबैभन्दा पहिले 'आफू नागरिक हूँ' भन्ने कुरा कहिल्यै बिर्सनु हुँदैन।

राष्ट्रिय सूचना आयोगले सूचना दिलाउने मात्रै आफ्नो अन्तिम जिम्मेवारी नठानेर नागरिकको शान्ति, सुरक्षामा पनि जोड दिनुपर्छ। महत्वपूर्ण विषय चाहिं हरेक सूचना मागकर्ताले काठमाडौंस्थित सूचना आयुक्तहरुलाई व्यक्तिगत सम्पर्क गरेर सूचना उपलब्ध गराइमाग्ने पहुँचमा हुँदैनन्। यसो हुँदा सूचना दिनु पर्ने निकायले स्वतः स्फूर्त दिने वातावरणको खाँचो छ।

# RTI: An Effective Tool for Promoting Good Governance



**Mahesh Prasad Dahal**
Former Secretary of
Government of Nepal

## 1. Background

Right to information (RTI) has become an effective tool today to promote good governance worldwide. Well-informed citizens are considered critical to a democracy's success. RTI Provides a legal framework of citizen's democratic right to access to information under the control of Public Authorities. RTI is key to make the government and its agents answerable to the public they govern. In other words, the RTI make the government more receptivetowardsits people. RTI fundamentally helps in bringing information to the citizenwith regard to and relevant for the goods and services that people want from their respective governments. RTI empowers citizen to question over their government functioning. The RTI also helps in curbing corruption within the government institutions and make them work for the people in a better way. The RTI promotes transparency and accountability in the day to day working of the government which are the key to good governance. Hence, many countries have integratedRTI as an integral part of their governance processes.

## 2. Theoretical Perspective

Informed citizenry is an essential aspect of healthy and balanced democracy. Freely accessible information is necessary in order to enable citizens to make informed decisions. If all the governmental information is withheld, governments can mislead its citizens indefinitely. Countries like North Korea serve a perfect example to remind us how the situation might become if government is allowed to hide the truth of the information. The RTIis intended to promote transparency, accountability and responsiveness among the public authorities in delivering public goods and services by making the process of decision making more open. Hence, RTI is considered as an important tool to promote good governance in most of the democratic

countries.

Right to information act is regarded as a very important piece of legislation thatensures transparency of the public functioning,creates accountability among the government officials and helps to increase efficiency in governance processes. It also encourages participation of people in policy formulation and development delivery functions of the governmentdemocratically. It makes and establishes information as a right of the citizen. Government officers are bound to provide information to a citizen subject to certain exceptions. There is no need to give reasons for the information requested. RTI is to promote openness, transparency and accountability in governance, thereby containedmalpractices and corruption. RTI act, in many countries, is acknowledged as an ambitious act and a weapon in the hands of a citizen to maximize the societal benefit at large. By this act, a common man can ask any government office (public authority) to give information on anything that involved government income, expenditure and other matters of public interests.Under the RTI a person can seek information from any public authority in the form of copies, floppy disks, sample material etc. Information under RTI can be sought by requesting the information officer in any public authority. Once the request is made, the information has to be given within the specified time period.

There is a close link between fundamental rights and the right to information. RTI is considered as an important aspect of the individual fundamental rights. Fundamental rights are access to those things necessary for survival and reasonable comfort e. g. food, water, clothing, shelter, education, medical care, protection from trafficking. Some of the fundamental rights which directly or indirectly linked to the RTI include: right to liberty, right to due process of law, right to freedom of movement, right to freedom of thought, right to freedom of religion, right to freedom of expression, right to peaceful assembly, right to freedom of association etc.

It was a right to every citizen of a country to know about the functioning of their governments and ensure accountability from all spheres of the governments.Hence, the RTI shouldenhance, encourage and promote transparency, accountability, social right, flexibility, consistency, durability, legal knowledge and easy to understand the system and procedures of the government.

Many countries in the world have enacted appropriate legislation to enhance right to information and to promote good governance. Following are the key features of a RTIAct worldwide:

- **Transparency**: The act requires government agencies to disclose information to the public unless it falls under certain exemptions.
- **Accessibility:** The act makes it easy for citizens to request information by providing a simple process for making requests and a designated public information officer to handle them.
- **Time-bound response:** The act requires government agencies to respond to requests within a specified time frame, usually 30-35 days.
- **Appeal process:** The act provides for an appeal process if a request is denied or if the information provided is deemed inadequate.
- **Penalties for non-compliance:** The act also provides for penalties for government officials who do not comply with the provisions of the act.
- **Independent oversight:** The act also establishes an independent body e.g. the National Information Commission,to oversee the implementation of the act and to hear appeals.
- **Proactive disclosure:** The act requires government agencies to proactively disclose certain categories of information to the public without the need for a specific request.

The basic objective of the RTI is to empower the citizen, promote transparency and accountability in the working of the government, contain corruption, and make our democracy work for the people in real sense. It goes without saying that an informed citizen is better equipped to keep necessary vigil on the functioning of government and make the governance more accountable to the governed. The fundamental objective of the right to information act thus, is very clear that all should have access to the information.The other objectives of RTI includes:

- Guarantee that individuals have access to information
- Encourage information and administration transparency
- Avoid arbitrary administrative decisions
- Make sure that public governance is accountable
- Keep zero tolerance on corruption.

The fundamental goal of RTI is to give public the authority to ask questions about how government machinery works, to encourage effectiveness and

accountability in government activities, to control fraud, as well as to enable democracy to function. The RTI prohibits the government from becoming misled in the respect that it creates impression that the government and its related authorities are acting in the best interests of the general population. The sole purpose of RTI was to bring transparency and ensure accountability inbusiness of thegovernment. It brings government activity in the notice of every citizen withoutcompromising the purpose and principles of the right to information.

RTI has both advantages and disadvantages.Following are the core advantages of the RTI observed globally:

- **Empowerment of the common man**: The entire range of common man in a nation has been empowered by such an initiative in which they have got the full rights to be informed about anything that affects their life directly or indirectly and the responsible bodies have to answer them positively.
- **Easy mode of spreading information rightfully**: The RTI has incubated a very concrete and easy mode of spreading information of all kind in all form where apt information will be received by only the person concerned and this will in turn result in easy accessibility to information on one hand and time conservation of all.
- **Protection of Information:** Since, the selected people with selected queries will be entertained and informed rightfully and aptly, so this will lead to protection of information thereby protecting everyone from being wrongly or inappropriately informed or misinformed.
- **Corruption will decrease gradually**: If a person being asks for information on certain products and services and the answer has to be delivered by a competent and responsible authority then the chances of corruption will certainly minimize. People will not have to bother about being cheated or victims of frauds and scams.

The other advantages of RTI includesincrease transparency, accountability and efficiency in governance, encourages participation of people in democracy and makes information as a right of citizen.

There are some potential disadvantages also observed of the RTI. They include:

- Overburdening of government officials with a large number of RTI requests.

- Delays in providing information due to a lack of resources or a lack of understanding of the queries and RTI processes.
- The possibility of sensitive information being released, which could compromise official secrets and security or invade individual privacy.
- Misuse of the RTI act by individuals to harass government officials or to obtain information for personal gain.
- The cost of providing information, which may be passed on to citizen in the form of higher taxes, fees and charges.

The procedure for filing an RTI is actually rather simple. First of all, a draft application outlining the particulars of the information seeking need to prepare. There is no real format for the application as long as all the details have been mentioned in the rules or prescribed in the guidelines. Then the application is to be made to the Information Officer or any other assigned officer of the concerned institution. You are required to pay a designated fee for making the application. Apart from this, the cost of providing the information will be intimated to you by the Information Officer and the same is payable.

**3. International Experiences**

Sweden was the first country to pass a convention granting all the citizens right to information in 1776. Interestingly, Sweden is one of the least corrupt countries in the world today. The UN general assembly passed a resolution in 1948 declaring freedom of information as fundamental human right, thus recognizing people's right to have access to official information. Gradually, many countries in the world implemented the reforms programson RTI. Today more than 80 countries have similar RTI laws in effect globally.

In order to promote transparency and accountability in administration, the Indian parliament enacted the Freedom of Information Act, 2002, which was repealed later and a new act, The Right to Information Act, came into force on 12 October 2005. The Right to Information is an act of the Parliament of India which sets out the rules and procedures regarding citizen's right to information. India had laws like Official Secrets Act (India) in effect since the British rule. Though the law was intended to prevent acts of espionage, it was used to protect all the government information as it was considered 'the official information'. The Right to

Information Act 2005that gives citizen the right to access information held by the government. The new law empowers Indian citizen to seek information from a public authority, thus making the government and its functionaries more accountable and responsible to the people.

In India, Right to Information Act 2005 mandates timely response to citizen requests for government information. It is a gateway to the citizen for quick search of information on the details of related information by various public authorities under the government of India, the state governments as well as local bodies. For the common citizen, there are no disadvantages of the RTI act. Citizens are provided the opportunity to obtain information through a formal channel from a public authority. From a bureaucratic standpoint, the act does force public offices to appoint public information officers. The RTI Act 2005, is framed for good governance to maintain transparency as to what is going on inside the public authorities. Every citizen of India has a right to know what is happening around him or her and whenever he or she wants to seek any information from any government office, they should be ready to provide it for him or her. The main objective of RTI act is to maintain transparency in all the public offices across India.

Various States had embraced RTI from 1996. However, its implementation on national level has proved very difficult and subject to wide debate in public domain at the initial stage.Finally, RTI act was passed in 2005 and become effective in all the states except J&K.

**4. RTI Experienceof Nepal**

Constitution of Nepal 2072 (2015) has made special provision with regard to Right to Information as a fundamental right of the citizens under the Article 27. It mentions "Every citizen shall have the right to demand and receive information on any matter of his or her interest or public interest. Provided that no one shall be compelled to provide information on any matter of which confidentiality must be maintained in accordance with law."

Right to Information Act 2064 (2007) is a big step towards making the citizens informed about the activities of the various levels of government and concerned public authorities in Nepal. The Right to Information Act is a law passed by the parliament and published on 21 July 2007provides citizen with the right to access information held by the government agencies. It is considered as a means of strengthening democracy, citizen

empowerment and good governance in the country.

The preamble of the RTI Act 2007 mentions "to make the functions of the state open and transparent in accordance with the democratic system and to make responsible and accountable to the citizen; to make the access of citizens simple and easy to the information of public importance held in public bodies; to protect sensitive information that could make adverse impact on the interest of the nation and citizen, and for the necessity to have legal provisions to protect the right of the citizen to be well-informed and to bring it into practice."

According to the Act "Right to Information" means the right to ask for and obtain information of public importance held in the Public Bodies and this term shall also include the right to study or observation of any written document, material held in Public Body or proceedings of such Public Body; to obtain a verified copy of such document, to visit or observe the place where any construction of public importance is going on and to obtain verified sample of any material or to obtain information held in any type of machine through such machine." The Act has made provisions that every citizen subject to this Act have the right to information and every citizen have access to the information held in the public bodies. However, the following subject matters will not be disseminated for the interest of country and its citizen:

- that seriously jeopardizes the sovereignty, integrity, national security, public peace, stability and international relations of Nepal.
- which directly affects the investigation, inquiry and prosecution of a crime.
- that seriously effects on the protection of economic, trade or monetary interest or intellectual property or banking or trade privacy.
- which directly jeopardizes the harmonious relationship subsisted among various cast or communities.
- which interferes on individual privacy and security of body, life, property or health of a person.

The Act has also made special provision that a public authority will not refrain from the responsibility of dissemination of information without appropriate and adequate reason. The Act has mandatory provision of designating an Information Officer for the purpose of disseminating

information held in in the public authority and need to set up an Information Section for the purpose of disseminating such information.

The Act has made provision of an independent National Information Commission (NIC) for the protection, promotion and practice of right to information. A Chief Information Commissioner and two other Information Commissioners shall constitute the Commission. The Commission has been active in implementing the Act and RTI system and procedures. The functions, duties and powers of the Commission are as follows:

- To observe and study the records and documents of public importance held in Public Bodies,
- To issue order to such Body to enlist and manage the records, documents and other materials pertaining the information
- To issue order to the concerned Public Body to make information public for citizen's notification,
- To prescribe timeframe and order concerned Public Body to provide information demanded by applicant within such timeframe.
- To order concerned party to fulfill the liability as mentioned in this Act.
- To provide necessary suggestions and recommendations to the Government of Nepal and other bodies related to information and communications regarding the protection and promotion of right to information.
- To issue other appropriate orders regarding the protection, promotion and exercise of right to information.

The other key provisions of the Act seem to be very important and compatible to the international practice that make RTI more relevant in our context. These includes:

- Responsibility of a public authorities
- Updating and publication of information
- Procedures of acquiring information
- Complaint and appeal mechanism
- Classification of information
- Protection of information and whistleblower
- Provision for misuses of information
- Punishment, compensation and appeal mechanism
- Save to works done with good faith

The fifteen year experiences of RTI implementation in Nepal is mix. It has both success and failure stories. Fundamentals for the success require ownership and commitment from the government side. The institutionalization of the NIC and RTI system as well as procedures are key in this respect. However, the RTI Act, establishment of the Commission and its functioning and delivery of RTI related services prove the need and importance of RTI in Nepal.

**5. Ways to Improve RTI**

Informed citizenry is an essential aspect of healthy and balanced democracy. Freely accessible information is necessary in order to enable citizens to make informed and rational decision. If all the official information is withheld, governments can mislead its citizens indefinitely. Countries like North Korea serve a perfect example to remind us how the situation might become if government is allowed to hide the truth. Large scams and scandals have been the outcome of effective RTI system in many countries. Governments are more accountable and answerable to the public because of it.Most importantly, it has empowered the common peopleto exercise its authority over the bureaucrats and politiciansjudiciously. Some tips for improvement of the overall RTI implementation in Nepal include:

- Education and awareness packages targeting to information seekers,
- Regular updating information on RTI system and procedures,
- Honesty and integrity training to government officials as a part of HRD,
- Transparency, accountability and responsiveness onRTI,
- Easy and less costly RTI procedures duringseeking information,
- Strengthening the institutional capacity of the NIC Secretariat,
- Proper RTI/HRD capacity training to NIC officials and staff,
- Training and retraining to Chief / Information officers on regular basis,
- Robust and functional strategy for mobilizing civil society organizations, print and electronic media for effective launching RTI campaign and implementing RTI Act,
- Pro-active engagement of the Provincial and Local Governmentin promoting RTI within their jurisdictions,
- Mindset change of government officials and other key stakeholders on RTI and its need and importance,
- Enhance ownership and accountability on RTI implementation from all tiers of governments and statutory authorities, and

- Quick and timely resolution of RTI related problems, issues and complaints.

**6. Conclusion**

The sole purpose of RTI is to establish transparency in the government's functioning and bring the government activities and performances in the notice of every common people. The RTI has proved that information is knowledge and knowledge is power.RTI also established a practical regime of right to information in all most all countries by making our democracy work for the people in real sense.RTI empowered people seeking information that has hitherto been held a secret by the government authorities. Similarly, RTI has also relieved common citizen from information poverty in many countries. There is no doubt that RTI ensures transparency and enhances accountability in the functioning of public entities. As a democratic weapon, RTI can also contain corruption in governanceprocesses. Hence, RTI is considered as a tool for socio-economic development of the democratic society. However, there may be a tendency of abusing the RTI principles and provisions which is pretty bad in deteriorating the sole purpose of it.

To conclude, a quote from Mahatma Gandhi captures the essence behind the RTI **"The Real *Swaraj* will come not by the acquisition of authority by a few but by the acquisition of capacity by all to resist authority when abused."**

**References:**


1. Constitution of Nepal (2072), Law Books Management Board, Ministry of Law, Justice and Parliamentary Affairs, Government of Nepal, Kathmandu, Nepal
2. Right to Information Act 2064 (2007), Law Books Management Board, Ministry of Law, Justice and Parliamentary Affairs, Government of Nepal, Kathmandu, Nepal
3. Right to Information Act 2005, www.rti.gov.in, Government of India, New Delhi, India

https://en.wikipedia.org,Wikipedia.

# अधिकार र कर्तव्यको संगम : सूचनाको हक



**यदुनाथ बञ्जारा**
अध्यक्ष, सूचनाको हकको लागि
जिल्ला सञ्जाल, कास्की

अधिकार र कर्तव्य एक सिक्काका दुई पाटा हुन् । अधिकारको खोजी गर्न जसरी अधिकांश नागरिक चासोका साथ अग्रसर बन्छन्, त्यसको अनुपातमा कर्तव्य निभाउने नागरिकको सङ्ख्या अपेक्षाकृत कम रहने गरेको पाइन्छ । समाजलाई सर्सती नियालेर हेरौं, अधिकारका नाममा स्थापना भएका दर्जनौं संस्था भेटिन्छन् तर कर्तव्य र दायित्व निभाउने नामका संस्था शायदै भेटिन्छन् । यो देशको म एक नागरिक भएको नाताले मेरो अधिकार यी-यी हुन् भनेर चोरी औंला उठाउनेहरु राज्यको असल नागरिकको रुपमा मैले निभाउने कर्तव्य र वहन गर्ने दायित्व यी-यी हुन् भन्नु र व्यवहारमा उतार्नु एक सचेत नागरिकको नैतिक परिधिभित्र पर्ने विषय हुन सकेमा मात्र देशले सकारात्मक गति लिन सक्छ ।

सूचनाको हकको उत्पत्ति र कार्यान्वयनका लागि हरेक देशको व्यवस्था र शासकीय प्रणालीमा भर पर्ने विषय हो । युरोप, अमेरिकाजस्ता विकसित राष्ट्रमा सूचनाको हकसम्बन्धी कानुनी इतिहास दुई शताब्दीभन्दा बढी पुगिसकेको छ । नेपालले प्रजातन्त्र स्थापनापछि अर्थात् २०४७ को संविधानमा पहिलो पटक जनताको मौलिक हकको रुपमा सूचनाको हक स्वीकार गरेको पाइन्छ यधपि त्यसले मूर्त रुप लिन नसकेको तितो यथार्थ हामी बीच रहि रहँदा २०६२/०६३ को आन्दोलनमा नागरिकको मौलिक अधिकारको रुपमा सूचनाको हक स्थापना गर्न आवाज बुलन्द भए लगत्तै २०६४ सालमा सूचनाको हक सम्बन्धी छुट्टै कानुन बन्यो र लागु गरियो । नेपालको अन्तरिम संविधान २०६३ र संविधान २०७२ को दफा २७ ले सूचनाको हकलाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेपछि सूचनाको हक सम्बन्धी ऐन आम नागरिकका लागि सुनिश्चित बन्न पुगेको देखिन्छ ।

सूचनाको हकसम्बन्धी कानुन निर्माण हुनुभन्दा दुई दशक अघि २०४० को दशकमा मकवानपुर दामनका रुपचन्द्र विष्ट रुदानेले "थाहा" आन्दोलन नै चलाएका थिए । देश र शासकका बारेमा आमजनतालाई थाहा पाउने अधिकार स्थापनाको माग गर्दै रुपचन्द्र विष्टले यत्रतत्र सर्वत्र "थाहा" पेन्ट गर्दै अभियान नै चलाएका थिए । उनकै शब्दमा डोकेनाम्ले, झुत्रेझाम्रे, खुर्पेखर्पने सबैलाई उनले "थाहा" आन्दोलनमा तानेका थिए ।

नेपालको सन्दर्भमा रुपचन्द्र विष्टको थाहा अभियानलाई नेपालमा सूचनाको हकको सुरुवाती उपलबधीको रुपमा लिनेहरुको सङ्ख्या पनि उल्लेख्य छ । अग्रज सूचना अभियन्ताहरुले रुपचन्द्र विष्टको थाहा आन्दोलनलाई प्रेरणाको स्रोतको रुपमा व्याख्या गर्ने गरेका छन् । यो पङ्क्तिकार स्वयम् पनि रुपचन्द्रको थाहा आन्दोलनमा सरिक भई अभियानमा जोडिएको अभियन्ता हो भन्दा गर्वानुभूति गर्ने एक पात्र हो ।

नेपालले सूचनाको हकसम्बन्धी कानुन हासिल गरेको १६ वर्ष भएको छ । कानुन बनेको १६ वर्ष पूरा भइसक्दा पनि अपेक्षाकृत कार्यान्वयनमा पूर्ण सफलता देखिएको छैन । सार्वजनिक र सरकारी निकायहरुलाई पारदर्शी बनाउन सकिने औजार हो सूचनाको हकसम्बन्धी ऐन २०६४ र नियमावली २०६५ । निर्धा नागरिकलाई कानुनी अधिकार दिएर बलिया नागरिक बनाएर अपारदर्शी र गोप्य कार्यशैलीलाई पारदर्शी, खुल्ला, जनउत्तरदायी र विधिको पक्षमा लाग्न बल पुग्ने उद्देश्य अनुरुप बनेको कानुनको कार्यान्वयन सुरु वर्षका तुलनामा गति लिए पनि तल्लो तहमा अझै अल्झिएको भान हुन्छ ।

**कार्यान्वयन पक्षमा छन् थुप्रै चुनौती**

सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयनमा थुप्रै चुनौती रहेका छन् । नागरिक तहसम्म सूचनाको हक सम्बन्धमा सैद्धान्तिक ज्ञानको अभाव भएका कारण कानुन कार्यान्वयनको मैदानमा खरो उत्रन नसकेको अवस्था छ । औंलामा गन्न सकिने सूचना अभियन्ताहरुको स्वयम्सेवी भूमिकाको भरमा बामेसराइको गतिमा छ सूचना लिने-दिने अभियान । राष्ट्रिय सूचना आयोगमा परेका पुनरावेदनको पछिल्लो अभिलेख हेर्दा पनि पुनरावेदन गर्ने अभियन्ताको सङ्ख्या नगन्य मात्र रहेको पाइन्छ ।

कार्यान्वयन पक्षलाई कमजोर बनाउने अर्को महत्वपूर्ण पक्ष भनेको सूचनादाताले सूचना उपलब्ध गराउन आनाकानी गर्नु पनि हो । सरकारी तथा सार्वजनिक निकायहरु सूचना दिनुभन्दा सूचना लुकाउन बल लगाउँछन् । धम्क्याएर हुन्छ कि घुमाएर हुन्छ, सूचना लुकाउन चाहन्छन् । यतिसम्म कि सूचनाको हकसम्बन्धी कानुनबाट छलिने ध्येयले सूचना अधिकारी नै नतोक्ने तोकिहाले पनि रजिस्टरमा सीमित राख्ने, सूचना अधिकारीको बोर्ड (फ्लेक्स) नराख्नेहरुले सूचना मागकर्ता (अभियन्ता) लाई हैरान खेलाउने गरेका छन् ।

देश र जनताको हितमा सुशासन र पारदर्शिताका लागि, जनउत्तरदायी र जवाफदेहिताको उद्देश्य लिई आफ्नो घरको मानु खाएर स्वतः स्फूर्त रुपमा सूचना अभियान चलाउने स्वयम्सेवक अभियन्ताहरुलाई सार्वजनिक निकाय र कार्यालयहरुमा सूचना माग्न जाँदा दुश्मन आएझैं गरी तर्कने, उम्कने र भाग्नेसमेत गरेका प्रशस्त उदाहरणहरु अभियन्ताहरुले संगालेका छन् । कानुनले दिएको अधिकार प्रयोग गरेर

नागरिकलाई सुसूचित गराउने कार्यमा सबैभन्दा बाधक बनेका सार्वजनिक ओहोदा ओगटेर बसेका जिम्मेवार भनिने पात्रहरुलाई साँच्चिकै जिम्मेवार वनाउन राष्ट्रिय सूचना आयोगले सरकार सम्बद्ध अङ्गहरुलाई चलायमान गराउनु टड्कारो आवश्यकता महसुस भएको छ ।

## अभियन्तालाई सुरक्षा चुनौती

कतिपय सार्वजनिक निकायमा सूचना माग गर्न जाँदा अभियन्ताहरुलाई सुरक्षा चुनौतीको विषय बन्ने गरेको छ। सूचना मागको निवेदन दर्ता गराउन जाँदा व्यक्तिगत रिस राखेर गालीगलौज गर्ने, धम्की दिनेदेखि हातपात गर्नेसम्मको व्यवहार देखाउने गरेका अनुभवका संगाला चाङ छन् । सूचनाको हक सम्बन्धी कानुन बारेमा बुझाउन खोज्दा बुझे पनि नबुझेजस्तो गर्ने र निवेदन पनि नबुझेपछि सूचना पाउन आयोगमा पुनरावेदन नगरी सुख्खै छैन । पुनरावेदन गरेपश्चात् पनि सूचना दिन नखोज्ने, बरु अन्य सहयोग गर्छु, यो काम छोड भन्नेहरु पनि भेटिएका छन् ।

राष्ट्रिय सूचना आयोगले सूचना मागकर्ता र अभियन्ताको सुरक्षाका लागि गृह मन्त्रालयमार्फत् सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई पत्राचार गरेको छ । निःशस्त्र रुपमा एक्लै सडकमा काम गर्नुपर्ने अभियन्ताले कति दिन सुरक्षाको अपेक्षा राख्ने ? त्यो थप चुनौतीको विषय बनेको छ । यतिसम्म कि हामी ४-५ जना अभियन्ताहरु मिलेर सूचना अधिकारी र कार्यालय प्रमुखलाई उजुरी दिनु पर्ने अवस्था छ । पारदर्शिता र सुशासनका लागि सचेत नागरिकको हैसियतमा गरिने यस्ता चुनौतीपूर्ण कार्य गर्नु गर्वको विषय हो । सूचना अभियान डराएर रोक्ने होइन, निडरतापूर्वक राष्ट्रप्रेमको जिम्मेवारी कोक्ने सङ्कल्पसहित गति बढाउनु पर्ने हुन्छ भन्ने महसुस गराएको छ । सूचना माग अभियानलाई प्रभावकारी बनाउन अभियन्ता बढाएर आफ्नो सुरक्षा आफै गर्दै कार्य अगाडि बढाएको अवस्था छ । राज्यसंयन्त्रले त्यसतर्फ बेलैमा सोचेर सूचना अभियन्ताको संरक्षणसहित प्रोत्साहन दिन जरुरी छ ।

## सूचना लुकाउने होडबाजी, उस्तै छन् बहाना

सूचना दिन पर्‍यो भने आकाशै खस्छ, बर्बादै भइन्छ । लुकाएर गरिएका कामहरु सार्वजनिक गरियो भने अनुसन्धानको दायरामा परिन्छ । सूचना छताछुल्ल भइहाल्यो भने मुख देखाउन पनि मिल्दैन । यस्तै शङ्कैशङ्काको डरमा सार्वजनिक निकाय, सामाजिक संस्था, उद्योग प्रतिष्ठानहरु व्यावसायिक संघसंस्था र समितिहरुले सूचना नदिन विभिन्न तानावाना बुन्दै आएका छन् । राष्ट्रिय सूचना आयोगले सूचना दिन आदेश गरेको अवस्थामा पनि विभिन्न बहानाबाजी गरेर सूचना लुकाउने गरिएको छ । त्यसो हुँदा सूचना अभियन्तालाई थप हैरानी ब्यहोर्न परेको अवस्था छ । आयोगले अभियन्तालाई तीनमहले फाराम भर्न आदेश दिन्छ । कति पनि सूचना नपाउँदासमेत

फाराम भर्नु पर्ने अवस्थाबाट मुक्ति पाउन नसकेको अवस्था छ ।

सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकाय भनी परिभाषित गरिएकामध्ये कतिपयले हाम्रो संस्था सार्वजनिक निकाय होइन भन्छन् । हजार-पन्ध्र सय विद्यार्थी पढाउँदै आएका संस्थागत विद्यालयका सञ्चालकहरुले यो हाम्रो निजी लगानीमा खोलेको प्राइभेट स्कुल हो, हामी किन सूचना दिने भन्दै उम्कन खोजेको भेटियो । यतिसम्म कि कास्की जिल्ला, पोखरा महानगरपालिकाभित्रका २१ वटा संस्थागत विद्यालयसँग एकै प्रकृतिको सूचना माग गरिएको थियो । आमअभिभावकको चासोको विषय नेपालको कानुन परिपालना भए-नभएको विषयसँग सम्बन्धित सूचना माग गरिएकोमा ती विद्यालय सञ्चालकहरुले निजी विद्यालयहरुको संगठनको भेला गराई सूचना नदिने भन्दै मौखिक सहमति गरेर सूचनाको हकसम्बन्धी ऐन, २०६४ लाई सीधै चुनौती नै दिएका थिए । पुनरावेदन गरिएपछि आयोगले ती सबै विद्यालयलाई सूचना नदिनु पर्नाको कारण माग गर्‍यो । लिखित जवाफ वकिल लगाई लेखेर पठाउँदा सूचना मागकर्ता (अभियन्ता) लाई मुलुकी देवानी संहिता, २०७४ बमोजिम सजायको मागदावी गरेको समेत अवस्था छ । संस्थागत विद्यालयका सञ्चालकहरुले सूचनाको हक सम्बन्धी कानुनलाई दिएको चुनौतीतर्फ उनीहरुले लेख्न लगाएका कानुन व्यवसायीहरु समेतले ऐनको मनसाय नबुझ्नु अर्को चिन्ताको विषय बनेको छ । यसबाट सूचना अभियन्तालाई निरुत्साहित बनाउन खोजिएको बुझ्न सकिन्छ । तर कानुनको पक्षमा रही क्रियाशील सूचना अभियन्ताहरुमा थप ऊर्जाका साथ सूचनाको हकको कार्यान्वयनमा जुटेर नागरिक अधिकारको संरक्षण गरी सार्वजनिक निकाय, संघसंस्था र समितिहरुलाई थप जवाफदेही बनाई पारदर्शिता आन्दोलनमा केन्द्रित हुन राष्ट्रिय सूचना आयोगले विशेष नीति बनाउन जरुरी महसुस गराएको छ । आयोगको एक्लो प्रयासले मात्र नेपालमा सूचनाको हकको अभियान अपेक्षाकृत सफल हुन सक्दैन । त्यसका लागि पालिकास्तरमै सूचना सञ्जाल गठनसम्बन्धी कानुनी व्यवस्था गरी अधिकांश नागरिकलाई सूचनाको हकसम्बन्धी तालिम दिलाएर घरघर र टोलटोलमा सूचना अभियन्ता जन्माउनु श्रेयकर हुन्छ ।

तीनै तहका सरकारले विभिन्न नामका दर्जन बढी सञ्जाल बनाएर तिनका नाममा बजेट खर्च गरिरहेका छन् । तर, राज्यमा त्यसको उपलब्धी के हो भन्ने प्रश्न निरुत्तरित छ । राज्यसंयन्त्रलाई जवाफदेही बनाउने, सार्वजनिक सरोकारको विषयमा चासो राख्ने, पारदर्शिताका लागि जोखिम मोलेर आवाज उठाउँदै भ्रष्टाचार नियन्त्रणमा सेतुको भूमिका खेल्न सक्ने सूचना अभियन्ताहरुका सञ्जाल गठनमा राज्यसंयन्त्र मौन देखिन्छ । यसतर्फ नीति निर्माताहरुको समेत उदासिनता देखिनु थप चिन्ताको विषय हो । जहानिया राणा शासनकालमा जनतालाई सर्वशुलभ शिक्षा दियो भने जनता

बाठा हुन गई आफ्नो जहानिया शासन व्यवस्था नै फालिन सक्ने डरले शिक्षालयहरु खुलाउन धेरै कञ्जुस्याइँ गरिएझैं नेपालका सरकारी संयन्त्रमा रहेका राजनीतिक दलका पदाधिकारी र उच्च अधिकारीहरुले सूचनाको हकका अभियन्ताले सक्रियता बढाए भने त्यसले आफैलाई तान्न सक्छ भन्ने त्रासमा अल्झिएर सूचना सञ्जाल गठनसम्बन्धी व्यवस्था र परिचालन गर्न राज्यसंयन्त्र नै डराएको त होइन ? भन्ने शङ्कालाई थप मद्दत मिलेको छ ।

सूचनाको हकसम्बन्धी कानुन कार्यान्वयन गर्न ऐनले प्रत्याभूत गरेको व्यवस्थालाई जनस्तरसम्म पुऱ्याउनुको विकल्प देखिंदैन । नागरिकले आफ्नो अधिकार र कर्तव्यको बारेमा जानकारी पाएमा मात्र नियमानुसार आफ्नो अधिकार खोज्न लाग्न सक्छन् । नागरिकलाई सुसूचित गराउनु राज्यको दायित्वभित्र पर्ने कुरा हो । त्यतिमात्र होइन, सार्वजनिक निकायमा सूचना अधिकारी तोक्नु, फ्लेक्स राख्नुलाई मात्र उपलब्धी सोचिनु हुन्न । ऐनले तोकेको म्यादभित्र सूचना दिनु, सूचनाको वर्गीकरण गर्नु, हरेक ३-३ महिनामा स्वतः प्रकाशन गर्नु र आफ्नो कार्यालयसँग सम्बन्धित विषयवस्तु र सार्वजनिक चासो र सार्वजनिक महत्वका विषयलाई व्यवस्थित ढंगले अद्यावधिक गर्न योग्य बनाउन सकेमात्र सूचना अधिकारीको महत्व र औचित्य पुष्टि हुन आउँछ ।

**समाचारमा विश्वसनियता**

समाचार लेखिनु मात्र ठूलो कुरा होइन । लेखिएका समाचार तथ्यमा आधारित हुनुपर्छ । जनविश्वास जित्न समाचारमा सत्यतथ्य विवरण हुनु पर्छ । हतारमा प्रमाण नपुऱ्याई लेखिएका समाचारले पाठकको मनमात्र तोडिंदैन, राज्यका निकायहरुले लिने विश्वासको पर्खाल पनि भत्कन जानुका साथै आचारसंहिता उल्लङ्घनबापत कारवाहीको शिकारसम्म बन्नु पर्ने हुन्छ ।

यी विभिन्न उल्झनबाट जोगिन पत्रकारले सूचनाको हकलाई प्रयोग गर्नु उत्तम उपाय हुन्छ । जुन विषयमा समाचार लेखिन्छ, त्यससँग सम्बन्धित तथ्य सङ्कलन गर्नु, प्रशोधन गर्नु पत्रकारको मूल विषय हो । समाचार व्यक्तिगत विषयका हुँदैनन् । सार्वजनिक निकायले लुकाएका, छिपाएका अन्याय गरेका, भ्रष्टाचार भएका, गरिएका भनिएका विषयलाई पाठकहरुसम्म पुऱ्याउन हतारिएर मिथ्याङ्क र अपुष्ट विवरण नदिन लिखित र बुँदागतरुपमै सूचना लिएरमात्र सत्यतथ्य समाचार दिन पत्रकार केन्द्रित हुन सक्नु सफल एवम् विश्वसनीय पत्रकारिता हो । खोज तथा अनुसन्धानमूलक पत्रकारिता गर्नेका लागि भने सूचनाको हक सबैभन्दा योग्य र प्रभावकारी औजार भएको पुष्टि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरुले गरिसकेका छन् । सफलताको लागि असल पक्षको अनुकरण गरिनुपर्दछ र विश्वसनीय पत्रकारिताको लागि सूचनाको हकको प्रभावकारी प्रयोग हुनुपर्दछ ।

# सूचनाको अधिकार र राजनीतिक-प्रशासनिक नेतृत्व



**रत्न प्रसाद मैनाली**
सूचना आयुक्त,
राष्ट्रिय सूचना आयोग

विश्वमा सूचनाको हकसम्बन्धी कानुनी अवधारणाको विकास उत्तरदायित्वपूर्ण र पारदर्शी शासनका लागि भएको मानिन्छ । शासन गर्नेहरुलाई नागरिकप्रति उत्तरदायी बनाउन र उनीहरुबाट हुने निर्णय नागरिकले थाहा पाउन सक्ने अवस्था सिर्जना भयो भने सुशासन कायम हुने यो अवधारणाको मूल उद्देश्य रहेको पाइन्छ । यो अवधारणाले पछिल्लो समय सुशासनका लागि विश्वव्यापी सकारात्मक परिणाम देखाएको छ । विकासका लागि सुशासन आवश्यक पर्ने र सुशासनका लागि सूचनाको हक एउटा बलियो औजार रहेको मान्यता विश्वव्यापी रुपमा पुष्टि हुँदै गएको छ । यसै सन्दर्भमा संयुक्त राष्ट्र संघले सन् २०३० सम्म हासिल गर्न तय गरेको दिगो विकास लक्ष्यको लक्ष्यसूचकमा सूचनाको हकलाई समावेश गर्नुले पनि यसको महत्वलाई पुष्टि गर्छ ।

नेपालमा पनि सुशासन र पारदर्शिताका सन्दर्भमा चर्चा गर्दा राजनीतिक र प्रशासनिक नेतृत्वलाई बाहेक गर्न सकिन्न । विश्वव्यापी रुपमै यी दुई पक्ष उत्तिकै सान्दर्भिक रहे पनि हाम्रोजस्तो राजनीतिक रुपमा खुलापनको अभ्यासमा भर्खरै पाइला चाल्न थालेको र शासनमा नागरिक सहभागिताको आवाज ढिलो गरी झिनो रुपमा उठ्न थालेको मुलुकमा सूचनाको हकको कार्यान्वयनमा राजनीतिक र प्रशासनिक नेतृत्वको इच्छाशक्तिको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

सामान्यत: शासक वर्गको प्रवृत्ति आफूले गरेको काममा नागरिकले प्रश्न नगरुन् भन्ने नै हुन्छ । त्यही कारण अनेकौं कानुन/नियम बनाएर उनीहरु नागरिकलाई बन्धनमा राख्न चाहन्छन्; ताकि नागरिकका तर्फबाट कुनै प्रश्न नसोधियोस् । प्रविधिको विकाससँगै मानवीय चेतनामा आएको परिवर्तनका कारण अब यो प्रवृत्ति परम्परागत मान्यतामा सीमित बन्दै जान थालेको छ । प्रविधिले मानिसमा ल्याएको परिवर्तनलाई राज्यले अझ व्यवस्थित बनाउन सके सुशासनको अपेक्षा वास्तविकतामा रुपान्तरित

हुन धेरै समय पनि लाग्दैन । खाँचो छ, केवल दृढ इच्छाशक्तिको ।

नेपालको सन्दर्भमा २०४७ को संविधानमा पहिलो पटक सूचनाको अधिकारले प्रवेश पाउनुले सूचनाको हकसँग नागरिक चेतना र राजनीतिक प्रणालीको सम्बन्ध देखिन्छ । राणा तथा पञ्चायतकालमा शासकले गरेका कुनै पनि कार्यका विरुद्ध प्रश्न गर्न सक्ने हैसियतमा नरहेका नेपाली नागरिकले २०४६/०४७ को बलिदानीपूर्ण सङ्घर्षको बलमा प्राप्त गरेको राजनीतिक उपलब्धीपछिमात्र सीमित मात्रामा भए पनि अधिकार प्राप्त गरे । १० वर्ष लामो सशस्त्र जनयुद्ध र त्यसको बलमा २०६२/०६३ मा भएको १९ दिने सशस्त्र र सशक्त जनआन्दोलनपछि बनेको अन्तरिम संविधानमा ०४७ को संविधानमा व्यवस्था गरिएको सूचना माग गर्ने नागरिकको अधिकारलाई अझ बृहत् र व्यवस्थित बनाइयो ।

सूचनाको हकको सन्दर्भमा चर्चा गर्दा नेपालको संविधानको धारा २७ लाई छुटाउनै सकिन्न । जसमा, 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ' भनेर सूचनाको हकलाई संवैधानिकरुपमै व्यवस्था गरिएको छ । साथै सूचनाको हकसम्बन्धी कानून तथा नियम बनेका छन् । संवैधानिकरुपमै नागरिक अधिकार स्थापित भएको यो उपलब्धी राजनीतिक परिवर्तनकै उपज भएकोमा कुनै सन्देह रहेन ।

सार्वजनिक निकायबाट सम्पादन हुने कार्यमा नागरिक निगरानी हुन सके अनियमितता हट्ने, सुशासन कायम हुने र राज्य तथा सार्वजनिक निकायप्रति नागरिक दायित्व र अपनत्व कायम हुने मान्यताका साथ नेपालमा सूचनाको हकको संवैधानिक र कानुनी व्यवस्था भएको हो । सार्वजनिक मात्र नभई आफ्नो निजी सरोकारका विषयमा पनि सूचना माग गर्ने र प्राप्त गर्ने अधिकार नागरिकलाई संविधानमै प्रदान गरिएको छ । यति महत्वपूर्ण अधिकारलाई आमनागरिकले प्रयोग गर्न सक्ने हो भने अनियमितता गर्ने नियत राख्ने सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीलाई कानुनीढङ्गले खबरदारीमात्र होइन, दण्डित गर्न सकिन्छ ।

नेपालमा सूचनाको हकलाई संविधानतः मौलिक हकका रुपमा स्वीकार गरिए पनि यसको प्रयोग र प्रचलनमा केही जटिलता रहेका छन् । खासगरी सार्वजनिक निकायमा रहेका जिम्मेवार पदाधिकारी सूचना माग गर्ने र प्राप्त गर्ने नागरिक अधिकारप्रति सहज र उदार बन्न सकेको देखिन्न । सुशासन र पारदर्शिता उनीहरुका लागि मुखले भन्नु पर्ने र कागजमा देखाउनु पर्ने कानुनी बाध्यतामात्र बनेको अनुभूति हुन्छ । व्यक्तिगत हिसावले कसैलाई आक्षेप लगाउन खोजिएको होइन तर कानुनले तोकेको स्वतः प्रकाशन गर्नु पर्ने, सूचना अधिकारी तोक्नु पर्ने र सूचना अधिकारीको फोटोसहित

सम्पर्कका लागि मोबाइल नम्बर राख्नुपर्ने लगायतका न्यूनतम् कानुनी व्यवस्था पालना गर्न हाम्रा सार्वजनिक निकायका पदाधिकारीले गर्ने गरेको आनाकानीले सुशासन त परै जाओस्, कानुनी दायित्वप्रति पनि उनीहरु (सबै चाहिं होइन है) चुकेको देखिन्छ ।

यस सन्दर्भमा प्रशासनिकमात्र होइन, राजनीतिक नेतृत्व पनि जोडिएका केही उदाहरण प्रस्तुत गर्नु अन्यथा हुँदैन होला । सूचना अधिकारी तोक्ने दायित्व कार्यालय प्रमुखको हुने हाम्रो कानुनी व्यवस्था छ । राजधानी काठमाडौं नजिकैको जिल्लाको एउटा स्थानीय तहको वेबसाइटमा सूचना अधिकारीको रुपमा एकजना वडाध्यक्षलाई तोकिएको रहेछ । यो कानुनसम्मत् भएन भनेर आयोगबाट फोनमार्फत् त्यहाँका कार्यालय प्रमुखलाई सो विषयमा भनियो । तर पनि पालिकाको वेबसाइटमा वडाध्यक्ष नै सूचना अधिकारीका रुपमा रहिरहे । यसपछि आयोगबाट स्थलगतरुपमै त्यस पालिकाका प्रमुखसँग भेट गरेरै यसबारे बताउनु पर्ने महसुस गरियो । पालिका प्रमुखसहित कार्यालय प्रमुखलगायतसँगै यसबारे बताउने उद्देश्यबाट पालिका कार्यालय पुग्दा पालिका प्रमुखचाहिं त्यस दिन घरमा 'अर्जेन्ट' पूजा परेको बहानाले उपस्थित हुनु भएन । सूचना अधिकारी वडाध्यक्षलाई तोकिएकोबारे बुझ्दै जाँदा थाहा भयो- अरुलाई सूचना अधिकारी तोक्दा सूचना 'लिक' हुन्छ भनेर पालिका प्रमुखबाट आफूनिकट वडाध्यक्षलाई तोकिएको रहेछ । पछि समाचारहरुमा उहाँमाथि अनियमितताको आरोपमा अनुसन्धान र मुद्दा चलिरहेको समाचार पढ्नु पऱ्यो । यो स्थानीय तहको पहिलो कार्यकालका प्रमुखसँग सम्बन्धित घटना हो ।

यस्तैयस्तै अनुभूति दोस्रो कार्यकालका स्थानीय तहका जनप्रतिनिधिसँग पनि छ । कुरो धेरै नघुमाई भन्दा दोलखा जिल्लामा आयोगले जिल्लाका जनप्रतिनिधि र कार्यालय प्रमुखहरुसँग जिल्ला सदरमुकाममा सूचनाको हकको विषयमा अन्तर्क्रियात्मक कार्यक्रम आयोजना गरेको थियो । यो २०७९ भदौ महिनाको कुरा हो । एउटा पालिका प्रमुखले भन्नु भयो कि- बरु जेल जान्छु, सूचना दिन्न ।

यता केन्द्रमा पनि भन्न मन नलाग्ने नमिठा अनुभूति छन् । राष्ट्रिय सूचना आयोग सूचनाको हकसम्बन्धी ऐनको आधारमा गठित निकाय हो । सूचनाको हकलाई संविधानको मौलिक हक खण्डअन्तर्गत धारा २७ मा व्यवस्था गरिएको छ । सूचनाको हकसम्बन्धी ऐन २०६४ र नियमावली २०६५ मा राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकारका बारेमा व्यवस्था गरिएको छ । जस अनुसार आयोगलाई प्राप्त पुनरावेदनउपर निर्णय गर्ने र नागरिकको सूचनाको हकलाई सुरक्षित गर्न जरिवानासम्म गर्न सक्ने कानुनी दायित्व सुम्पिएको छ । आयोगलाई आवश्यक बजेट र जनशक्ति नेपाल सरकारले व्यवस्था गर्नेछ भनेर व्यवस्था गरिएको छ ।

पछिल्लो समय नागरिकले माग गरेका कानुनले तोकेबमोजिम दिनुपर्ने सूचना नदिएका कारण कानुनबमोजिम नागरिक अधिकारप्रति जवाफदेही बनाउन आयोगबाट सार्वजनिक निकायका पदाधिकारीलाई जरिवाना हुने निर्णयको क्रम बढेपछि सूचना अभिलेख प्रणाली व्यवस्थित बनाउन र सूचना दिनुपर्छ नदिए जरिवाना हुन्छ भन्ने सन्देश अलि प्रभावकारी रुपमा गएको देखिन्छ । निश्चय नै यही क्रममा यो बढ्दै जाने हो भने सूचनाको हकको प्रयोगबाट सुशासनमा पुग्न सक्ने वास्तविक सकारात्मक परिणाम केही वर्षमा अनुभूत हुने गरी देख्न सकिने अनुमान लगाउन सकिन्छ । तर, यहींनेर सूचनाको हकसम्बन्धी कानुन र आयोगलाई कसरी कमजोर बनाउने भनेर राजनीतिक नेतृत्वसमेत लागेको हो कि भन्ने आशङ्का उब्जिएका छन् ।

खासगरी आयोगले गर्ने प्रवर्द्धनात्मक कार्यतर्फको बजेटमा हुँदै गएको व्यापक कटौती तथा स्थापनाकालदेखि नै आयोगमा रहेको विशिष्ट श्रेणीको सचिवको दरबन्दीलाई तत्कालीन सरकारले बिनाकुनै कारण गरेको कटौतीले नागरिक अधिकारप्रति राजनीतिक नेतृत्वको अरुचिका रुपमा बुझ्न सकिन्छ । प्रथम वा अन्य श्रेणीका सचिव पनि क्षमतावान्, योग्य र सक्षम हुनुहुन्छ । तर, आयोग स्थापनाकालदेखि रहँदै आएको दरबन्दी कटौतीले नागरिक अधिकारप्रति राजनीतिक नेतृत्वले सहिष्णुता गुमाएको हो कि भन्ने प्रश्न भने अवश्य उठेको छ ।

प्रशासनिक नेतृत्व सूचनाको हकप्रति त्यसै पनि उदार हुँदैन, यो उसको चरित्र नै हो । पछिल्लो समय आयोगले खासगरी पुनरावेदनउपर गर्ने निर्णयमा देखाएको सक्रियतासँगै प्रशासनिक नेतृत्वले जरिवानाको डरकै कारण भए पनि सूचना प्रवाहलाई अवरुद्ध गर्न नसक्ने वातावरण सिर्जना हुँदै गएको देखिन्छ । तर, राजनीतिक नेतृत्वलाई पनि नागरिक अधिकारप्रति उत्तिकै सजग गराउन आवश्यक देखिन्छ ।

नागरिक अधिकारप्रति असहिष्णु राजनीतिक नेतृत्व (केन्द्रदेखि स्थानीय तहसम्म) लाई सूचनाको हक यतिबेला सबैभन्दा टाउको दुखाइको विषय बनेको छ । 'जे मनलाग्यो त्यही माग्ने ?', 'सूचना माग गरेर हैरान पार्ने ?', 'सूचना दिएर बस्ने कि काम गर्ने ?' 'बेकारमा आनावश्यक दुःख दिने ?' जस्ता अनेकौं बहाना बनाएर नागरिक अधिकार कुण्ठित गर्ने यस्तो प्रवृत्ति सुशासन विरोधीमात्र होइन, विकास र नागरिक अधिकार तथा कानून विरोधी पनि हो । नागरिकलाई कहिल्यै पनि प्रश्न सोध्न सक्ने बन्न नदिने यस्तो प्रवृत्ति राज्यको आधुनिकीकरणका लागि यतिबेला सबैभन्दा घातक बनेर देखापर्ने खतरा पनि छिटफुट रुपमा उजागर भएका छन् । राजनीतिक तथा प्रशासनिक रुपमा सुषुप्त अवस्थामा रहेका यस्ता प्रवृत्तिका विरुद्ध सचेत र सशक्त नागरिक अभियान आवश्यक बनेको छ ।

देश संघीय प्रणालीमा गए पनि कतिपय राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रले त्यसलाई सहज र स्वाभाविक रुपमा ग्रहण गर्न नसक्नुकै कारण सूचनाको हकको प्रयोग र प्रचलनले सुशासनका लागि स्वाभाविक परिणाम दिन नसक्ने अवस्था आउन सक्छ। संविधान र कानुनमा नागरिक अधिकारलाई जतिसुकै प्राथमिकताका साथ लेखिए पनि राजनीतिक र प्रशासनिक नेतृत्व त्यसको कार्यान्वयनमा इमान्दार नहुँदा त्यस्तो कानुनी व्यवस्थाबाट प्राप्त हुनु पर्ने प्रतिफल पनि आशातित रुपमा प्राप्त नहुन सक्छ। सूचनाको हकको व्यवस्था संवैधानिक रुपमा गरिए पनि यस्ता नागरिक अधिकारको कार्यान्वयनका लागि कर्मचारीतन्त्रका साथै राजनीतिक नेतृत्वको इच्छाशक्ति र रुचिलाई जागृत गर्नु आजको अनिवार्य आवश्यकता हो।

सुशासन र पारदर्शिता संविधानमा लेखेर अथवा मुखले फलाकेरमात्र प्राप्त गर्न सम्भव छैन। यसको वास्तविक कार्यान्वयनका लागि सबल नैतिक धरातल र नागरिक अधिकारप्रति प्रतिबद्ध नेतृत्व आवश्यक पर्छ। खासगरी राजनीतिक नेतृत्व नागरिक अधिकारप्रति प्रतिबद्ध हुने हो भने मात्र यस्ता अधिकार कार्यान्वयनमा 'कर्मचारीतन्त्र' बाध्य हुनसक्ने देखिन्छ। सूचनाको हकलाई राजनीतिक नेतृत्वले इमान्दारीपूर्वक आत्मसात् नगर्दासम्म प्रशासनिक नेतृत्वबाट सुशासनका लागि यति महत्वपूर्ण मानिएको नागरिक अधिकारको कार्यान्वयन हुन सक्ने देखिंदैन। राजनीतिक नेतृत्वले संविधानमा लेखेर, कानुन बनाएर अथवा भाषण गरेरमात्र सुशासन कायम हुन सक्दैन।

संयुक्त राष्ट्र संघले दिगो विकास लक्ष्य हासिल गर्नका लागि निर्धारण गरेको लक्ष्यसूचकका रुपमा सूचनाको हकलाई स्वीकार गरेको र हाम्रो संविधानले पनि नागरिकको मौलिक अधिकारका रुपमा स्वीकार गरेको यति महत्वपूर्ण सूचनाको हकको व्यावहारिक कार्यान्वयनका लागि सार्वजनिक निकायका जिम्मेवार राजनीतिक र प्रशासनिक नेतृत्व तथा पदाधिकारी सबैभन्दा जवाफदेही बन्न आवश्यक देखिन्छ।

नेपालमा भएका प्रत्येक ऐतिहासिक राजनीतिक क्रान्ति वा आन्दोलनले नागरिक अधिकार स्थापना र सुशासनका लागि संवैधानिक, कानुनी वा सामाजिक चेतना भर्ने काम गरेका छन्। ती आन्दोलनबाट प्राप्त राजनीतिक उपलब्धी गुमेको अवस्थामा पनि सामाजिक चेतनामा त्यसले ठूलो योगदान र छाप छोडेर गएको देखिन्छ। वि.सं. २००७ सालदेखि वि.सं. २०१७, २०१७ देखि २०३६ साल, २०४६ देखि २०५२ तथा २०५२ देखि २०६२-०६३ मा भएका राजनीतिक उथलपुथलले नागरिक चेतनालाई झनै मजबुद बनाउँदै लगेको अनुभव सुन्न, पढ्न र अनुभूत गर्न सकिन्छ। यी प्रक्रियाले हाम्रो राजनीतिक तथा प्रशासनिक नेतृत्वलाई पनि परिवर्तनतिर नै उन्मुख हुन सन्देश दिएका छन्। अब त्यतिमा मात्र सीमित भएर नागरिकका आकाङ्क्षा रोकिने देखिंदैन।

सक्षम नागरिक र सबल राष्ट्र निर्माणका लागि सुशासन अपरिहार्य शर्त हो । त्यसका लागि सूचनाको हकको महत्व कति धेरै छ भन्ने दृष्टान्त विश्वव्यापी प्रमाणित भएको विषय हो । त्यसकारण सूचनाको हकलाई अझ व्यापक प्रचलनमा लग्न मुख्यतः राजनीतिक नेतृत्वलाई खुट्टा कपाउने छुट छैन । राजनीतिक नेतृत्वले हिम्मत गर्ने हो भने प्रशासनिक नेतृत्वले दायाँबायाँ गर्न सक्दैन ।

राजनीतिक र प्रशासनिक इच्छाशक्तिसँगै सूचनाको हक र सुशासनका लागि जोडिएको अर्को महत्वपूर्ण पक्ष भनेको तथ्य, तथ्याङ्क र विवरणको व्यवस्थित सङ्कलन, भण्डारण र सार्वजनिकीकरण हो । त्यसका लागि आवश्यक पर्ने प्रविधिको उपयोग, दक्ष प्राविधिक जनशक्तिको उत्पादन र सार्वजनिक निकायको क्षमता बृद्धि गर्नु हो । त्यसपछि नागरिकको क्षमता विकास पनि जोडिएर आउला ।

सूचना प्रवाहलाई सकारात्मक रुपमा लिन नसक्ने हाम्रा सार्वजनिक निकायका पदाधिकारीको मानसिकतासँग सूचनासँग सम्बन्धित तथ्याङ्कको सङ्कलन, भण्डारण र अद्यावधिक गर्ने परम्परागत ढड्डा प्रणाली पनि उत्तिकै जिम्मेवार रहेको देखिन्छ । निश्चित रुपमा तथ्याङ्क सुरक्षाका लागि त्यसलाई लिखतका रुपमा ढड्डामा पनि राख्न आवश्यक पर्ला । तर, त्यसलाई अब यान्त्रिकीकरण गर्नु हाम्रो सन्दर्भमा सुशासन र सूचनाको हकको सही कार्यान्वयनका लागि अनिवार्य शर्त हो ।

सुशासनका लागि उदाहरणका रुपमा लिइने देशहरुलाई हेर्ने हो भने उनीहरु अब सूचना प्रवाहमाभन्दा तथ्याङ्कको सुरक्षामा बढी केन्द्रित देखिन्छन् । ती देशहरुमा अधिक खुलापनको अवलम्बन गरिएका कारण गोपनियतासम्बन्धी विषयलाई संरक्षण गर्नु पर्ने दायित्व बढेको पढ्न पाइन्छ । तथ्याङ्कको सङ्कलन र भण्डारण तथा प्रसारणमा प्रविधिको सदुपयोगकै कारण ती देशमा पारदर्शितामा बृद्धि भएको र सुशासन कायम भएको मानिन्छ । उनीहरुकैजस्तो गर्नु पर्छ भन्ने छैन । तर, हाम्रो सन्दर्भमा प्रविधिको प्रयोगलाई कसरी व्यवस्थित र सुरक्षित बनाउने भन्ने विषयमा एउटा राष्ट्रिय नीति बन्न आवश्यक देखिन्छ ।

विश्वव्यापी रुपमा सुशासनको महत्वपूर्ण औजारको रुपमा स्वीकार गरिएको सूचनाको हकलाई संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारले सही रुपमा कार्यान्वयन गर्न सके यसबाट सुशासनका लागि सकारात्मक परिणाम प्राप्त गर्न सकिनेमा कुनै द्विविधा रहन्न । सीमित स्रोत, साधन र जनशक्तिका बावजुद राष्ट्रिय सूचना आयोगले यसतर्फ सकारात्मक प्रयास गर्दै आएको छ । सूचनाको हकको कार्यान्वयनका लागि नियामक निकायका रुपमा रहेको आयोगका तर्फबाट तीनै तहका सरकारलाई समयसमयमा विभिन्न सुझाव दिइएको छ र अनुरोध पनि हुँदै आएको छ ।

पछिल्लो समय सूचनाको हकसम्बन्धी प्रबर्द्धनात्मक कार्यमा तीनवटै सरकार मातहतका निकायबाट सकारात्मक प्रत्यत्न हुन थालेको छ । अब यसलाई थप व्यवस्थित र परिमार्जित गर्दै जान सकियो तथा तथ्याङ्कको सङ्कलन, भण्डारण र प्रसारणलाई व्यवस्थित बनाउन सकियो भने सूचनाको हकको कार्यान्वयनमा मात्र होइन, सुशासनको क्षेत्रमा एउटा महत्वपूर्ण उपलब्धी हासिल हुन सक्छ ।

तथ्याङ्ककै आधारमा राज्यका नीति निर्माण गरिएको हुन्छ । सही तथ्याङ्क सङ्कलन हुन सकेका खण्डमा सही नीति निर्माण गर्न र सही निर्णय गर्न मद्दत पुग्न सक्छ । हरेक नीति निर्माण राज्यलाई आवश्यक पर्ने तथ्याङ्क नै सही रुपमा सङ्कलन, भण्डारण र प्रशोधन हुन सकेन भने सही नीति पनि निर्माण हुन सक्दैन । र, सही सूचना नागरिकसम्म पनि प्रवाह हुन सक्दैन । सुशासनका लागि मुख्य कडीका रुपमा संसारभर स्वीकार गरिएको सूचनाको हकको कार्यान्वयनका लागि सही तथ्याङ्कको सङ्कलन, भण्डारण, प्रशोधनका साथै त्यसको सुरक्षाको पनि प्रत्याभूति गर्न सकियो भने समृद्ध नेपालको खाकालाई मूर्त रुप दिन महत्वपूर्ण योगदान पुग्छ भन्नु अन्यथा हुने छैन ।

# Classification Debate



**Shree Ram Pant**
Former Secretary,
Government of Nepal

**Constitutional and legal Provisions**

The constitution of Nepal has guaranteed the right to information of the Nepalese citizen as one of the fundamental rights.Article 27of the constitution states that every citizen shall have the right to demand and receive information on any matter of his or her interest or of public interest. Provided that no one shall be compelled to provide information on any matter which must be maintained confidential in accordance with law. Similarly, article 28 has provided the Right to the privacy of any person, his or her residence, property, document, data, correspondence and matters relating to his or her character will be inviolable. To implement this provision of the constitution the parliament has enacted a separate Right to Information Act, 2007.

The objectives of the Right to Information (RTI) Act 2007 are to make the functions of the sate open and transparent in accordance with the democratic system and to make responsible and accountable to the citizen; to make the access of citizens simple and easy to the information of public importance held in public bodies. Similarly, the other objectives of the RTI Act 2007 are to protect sensitive information that could make adverse impact on the interest of the nation and citizen and protect the right of the citizen to be well-informed and bring it into practice.

Right to Information means the right to ask for and obtain information of public importance held in the Public Bodies and this term shall also include the right to study or observation of any written document, material held in Public Body or proceedings of such Public Body; to obtain a verified copy of such document, to visit or observe the place where any construction of public importance is going on and to obtain verified sample of any material or to obtain information held in any type of machine through such machine. Clause 3 (1) provided Right to Information as every citizen shall have the right to information and every citizen shall have access to the information

held in the public Bodies.

**Universal Practices of Maximum Disclosures**

The established principle of RTI is that there must be a maximum disclosures and minimum exceptions. Therefore, the RTI Act has made provisions for only five types of information as exceptions keeping in view of maximum disclosures. The citizen has the right to demand information and receive the same. Even when there is no demand for information the public bodies have to disclose information regularly in every three months as pro-active disclosures. The usual universal practices are that there should not be many provisions restricting the flow of information. Adjoining various sections and sub-sections to the stated exceptions to restrict under clause (3) (3) are not regarded as transparent, responsive and accountable functioning of states. This is also not suitable for a democratic country which demands parliamentary oversight, honor citizens' fundamental rights, independent judiciary and human rights among others.

**Responsibility of Public Body**

Each Public Body has to respect and protect the right to information of citizen. Public Body is required to classify and update information and make them public, publish and broadcast. Public body has to make the citizens' access to information simple and easy and conduct its functions openly and transparently. Similarly, it has to provide appropriate training and orientation to its staffs. Public Body can also use different national languages and mass media while publishing, broadcasting or making information public.

**Pro-Active Disclosure**

Each and every Public Body have to keep its information updated at least of twenty years old information. Similarly, all the public body have to publish sixteen types of information updated and publish in every three months pro-actively.

**Information Required for Classification**

For the purpose of dissemination, flow and impartment of information as demanded by the citizen and for their access to the public body for information there should be a classification based on the act. The committee chaired by the chief secretary under clause 27 of the RTI Act has to classify only the following information which have been restricted to disseminate.

(a) which seriously jeopardizes the sovereignty, integrity, national security,

public peace, stability and international relations of Nepal. (b) which directly affects the investigation, inquiry and prosecution of a crime. (c) Which seriously affects on the protection of economic, trade or monetary interest or intellectual property or banking or trade privacy. (d) Which directly jeopardizes the harmonious relationship subsisted among various cast or communities. (e) Which interferes on individual privacy and security of body, life, property or health of a person.

There is a provision of protection of personal information held in the public body. Public Body shall protect the information of personal nature for preventing unauthorized publication and broadcasting and shall not use without written consent of concerned person with some exceptions like life and security, public health concern and corruption control.

Even a public Body shall not refrain from the responsibility of dissemination of above stated information without appropriate and adequate reason not to flow the information. If the Public Body has both the information in its record that can be made public and that cannot be made public the Information Officer shall have to provide information to the applicant after separating the information which can be made public.

**Previous Classification Efforts**

The chief secretary committee has decided to classify the information in 2066 B.S. An appeal has been made to the National Information Commission (NIC) to annul the classification as the classification was made against the spirit of the RTI Act, 2007.The Commission gave order to the chief secretary committee against its classification and review and re-classify as per the act. The committee reviewed and re-classify the information. Again, the Supreme Court later annulled and nullify the chief secretary committee classification through a writ petition. Since then, there was no classification and the public body made decision on the basis of their own perceptions and directives of senior officials on trial-and-error basis.

**Recent Classification**

The recent right to information classification decision by the committee chaired by the chief secretary of the government of Nepal has been a fiasco within twenty-four hours. The meeting chaired by the Rt.Hon. prime minister with various stakeholders including media activists annulled the decision made earlier by the chief secretary committee. Clause 27 of the

RTI Act 2007, powered to a three-member committee headed by the chief secretary, one secretary of the concerned ministry and an expert from outside nominated by the chief secretary or by the chief of the office to classify the information as mentioned in clause 3 (3)(1) of the act. This committee shall classify the information to protect the information as mentioned in the act. The maximum period an information can be kept confidential is up to 30 years and be reviewed in every ten years to examine and review whether this period is essential or not. Also, the committee is empowered to review and reduce or increase the protection period as per the act.

**Legal Procedures for Classification**

As mentioned above the three-member chief secretary Committee has to classify the information. The Committee when classifies the information as per the act has to inform the National Information Commission (NIC) by determining the number of years the information should be kept confidential and method for the protection of information.

**Review Petition**

If any citizen who is not satisfied with the classification made by the committee can file a review petition before the National Information commission (NIC) to make the information public. When such review petition is requested to the NIC and the NIC in the course of hearing the petition finds that the information should made public it can issue an order to public such information.

**Conclusions**

Recent classification decision has also been annulled by the prime minister chaired meeting as per news published in various newspapers. If that is the correct news it is not known to how many years it takes to re-classify. This means that Right to information is again in the shadow and not in priority of the government. Again, the procedures to direct the chief secretary by the head of the government to review its decision is also not a legal one. The statutory provision is that any person who is not satisfied to the classification can appeal to the Nation Information Commission(NIC) and it is only the Commission who can hear and give order in favor or against the classification. Theexecutive intervention in a legal matter is not a welcome scenario.

Various public body are facing day-today difficulty to disseminate, flow

and impartment of information in the absence of classification. Some of the public officials have been facedwrath by the public since senior authority does not permit them to provide information and these officials and especially the information officers have been targeted as they are trying to conceal the information even though they are performing the right way. While some of the information officials and office chiefs have also been penalized by the National Information Commission for not providing the information and faced departmental actions. This action will seriously hamper the carrier prospects of these employees of the government. Had there been a proper classification these officials would not have been victimized. Therefore, there is an urgent need for proper classification, flow and impartment of information as per RTI act and universal practices. Above all there should be a commitment of the highest level of leadership of the government. The chief secretary led classification committee also should not lose its feet as given the authority by the RTI laws.

The right to information is one of the strongest tools for democratic consolidation and good governance. Therefore, it should be given a priority should the government is committed to have a transparent, responsive and accountable governance.

# लोकतन्त्र सफलताको असली मापन हो-
# सबै सूचनामा सबैको सहज पहुँच



**हरिविनोद अधिकारी**
अध्यक्ष, फ्रिडम फोरम

सूचनाको हकको अभियानले मानव अधिकारको दायरालाई फराकिलो बनाएको छ र सूचना प्रविधिको विकासलाई कसरी मानवीय आवश्यकता पूरा गर्नका लागि प्रयोग गर्ने भन्ने कुरामा यसका अभियन्ता, मागकर्ता, आपूर्तिकर्ता प्रचारकहरुलाई चुनौती र सहजता थपिदिएको छ । परम्परागत अवस्थाबाट अलि अघि बढेर डिजिटल युगको चुनौतीलाई स्वीकार गरी नयाँ तरिकाले सबै सूचनामा  सबैको सहज पहुँचको प्रत्याभूति आवश्यक भएको छ । त्यसका लागि सूचना प्राप्तिको संस्कृति भन्दा स्वतः सूचना प्राप्त हुने अवस्था सृजना हुनुपर्ने देखिन्छ ।

व्यक्तिका लागि आवश्यक सार्वजनिक सूचनामा कसरी आम नागरिकहरुको पहुँच पुग्न सक्छ ? अर्थात् जसलाई जुन सूचनाको आवश्यकता परेको हुन्छ, ती सूचनाहरु प्राप्त गर्नु पनि अभिव्यक्ति स्वतन्त्रताभित्र नै पर्छ ।  समग्रमा मानव अधिकारको क्षेत्रभित्र पर्ने आवश्यक ज्ञानका आपूर्ति गर्न सूचना नै आधार हो र त्यस्ता सूचनाहरु प्राप्त गर्न कुनै अवरोध हुनु हुँदैन भन्ने नै विश्वव्यापी मानव अधिकारको घोषणाले भनेको छ । विश्वव्यापी मानव अधिकारको घोषणापत्र १९४८ का ३० वटै धाराले मानवताका पक्षमा बोलेको भए पनि अभिव्यक्ति स्वतन्त्रताका पक्षमा छुट्टै धारा १९ मा भनिएको छ "प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको अधिकार हुन्छ । बिनाकुनै हस्तक्षेप विचार ग्रहण गर्ने र सिमाना जेसुकै भए पनि बिनारोकटोक कुनै माध्यमद्वारा विचार प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ ।

हुन त यो विश्वव्यापी घोषणा भएको पनि ७४ वर्ष भएको छ र विश्वमा अभिव्यक्ति स्वतन्त्रताको अविच्छिन्न अधिकारको रक्षा गर्ने जिम्मा भने प्रजातान्त्रिक देशहरुको भागमा मात्र परेको छ । त्यसो त सबै देशहरु, खासगरी संयुक्त राष्ट्रसंघका कतिपय सदस्य राष्ट्रहरुमा समेत मानव अधिकारको परिभाषा र अभ्यासलाई समेत विभिन्न अर्थ लगाइएको पाइन्छ । मानव अधिकारको विभिन्न आयामलाई केस्रा केस्रा

गरेर प्रत्येक पक्षको रक्षा गर्ने र जनताका पक्षमा अभ्यास गराउने काम पनि हुँदैछ । प्रजातन्त्रलाई, जनताका पक्षमा गरिने राजनीतिलाई, राजनीतिक प्रणालीलाई जोगाउन सबैभन्दा पहिले राज्यमा सार्वभौम जनतालाई सशक्त बनाउने काम गर्नुपर्छ जसलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकारले सही अर्थ दिने गर्छ ।

संयुक्त राष्ट्रसंघका प्रत्येक सदस्य देशमा मानव अधिकारको विश्वव्यापी मान्यता पालना गर्नैपर्छ भन्ने छ । प्रत्येक देशले आफ्ना देशका संविधान, कानुन तथा प्रचलनमा मानिसहरुको असीमित अधिकारको सुरक्षाका लागि कानूनीरुपमा व्यवस्था गर्नैपर्छ ।

बदलिँदो विश्व परिस्थिति, मानवीय असीमित आवश्यकताको सीमित साधनहरुद्वारा परिपूर्ति गर्न  र सञ्चार प्रविधिमा भएका चमत्कारी विकासक्रमले मानव अधिकारको दायरा एकातिर विस्तारित पनि भएको देखिन्छ भने अर्कोतिर मानव अधिकारका संकुचन आउन पनि थालेको देखिन्छ । मानव अधिकारको दायरा विस्तार यस मानेमा कि मानवीय आवश्यकताहरुको मागको आपूर्ति गर्न समस्या पनि भएको देखिन्छ भने संकुचन यस अर्थमा कि कसैले मागको आपूर्ति नगरे पनि कुनै पनि तरिकाले आफ्ना मागहरुको आपूर्ति गर्न पनि मानिसहरु सक्षम हुँदै गएका छन् । यसको कारण हो, सूचनामा अनेक तरिकाले पहुँच हुन सक्ने अवस्था । तर पनि प्रचलित संविधान, संसदले बनाउने जनकल्याणकारी कानून तथा नियमहरुले सामाजिक न्याय दिन बाध्य हुन्छन् भन्ने मान्यता छ । यस्ता संवैधानिक प्रावधान, कानूनी व्यवस्था र कानून कार्यान्वयनका लागि गरिने अभ्यासका लागि जनतामा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति चाहिन्छ । शायद संयुक्त राष्ट्रसंघको मानव अधिकारको विश्वव्यापी घोषणापत्रका आधारमा संसारभर नै अभिव्यक्ति स्वतन्त्रताको पक्षमा वकालत गरिन्छ र त्यसका आयामहरुको समेत व्याख्या गरिएको हुन्छ विभिन्न तरिकाले जसले मानवको अधिकारमा कुनै कटौती हुन नसकोस् ।

यदि मुलुकले त्यस्ता जन कल्याणकारी संविधान, कानून र नियमहरु बनायो, तर बनाएर पनि कार्यान्वयन गरेन भने त्यसको लागि आवाज उठाएर, लेखेर, प्रचार–प्रसार गरेर आफ्ना सरोकारका आवश्यकता पूरा गर्न, दबाव दिन र पूरा गराएर मानवीय आवश्यकता पूरा गरेर जीवनलाई सहज र सरल बनाउने काम नै अभिव्यक्ति स्वतन्त्रताको अनुपम सुन्दरता हो । अभिव्यक्ति स्वतन्त्रताका विभिन्न आयामहरु भए पनि आजभोलि अभिव्यक्ति स्वतन्त्रताको लागि आवश्यक सूचनाबिना मानव अधिकारका विभिन्न आयामहरुको प्रत्याभूति दिन सकिँदैन भन्ने धारणा बनेको छ ।

संविधान सभाले बनाएको नेपालको संविधानको भाग ३ अन्तर्गत मौलिक हक र कर्तव्यमा ३१ वटा हक राखेर नेपाली जनताको मौलिक हकको प्रयोगको प्रत्याभूति

दिएको छ । त्यसमध्ये सबै हकको यहाँ व्याख्या गर्न खोजिएको होइन तर प्रजातन्त्रको सुरक्षाका लागि जनताको मुख्य हकहरुको कुरा गर्दा अभिव्यक्ति स्वतन्त्रताको कुरा पक्कै आउँछ ।

**धारा १७ मा भनिएको छ– स्वतन्त्रताको हक**

(१) कानून बमोजिमबाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,

(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता,

(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,

(च) नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता ।

हाम्रो देशमा यसरी संविधानले प्रत्याभूति गरेको अभिव्यक्ति स्वतन्त्रताका लागि अरु धाराहरुले पुष्टि गरेका छन् जसमध्ये धारा १९ को सञ्चारको हक : (१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिक्ताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । (२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन । तर यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण,

छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन । (३) कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन ।

यसैगरी धारा २७ मा भनिएको छ–. सूचनाको हक : प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

धारा ४२मा भनिएको छ–सामाजिक न्यायको हक : (१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ । (२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ । (३) अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ । (४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ । (५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।

मैले यी तीनओटा धारा १७,२७ र ४२को मात्र कुरा गर्न किन खोजेको हुँ भने सबै मौलिक हकहरु उत्तिकै महत्वपूर्ण हुन् र पनि धारा १७ मुख्य संकेतात्मक धारा हो, धारा २७ ले सूचनाको हकको प्रत्याभूति दिएको छ भने धारा ४२ ले सामाजिक न्यायको प्रत्याभूति दिएको पाइन्छ ।

मानव अधिकारको रक्षाका लागि अहिले सबैभन्दा बढी सूचना अर्थात् ज्ञान प्राप्त गर्ने हकको वारेमा प्रजातान्त्रिक मुलुकहरुमा महत्व बढेको देखिन्छ ।

आज विकसित विश्वमा समेत एउटा भनाइ बडो चल्तीमा छ–आजको लोकतन्त्रलाई

कसैले दिगो रुपमा बचाउन सक्छ भने त्यो सूचना प्राप्त गर्ने अधिकारले मात्रै बचाउन सक्छ । अर्थात मानव अधिकारको पहिलो र अन्तिम सर्त भनेको नै मान्छेको बाँच्न पाउने हक हो र त्यो हक भनेको म किन बाँच्न पाउने भन्ने हक नै हो । बाँच्न पाउनका लागि जानकारी जरुरी छ र त्यो जानकारी नै सूचना हो ।

जीवनमा केके चाहिन्छ ? जीवनलाई आवश्यक र बाँच्नका लागि आवश्यक कुरा सबै चाहिन्छ । त्यसो भए बाँच्नका लागि केके चाहिन्छ ? बाँच्नका लागि मात्र मान्छे बाँच्दो रहेनछ । खानका लागि मात्र मान्छे खाँदो रहेनछ, बाँच्दो रहेनछ । बाँच्नका लागि स्वाभिमानका साथ बाँच्ने सूत्र चाहिन्छ, बाँच्नका लागि नभई नहुने आवश्यक जानकारी चाहिन्छ । स्वाभिमानका साथ बाँच्न पनि कसरी बाँच्ने भन्ने जीवनको अर्थ चाहिँदो रहेछ । जीवनको पनि लक्ष्य आवश्यक पर्दो रहेछ । त्यसका लागि मान्छेलाई आवश्यक ज्ञानको जरुरी छ । ज्ञानलाई अर्को भाषामा सूचना भने पनि हुन्छ त्यसैले सूचना भनेको ज्ञान हो । आफ्ना बारेमा थाहा भएका वा नभएका कुरा जान्नु जरुरी छ । थाहा भएका कुराहरुको पनि र नभएका कुराहरुको पनि आफूलाई आवश्यक पर्ने सूचना संकलन गर्नु जरुरी छ । त्यसैले जीवनका लागि आवश्यक सूचना भनेको बाँच्नका लागि नभई नहुने जानकारी हो, बाँच्नका लागि, अरुलाई बचाउनका लागि आवश्यक जानकारी थाहा पाउने हक हो ।

मान्छेले बाँच्न पाउने हक जन्मदै लिएर आएको हुन्छ । त्यस्तो ज्ञान नभए मानिस यो संसारमा कसरी बाँच्न सक्छ र ? सायद यसैलाई व्यापक दृष्टिमा मानवअधिकार भनिएको होला र मानवअधिकार सहितको राज्यसंयन्त्रलाई अहिलेसम्म लोकतन्त्र पनि भनिरहेको होला । मान्छेले बाँच्न पाउने हकका लागि ज्ञान चाहिन्छ, ज्ञानलाई हामीले व्यापक अर्थमा शिक्षा पनि भन्ने गरेका छौं, जानकारी पनि भन्ने गरेका छौं र त्यसैलाई सूचना पनि भनिरहेका छौं ।

बाँच्न र बचाउनका लागि धेरै प्रकारका सूचना वा जानकारी आवश्यक पर्दछ । जीविकोपार्जनमुखी शिक्षाका लागि पनि सूचना आवश्यक छ, सूचनाको पहुँच सबैलाई हुँदो रहेनछ, त्यसलाई मानव अधिकारसँग जोड्नु जरुरी हुँदोरहेछ र मानव अधिकार चाहिँ लोकतान्त्रिक राज्य व्यवस्थामा मात्र सम्भव हुँदोरहेछ । त्यसैले सूचनाको हकलाई पहिले पहिले पत्रकारका लागि आवश्यक सूचना वा समाचारको रुपमा मात्र हेरिन्थ्यो र अहिले पनि कतिपय सन्दर्भमा त्यस्तै बुझिन्छ । तर नागरिकलाई बाँच्नका लागि जानकारी आवश्यक पर्दछ, त्यो जानकारी शिक्षाको पनि हुनसक्छ, त्यो जानकारी स्वास्थ्यको पनि हुनसक्छ, त्यो जानकारी आफूले खाने पानीको पनि हुनसक्छ र त्यो जानकारी आफू बसेको घरको बारेमा पनि हुनसक्छ । जसले जे जानकारी चाहन्छ,

उसलाई आवश्यक पर्ने जरुरी सूचनाको आपूर्ति आवश्यक छ, त्यो कसले दिने भन्दा स्पष्ट छ–जो सँग जानकारी छ, उसैले दिनुपर्छ ।

सरकारसँगमात्र सूचना हुन्छ भन्ने होइन तर सरकारले सूचनाको प्राप्तिका लागि संविधानमा लेखिएका अधिकार, कानूनमा तोकिएका प्रावधानलाई कार्यान्वयन गर्नका लागि पहल गर्नुपर्दछ । त्यस्तो अधिकारलाई सुरक्षित गर्ने कर्तव्य सरकारसँग मात्र हुन्छ र आवश्यक परे कानूनी प्रावधान अनुसार सूचना नदिनेलाई कारबाहीसमेत गर्न सक्छ । मानव अधिकार भनेको सूचना पाउने अधिकार हुनुपर्दछ ।

कतिपय लोकतान्त्रिक मुलुकमा पनि आवश्यक सूचनामा आमजनताको पहुँच हुँदैन । कतिपय अवस्थामा त कस्तो जानकारी चाहिँ सूचना हो वा कस्तो जानकारी चाहिँ सूचना होइन भन्ने विवाद पनि उठेको हुन्छ ।

पहिले पहिले सूचना गोप्य राख्ने सरकार लोकतान्त्रिक जस्तो देखिन्थ्यो भने अहिले आएर जनताका दैनिक आवश्यकता र नभई नहुने विषयमा जानकारी दिनु नै लोकतान्त्रिक परिपाटी मानिन थालेको छ । जनताका लागि आवश्यक पर्ने सूचना मागिरहने भन्दा जरुरी ठानिने सूचनाहरुलाई समय समयमा अद्यावधिक गरी प्रकाशन प्रसारण गर्नु पनि लोकतान्त्रिक परिपाटीभित्र नै पर्दछ । त्यसरी सूचनामा विना भेदभाव स्वतः जनताको पहुँच पुऱ्याउनका लागि संविधानको कुनै न कुनै धाराले जनतालाई अधिकार प्रत्याभूत गरेको हुन्छ, कानूनीरुपमा नै सूचनाको ज्ञानका लागि आधारभूमि तयार गरेको हुन्छ । सूचनाको हकलाई राष्ट्रिय तथा अन्ताराष्ट्रियरुपमा समेत आवश्यक जानकारी प्राप्त गर्न पाउने हकको रुपमा लिइएको छ । आज लोकतन्त्रको मापकयन्त्र नै भएको छ–जुन देशमा स्वतः सूचना उपलब्ध हुने प्रावधान छ, त्यो देश नै सबैभन्दा लोकतान्त्रिक हुनसक्छ ।

खासगरी संयुक्त राष्ट्रसंघको विश्वव्यापी मानव अधिकारको घोषणापत्र (सन् १९४८ डिसेम्बर १०) लाई आधार मानेर प्रत्येक लोकतान्त्रिक राज्यले जीवनका हरेक क्षेत्रका लागि लोककल्याणकारी नीति बनाएको हुन्छ, अपनाएको हुन्छ र त्यसलाई व्यवहारमा समेत कार्यान्वयन गरेको हुनुपर्दछ । सर्वप्रथम लोकतन्त्रलाई कसीको रुपमा हेर्ने नीति नै जनतालाई अभिव्यक्ति स्वतन्त्रता छ कि छैन भनी पहिचान गरिन्छ । यो नै पहिलो नापजाँचको कसी हो । यदि अभिव्यक्ति स्वतन्त्रता छैन भने त्यो राज्य लोककल्याणकारी पनि होइन र लोकतान्त्रिक परिपाटी अपनाउने देश पनि होइन भन्ने मान्नुपर्ने हुन्छ ।

नेपालमा २०४७ देखि सूचना प्राप्तिको हक सम्बन्धमा केही प्रगति भएकै हो । आमसञ्चारको विकास सँगै सूचनाको हकसम्बन्धी अधिकारको बढी नै चर्चा सुरु भएको हो । आमसञ्चारका कारणले सूचनाको गलत प्रबाह भएको पनि अहिले चर्चाको

विषय बन्न थालेको छ । त्यसैले सूचनाको हक वा सूचना प्राप्तिको अधिकार भनेको सार्वजनिक निकायमा रहेको व्यक्तिगत वा सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार हो । प्रत्येक मानिसले समाज व्यवस्था, राज्य, तथा विश्व व्यवस्थाका वारेमा थाहा पाउनु जरुरी छ । सवै विषय थाहा पाएपछिमात्र व्यक्ति आफ्नो भूमिका सशक्तरुपमा निर्वाह गर्न सक्दछ भन्ने मान्यताअन्तर्गत यो सूचनाको हकलाई मानिसको नैसर्गिक हकका रुपमा लिइएको हो ।

खासगरी २०६२/६३ को जनआन्दोलनपछि सूचनाको हकसम्बन्धका बढी नै चर्चा र बहस सुरु भएको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ ले व्यवस्था गरे अनुसार नै सूचनाको हकसम्बन्धी कानून पनि बनिसकेको थियो र राष्ट्रिय सूचना आयोगको समेत गठन भइसकेको अवस्था थियो त्यसको कार्यान्वयनका लागि ।

अहिले नेपालमा पनि सूचनाको अधिकारका कारणले आफूलाई नागरिक अधिकारको निर्वाध प्रयोग गर्न अवसर प्राप्त भएको ठान्ने पनि पाइन थालेका छन् । विश्वव्यापी रुपमा यसलाई संयुक्तराष्ट्रसंघले जोड दिइरहेको छ । आजको सुशासनका लागि आवश्यकता पारदर्शिता भनेको नै सूचनाको प्राप्त गर्ने र उपलब्ध गराउने हकको पूर्ण पालना हो । विश्वव्यापी रुपमा मानव अधिकारको विश्वव्यापी घोषणाको १९ औं धारामा यसको व्यवस्था गरिएको ले आर्टिकल नाइन्टिनको रुपमा यो प्रचलनमा छ र सूचनाको हकसम्बन्धमा सबैको उत्तिकै चासो हुनु जरुरी मानिएको छ ।

नेपालमा पनि सूचनाको हकसम्बन्धी पहिलो सम्मेलन भइसकेको २०६७ सालमा जनस्तरबाट भएको थियो । नेपालमा यसको नेतृत्व लिने संस्थामध्ये फ्रिडम फोरम प्रमुख हो र यसकै संयोजन र विश्व बैंकको सहयोगमा २८ र २९ मार्च, २०११ अर्थात् २०६७ साल चैत्र १४ र १५ मा सूचनाको हकसम्बन्धी पहिले राष्ट्रिय सम्मेलन सम्पन्न भएको थियो । खासगरी अहिले राजनीतिक दलहरुका सम्बन्धमा नेपाली समाजमा घृणा र प्रेमको जुन सम्बन्ध देखिन थालेको छ, त्यसलाई दृष्टिगत गरी घोषणाको अन्तमा राजनीतिक दलहरुलाई समेत सूचनाको हकसम्बन्धी घोषणामा भनिएको थियो –राजनीतिक दलहरु परिवर्तनका वाहक हुन्, उनीहरुले सामाजिक, राजनीतिक रुपान्तरण,समावेशीकरण, सशक्तीकरण र गरिबी निवारणका लागि आफूलाई केन्द्रित गर्न सक्नुपर्दछ र मुलुकलाई पूर्ण लोकतान्त्रिक बनाउनका लागि सूचनाको हकलाई आफ्नो राजनीतिक अभियानमा मुख्य विषय बनाउन सक्नु पर्दछ । आफ्नो दलको आम्दानीको स्रोत पारदर्शी बनाउन लेखापालन र लेखापरीक्षणलाई आफ्नो संस्कृति बनाई सार्वजनिकरुपमा त्यसलाई प्रकाशन गर्नु जरुरी छ । दलको आन्तरिक लोकतन्त्रलाई सुनिश्चित गर्न र आन्तरिक निर्वाचनबाट निर्वाचित पदाधिकारी, सदस्यहरु र समितिका

सदस्यहरुको अवस्था स्पष्ट पार्नु जरुरी हुन्छ । प्रत्येक राजनीतिक दलले आफ्नो सूचना लुकाउने भन्दा एउटा सूचना अधिकृतको व्यवस्था गरी सूचना माग्न आउनेलाई तत्काल दलको सूचना उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ । गोप्यताको संस्कृतिबाट खुला संस्कृतितर्फ जाने प्रतिबद्धता देखिने कामहरुबाट तत्काल गरिनु पर्दछ ।

राजनीतिक दलहरुबाट मात्र अपेक्षा गरिएको छैन, विभिन्न सरकारी तथा सामाजिक उत्तरदायी संस्थाहरुबाट घोषणापत्रले अपेक्षा गरेको छ र विश्व बैंकसमेतको सहयोगमा एउटा सशक्त र सक्रिय अनुगमन संयन्त्रको समेत परिकल्पना गरिएको छ । अहिले आएर नेपालमा राष्ट्रिय सूचना आयोगको प्रयासमा तीन तहका सरकारमा र सरकार मातहतका कार्यालयहरुमा, दलहरुको कार्यालयमा, सार्वजनिक सरोकारका कार्यालयमा र गैर सरकारी संस्थाहरु र स्थानीय तहमा समेत सूचना अधिकारीहरु राख्न सफल भएको छ तर सूचना अधिकारीहरु भने सशक्त र स्वतन्त्ररुपमा कार्यालयमा भएका सूचनाहरु दिन सक्षम पनि छैनन् र स्वतन्त्र पनि छैनन् । अझ भनौं भने सूचनामा समेत उनीहरुको पहुँच देखिँदैन । यसले सूचना अधिकारीहरुको कार्यक्षमता र सशक्तीकरणका बारेमा झन बढी नै सजग हुनु आवश्यक देखिन्छ ।

हाम्रो सार्क क्षेत्रको कुरा गर्दा भारतमा यसले विस्तारै संस्कृतिको रुप लिन थालेको पाइन्छ । त्यसो त सार्क क्षेत्रमा कुनै न कुनै तरिकाले सूचना प्राप्तिका लागि कानून त बनेका छन् तर भारत, नेपाल, बंगलादेशमा बाहेक त्यसको प्रजातान्त्रिक प्रक्रियाबाट कार्यान्वयन भएको पाइँदैन । त्यसो त कानूनकै कुरा गर्दा संसारमा नै सबैभन्दा राम्रो कानून अफगानिस्तानमा छ, श्रीलंका छ तर ती देशमा के अवस्था छ, भन्नै परेन ।

आजको भ्रष्टाचार, कुशासन, राजस्व छलछाम, तोकिएको शीर्षकमा खर्च नगर्ने रोगबाट पीडित भारतमा सूचनाको हकलाई मानव अधिकारवादीहरुले महात्मा गान्धीको सत्याग्रहसँग जोडेर प्रयोग गरिरहेको पाइयो । भारतीय आशा के छ भने एक्काइसौं शताब्दीमा लोकतन्त्रलाई बचाउने र प्रवर्द्धन गर्नका लागि सूचनाको हक नै लाभकारी हतियार हुनसक्छ ।

आशा गरौं, नेपालमा पनि २०६४ सालदेखि सुरु भएको सूचनाको हकसम्बन्धी कानूनलाई मानवीय आवश्यकताको र आधारभूत विकासको जरुरी औजारको रुपमा लिन सके कत्ति राम्रो हुन्थ्यो ? नेपालमा पनि सूचना स्वतः उपलब्ध गराउने र स्वतः प्राप्त गर्ने दिशामा आगामी दिनहरु गतिशील हुनसके हाम्रालागि त्यो साह्रै महत्वपूर्ण उपलब्धि हुनसक्थ्यो ।

# UNDERSTANDING RIGHT TO INFORMATION AND NEPALESE LEGAL FRAMEWORK



**Hima Devi Basnet**
Advocate

The right to information is a fundamental human right. It is believed that the right to information means that citizens have easy access to such information without any obstacles in the search, acquisition and flow of information in public bodies that are run by taxes paid by the people. In modern world, ‘ Information’ as a vital resource for problem solving, decision making, education and knowledge updating, has no boundaries. It has played significant role for the overall development of the societies since ancient time. Modern states have adopted the belief that the right to get information about their concern or any matter of public concern easily, simply and free of charge and in the form of demand and at any time should be legally and practically guaranteed.

A key principle of Right to Information is that of ‘maximum disclosure”. Information should only be withheld from the public where absolutely necessary to prevent harm to a legitimate interest and where there is no paramount public interest in knowing the information. Freedom of press act- enacted in 1766 in Sweden was the first law relating to the right to information. There has been no turning back. many countries are adopting right to information laws. Nepal is the first country to incorporate right to information in constitution (in 1990/2047) among the SAARC countries. Access to any information of your own or public concern is the right to information. The right to information is the right to request, receive, study and use information based on that study. The right to information includes the right to seek and request information, receive the requested information and use the received information. The right to information resides in information of personal or public importance in public bodies. Every person should

know about the social system, the state and the world. This right is taken as a natural right of a human being under the belief that after knowing all the subjects, a person becomes empowered and able to fulfill his role. Similarly, since any state is built and operated by every sovereign citizen, the concept of the right to information is about the state should be accountable to every citizen.

Access to information has become one of the most promising tools to combat corruption, increase people's participation in governance and thus, to strengthen democracy. There can be no democratic participation in decision-making without transparency and sharing information. Secretive government is nearly always inefficient because free flow of information is essential if problems are to be identified and resolved. Furthermore, People are more likely to be politically malleable, skeptical of government and its intentions. Right to information laws are critical tools in the fight against corruption, which allows inefficiency to thrive and distorts the potential for growth. Although corruption exists in all societies, it has a particularly pernicious effect on less developed countries.

**Right to information in Nepal**

**Constitutional provision**

For the first time, 1990/2047 Constitution guaranteed right to information as a fundamental right to its citizen. It recognized right of citizens to demand and obtain information held by public agencies on any matter of public importance. The right to information is one of the fundamental rights guaranteed by the Constitution of Nepal 2072 B.S in Article 27 which states that every citizen has right to demand and receive information on any matter of his/her interest or of public interest and also includes about Restricted access that no one shall be compelled to provide information on any matter in which confidentiality must be maintained as per law.

**Legal provisions**

The formulation and promulgation of Right to information act was the milestone in Nepalese history, that preambles to make the function of the state open and transparent in accordance with the democratic system and to make responsible and accountable to the citizen. It tried to break the historically prevailed veil of secrecy since time

immemorial on the functioning of the government and bureaucracy. It aims to make the citizens access to information simple and easy, and to make the conducts of public agencies open and transparent. The Act has obligatory provisions to all the public agencies to update and publish information that is of public concerns. The Act covers political parties and non-governmental organizations within its scope and they are also responsible to provide the information like other public agencies. The Right to information act is, thus a, symbolic policy, formulated as a result of hard-earned democracy in Nepal that facilitates Nepalese citizens' to gain access to publicly held information which used to be kept secret prior to its enactment. It has strong provisions to facilitate citizens' access to information. Despite the constitutional guarantee, it took a long time to persuade the government to enact law on right to information. government enacted a specific law to regulate right to information on July 18, 2007/2064 and Right to Information Regulations 2065 have been created to implement the right to information. In addition, various structural arrangements have also been made, including the National Information Commission. Right to Information Act, 2064B.S as mentioned in its preamble, has primary objective to

- make the functions of the sate open and transparent in accordance with the democratic system and to make responsible and accountable to the citizen;
- to make the access of citizens simple and easy to the information of public importance held in public bodies;
- to protect sensitive information that could make adverse impact on the interest of the nation and citizen, and
- for the necessity to have legal provisions to protect the right of the citizen to be well-informed.

Whereas Section 3 and 30 of Right to Information, 2007 has empowered Nepalese citizens to exercise this right to obtain of information of public importance and individual concern, respectively, Restricted access: the information held by a Public Body on the following subject matters shall not be disseminated:

- which seriously jeopardizes the sovereignty, integrity, national security, public peace, stability and international relations of Nepal.
- which directly affects the investigation, inquiry and prosecution of crime.
- Which seriously affects on the protection of economic, trade or monetary interest or intellectual property or banking or trade privacy.
- Which directly jeopardizes the harmonious relationship subsisted among various cast or communities.
- Which interferes on individual privacy and security of body, life, property or health of a person.

Therefore, Each Public Body has to respect and protect the right to information of citizen. Public Body shall have to classify and update information and make them public, publish

and broadcast, make the citizens' access to information simple and easy, conduct its functions openly and transparently, and provide appropriate training and orientation to its staffs, Hence, the Key features of the Act are:

- Proactive Disclosure: Principle of right to information stipulates that public agencies are required to disclose certain key information by themselves even in the absence of any request. Such requirement is termed as proactive disclosure. Section 5 of the RTI Act requires public agencies to update and publish different information by themselves on periodic basis.

- Protection of whistleblower: Section 29 of the Act is another remarkable aspect of this Act which protects whistleblowers. According to that provision it is the duty of employee of public agencies to provide information on any ongoing or probable corruption or irregularities or any deed taken as offence under the prevailing laws. It protects the whistleblower whereby it mentions that no harm or punishment is done to bear any legal responsibility to the whistleblower for providing information. Furthermore,

even if any punishment or harm is done to the whistleblower, the whistleblower may complaint, along with demand for compensation.

- Scope of the Act extends to Political Parties and Non-governmental Organization: Another noteworthy aspect of this Act is that it covers political parties and non-governmental organizations in its section 2(a) within its scope and they are also responsible to provide the information like other public agencies.
- National Information Commission: This Act has made a provision for the establishment of an independent National Information Commission for the protection, promotion and practice of right to information in its section 11. National Information Commission has been already established in accordance to this Act on June 14, 2008.
- Compensation in case of harm or loss occurred as a result of not providing information: Section 33 says that if any person incur losses and damages due to not providing information, denying to provide information, providing partial or wrong information or due to destruction of information then such person are entitled to get compensation.

**Implementation mechanisms**

Promulgation of law alone is not adequate to protect the rights of citizens. No laws meet its objectives, until and unless it is backed by proper mechanisms to implement the laws. In the context of Right to Information, different mechanisms have been set up and some of the measures are necessary to be set-up. Some of those measures have been identified as:

*National Information Commission (NIC):* NIC It is an independent organ established for the implementation of Right to Information in Nepal. The primary responsibility of the commission is to protect, promote and ensure the implementation of Right to Information in Nepal. Government of Nepal constituted the commission on June 14, 2008 comprising of one chief commissioner and two commissioners. The National Information Commission is there for

the protection, promotion and practice of right to information. The Commission is empowered with power to hear and adjudicate case under the Right to Information Act. Likewise, it has the power to issue orders to the public agencies, to recommend and suggest the government and other public bodies in different issues relating to right to information. It can also impose fine and compensation, make necessary orders and can prescribe timeframe to the public bodies to provide information.

*Public Information Officer*: Right to Information Act, 2007 requires each and every public agency to appoint Public Information Officer for the purpose of disseminating information held in its agencies. They are appointed with the view of disseminating information to the concerned individuals. Public agencies may create Information Section also for the purpose of disseminating information as per necessity.

If we see the right to information in context of local government, it is a powerful tool to strengthen the local government in favor of the people and democracy. The governance system which understands the value of depositing rights at the people's level is considered to be a democratic governance system that is accountable to the people. Local government is the main means of governance at the local level. The local government with the characteristics of good governance is democratic local autonomous government. Only the presence of a strong civil society and dynamism can enhance good governance in government units. Various practices have proven the fact that the use of the right to information can be an important tool in the context enhancing the effectiveness of local government.

However, the idea of Access to Information comes into our mind, there is a visualization of the right of every individual to seek and receive information held by public entities. Looking into the genus of the right, it can be drawn back to Resolution 59 of the UN General Assembly (adopted in 1946) and Article 19 of the Universal Declaration of Human Rights (UDHR) where the freedom to seek, receive, and impart information was compressed as part of the fundamental right of freedom of expression. Furthermore, RTI has been enshrined in

the International Covenant on Civil and Political Rights (ICCPR). According to Article 19 of ICCPR, the right to freedom of expression or speech encompasses the right to be able to communicate and receive information and ideas freely through different forms, including any kind of media. The freedom of speech and expression extends to all sorts of mediums, not just traditional media but also modern media, and is a cornerstone of democracy. Furthermore, there is a jurisprudence that the extent of the right to speech and expression was even wide to include the right to as well as the right to be educated, informed and entertained. Though having the fundamental right to express an individual's views, such right cannot be contravened with the express provision entrusted under Constitution and laws. Therefore, the spread of information can fall within the ambit of freedom of speech and expression but is subject to certain reasonable restrictions on the curtailing of the same. At this point, the question of access to information or Right to information comes into play. As stated earlier, the Right to information has also been recognized as part and parcel of freedom of speech and expression under the relevant fundamental right category under the constitution of most of the nations. This right has been treated on a higher pedestal as compared to other statutory and constitutional rights because of its significance in promoting other rights.

To conclude, today, the information is what keeps the system smoothly functioning. Right to information act is one of the most significant policies of recent times that empowers citizen to seek and receive information from public bodies. Public bodies at local level are the first contact point of citizen to their government, and are often considered to fill the gap between state and citizen. Likewise, technologies can be one aspect that can aid the flow of information to the general people at time of pandemic situation as well as daily basis too. However, it is to be noted that the information disorder could be rampant that could result from fake or inaccurate news. Moreover, the Right to Information can be an effective tool to make them an informed choice. At this stage, media literacy is a must for everyone. Awareness to people via radio, telecommunication medium, and advertisements

are some of the methods can be implemented to ensure awareness to every people of the country in considering their literacy levels. On the other hand, public entities or governments should ensure the effective implementation of their Right to information regime by proactively disseminating necessary information. In addition, Information Commission and other governmental information disseminating bodies should facilitate to contribute in a smoothly functioning of a state activities through information. Passing right to information laws does not ensure more transparent, accountable, and inclusive governance and long-term development outcomes, and the nature of the drivers of effectiveness and challenges to effective implementation varies by country. In general, a strong legal framework provides a good starting point, and enabling conditions within a country, strong demand for access to information, institutional capacity for implementation of Right to information, and strong monitoring and independent oversight all drive effective implementation of right to information laws; state-society collaboration, technology, and intra governmental collaboration and a national coordinating strategy may comprise a valuable tool to aid implementation and may serve as amplifiers or accelerators of right to information implementation.